मन्त्रविद्यारहस्यम्

नेपाल राजकीय प्रज्ञा-प्रतिष

मन्त्रविद्यारहस्यम्

धनशमशेर ज० ब० रा०

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

संरक्षक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

प्रकाशक :

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं

प्रथम संस्करण : २०३४

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

संरक्षक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

२०१४ साल आषाढ ९ गतेका दिन स्थापना भएको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान सो समयदेखि नै साहित्य, संस्कृति, कला आदिको क्षेत्रमा कार्य गर्दै आएको छ। यसका जन्मदाता स्वनामधन्य स्वर्गीय श्री ५ महेन्द्रबाट हुकूम भएअनुसार यसको मूल उद्देश्य—'देशको मौलिक परम्परालाई युगानुकूल बाटोमा अग्रसर गराउनु'—नै हो।

राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवका कृपापूर्ण संरक्षकत्वमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले २०३१ साल वैशाख १ गतेदेखि नवीन व्यवस्थाअनुसार कार्य गर्न प्रारम्भ गरेको छ। यसअनुसार प्रज्ञा-प्रतिष्ठानको उद्देश्य तथा कार्यक्रम अधिक व्यापक तथा गम्भीर तुल्याइएको छ।

विविध विषयका आधिकारिक सृजनात्मक ग्रन्थको प्रकाशन, अनुसंधानात्मक कार्य, नेपाली संस्कृतिका आधारभूत कुराहरूको खोजी तथा साहित्य, संगीत औ कलाका क्षेत्रमा राष्ट्रियताको विकास हुने कार्यको सञ्चालनद्वारा यसले प्रगतिशील नेपाली राष्ट्रसुहाउँदो कार्य द्रुतता औ गम्भीरताका साथ गर्ने चेष्टा गर्नेछ।

देश-देशान्तरमा नेपाली राष्ट्रको गौरव तथा प्रगतिशीलताको सौरभ फिजाउन प्रज्ञा-प्रतिष्ठानले सबैको सहयोग पाउने आशा गरेको छ।

सूर्यविक्रम ज्ञवाली

वैशाख २०३१

कुलपति

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

प्रस्तावना

सर्वप्रथम तन्त्र भनेको के हो । यो शास्त्रलाई तन्त्रशास्त्र किन भनेको हो भने 'तन्' धातु (धारण गर्नु) बाट यो पद बनेको हो । तननम्, तन्यते अनेन वा । तन् विस्तारे ष्ट्रन् । यद्वा तन्त्रणम्, तन्त्रयते वा । तन्त्रि धारणे घञ् । अर्थात् विस्तार गर्ने । अथवा धारण गर्ने (सबै कुरालाई) । यो शिवले पार्वतीलाई बताएको शास्त्र हुनाले यसलाई आगमशास्त्र पनि भन्दछन् । यस विषयमा रुद्रयामल तन्त्रमा यस्तो वचन छ :

"आगतः शिववक्त्रेभ्यो गतश्च गिरिजामुखे ।
मग्नस्तस्या हृदम्भोजे तस्मादागम उच्यते ॥"

तर खेदको कुरा यो छ कि टुहुना, मोहनी र झारफुक इत्यादि कर्म गर्ने झाँक्री, झारफुके, बोक्सी र चटकीहरूलाई तान्त्रिक वा तन्त्रज्ञ भन्ने उपाधि दिइन्छ । यो त हाम्रो क भन्न पनि नजान्ने ब्राह्मणहरूलाई पनि पण्डितजी भनेर पुकारे जस्तो हो । यी उपर्युक्त विद्याहरू तन्त्रको उपशाखारूप शावर तन्त्रबाट पौराणिक कालभन्दा पनि धेरै पछि कलियुगको पनि केही काल व्यतीत भएपछि मात्र यस विषयका तन्त्रहरू निस्किएका हुन् । शावर तन्त्रको पनि देश-शावर, काल-शावर, सिद्धशावर र यस्ता अनेक किसिमका भेद हुन्छन् । तिनै मध्येमा मुक्तिमार्गका नाथ संप्रदाय पनि छन् । तर इन्द्रजाल, क्षुद्रविद्या आदि भने मुक्तिबाधक हुन् । अमुककी वाचा, अमुककी दुहाई इत्यादि इत्यादि असंस्कृत हिन्दी जस्ता भाषाबाट बनेका मन्त्रहरू क्षुद्रविद्या शावर तन्त्र डाइने, बोक्सी, झांक्री इत्यादिका हुन्छन्, चेटक चेटिका, अप्सरा, यक्षिणी आदिका साधनमा बीजमन्त्र प्रयोग हुने विद्याहरू लागू भएका र हस्तक्रियासहित इन्द्रजाल विद्यालाई चेटक शावरतन्त्र भन्दछन् । त्यसैबाट "चटक" भन्ने अपभ्रंश भएर हाम्रो भाषामा आएको हो । यी विद्याहरू मुक्तिमार्गका बाधक हुनाले क्षुद्रविद्यामा दर्ता हुन गई मुमुक्षुहरूका सनातनी कुलधर्मबाट बहिष्कृत भएर नैर्ऋत्याम्नायमा रहन गए । वास्तविक कुलधर्मको रहस्य पनि लापरवाहीले हो वा केले हो गुरुहरूकै साथमा लागेर परमधामतिर धमाधम बाटो तताउँदै छन् । आर्यहरूमध्ये धेरैको मनमा "तन्त्रमार्ग" भनेको षट्कर्मादि गर्नु र वामाचारबाट भैरवहरू तथा भगवतीहरूको उपासना गर्नु मात्रै हो । कौल वा कौलिक भनेको कापालिक वामी मात्रै हुन् । श्मशान साधेर क्षुद्रविद्याद्वारा अनेक इन्द्रजाली चमत्कार देखाउनेहरू र अघोरीहरूलाई ठूलो सिद्ध महात्मा हुन् भन्ने भ्रामक धारणा छ ।

"कुलधर्मः सनातनः" भन्ने कुरा त सबैलाई थाहा छ। तर कुलधर्मको मार्मिक रहस्य भने सबैलाई थाहा छैन। त्यो के हो भने श्रुतिशास्त्र, स्मृतिशास्त्रभन्दा अघिको काल हो। मानिसहरूले विद्वान्हरूबाट निगमागम श्रवण गर्दथे र त्यसैले त्यसलाई "श्रुति" भन्दछन्। निगमागम भनेको निगम वेद र आगम तन्त्र र यी वेद र तन्त्र श्रुति अर्थात् स्मृति कालभन्दा पहिलेको कालमा पनि थिए। यस प्रकार निगमागमको मार्ग वा मत अथवा धर्म नै आर्यधर्म थियो र आदि आर्यको यो नै धर्म भई त्यस वेला सबै आर्यहरूको एउटै कुल अथवा परिवारसमेत भएकोले सीमित व्यक्तिहरू निहित गर्ने आर्य परिवारको वा कुलको धर्म यो नै ठहरिन गयो र त्यसै धर्मलाई 'कुलधर्म' को नामबाट हाम्रा पछिका शास्त्रहरूले व्यक्त गरेको देखिन्छ। सनातन अघिदेखि कहिले पनि नहराउने भनेको अर्थ स्मृतिभन्दा अघिको र हालसम्म आदिकालदेखि अहिले-सम्म निगम मन्त्र गायत्री र आगम मन्त्र दीक्षा ग्रहण गरी उपासना गर्नु द्विजहरूको कर्तब्य अथवा धर्म हो। फेरि अर्को एउटा कुरा छः मूलाधारमा रहेकी "कुलकुण्डलिनी" लाई कुल र सहस्रारमा रहेका परशिवलाई अकुल भन्दछन्। अतः यही कुण्डलिनीलाई परशिवसित सम्बन्ध गराउने आरोहावरोह क्रमलाई कुलाभ्यास भन्दछन्। यो कुलाभ्यास कुलधर्मको उपल्लो श्रेणीमा पुगेपछि गर्नुपर्छ। त्यसउसले कुलधर्म गर्ने मानिसलाई "कुलोद्भव" वा कौल भन्दछन्।

"पितरो वाक्यमिच्छन्ति भावमिच्छन्ति देवताः" भन्ने शास्त्रोक्ति सर्वविदितै छ। तर "भाव" भनेको के हो भन्ने कुरा सबैलाई थाहा छैन। त्यस विषयमा तन्त्र-शास्त्रमा यस्तो वचन छ "भावस्तु त्रिविधो देवि दिव्य-वीर-पशुक्रमात्" अर्थात् दिव्यभाव, वीरभाव र पशुभाव भन्ने तीन प्रकारका भाव हुन्छन्। तीमध्येमा प्रथम श्रेणीका साधकले पशुभावबाट अर्थात् दासोऽहं भावले उपासना गर्नुपर्दछ। यसमा इष्टदेवतालाई स्वामी, पिता, माता इत्यादि आफूभन्दा पृथक् र आफूलाई दास, पुत्र इत्यादि संझी प्रेम बढाई चाकरी भावले, देहभावले बहिर्यागबाट उपासना गर्नुपर्दछ। द्वितीय श्रेणीमा वीरभावले अर्थात् सोऽहं भावले इष्टदेवता नै म हुँ भन्ने ऐक्य भाव राखी बहिर्याग र अन्तर्याग मिलाई आत्मभावले उपासना गर्नुपर्दछ। तेस्रो श्रेणीमा दिव्यभावले अर्थात् नाऽहं भावले 'म, तँ, त्यो' भन्ने संझना नै केही नराखी मुखले बयान गर्ने नसकिने भावबाट ईश्वर र आफूमा भावाभाव मिलाई उपासना हुन्छ।

अब कौल विषयमा सर्वोल्लासतन्त्रमा यस्तो उक्ति छ—

"पशुभावयुताः कौलाः वैद्यवैष्णवशैवकाः।
वीरभावयुताः कौलाः सिद्धान्तो वामदक्षिणौ॥"

अर्थात् "वैद्य (वैदिक), वैष्णव र शैव पाशव कौल वा पशुकौल अनि सिद्धान्ती

(वेदान्ती, गीताभ्यासी, ज्ञानयोगीहरूसमेत), वामाचारी र दक्षिणाचारी वीरकौल हुन्'' वैदिक कण्डिका ऋचाहरू र ब्रह्मगायत्री (सावित्री) बाहेक अन्य सबै मन्त्रहरू तन्त्रकै हुनाले सबै गाणपत्य, सौर, शाक्त, शैव तथा वैष्णवहरू तन्त्रमार्गबाट समेत उपासना गरिरहेका छन् । अतः वेद अंकुर तथा तन्त्र बीजरूप हुनाले कुनै पनि हाम्रो सनातनी धार्मिक कर्म वेद र तन्त्र दुवैको साथसाथै प्रयोग नभई हुनै सक्तैन । पितृश्राद्ध कर्ममा सर्वत्र वैदिक मन्त्रकै काम हुँदा पनि ''ॐ नमो नारायणाय'' भन्ने तान्त्रिक मन्त्रको प्रयोग ठाउँ-ठाउँमा हुन्छ । तान्त्रिक पूजाहरूमा पनि पंचमकारको शोधन र पशुबलिमा पशुको शोधन विविध प्रकारका वेदका कण्डिकाहरूबाट हुन्छ । यस्तो हो तापनि यसमा मानिसले चाख नराख्दा यसको रहस्य धेरै नै हराइसक्यो र कुनाकाप्चातिर थोरै मात्र बाँकी रहे जस्तो बुझिन्छ । अझै पनि यसको खोजी नगरे हाम्रो धर्म विधर्मीहरूको हँसीपात्र मात्र बन्नेछ, यसमा सन्देह छैन ।

दैनिक जीवनमा व्यवहार गरिने सानातिना वस्तुहरूका विषयमा वर्णन गरिएका पूजा-पद्धतिहरू भने तन्त्रशास्त्रबाट उद्धृत भएका नेपाल, भारत, भोट र चीनमा अनेक प्रकारका पाइन्छन् । तर तिनमा सबै मार्मिक रहस्यहरू गुम गरिएका हुन्छन् । विनागुरु कुनै रहस्य पनि पत्ता लाग्न सक्तैन । त्यस्ता पद्धतिका भरले पूजाहारी र लाटासुधा शिष्यहरूको गुरु बन्न त सकिएला तर मूर्ति, यन्त्र, मन्त्र र पूजासामग्रीको वैज्ञानिक प्रयोग गर्ने कुरा त परै रहोस्, वैज्ञानिक रहस्यको ज्ञानसम्म पनि हुन सक्तैन । तान्त्रिक उपासना गर्नु अर्थात् तन्त्रमा लाग्नु नै एकदम आत्मसाधनयोगद्वारा हरेक रहस्य पत्ता लगाउन बनेको आफ्नो आत्मालाई चोख्याउने हतौडी जानेर अभ्यास गर्नु हो । केवल पद्धतिको भरमा चल्नु नयाँ सिकारुहरूको लागि साधारणै जस्तो हुन्छ, तर पछि-पछि यसको रहस्य बुझ्दै गएपछि 'यो बहुतै भयानक र कठोर रहेछ' भन्ने ज्ञान हुँदै जान्छ । फेरि यो तान्त्रिक साधन हामी कुलीन सनातनीमा मात्र नभई बौद्ध र जैनहरूमा पनि प्रशस्त मात्रामा लागू हुनाले बौद्धतन्त्र र जैनतन्त्रका ग्रन्थहरू पनि कम्ती छैनन् । तिनको वैज्ञानिक रहस्य पनि उत्तिकै गहन हुन्छ । यी सबै विषयहरूमा यथार्थ विश्लेषण र प्रकाशन अझै हुन सकेको छैन । हालमा भने पाश्चात्य विद्वान्हरूले पनि यस शास्त्रमा चाख राखेकोले हो वा केले हो, यो लोकप्रिय हुँदै गएको बुझिन्छ । तर के गर्नु, खेदको कुरा त यो छ कि यसको मार्मिक रहस्य जान्ने व्यक्ति भने विलाउँदै गइरहेका छन्, थोरै बाँकी रहेकाहरू पनि उही 'गोपनीयम्' को पुरानो भावनामा परी चूपचाप छन् ।

मनोनाश र वासनाक्षय नभई निर्वाण मोक्ष हुन सक्तैन । सो प्राप्तिको लागि ब्रह्मज्ञानको आवश्यकता हुन्छ । सो ज्ञानप्राप्तिको लागि उपासनाको जरूरत पर्दछ । सो उपासनामा दुई मार्ग हुन्छन् । (१) विहङ्गममार्ग र (२) पिपीलिकामार्ग ।

विहङ्गममार्गद्वारा चरा जस्तो उडेर तलबाट (सांसारिक प्रपञ्चबाट) माथि (ब्रह्ममा) पुगिन्छ । पिपीलिकामार्गद्वारा कमिला झैं तलबाट बिस्तारै बिस्तारै उक्लिएर माथि पुगिन्छ ।

विहङ्गममार्गद्वारा उड्नलाई तीव्र वैराग्य र त्यागरूप दुइटा पखेटा चाहिन्छन् । यी दुई कलियुगका मानिसमा हुनु दुर्लभ जस्तै हुने हुनाले शंकरले "कलावागमसंमतम्" अर्थात् "कलिमा आगमको मत लिनू" भनी भनेका हुन् । पिपीलिकामार्गद्वारा उक्लनु आफ्नो सांसारिक प्रपञ्च कायम राखी क्रमदीक्षा ग्रहण गरेर अलि-अलि गरेर क्रमैसित मनको भाव बदलिँदै गएर माथि पुग्नुपर्ने हुनाले सद्गुरुद्वारा क्रमदीक्षा लिनुपर्ने हुन्छ । हुनत दुवै मतद्वारा अष्टपाशबाट मुक्त भई मनोनाश वासनाक्षय भएर यो देह-रहेसम्म जीवन्मुक्त भई अन्त्यमा निर्वाण मुक्ति प्राप्त हुन्छ । खालि यी दुई मार्गबाट चल्ने तरीका मात्रै फरक हुन्छ ।

वेदान्तको तरीकाको अहिले यहाँ आवश्यकता परेन । तन्त्रको मतमा क्रमदीक्षा ग्रहण गरेर मन्त्रार्थको मनन गरी गुरुले बताएबमोजिम अन्तर्याग र बहिर्यागको समन्वय गराई जप गर्नुपर्छ । यसो नगरे अन्तःकरणनिष्ठ असंभावना विपरीतभावनादोष निवृत्ति हुन सक्तैन । सो नभएसम्म दृढ अपरोक्ष ज्ञान हुन सक्तैन । आत्मा र ब्रह्मको भेदाभेदको वर्णनको संशयलाई "प्रमाणगतसंशय" भन्दछन् । त्यस्तै आत्मा र ब्रह्मको भेदाभेदमा के सत्य हो ? भन्ने संशयलाई "प्रमेयगतसंशय" भन्दछन् । यी दुई प्रकारका संशयको "असंभावना" भन्ने संज्ञा हुन्छ । मन्त्रार्थचिन्तन र मन्त्रचैतन्यको भावनासहितको तत्त्वशुद्धि र अन्तर्यागसमेत गरेर अभ्यास गर्दै गरे असंभावना दोषको निवृत्ति हुन्छ । आत्मा र ब्रह्म तथा देहादि प्रपंचमा कुनचाहिँ सत्य हो भन्ने विपरीत निश्चयलाई विपरीत भावना भन्दछन् । अतः मन्त्र शिखातत्त्वको विचारसाथ राजयोग, राजाधिराजयोग तथा महाराजाधिराजयोगहरूको अभ्यासबाट आफ्-आफ्नो अधिकारानुसार सो विपरीत भावना दोष हट्दै जान्छ । यस प्रकारले असंभावनादि दोष हटेपछि ब्रह्ममा ऐक्य भाव आफै आइहाल्छ ।

यसकारणले यस पुस्तकमा प्रथम पटलमा पञ्चीकरणबाट विद्याको उत्पत्ति अनि द्वितीय पटलमा स्थूल देहद्वारा धारण हुने राजयोगको, तृतीय पटलमा सूक्ष्मदेह-बाट हुने राजाधिराजयोगको तथा चतुर्थ पटलमा लिंगदेहबाट धारण हुने महाराजा-धिराजयोगको ध्यानादि र त्यसको बाहिरी अर्थ र निर्गुण अर्थसमेत झल्काइदिएको छु । त्यसपछि पंचम पटलमा क्रमदीक्षाको रहस्यको झलक दिएको छु । यी सबै पूर्वोक्त योगहरूको र क्रमदीक्षाको प्रयोग गर्ने विधान त गुरुवक्त्र गम्य भएको हुनाले लेखबाट दर्शाउन असमर्थ छ । यो तन्त्रशास्त्र केवल पुस्तक हेरेर मात्र जानिदैन, यसमा सद्गुरुको नितान्त आवश्यकता हुन्छ भन्ने कुरा माथि पनि झल्काएकै छु । यसमा विशेष के लेखूँ,

किताबको पठनबाट पाठकवर्गमा यथार्थ विदित हुने नै छ । यो पुस्तक बनाउँदा मेरो छायारूप नै भई श्री पण्डित कृष्णप्रसाद भट्टराईज्यूले मलाई पूर्ण सहयोग दिनुभएकोमा उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गरी उहाँमा सधन्यवाद प्रणाम समर्पण गर्दछु । नानी श्यामप्रताप ज. ब. रा. ले यो पुस्तक लेखिदिएकोमा उनलाई सस्नेह आशीर्वाद दिन्छु । यो प्रस्तावना लेखिदिनुभएकोमा श्री हरमोहन भट्टराईज्यूमा हार्दिक कृतज्ञता प्रकट गरी नमस्कार गर्दछु ।

किं वहुना

नक्साल, काठमाण्डू । धनशमशेर ज. ब. राणा

संवत् २०३२

विषय-सूची

पटल	विषय	पृष्ठ
१.	पञ्चीकरणबाट विद्याको उत्पत्ति	१
२.	स्थूल देहद्वारा धारण हुने राजयोगको ध्यानादिको बाहिरी अर्थ र निर्गुण अर्थ	३५
३.	सूक्ष्म देहबाट हुने राजाधिराजयोगका ध्यानादिको बाहिरी र निर्गुण अर्थ	५५
४.	लिंगदेहबाट धारण हुने महाराजाधिराजयोगको ध्यानादिको बाहिरी र निर्गुण अर्थ	७९
५.	क्रमदीक्षाको रहस्यको झलक	१०३

प्रथम पटल

प्रणव अर्थात् 'ॐ' खास ब्रह्मको बीजात्मक तत्त्व हो भन्ने 'मातृकारहस्यम्' को प्रस्तावनामा वर्णन भइसकेको छ। अब यस पटलमा त्यसै भित्रको पञ्चमहाभूतका पाँच तत्त्वात्मक भागको वर्णन हुन्छ। प्रणवमा "अ, उ, म, नाद र बिन्दु" पाँच तत्त्व रहेका छन्। तिनमा अकारबाट पृथ्वीतत्त्वात्मक सृष्टिकलारूप ब्रह्मा, 'उ' कारबाट जलतत्त्वात्मक स्थितिकलारूप विष्णु, 'म' कारबाट तेजस्तत्त्वात्मक संहारकलारूप रुद्र, 'बिन्दु' बाट वायुतत्त्वात्मक अन्तर्लीनकलारूप महेश्वर र नादबाट आकाशतत्त्वात्मक अनुग्रहकलारूप सदाशिवको बीजात्मक तत्त्व खडा हुन्छ। फेरि पञ्चमहाभूत अन्तर्गत पृथ्वीतत्त्वको बीज 'लँ' जलतत्त्वको बीज 'वँ', तेजस्तत्त्वको बीज 'रँ' वायुतत्त्वको बीज 'यँ' र आकाशतत्त्वको बीज 'हँ' हुन्छन्। यी बीजहरूको प्रणवको उपर्युक्त पाँच तत्त्वात्मक अक्षरसित पञ्चीकरण हुँदा अर्कै अक्षरको बीजरूप बनेर विद्यामा परिणत भै मन्त्रको मूर्त रूप बन्दछ। त्यस विषयमा सबै मन्त्रको ज्ञान र गुरुको उपदेशबाट मात्र यथार्थ बोध हुने हो तापनि यथाज्ञान सूक्ष्मतया पाठकवर्गमा छायारूप मात्र भए पनि भरसक ज्ञान गराउने प्रयास गर्दछु।

पञ्चमहाभूत अर्थात् पृथ्वी, जल, तेज, वायु र आकाश प्रत्येकलाई दुई भाग गरेर प्रत्येकको एक एक भाग छुट्टै राख्नू र अर्को प्रत्येकको आधा-आधा भागको चार चार भाग गर्नू अनि एउटाको मुख्य आधा भागमा अरू प्रत्येकको आधा-आधा भागको चतुर्थांश मिसाउँदा त्यसको मुख्य स्थूलरूप बन्न आउँछ। जस्तो कि पृथ्वीको मुख्य आधा भागमा अरू चारको एक-एक भाग जोड्दा पार्थिव तत्त्व हुन्छ। यस्तै प्रकारसँग जलको मुख्य आधा भागमा अरू चारको एक-एक भाग जोड्दा जलतत्त्व; तेजको मुख्य आधा भागमा अरू चारको एक-एक भाग जोड्दा तेजस्तत्त्व; वायुको मुख्य आधा भागमा अरू चारको एक-एक भाग जोड्दा वायुतत्त्व र आकाशको मुख्य आधा भागमा अरू चारको एक-एक भाग जोड्दा आकाशतत्त्व बन्दछ।

अब यहाँ यसै सिलसिलामा सर्वप्रथम पञ्चमहाभूतात्मक प्रणवका उपर्युक्त पाँच तत्त्वसित मञ्चमहाभूतका तत्त्वात्मक पाँच बीजको पञ्चीकरणबाट बन्ने बीज र तिनका मूर्तरूपको तालिका दर्शाउँछु र व्याख्या पछि गर्नेछु—

देवता तत्त्व	पृथ्वी 'लँ'	जल 'वँ'	तेज रँ	वायु 'यँ'	आकाश 'हँ'
अ ब्रह्मा	१/२ उमा अस्त्रान्वि- तठद्वय बीज (फट्स्वाहा) (सिद्धविद्या)	१/८ जयदुर्गा अग्निजाया बीज (स्वाहा) सिद्धविद्या)	१/८ उग्रचण्डा मृत्युञ्जय बीज (जुँ सः) (सिद्धविद्या)	१/८ दुर्गा दुर्गासर्गबीज (दुः) (सिद्धविद्या)	१/८ वनदुर्गा दुर्गाबीज (दुँ) (सिद्धविद्या)
उ विष्णु	१/८ तारा कूर्च्च बीज (हुँ) (महाविद्या)	१/२ दक्षिणकाली कुन्तीवीज (क्रीँ) (महाविधा)	१/८ भैरवी शक्ति बीज (सौः) (महाविद्या)	१/८ छिन्नमस्ता योगिनीबीज (छ्रीँ) (महाविद्या)	१/८ धूमावती धूम्रबीज (धूँ) (महाविद्या)
म रुद्र	१/८ बगला स्थिरमाया बीज (ह्लीँ) (महाविद्या)	१/८ कमला पद्माबीज (श्रीँ) (महाविद्या)	१/२ त्रिपुर- सुन्दरी परा- प्रासाद बीज (स्हौँ) (महाविद्या)	१/८ मातंगी मातङ्ग बीज (क्राँ) (महाविद्या)	१/८ भुवनेश्वरी मायाबीज (ह्रीँ) (महाविद्या)
बिन्दु ईश्वर	१/८ प्रत्यङ्गिरा अंकुश बीज (क्रोँ) (सिद्धविद्या)	१/८ सिद्धिलक्ष्मी शोषिणीबीज (हाँ) (सिद्धविद्या)	१/८ भद्रकाली शिवप्रासाद बीज (हौँ) (सिद्धविद्या)	१/२ सिद्धि कराली राव बीज (फेँ) (सिद्धविद्या)	१/८ कामकला काली काम बीज (क्लीँ) (सिद्धविद्या)
नाद सदाशिव	१/८ चामुण्डा विच्चेबीज (विच्चे) (सिद्धविद्या)	१/८ महाकाली वाग्वीज कामबीज (ऐँ क्रीँ) (सिद्धविद्या)	१/८ महालक्ष्मी लज्जा बीज लक्ष्मी बीज (ह्रीँ श्रीँ) (सिद्धविद्या)	१/८ महासर- स्वती काम बीज वाग्बीज (क्लीँ ऐँ) (सिद्धविद्या)	१/२ कुब्जिका खेचरीबीज (हस्फ्रेँ) (सिद्धविद्या)

अब यसै प्रसङ्गमा आम्नायको उत्पत्तिको पनि यहाँनिर अलिकति वर्णन गरिन्छ। कुलार्णव तन्त्रको तृतीय उल्लासमा यस विषयमा यस्तो उक्ति छ—

[१]मम पञ्चमुखेभ्यश्च पञ्चाम्नायाः समुद्गताः।
पूर्वश्च पश्मिश्चैव दक्षिणश्चोत्तरस्तथा।
ऊर्ध्वाम्नायश्च पंचैते मोक्षमार्गाः प्रकीर्तिताः॥

अर्थात् मेरो पाँच मुखबाट पाँच आम्नाय निस्के। पूर्व मुखबाट पूर्वाम्नाय, पश्चिम मुखबाट पश्चिमाम्नाय, दक्षिण मुखबाट दक्षिणाम्नाय, उत्तरमुखबाट उत्तराम्नाय र माथिको मुखबाट ऊर्ध्वाम्नाय निस्के।

१. यो उक्ति शिवजीले पार्वतीलाई बताएको हो।

तन्त्रान्तरमा अधराम्नाय (पातालाम्नाय) पनि शिवजीको नाभिमा भएको छैटौं मुखबाट निस्क्यो भन्ने छ। फेरि अर्को तन्त्रमा पाँच आम्नायको सारबाट बौद्ध-मतानुसार अधराम्नाय निस्केको हो भन्ने पनि देखिन्छ। जे होस्, तापनि अधराम्नाय-को बुद्ध र जैन मार्गबाट उपासना हुन्छ। क्रमचिन्तामणि तन्त्रमा यस्तो उक्ति छ—

पूर्वाम्नायः सृष्टिरूपः स्थितिरूपश्च दक्षिणः।
संहारः पश्चिमो ज्ञेयो ह्यन्तर्लीनस्तथोत्तरः।
ऊर्ध्वश्चानुग्रहो ज्ञेयश्चाधो विश्रान्तिको भवेत्॥

अर्थात् पूर्वाम्नाय सृष्टिरूप, दक्षिणाम्नाय स्थितिरूप, पश्चिमाम्नाय संहाररूप, उत्तराम्नाय अन्तर्लीनरूप, ऊर्ध्वाम्नाय अनुग्रहरूप र अधराम्नाय विश्रान्तिरूप छन्।

यो षडाम्नायको विषयको कुरा भयो। यी छः–बाहेक अरू चार आम्नाय पनि हुन्छन्। ती चारलाई उपाम्नाय भन्दछन्। ती के के हुन् भने उत्तराम्नायबमोजिमको अन्तर्याग र पूर्वाम्नायबमोजिमको बहिर्यागको क्रम मिल्दा संहाररूप ईशाम्नाय बन्दछ। त्यस्तै गरी पूर्वाम्नाय र दक्षिणाम्नायबाट स्थितिरूप आग्नेयाम्नाय बन्दछ। दक्षिणाम्नाय र पश्चिमाम्नायबाट अभिचाररूप नैर्ऋत्याम्नाय बन्दछ। पश्चिमाम्नाय र उत्तराम्नाय मिल्दा सृष्टिरूप वायव्याम्नाय बन्दछ। यिनमध्ये नैर्ऋत्याम्नाय अभि-चारात्मक र क्षुद्र विद्याको उपासना–विषयको हुनाले अधराम्नायमा मिल्न गई मुक्ति मार्गको लागि त्याज्य हुन्छ। ईशाम्नाय, आग्नेयाम्नाय र वायव्याम्नाय समष्टि भै पश्चिमाम्नायमा मिली सर्वमन्त्र प्रदीपिनी विद्या नवार्णेश्वरी चामुण्डाको रूप बन्दछ।

अब तालिकामा उल्लिखित प्रत्येकको एक एक गरी व्याख्या गर्दछु।

(१) **उमा** :—आकाररूपी पार्थिव तत्त्वको आधा भागमा पार्थिवबीज 'लँ' को आभास पर्न जाँदा अस्त्रान्वितठद्वय बीज (फट्स्वाहा) को प्रादुर्भाव हुन्छ। यस बीजमा विद्याको आभास पर्न जाँदा उमा वा गौरीको विविध मन्त्र अंकुराउँछ। यसमा मुख्य मन्त्र गौरीकै षोडशाक्षरी हो। तिनको रूप यस प्रकारको हुन्छ—

हेमाभां बिभ्रतीं दोर्भिर्दर्पणाञ्जनसाधने।
पाशाङ्कुशौ दिव्यभूषां गौरीं देवीमुपास्महे॥

यस ध्यानबाट सुन जस्तो वर्ण भएकी, हातमा सिन्हमु (तले वट्टा), ज्वाला-न्हैकँ (आदर्श) पाश र अंकुश धारण गरेकी, दिव्य गहना पहिरेकी गौरीको रूप झल्लन्छ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : सुन जस्तो वर्ण भएबाट सौभाग्यरूपिणी, हातमा धारण गरेकी सिन्हमु (तले वट्टा) बाट लक्ष्मी, ज्वालान्हैकँ (आदर्श) बाट

कान्ति, पाशबाट वशीकरण र अंकुशबाट स्तम्भन शक्ति, दिव्य गहना पहिरेबाट राजसी तत्त्व स्वरूपकी गौरीको रूप भन्ने बुझिन्छ ।

यी गौरीको अधिकार अनुसार छः ओटै आम्नायबाट उपासना हुन सक्तछ ।

(२) जयदुर्गा :—आकाररूपी पार्थिव तत्त्वको पहिलो अष्टमांशमा जलतत्त्वात्मक 'वँ' बीजको आभास पर्न जाँदा अग्निजाया बीज (स्वाहा) को उद्धार हुन्छ । यस बीजमा विद्याको आभास पर्न जाँदा जयदुर्गाको विविध मन्त्र अंकुराउँछन् । यसको मुख्य मन्त्र जयदुर्गाको दशाक्षरी हो । तिनको रूप यस प्रकारको हुन्छ—

कालाभ्राभां कटाक्षैररिकुलभयदां मौलिबद्धेन्दुखण्डाम्
शंखं चक्रं कृपाणं त्रिशिखमपि करैरुद्वहन्तीं त्रिनेत्राम् ।
सिंहस्कन्धाधिरूढां त्रिभुवनमखिलं तेजसा पूरयन्तीम्
ध्यायेद् दुर्गां जयाख्यां त्रिदशपरिवृताम् सेवितां सिद्धिकामैः ॥

यस ध्यानबाट कालो वादलको जस्तो वर्ण भएकी, कटाक्षले हेर्दैमा शत्रु तर्सने, माथमा अर्धचन्द्र पहिरेकी, हातमा शंख, चक्र, तरवार, त्रिशूल धारण गरेकी, तीन आँखा भएकी, सिंहमाथि चढेकी, तेजले तीनै लोकलाई ढाक्ने भएकी, सिद्धि चाहने देवताहरूले वरिपरिबाट सेवा गरिएकी जयदुर्गाको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : लाल वर्ण भएबाट सौभाग्यरूप, कटाक्षले हेर्दैमा शत्रु तर्सने भन्नाले काम क्रोधादि षड्रिपुलाई नाश गर्ने शक्तिरूपिणी, माथमा पहिरेको अर्धचन्द्रबाट अमृतरूपिणी, हातमा धारण गरेको शंखबाट नादरूपिणी, चक्रबाट रक्षारूपिणी, तरवारबाट विजयरूपिणी, त्रिशूलबाट त्रिविधोत्पातक नाशिनी शक्ति, तीन आँखा भएबाट विन्दुत्रयरूपिणी, सिंहमाथि चढेबाट ज्ञानरूपिणी, तीनै लोकलाई ढाक्ने तेज भएबाट प्रकाशरूपिणी, सिद्धि चाहने देवताले घेरिएबाट सर्वसिद्धिस्वरूपिणी जयदुर्गाको स्वरूप भन्ने बुझिन्छ ।

यी जयदुर्गा दुर्गाकै एक भेद भएकोले यिनको पनि अधिकार अनुसार छः ओटै अम्नायबाट उपासना हुन्छ ।

(३) उग्रचण्डा :—अकाररूपी पार्थिव तत्त्वको दोस्रो अष्टमांशमा तेजस्तत्त्वात्मक "रँ" बीजको आभास पर्न जाँदा मृत्युञ्जयबीज (जूँ सः) को प्रादुर्भाव हुन्छ । यस बीजमा विद्याको आभास पर्न जाँदा उग्रचण्डा, दुर्गा, भद्रकाली र कात्यायनीहरूको विविध मन्त्रहरू अंकुराउँछन् । तीमध्ये वत्तीस अक्षरको उग्रचण्डाको मन्त्र मुख्य हो । तिनको रूप यस प्रकारको हुन्छ—

उग्रचण्डां महादेवीं ध्यायेद्भगवतीं शिवाम् ।
तप्तचामीकरावर्णां नानापुष्पोपशोभिताम् ॥

दिव्यवस्त्रपरीधानां महिषासनगामिनीम् ।
किरीटकुण्डलाकारैः केयूरैर्मणिनूपुरैः ॥
रत्नमालाविचित्रैश्च हारमालोपशोभिताम् ।
अष्टादशभुजाक्रान्तां पीनवक्षस्तनोरुहाम् ॥
सर्वालङ्कारसंयुक्तां तडित्कोटिसमप्रभाम् ।
खड्गं शरस्तथा चक्रं वज्राङ्कुशधरां शुभाम् ॥
वरदां डमरूहस्तां शूलपात्रसुशोभिताम् ।
दक्षिणेन करायत्ता यथाशोभा तथा परम् ॥
फेटकं धनुर्हस्ताञ्च गदां घण्टासुशोभिताम् ।
पाशं तर्जनीहस्ताञ्च खट्वाङ्गं केशपाशकम् ।
बिन्दुमुद्रां तथा सिद्धिं सिंहासनोपरिस्थिताम् ॥
अधःस्थित्वा शिरश्छिन्नं महिषं च महासुरम् ।
तद्ग्रीवानिर्गतं दैत्यं महाबलपराक्रमम् ॥
भेदयन्तीं त्रिशूलेन विधृतास्यशिरोरुहाम् ।
एवं ध्यायेन् महादेवीं सर्वकामफलप्रदाम् ॥

यस ध्यानबाट तताएको सुन जस्तो वर्ण भएकी, नानाप्रकारका फूलहरूले शोभायमान भएकी, दिव्यवस्त्र पहिरेकी, काटेको राँगोमाथि पाउ राखेकी, किरीट, कुण्डल, केयूर (वाजु), मणिजडित नूपुर (पाउजेब) र चित्र-विचित्रका रत्नहार र मालाहरू तथा सब प्रकारका गहना लाएकी, करोडौं बिजुलीको जस्तो तेज भएकी, पुष्ट छाती भएकी, अठार हात भएकी, दाहिने हातमा खड्ग, वाण, चक्र, वज्र, अंकुश, वरदमुद्रा, डमरु, त्रिशूल (ध्यानमा शूल उल्लेख भए पनि तल त्रिशूल बताएकोले त्रिशूल नै भन्ने संझनुपर्छ), पात्र (कपाल पात्र) र देब्रे हातमा ढाल, धनु, गदा, घण्टा, पाश, तर्जनी, खट्वाङ्ग, केशपाश (जगल्टा), विन्दुमुद्रा धारण गरेकी, अर्को पाउ सिंहमाथि राखेकी, टाउको काटिएको राँगोको घिच्रोबाट निस्केको महिषासुरलाई जगल्टा समातेर छातीमा त्रिशूलले रोपिरहेकी उग्रचण्डा दुर्गाको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : तताएको सुन जस्तो वर्ण भएबाट सौभाग्यरूपिणी, नानाप्रकारका फूलहरूले शोभायमान भएबाट सुस्वास्थ्यरूपिणी, दिव्यवस्त्र पहिरेबाट दिव्यरूपिणी, काटेको राँगोमाथि एक पाउ राखेबाट मृत्युनिवारिणी, शक्ति किरीट कुण्डल केयूर मणिजडित नूपुर इत्यादि धारण गरेबाट विश्वराज्ञी भन्ने बुझिन्छ । चित्र-विचित्रका रत्न हार माला तथा सब प्रकारका गहना पहिरेबाट सबै देवताको शक्तिरूपिणी, करोड़ौं विजुलीको जस्तो तेज भएबाट सबै देवताको तेजोरूपिणी, पुष्ट छाती भएबाट विश्वंभरा, अठार हात भएबाट दाहिने नौ हात भन्नाले नौ आत्माको प्रकाश रूप र बायाँ नौ हातबाट नौ आत्माको विमर्शरूप भएकोले

'नवात्माब्रह्म शक्ति' भन्ने बुझिन्छ। दाहिने हातमा धारण गरेको खड्गबाट विजय, वाणबाट पापमोचन शक्ति, चक्रबाट विश्वचक्ररूपिणी, वज्रबाट विद्युत्-शक्ति, अंकुशबाट स्तम्भनशक्ति, वरबाट अभीष्ट सिद्धि, डमरुबाट प्रतिध्वनि, त्रिशूलबाट त्रिविधोत्पादक नाशिनी शक्ति, पात्र (कपाल पात्र) बाट सत्त्वगुणात्मिका र देब्रे हातमा धारण गरेको ढालबाट रक्षा, धनुवाट ज्ञान, गदाबाट वैराग्य, घण्टावाट नाद, पाशबाट वशीकरण शक्ति, तर्जनीवाट सावधानी, खट्वाङ्गबाट तापत्रयनाशिनी शक्ति, केशपाश समातेबाट प्रपञ्चेश्वरी शक्ति, विन्दुमुद्राबाट अमृतरूपिणी भन्ने बुझिन्छ। सिंहमाथि अर्को पाउ राखेबाट राजसी शक्तिरूपिणी, टाउको काटिएको राँगोको घिच्रोबाट निस्केको महिषासुरलाई जगल्टा समातेर छातीमा त्रिशूलले रोपिरहेकी भन्नेबाट महिषासुर रूप अज्ञानलाई त्रिविधोत्पात नाश गर्ने, त्रिशूलले रोपेबाट अविद्यानाशिनी तथा शुद्ध चैतन्यरूपिणी उग्रचण्डा दुर्गाको रूप भन्ने बुझिन्छ।

यी उग्रचण्डा पनि दुर्गा भद्रकालीकै एक भेद भएको हुनाले यिनको पनि अधिकार अनुसार छः ओटै आम्नायबाट उपासना हुन्छ।

(४) दुर्गा :—अकाररूपी पार्थिव तत्त्वको तेस्रो अष्टमांश वायुतत्त्वात्मक "यँ" वीजको आभास पर्दा दुर्गासर्गबीज (दुः) को प्रादुर्भाव हुन्छ। यस बीजमा विद्याको आभास पर्दा दुर्गाको भेदका विविध मन्त्रहरू अंकुराउँछन्। तीमध्ये स्वयं यही एकाक्षरी नै मुख्य मन्त्र हो। तिनको रूप यस प्रकारको हुन्छ—

दूर्वाश्यामां त्रिनेत्रां च कमलेष्टदले स्थिताम्।
शूलं बाणं खड्गचक्रे शंखं खेटं शरासनम्।
कपालानि च दक्षाधः क्रमेण दधतीं स्मरेत्॥

यस ध्यानबाट दूवो जस्तो वर्ण (हरियो वर्ण) भएकी, तीन आँखा भएकी, अष्टदल कमलमाथि बसेकी, शूल (भाला), वाण, खड्ग, चक्र, शंख, खेटक, शरासन (धनु), कपालपात्र दाहिने हातको तलदेखि क्रमैसित धारण गरेकी दुर्गाको रूप झल्कन्छ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : दूवो जस्तो वर्ण भएकी भन्नाले अनिष्टनाशिनी, तीन आँखा भएबाट तीन त्रिन्द्वात्मिका, अष्टदल कमलमाथि बसेबाट सगुणब्रह्मरूपिणी[१], हातमा धारण गरेको शूलबाट वायुको वेगरूपिणी, बाणबाट पाप मोचन शक्ति, खड्गबाट विजय, चक्रबाट विश्वचक्र, शंखबाट नादरूपिणी, खेटकबाट

---

१. हाम्रो सनातन धर्ममा देवताको स्थापना गर्दा भुइँमा अष्टदल लेखेर त्यसमाथि आसन राखी देवताको स्थापना हुन्छ। त्यसको मतलब के हो भने पद्मको आकारले पृथ्वीतत्त्व, प्रत्येक पत्रको अर्धचन्द्राकार रेखाले जलतत्त्व, माझको वृत्ताकारले वायुतत्त्व, बिन्दुले आकाशतत्त्व र तेजस्तत्त्वात्मक प्रकाश रूपको कल्पना गरेर परब्रह्मलाई आह्वान गरिन्छ। यसको आठ पत्रले कल्पित अष्टधातु अर्थात् हाड बोसो मासु छाला रगत मज्जा शुक्र र लोम भन्ने बुझाउँछ।

विद्वेषण शक्ति, शरासन (धनु) बाट वैराग्य, कपालपात्रबाट ज्ञानरूपिणी दुर्गाको रूप भन्ने बुझिन्छ ।

यी दुर्गाको अधिकार अनुसार छः ओटै आम्नायबाट उपासना हुन्छ ।

(५) **वनदुर्गा** :—अकाररूपी पार्थिव तत्त्वको चौथो अष्टमांशमा आकाशतत्त्वात्मक "हँ" बीजको आभास पर्दा दुर्गाबीज (दुँ) को प्रादुर्भाव हुन्छ । यस बीजमा विद्याको आभास पर्दा वनदुर्गा (विन्ध्यवासिनी) आदिका विविध मन्त्रहरू अंकुराउँछन् । यिनमध्ये ३७ अक्षरको 'विन्ध्यवासिनी' को मंत्र मुख्य हो। तिनको रूप यस प्रकार हुन्छ—

सौवर्णाम्बुजमध्यगां त्रिनयनां सौदामिनीसन्निभां
शङ्खं चक्रवराभयानि दधतीमिन्दोः कलां बिभ्रतीम् ।
ग्रैवेयाङ्गदहारकुण्डलधरामाखण्डलाद्यैः स्तुतां
ध्यायेद्विन्ध्यनिवासिनीं शशिमुखीं पार्श्वस्थपञ्चाननाम् ॥

यस ध्यानबाट सुवर्णको जस्तो वर्ण भएकी, कमलमाथि बसेकी, तीन आँखा भएकी, विजुलीको झैं कान्ति भएकी, शंख चक्र वर र अभय धारण गरेकी, माथमा चन्द्रमा पहिरेकी, हार कुण्डलादि गहनागुरुवा पहिरेकी, इन्द्रादि देवताहरूबाट स्तुति गरिएकी पञ्चानन अर्थात् सिंहलाई पार्श्वमा राखेकी विन्ध्यवासिनीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : सुवर्णको जस्तो वर्ण भएकी भन्नाले सौभाग्यरूपिणी, कमलमाथि बसेबाट पृथ्वीव्यापिनी, तीन आँखा भएबाट विन्दुत्रयात्मिका, बिजुलीको जस्तो कान्ति भएबाट विद्युत्रूपिणी, हातमा धारण गरेको शंखबाट अनाहत नाद, चक्रबाट रक्षा, वरबाट अभीष्ट सिद्धि, अभयबाट डरनाशक शक्ति, माथमा रहेको चन्द्रमाबाट परमामृतरूपिणी, हार कुण्डलादि गहना पहिरेबाट विश्वराज्ञी, इन्द्रादि देवताबाट स्तुति गरिएकी भन्नाले दिव्यरूपिणी, पञ्चानन सिंहलाई पार्श्वमा राखेकी भन्नाले सिंहज्ञानरूप अविद्याविनाशिनी, ज्ञानस्वरूपिणी विन्ध्यवासिनीको रूप भन्ने बुझिन्छ ।

यी वनदुर्गा दुर्गाकै एक भेद हुनाले यिनको यथाधिकार छः ओटै आम्नायबाट उपासना हुन्छ ।

यसरी यी अकारोत्थ पाँचै शक्तिहरू 'अ' आदि वर्ण हुनाले छः ओटै आम्नायमा उपासकको परंपरानुसार पूज्य छन् ।

(६) **तारा** :—'उ' काररूपी जलात्मक तत्त्वको पहिलो अष्टमांशमा पृथ्वीतत्त्वात्मक 'लँ' बीजको आभास पर्दा कूर्च्च बीज (हुँ) को प्रादुर्भाव हुन्छ । यस बीजमा विद्याको आभास पर्दा ताराको विविध प्रकारका मन्त्रहरू अंकुराउँछन् । यी

ताराका मन्त्रका भेदमा धेरैजसो बौद्ध मार्गीय अधराम्नायमा त्यसपछि दक्षिणाम्नायमा अनि बहुतै कम उत्तराम्नायमा हुन्छन् । तिनमध्ये बौद्ध मार्गीको लागि अधराम्नायात्मक आर्यताराको मन्त्र र सार्द्धपञ्चाक्षरी मुख्य मानिन्छ र हामी शैवहरूको लागि दक्षिणाम्नायात्मक महोग्रताराको सार्द्धपञ्चाक्षरी मन्त्र मुख्य मानिन्छन् । तिनको रूप यस प्रकार हुन्छ—

प्रत्यालीढपदार्पिताङ्घ्रिशवहृद् - घोराट्टाहासा परा
खड्गेन्दीवरकर्त्रिखर्परभुजा हुँ - कारबीजोद्भवा ।
खर्वा नीलविशालपिङ्गलजटाजूटोग्रनागैर्वृता
जाड्यं न्यस्य कपालके त्रिजगतां हन्त्युग्रतारा स्वयम् ॥

यस ध्यानबाट मुर्दामाथि (शिवको लाशमाथि) प्रत्यालीढ़ भएकी (खुट्टा खप्टेर रहेकी), डरलाग्दो खित्का छोडेर हाँसिरहेकी, पुड्की, नीलो वर्ण भएकी, डरलाग्दो नागले बेह्रिएको कैलो जगल्टा भएकी, हातमा खड्ग, नीलकमल, कर्त्री, कपालपात्र धारण गरेकी, अज्ञानलाई नाश गर्ने बीजबाट निस्केकी, महोग्रताराको[१] रूप झल्दन्छ । हठयोगमा प्रकम्पनसाथ कूर्च्च बीजको उच्चारण गर्दा सो थर्कावट ब्रह्मरन्ध्रसम्म पुग्दा कुण्डलिनी जाग्रत हुन्छन् । सोही जाग्रत कुण्डली नै ज्ञानरूपिणी महोग्रताराको सूक्ष्म रूप हो । यही अभिप्रायले "हुँकार वीजोद्भवा" र "जाड्यं न्यस्य कपालके त्रिजगतां हन्ति" भन्ने पद रहेको हो । यहाँ 'कपाल' पदले ब्रह्मरन्ध्रलाई सूचना गर्दछ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : मुर्दा (शिवको लाश) माथि बसेबाट शिवको चेतना अर्थात् चैतन्यरूपिणी, प्रत्यालीढ़ भएर उभिएबाट प्रकृति-पुरुषात्मिका, डरलाग्दी भएबाट ब्रह्मरूपिणी, खित्का छोडेर हाँसेबाट परमानन्दरूपिणी, नीलो वर्ण भएबाट जगद्व्यापिनी, पुड्की भएबाट कुण्डलिनी शक्ति, डरलाग्दो नागले बेह्रिएको कैलो जगल्टा भन्नाले रजोगुणात्मक कैलो जगल्टालाई ब्रह्मसूचक, डरलाग्दो विषनाशक नागले बाँधेबाट प्रपञ्चरूपिणी, विषलाई नै ब्रह्मरूप अमृतले नाश गरिदिने अर्थात् जीवदशा नाश गर्ने शक्तिरूपिणी "महोग्रतारा" भन्ने बुझिन्छ । यी तारा अधराम्नायनायिका हुन् र महाविद्या पनि हुन्, यिनको मन्त्रभेदले अधराम्नाय, दक्षिणाम्नाय र उत्तराम्नाय तीनैमा उपासना हुन्छ । यहाँ दिइएको रूप दक्षिणाम्नायात्मक हो ।

(७) **दक्षिणकाली** :—उकाररूपी जलात्मकतत्त्वको अर्धांशमा जलतत्त्वात्मक 'वँ' को आभास पर्दा कुन्तीवीज (क्रीँ) को प्रादुर्भाव हुन्छ । यस बीजमा विद्याको

---

१. 'उग्राऽऽपत्तारिणी यस्मादुग्रतारा प्रकीर्तिता' अर्थात् जसबाट उग्र (ठूला-ठूला आपत) टर्दछ उनैलाई उग्रतारा भन्दछन् ।

—मत्स्यसूक्त

आभास पर्दा दक्षिणाम्नायात्मक आद्याकाली, श्यामाकाली तथा दक्षिणकालीका विविध भेदका मन्त्रहरू अंकुराउँछन् । तिनमध्ये दक्षिणकालीको बाईस अक्षरको मन्त्र-मुख्य हो । तिनको रूप यस प्रकार हुन्छ—

करालवदनां घोरां मुक्तकेशीं चतुर्भुजाम् ।
कालिकां दक्षिणां दिव्यां मुण्डमालाविभूषिताम् ॥
सद्यश्छिन्नशिरःखड्गवामेऽधोर्ध्वकराम्बुजाम् ।
अभयं वरदं चैव दक्षिणोर्ध्वाधपाणिकाम् ॥
महामेघप्रभां श्यामां तथा चैव दिगम्बराम् ।
कण्ठावसक्तमुण्डालीगलद्रुधिरचर्चिताम् ॥
कर्णावतंसतानीतशवयुग्मविराजिताम् ।
घोरदंष्ट्रां करालास्यां पीनोन्नतपयोधराम् ।
शवानां करसंघातैः कृतकाञ्चीं हसन्मुखीम् ॥
सृक्कद्वयगलद्रक्तधाराविच्छुरिताननाम् ।
घोररावां महारौद्रीं श्मशानालयवासिनीम् ॥
दन्तुरां दक्षिणव्यापिलम्बमानकचोच्चयाम् ।
शवरूप - महादेव - हृदयोपरि संस्थिताम् ॥
शिवाभिर्घोररूपाभिश्चतुर्दिक्षु समन्विताम् ।
महाकालेन च समं विपरीतरतातुराम् ॥
सुखप्रसन्नवदनां स्मेराननसरोरुहाम् ।
कोटिकालानलाभासं चतुर्बाहुं त्रिलोचनम् ॥
श्मशानाष्टकमध्यस्थं मुण्डाष्टकविभूषितम् ।
पञ्चप्रेतास्थितं देवं त्रिशूलं डमरुं तथा ॥
खड्गं च खर्परं चैव वामदक्षिणयोगतः ।
बिभ्रतं सुन्दरं देहं श्मशानभस्मभूषितम् ॥
नानाशवैः क्रीडमानं कालिकाहृदयस्थितम् ।
लालयन्तं रतासक्तं घोरचुम्बनतत्परम् ॥
गृद्धगोमायु - संयुक्तं फेरवीगणसंयुतम् ।
जटापटलशोभाढ्यं सर्वशून्यालये स्थितम् ॥
सर्वशून्यं मुण्डभेषं प्रसन्नवदनं शिवम् ।
एवं ध्यायेद्द्वन्द्वमूर्तिं परब्रह्मस्वरूपिणीम् ॥

यस ध्यानबाट ठूलो मुख भएकी, डरलाग्दी, झाँक्रो फिंजाएकी, दिव्यरूपिणी, मुण्डमाला पहिरेकी, आलो काटेको टाउको र खड्ग बायाँ हातको तल र माथि धारण

गरेकी, अभयमुद्रा र वरदमुद्रा दाहिने हातको माथि र तल धारण गरेकी, गाढा बादल जस्तो कालो नीलो वर्ण भएकी, नाङ्गी, रगत चुहिरहेको टाउकाहरूको मुण्डमाला घाँटीमा पहिरेकी, दुवैतिरको कानमा एक-एकवटा मुर्दा पहिरेकी, ठूला-ठूला ठाडा स्तन भएकी, मुर्दाको हातको लहरको मेखला पहिरेकी, हँसिलो मुख भएकी, जिभ्रो निकालेर चलाउँदै ओंठको दुई कुनाबाट न्याल मिलेको रगत चुहाएकी, भयानक स्वर भएकी, श्मशानमा बसेकी, लामा दाह्रा भएकी, दाहिनेतिर झुप्पा पारेर लामो झाँक्रो फिंजाएकी, मुर्दारूप महादेवको छातीमाथि बसेकी, भयंकर श्यालहरूबाट चारैतिर घेरिएकी, महाकालसित विपरीत रति गरिरहेकी, कालाग्नि झैं कान्ति भएका, तीन नेत्र भएका, चार हात भएका, आठओटा श्मशानको बीचमा रहेका, आठ मुण्ड (टाउको) पहिरिएका, पञ्चप्रेतमाथि रहेका, दाहिने दुई हातमा त्रिशूल र डमरु, बाँया दुई हातमा खड्ग र कपालपात्र धारण गरेका, श्मशानको विभूत धारण गरेका, राम्रो शरीर भएका, अनेक मुर्दासँग खेलिरहेका, कालिकालाई छातीमा राखेर रति गरिरहेका, घोर चुम्बन गर्नमा तत्पर भएका; गिद्ध, श्याल, कागहरूबाट घेरिएका, केश गुजमुजाएका, एकान्तमा एक्लै बसेका, प्रसन्न मुहार भएका, कल्याण रूपका परब्रह्मात्मक दक्षिणकाली र महाकालको युगल रूप भन्ने झल्कन्छ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : ठूलो मुख भएबाट विश्वव्यापिनी, डरलाग्दी भएबाट परब्रह्मात्मिका, झाँक्रो फिंजाएकीबाट निर्विकारा, दिव्यरूपिणीबाट अलौकिका, मुण्डमाला पहिरेबाट ज्ञान विवेक तथा विचार-शक्ति, बायाँ हातमा रहेको आलो काटेको टाउकोबाट सत्त्वगुणात्मक बुद्धि र खड्गबाट ज्ञान, दायाँ हातमा रहेको अभयमुद्राबाट डरनाशक शक्ति र वरदमुद्राबाट अभीष्ट सिद्धि, गाढा बादल जस्तो कालो नीलो वर्ण भएबाट सर्वव्यापिनी, नाङ्गी भएबाट मायातीता, रगत चुहिरहेका टाउकाहरूको मुण्डमाला घाँटीमा पहिरेकीबाट शुद्ध सत्त्वगुणात्मक स्थितिकला, दुवैतिरको कानमा एक-एकवटा मुर्दा पहिरेकीबाट नादब्रह्मस्वरूपिणी, ठूला-ठूला ठाडा स्तन भएकीबाट विश्वम्भरा, मुर्दाको हातको लहरको मेखला पहिरेबाट[१] विश्वयोनिरूपिणी, हँसिलो मुख भएकीबाट आह्लादस्वरूपिणी, जिभ्रो निकालेर चलाउँदै ओठको कुनाबाट न्याल मिलेको रगत चुहाएकीबाट पनि पूर्वोक्त शुद्ध सत्त्वगुणात्मक स्थितिकला, भयानक स्वर भएकीबाट नादब्रह्म, श्मशानमा बसेकीबाट सच्चित्स्वरूपिणी, दाहिनेतिर झुप्पा पारेर लामो झाँक्रो फिंजाएकीबाट ब्रह्मलाई ढाकेकी विरजा, मुर्दारूप महादेवको

१. कल्पावसान (महाप्रलय) हुँदा पनि स्थूल देह छाडेर लिंग देह धारण गरी ब्रह्मरूपिणी महाशक्तिको अविद्यमायांशमा कल्पारम्भ (पुनः सृष्टि) नभएसम्म रहने र सबैको हातबाट कर्म हुने हुनाले मरेका जीवहरूका कर्मसाधनरूप हातको लहरको मेखलालाई योनिभन्दा माथि बाँधिएबाट विश्वयोनिरूपिणी सूचित भएको हो।

छातीमाथि बसेकीबाट ब्रह्मचैतन्यरूपिणी, भयानक श्यालहरूले चारैतिर घेरिएकीबाट परमबोधरूपिणी, महाकालसित विपरीत रति गरिरहेकीबाट[१] दक्षिणाम्नायनायिका र कालाग्नि झैं कान्ति भएकी भन्नाले प्रकाशरूप, तीन नेत्र भएबाट कामकलात्मक ब्रह्म, चार हात भएबाट चार आत्मारूप, आठवटा श्मशानको बीचमा रहेकी भन्नाले शून्यरूप महाबिन्दु, आठ मुण्ड (टाउको) पहिरेबाट अष्टसिद्धिरूप, पञ्चप्रेतमाथि बसेबाट पञ्चमहाभूत तत्त्व, दाहिने हातता भएको त्रिशूलबाट त्रिविधोत्पातक नाशक, डमरुबाट प्रतिध्वनि, बायाँ दुई हातमा रहेको खड्गबाट ज्ञान र कपालपात्रबाट सात्त्विक बुद्धि, श्मशानको विभूत धारण गरेबाट परशिवरूप, राम्रो शरीर भएबाट जगन्मोहन तत्त्व, अनेक मुर्दासित खेलिरहेबाट चेतनारहित ब्रह्मरूप, कालिकालाई छातीमा राखेर रति गरिरहेबाट कामकलात्मक, घोर चुम्बन गर्नमा तत्पर भएका भन्नाले क्रमदीक्षाको आदिरूप, गिद्ध, श्याल र कागहरूबाट घेरिएका भन्नाले 'जान्ने देख्ने र सुन्ने' भन्ने अर्थ लाग्ने हुँदा सर्वसाक्षी, केश गुजुमुजाएबाट प्रपञ्चरूप, एकान्तमा एक्लै बसेकाबाट महाबिन्दुरूपका कल्याणस्वरूप परब्रह्मात्मक दक्षिणकाली र महाकालको युगल रूप भन्ने बुझिन्छ ।

यी दक्षिणकाली दक्षिणाम्नायकी नायिका हुन् र महाविद्या पनि हुन् । यिनको दक्षिणाम्नायबाट उपासना हुन्छ ।

(८) भैरवी :—'उ' काररूपी जलात्मकको दोस्रो अष्टमांशमा तेजस्तत्त्वात्मक 'रँ' को आभास पर्दा ईशबीज (सौः) को प्रादुर्भाव हुन्छ । यस बीजमा विद्याको आभास पर्दा भैरवीका विविध मन्त्रहरू अंकुराउँछन् । तिनमध्ये त्रिपुरभैरवीको तीन कूटको मन्त्र मुख्य हो । तिनको ध्यान यस प्रकार हुन्छ—

उद्यद्भानुसहस्रकान्तिमरुणक्षौमां शिरोमालिकाम्
रक्तालिप्तपयोधरां जपवटीं विद्यामभीतिं वराम् ।
हस्ताब्जैर्दधतीं त्रिनेत्रविलसद्वक्त्रारविन्दश्रियम्
देवीं बद्धहिमांशुरत्नमुकुटां वन्देऽरविन्दस्थिताम् ॥

यस ध्यानबाट हजार सूर्यको जस्तो लाल कान्ति भएकी, मुण्डमाला पहिरेकी, मुण्डमालाको रगतले स्तन पोतिएकी, जयमाला, पुस्तक अभय र वर हातमा धारण गरेकी, तीन आँखा भएकी, चन्द्रमाले युक्त भएको रत्नको मुकुट शिरमा पहिरेकी, कमलमाथि बसेकी त्रिपुरभैरवीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : हजार सूर्यको जस्तो लाल कान्ति

---

१. शुक्लारुणरूप बिन्दुको सूचक दुई अण्डा र मिश्र बिन्दुको सूचक लिंग अनि संवित सूचक योनि हुँदा महाकालसितको विपरीत रतासनबाट दक्षिणाम्नायनायिका भन्ने सूचित भएको हो ।

भएबाट परम सौभाग्यस्वरूपिणी, मुण्डमाला पहिरेबाट विवेक—बुद्धि-विचार-रूपिणी, मुण्डमालाको रगतले स्तन पोतिएको भएबाट विश्वलाई पालन गर्ने, स्तनलाई रजोगुणात्मक रगतले पोतिएबाट शीतोष्ण तत्त्वात्मिका, हातमा धारण गरेका जप-मालाबाट प्राण, पुस्तकबाट विद्या, अभयबाट नीडर र वरबाट अभीष्ट सिद्धि, तीन आँखा भएबाट बिन्दुत्रयात्मिका अर्थात् अहंकारस्वरूपिणी, चन्द्रमाले युक्त भएको रत्नको मुकुट शिरमा पहिरेकीबाट अमृत तत्त्वात्मिक विश्वराज्ञी, कमलमाथि बसेबाट मनस्तत्त्वरूपकी त्रिपुरभैरवीको रूप झल्कन्छ ।

यी भैरवी मुख्य ऊर्ध्वाम्नायविद्या हुन् र महाविद्या पनि हुन् । यिनका कुनै भेद पूर्वाम्नाय र पश्चिमाम्नायमा पनि पाइन्छन् । यहाँ दिइएको रूप ऊर्ध्वाम्नायात्मक नै हो ।

(६) **छिन्नमस्ता** :—'उ' काररूपी जलात्मक तत्त्वको तेस्रो अष्टमांशमा वायु-तत्त्वात्मक "यँ" बीजको आभास पर्दा योगिनीबीज (छ्रीं) को प्रादुर्भाव हुन्छ । यस-बीजमा विद्याको आभास पर्दा छिन्नमस्ताका सबै दक्षिणाम्नायात्मक, अधराम्नायात्मक र उत्तराम्नायात्मक मन्त्रहरू अंकुराउँछन् । त्यसमध्ये छिन्नमस्ताको उत्तराम्नायात्मक सार्धषडक्षरी मन्त्र मुख्य हो । तिनको ध्यान यस प्रकार हुन्छ—

भास्वन्मण्डपमध्यस्थां विपरीतरतास्थितौ ।
रतिकामौ समारूढां विकीर्णसकलालकाम् ।।
दक्षहस्तेन दधतीं चन्द्रहासं भयानकम् ।
वामे करे निजशिरश्छिन्नं संदधतीं पुनः ।।
गलान्निर्गतमस्त्रं च पिबन्तीं तन्मुखेन च ।
डाकिनीवर्णिनीभ्यां च सखीभ्यां परिवारिताम् ।।

यस ध्यानबाट सूर्यको मण्डलभित्र रहेकी, विपरीत रति गरेर बसेका कामदेव र रतिमाथि प्रत्यालीढ आसन गरेर उभिएकी, झाँक्रो फिजाएकी, दाहिने हातमा डरलाग्दो चन्द्रहास खड्ग लिएकी, बायाँ हातमा आफ्नो गलाबाट निस्केको रगतको एक धारा पिइरहेको टाउको लिएकी, डाकिनी र वर्णिनी (साथीहरू) लाई आफ्नो अगल-बगलमा राखी गलाबाट निस्केका अरू दुई धारा रगत दुवैलाई पियाइरहेकी, छिन्नमस्ताको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : रतासनमाथि प्रत्यालीढ आसनमा बसेबाट सबै जीवको कुण्डलिनी शक्ति बुझिन्छ किनभने सबैको सृष्टि कामदेव र रतिकै प्रभाव-बाट अर्थात् रजबिन्दुको संमिश्रणबाट हुन्छ । तर यहाँ विपरीत रतासन भएकोले दक्षिणाम्नायात्मक बताउँछ तर सूर्यको मण्डलभित्र यो रतासन देखिएको हुनाले अना-ख्याको सूचक हुने भएकोले उत्तराम्नायात्मक भएको हो । झाँक्रो फिजाएबाट विरजा,

दाहिने हातमा धारण गरेको डरलाग्दो चन्द्रहास खड्गबाट पूर्ण विजय, बायाँ हातमा आफ्नो गलाबाट निस्केको रगत पिइरहेको टाउको लिएबाट सुषुम्णा नाडी तथा अगल-बगलमा रहेर देवीको गलाबाट निस्केको दुई धारा गरत पिइरहेका दुइ जना डाकिनी र वर्णिनी भन्नाले पिंगला र ईडा दुई नाडीको रूप सूचित हुन्छ ।

यो छिन्नमस्ता महाविद्या हुन् र यिनको मन्त्रभेदले दक्षिणाम्नाय र उत्तराम्नाय दुवैमा उपासना हुन्छ ।

(१०) धूमावती:—'उ' काररूपी जलात्मक तत्त्वको चौथो अष्टमांशमा आकाशतत्त्वामक 'हँ' बीजको आभास पर्दा धूम्र बीज (धूँ) को प्रादुर्भाव हुन्छ । यस बीजमा विद्याको आभास पर्दा धूमावतीका विविध मन्त्रहरू अंकुराउँछन् । यी विद्या उत्तराम्नायात्मिका हुन् । यिनको अष्टाक्षरी मन्त्र मुख्य हो । यिनको ध्यान यस प्रकार हुन्छ—

विवर्णा चञ्चला कृष्णा दीर्घा च मलिनाम्बरा ।
विमुक्तकुन्तला दीर्घा विधवा विरलद्विजा ॥
काकध्वजरथारूढा विलम्बितपयोधरा ।
शूर्पहस्ताऽतिरूक्षाक्षी धूतहस्ता त्वरान्विता ॥
प्रवृद्धरोमा तु भृशं जटिला कुटिलेक्षणा ।
क्षुत्पिपासार्दिता नित्यं सदा कलहतत्परा ।
एवं विद्यां सदा ध्यायेत् ततः कर्म समाचरेत् ॥

यस ध्यानबाट कालो फुस्रो वर्ण भएकी, मैलो लुगा लाएकी, चटपटे (चञ्चले) स्वभावकी, टिङ्गरी, झाँक्रो फिजेकी, विधवाको जस्तो वेषभूषा (पहिरन) गरेकी, छिद्रदन्त भएकी (दाँत फट्टेकी), स्तन झोलिएकी, कागको ध्वजा भएको रथमा चढेकी, नाङ्लो हातमा लिएकी, ज्यादै रुखो आँखा भएकी, हात कँपाएकी (हल्लाएकी), आतुरी परेकी, रौं बढेर जटा परेकी, टेढो आँखा भएकी, भोक प्यासले सधैं सताइएकी (सधैं हाँ हाँ खाँ खाँ गर्ने) सधैं कलह मचाउन (झगडा गर्न) अधि सर्ने धूमावती देवीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : कालो फुस्रो वर्ण भएबाट तमोगुणात्मिका, मैलो लुगा लगाएबाट क्लेशरूपिणी, चटपटे (चञ्चले) स्वभावकी भएबाट गतिशील तत्त्वात्मिका, टिङ्गरी भएबाट मृणाल तन्तुरूपिणी, झाँक्रो फिजेकी भएबाट निर्विकारा, विधवाको जस्तो वेषभूषा गरेबाट अद्वैत भावकी, छिद्रदन्त भएबाट कुटिलपनाकी, स्तन झोलिएबाट विश्वंभरा, कागको ध्वजा भएको रथमा चढेबाट चाञ्चल्य, हातमा नाङ्लो लिएबाट लक्ष्मीनाशक शक्ति, ज्यादै रुखो आँखा भएबाट रुखो स्वभावकी, हात कँपाएबाट क्रोधरूपिणी, आतुरी परेकी भएबाट हडबडपनाकी, रौं

बढेर जटा परेबाट अनाख्यारूपिणी, टेढो आँखा भएबाट बायाँ स्वभावकी, भोक प्यासले सधैं सताइएकी भएबाट असन्तोषकारक तत्त्वरूपिणी, सधैं झगडा गर्न तम्सने भएबाट कलहकारक शक्तिस्वरूपकी धूमावती भन्ने बुझिन्छ ।

यी धूमावती उत्तराम्नाय अन्तर्गतकी महाविद्या हुन् । यिनको सोही आम्नाय-बाट उपासना हुन्छ ।

(११) बगला :—'म' काररूपी तेजस्तत्त्वको पहिलो अष्टमांशमा पृथ्व्यात्मक 'लँ' बीजको आभास पर्दा स्थिरमाया बीज (ह्लीं) को प्रादुर्भाव हुन्छ । यस बीजमा विद्याको आभास पर्दा बगलाको दक्षिणाम्नाय र उर्द्धाम्नायका विविध मन्त्रहरू अंकुराउँछन् । यिनमध्ये दक्षिणाम्नायको चौंतीस अक्षरको बगलामुखीको मन्त्र मुख्य हो । तिनको ध्यान यस प्रकार हुन्छ—

मध्ये सुधाब्धिमणिमण्डपरत्नवेदी
सिंहासनोपरिगतां परिपीतवर्णाम् ।
पीताम्बरां कनकभूषणमाल्यशोभाम्
देवीं भजामि धृतमुद्गरवैरिजिह्वाम् ॥
जिह्वाग्रमादाय करेण देवीं
वामेन शत्रून् परिपीडयन्तीम् ।
पादाभिघातेन च दक्षिणेन
पीताम्बराढ्यां द्विभुजां नमामि ॥

यस ध्यानबाट सुधासमुद्रको बीचमा रहेको मणिको मण्डपमाथि सिंहासनमा बसेकी, पहेंलो वर्ण भएकी, पहेंलो वस्त्र तथा सुनको गहना र मालाहरू पहिरेकी, बायाँ हातमा मुङ्ग्रो लिएर शत्रुलाई हिर्काइरहेकी, दाहिने हातले त्यसको (वैरीको) जिभ्रो पकडिरहेकी, दाहिने पाउले वैरीलाई लात हानिराखेकी बगलामुखीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : सुधासमुद्रको बीचमा रहेको मणिको मण्डपमाथिको सिंहासनमा बसेबाट परमामृतरूपिणी विश्वराज्ञी, पहेंलो वर्ण भएबाट स्तम्भनशक्ति, पहेंलो वस्त्र (पीताम्बर) लाएबाट परमैश्वर्यरूपिणी, सुनको गहना र माला पहिरेबाट सर्वशक्तिरूपिणी, बायाँ हातको मुङ्ग्रोले शत्रुलाई हिर्काएर दाहिने हातले वैरीको जिभ्रो पक्डेर दाहिने पाउले वैरीलाई लात हानिरहेबाट पाउरूप वैराग्यले लात मारेर तमोगुणयुक्त रजोगुणात्मक जिभ्रोलाई दबाएर ज्ञानरूपी मुंग्रोले हिर्काएको भन्ने बुझिने हुनाले काम क्रोधादि षड्रिपुनाशक शक्तिस्वरूपिणी बगलामुखी भन्ने बुझिन्छ ।

यी बगला महाविद्या हुन्, यिनको ऊर्ध्वाम्नाय र दक्षिणाम्नाय दुवैबाट उपासना हुन्छ ।

(१२) **कमला** :—'म' काररूपी तेजस्तत्त्वको दोस्रो अष्टमांशमा जलतत्त्वात्मक 'वँ' बीजको आभास पर्दा पद्मावीज (श्रीँ) को प्रादुर्भाव हुन्छ । यसमा विद्याको आभास पर्दा लक्ष्मी मात्रको पूर्वाम्नाय र दक्षिणाम्नायात्मक विविध मन्त्रहरू अंकुराउँछन् । तिनमध्ये सौभाग्य लक्ष्मी (कमलात्मिका) को एकाक्षरी अथवा मतान्तरमा चतुरक्षरी मन्त्र नै मुख्य हुन् । यिनको ध्यान यस प्रकार हुन्छ—

कान्त्या काञ्चनसन्निभां हिमगिरिप्रख्यैश्चतुर्भिर्गजै-
र्हस्तोत्क्षिप्तहिरण्मयामृतघटैरासिच्यमानां श्रियम् ।
बिभ्राणां वरमब्जयुग्ममभयं हस्तैः किरीटोज्ज्वलां
क्षौमाबद्धनितम्बविम्बललितां वन्देऽरविन्दस्थिताम् ॥

यस ध्यानबाट सुन जस्तो वर्ण भएकी, हिमाल जस्तो सेता चार हात्तीहरूले चारतिरबाट आफ्-आफ्नो सूँडबाट सुनको घडाद्वारा अमृत सेचन गरिइरहेकी, दुई वाहुमा कमल र दुई वाहुमा वर र अभय धारण गरेकी, किरीट धारण गरेकी, माथमा चन्द्रमा पहिरेकी, कमलमाथि बसेकी सौभाग्यलक्ष्मीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : सुन जस्तो वर्ण भएबाट सौभाग्यरूप, हिमालय जस्तो सफेद चार हात्तीबाट सात्त्विक रवाफ र सुनको घडाबाट वैभव र अमृत सेचन गरिरहेबाट निर्विषीकरण शक्ति, दुई वाहुमा लिएको कमलबाट दुई प्रकारको मन, अर्को दुई हातमा लिएको वरबाट अभीष्ट सिद्धि र अभयबाट डर नाशक शक्ति, किरीट धारण गरेबाट विश्वराज्ञी, माथमा चन्द्रमा धारण गरेबाट परमामृतरूपिणी, कमलमाथि बसेबाट हृदयसाक्षिणी स्वरूपकी सौभाग्यलक्ष्मी भन्ने बुझिन्छ ।

यी कमला अर्थात् लक्ष्मी पूर्वाम्नायअन्तर्गत महाविद्या हुन् । यिनका प्रायः सबै भेदको पूर्वाम्नायैबाट उपासना हुन्छ । 'अमृतलक्ष्मी' एउटीचाहिँ मात्र पश्चिमाम्नाय-अन्तर्गतकी विद्या हुन् ।

(१३) **महात्रिपुरसुन्दरी**—"म" काररूपी तेजस्तत्त्वको अर्धांशमा तेजस्तत्त्वात्मक 'रँ' बीजको आभास पर्दा पराप्रासाद वीज (स्हौँ) को प्रादुर्भाव हुन्छ । यसमा विद्याको आभास पर्दा महात्रिपुरसुन्दरीको सबै प्रकारका मन्त्रहरू अंकुराउँछन् । तीमध्ये रमादि महाषोडशी मन्त्र मुख्य हो । यिनको र अरू सबै प्रकारको षोडशी मन्त्र (विद्या) को रूप यस प्रकार हुन्छ—

अमृतार्णवमध्यस्थे मणिद्वीपे मनोहरे ।
कल्पवृक्षवनान्तस्थे चिन्तामणिगृहे शुभे ॥

दिव्यरत्नविनिर्माणवेदिकोज्ज्वलकं स्मरेत् ।
तत्र सिंहासनं रम्यं पञ्चब्रह्मात्मकं स्मृतम् ॥
ब्रह्माच्युतौ च रुद्रेशौ मञ्चपादचतुष्टयम् ।
तदूर्ध्वे मञ्चफलकरूपो देवः सदाशिवः ॥
सदाशिवस्य नाभिस्थपद्मनालोज्ज्वलं भवेत् ।
तदूर्ध्वे तु सहस्रारकर्णिकायां परः शिवः ॥
पाशांकुशधनुर्बाणधरस्त्र्यक्षश्चतुर्भुजः ।
बालार्कारुणवर्णाभः पूर्णेन्दुकृतशेखरः ॥
अरुणाम्बरभूषाढ्यो दिव्यरत्नविभूषितः ।
जटाजूटैः सुललितः स्मेराननसरोरुहः ॥
स्वस्तिकासनसंपन्नो महाकामेश्वरो विभुः ।
ततो ध्यायेन्महादेवीं तस्य वामाङ्कसंस्थिताम् ॥
पद्मरागप्रतीकाशां कुङ्कुमोदकसन्निभाम् ।
शुभ्रवाचां त्रिनेत्राञ्च सुस्तनीं चारुहासिनीम् ॥
रत्नावरणभूषाढ्यां स्मरकोटिमनोहराम् ।
रक्तवस्त्रपरीधानां प्रोद्भिन्ननवयौवनाम् ॥
कृशमध्यां चतुर्बाहुं खण्डेन्दुकृतशेखराम् ।
वामोर्ध्वे पाशहस्ताढ्यां दक्षिणेऽङ्कुशधारिणीम् ॥
तदधो वामहस्तेन चेक्षुकोदण्डधारिणीम् ।
हयारिं कमलं चैव कह्लारं सहकारकम् ॥
इन्दीवरं समायुक्तं पञ्चबाणाभिधायुधम् ।
धारयन्ती सुरम्येन दक्षिणाधःकरेण तु ॥
एवं ध्यात्वा महामायां जगत्कारणकारिणीम् ।
इह लोके श्रियं भुक्त्वा चान्ते ब्रह्मपदं लभेत् ॥

यस ध्यानबाट सुधा समुद्रको बीचमा रहेको मणिद्वीपमा कल्पवृक्षको वनमा चिन्तामणि महलमा दिव्य रत्नले बनेको वेदीमाथि ब्रह्मा, विष्णु, रुद्र र महेश्वर यी चार प्रेतरूप चार खुट्टा र सदाशिव प्रेतरूप फल्याक भएको रत्नसिंहासनमा सोही सदाशिव प्रेतको नाभिबाट उम्रेको सेतो हजार दल कमलमाथि स्वस्तिकासनमा बसेका, लाल वर्णका, तीन आँखा भएका, जटा-मुकुटमा चन्द्रमा धारण गरेका, पाश, अंकुश, ऊखुको धनु र पञ्चबाण हातमा लिएका, अनेक दिव्य रत्न जुहारहरू र लाल वस्त्र पहिरेका, हँसिलो मुखका, कामेश्वरको बायाँपट्टि काखमा (स्वस्तिकासन गरेर) बसेकी, लालवर्ण भएकी, अनेक जुहारतहरू र किरीट पहिरेकी, लाल वस्त्र पहिरेकी, माथमा चन्द्रमा पहिरेकी, माथिल्लो बायाँ बाहुलीमा पाश र तल्लो बाहुलीमा ऊखुको

धनु, अनि दाहिने माथिको बाहुलीमा अंकुश र तल्लो बाहुलीमा रक्तकमल, श्वेतकमल, नीलकमल, करबीर पुष्प र आँपको फूल समेतको पञ्चबाण धारण गरेकी, बहुतै कोमल शरीर र झिनू कम्मर भएकी, अन्नाधुन्न राम्री, त्रिनेत्रा सुस्तनी चारुहासिनी नवयौवना महात्रिपुरसुन्दरीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : सुधा-समुद्रको बीचमा रहेको मणि-द्वीपबाट अनन्तविश्वसोमको बीचमा रहेको परम तत्त्व; कल्पवृक्षको वनमा रहेबाट कल्पना गर्ने मनरूप; चिन्तामणिको घरमा रहेबाट मनोवाग्गोचरागम्य रूप; दिव्य रत्नले बनेको वेदीमाथि बसेबाट मन, बुद्धि, चित्त र अहंकारले बनेका सूक्ष्म देह; ब्रह्मा, विष्णु, रुद्र र महेश्वर यी चार प्रेतरूप चार खुट्टा भएबाट पृथ्व्यात्मक; ब्रह्मा भन्नाले मूलाधार चक्र; जलात्मक विष्णु भन्नाले मणिपूर चक्र; तेजस्तत्त्वात्मक रूप भन्नाले स्वाधिष्ठान चक्र; वायव्यात्मक भन्नाले महेश्वर अनाहत चक्ररूप; आकाशात्मक सदाशिव प्रेतरूप फल्याक भन्नाले विशुद्धि चक्र र रत्नसिंहासन भन्नाले सूक्ष्म देहरूप; सदाशिव प्रेतको नाभिबाट उम्रेको कमलको डाँठबाट मनरूप; आज्ञाचक्र र सेतो हजार दल कमल भन्नाले सहस्रार ब्रह्मरन्ध्र; स्वस्तिकासनमा बसेबाट शुभरूप; लालवर्ण भएबाट सौभाग्य रूप र तीन आँखा भएकाबाट तीन बिन्दु रूप; चन्द्रमा भएको जटा मुकुट धारण गरेबाट अमृतात्मक योगरूप, हातमा लिएका पाशबाट वशीकरण, अंकुशबाट स्तम्भन, ऊखुको धनुबाट मोहन रूप, पञ्चबाणबाट जृम्भणरूप, अनेक जुहारहरू पहिरेबाट विश्वनायक, लाल वस्त्र पहिरेबाट प्रकाशरूप; कामेश्वरको बायाँ काखमा स्वस्तिकासनमा बसेकीबाट विमर्शरूपिणी, लाल वर्ण भएकी भन्नाले महासौभाग्यरूपिणी, अनेक जुहार र किरीट पहिरेबाट विश्वराज्ञी, लाल वस्त्र पहिरेबाट विश्वचैतन्यरूपिणी, माथमा चन्द्रमा पहिरेबाट परमामृतरूपिणी, हातमा धारण गरेको पाशबाट वशीकरण शक्ति, ऊखुको धनुबाट मोहन शक्ति, अंकुशबाट स्तम्भन शक्ति; श्वेतकमल भन्नाले संदीपिनी शक्ति, रक्त कमल भन्नाले शोषिणी शक्ति, नीलकमलबाट तापिनी शक्ति, करबीरपुष्पबाट पौरुषेय शक्ति र आँपको फूलबाट मादक शक्ति, बहुतै कोमल शरीर भएबाट कोमलपन र अन्नाधुन्न राम्री भन्नाले जगन्मोहनी रूपकी महात्रिपुरसुन्दरीको स्वरूप भन्ने बुझिन्छ ।

यी महात्रिपुरसुन्दरी ऊर्ध्वाम्नायात्मिका महाविद्या हुन् । यिनी 'बाला' रूपमा ऊर्ध्वाम्नायनायिका र 'महात्रिपुरसुन्दरी' रूपमा सर्वाम्नायनायिका भएर रहन्छिन् ।

(१४) मातङ्गी :—'म' काररूपी तेजस्तत्त्वको तेस्रो अष्टमांशमा वायुतत्त्वात्मक "यँ" बीजको आभास पर्दा मातंगी बीज (क्राँ) को प्रादुर्भाव हुन्छ । यसमा विद्या-को आभास पर्दा विविध मातंगीहरूको दक्षिणाम्नाय र पश्चिमाम्नायका मन्त्रहरू अंकुराउँछन् । तीमध्ये राजमातंगीको पश्चिमाम्नायात्मक चउन्न अक्षरको मन्त्र मुख्य हो । यिनको ध्यान यस प्रकारको हुन्छ—

अमृतोदधिमध्यस्थे रत्नद्वीपे मनोहरे ।
स्वर्णप्राकारसंवीते मणिरत्नविनिर्मिते ॥
कदम्बविल्वकह्लार - कल्पवृक्षोपशोभिते ।
वेदिमध्ये सुखास्तीर्णे रत्नसिंहासने शुभे ॥
अष्टपत्रं महापद्मं केशराख्यं सकर्णिकम् ।
तन्मध्ये तु त्रिकोणं स्यादष्टपत्रं ततो बहिः ॥
पुनः षोडशपत्रं स्यात् तद्बाह्ये स्याच्चतुर्दलम् ।
वेदास्रं सचतुर्द्वारं मण्डलं प्रोक्तमुत्तमम् ॥
तस्य मध्ये सुखासीनां श्याकवर्णां शुचिस्मिताम् ।
कदम्बमालाभरणां पूजितां च सुरासुरैः ॥
प्रलम्बालकसंयुक्तां चन्द्ररेखावतंसिकाम् ।
ललाटे तिलकोपेतामीषत्प्रहसिताननाम् ॥
किञ्चित्स्वेदाम्बुमधुरललाटफलकोज्ज्वलाम् ।
वलीतरङ्गमध्याभां रोमराजीविराजिताम् ॥
सर्वाभरणसंयुक्तां मुक्ताहार विभूषिताम् ।
नानामणिगणोन्नद्धकटिसूत्रैरलङ्कृताम् ॥
वलयै रत्नखचितैः केयूरैर्मणिभूषितैः ।
भूषितां द्विभुजां बालां मदाघूर्णितलोचनाम् ॥
आपीनमण्डलाभोग-समुन्नतपयोधराम् ।
प्रलम्बकर्णाभरणां स्वर्णोत्तंसविराजिताम् ॥
तमालनीलां तरुणीं मधुमत्तां मतङ्गिनीम् ।
चतुःषष्टिकलारूपां पार्श्वस्थ-शुकसारिकाम् ॥
कोटिबालार्कसंकाशां जपाकुसुमसन्निभाम् ।
एवं वा पीतवर्णां वा ध्यायेन्मातङ्गिनीं पराम् ॥

यस ध्यानबाट अमृतको समुद्रमा, सुनको परखालले घेरिएको, कदम, वेल, कह्लार (सुगन्धि कमल) र कल्पवृक्षहरूले शोभायमान, मणिरत्न-निर्मित मनोहर रत्नद्वीपमा वेदिमध्यमा राखिएको राम्रो रत्नसिंहासनमाथि केसर र कर्णिकायुक्त अष्टदल महाकमलमा त्रिकोण र त्यस वाहिर अष्टदल त्यसपछि षोडशाक्षर अनि त्यस बाहिर चारपाते (चतुर्दल) कमल र त्यसबाहिर भूपुर यस्तो उत्तम यन्त्रका बीचमा मजासँग वसेकी, श्यामवर्णकी मुसुमुसु हाँसिरहेकी, कदम्बको फूलका मालाहरू लाएकी, देवता दैत्य दानवहरूले पूजिएकी, लामा-लामा लुर्केको अलक भएकी, चन्द्रकला शिरमा लाएकी, टीका लाएको निधारमा अलि-अलि पसीनाको थोपा झल्केकी, त्रिबली र रोमजारीले युक्त भएकी, सारा गहना पहिरेकी, मोतीको हार लाएकी, नानारत्न

जड़ित कन्धनी र बाला, बाजुहरू लाएको, मदमत्त नयन र उन्नत स्तन भएकी, तरुणी, अगल-बगलमा सुगा मैना राखेकी, भरखर उदाएका कोटी सूर्यको जस्तो तेज भएकी, जपापुष्प जस्तो वर्ण भएकी, कानमा लामो इयरिङ्ग (कुण्डल) र सुनको मुकुट लाएकी, तमालपत्र जस्तो नील वर्णकी वा पहेंलो वर्णकी, द्विभुजा मदमत्त चौसट्ठी कलात्मिका मातङ्गीको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : अमृतको समुद्रमा सुनको परखालले घेरिएको कदम वेल कल्हार र कल्पवृक्षले शोभायमान मणिरत्न-निर्मित रत्नद्वीपमा राखिएको रत्नसिंहासनमाथि केसर र कर्णिकायुक्त अष्टदल महाकमलमा र षोडशार अनि बाहिर चारपाते कमल र त्यसबाहिर भूपुर इत्यादि यन्त्रको बीचमा मजासँग बसेबाट परब्रह्मात्मकरूपी यन्त्रको चैतन्यरूप भएकी अर्थात् ब्रह्मचैतन्यरूपिणी भन्ने बुझिन्छ । श्याम वर्णकी भएबाट सर्वव्यापिनी, मुसुमुसु हाँसिरहेबाट परमानन्दरूपिणी, कदम्बको फूलको माला लाएबाट निर्विषीकरण शक्ति, देवता दैत्य र दानवहरूले पूजिएबाट सर्वमान्यरूपिणी, लामा-लामा अलक भएकीबाट महाप्रपञ्चेश्वरी, चन्द्रकला शिरमा लाएबाट परमामृतरूपिणी, टीका लाएको निधारमा पसीना देखिएबाट परिश्रमको सौभाग्यफलदायिनी, त्रिवलीबाट त्रितत्त्वात्मिका र रोमराजीले युक्त भएबाट कुलकुण्डलिनी, सारा गहना पहिरेबाट विश्वराज्ञी, मोतीको हार लाएबाट शीतलतास्वरूपिणी, नानारत्नजडित कन्धनी र बाला तथा बाजु लाएबाट जगन्नेत्री, मदमत्त नयन भएबाट मदमत्तरूपिणी, उन्नत स्तन भएबाट विश्वंभरा, तरुणी भएबाट अनुग्रहरूपिणी, अगल-बगलमा सुगा र मैना राखेबाट वाचाल शक्ति, भरखर उदाएको कोटि सूर्यको जस्तो तेज भएबाट प्रकाशरूपिणी, जपापुष्प जस्तो वर्ण भएबाट सौभाग्य वर्धक, कानमा लामो इयरिङ्ग लाएबाट दिव्य श्रुतिरूपिणी, सुनको मुकुट लाएबाट विश्वराज्ञि तमालपत्र[१] जस्तो नील वर्ण भएबाट द्वैतनाश र पहेंलो वर्ण भएबाट भोगदायिनी शक्तिस्वरूपी चौसठ्ठी कलात्मिका मातङ्गी भन्ने बुझिन्छ ।

यी मातङ्गी पनि महाविद्या हुन् । यिनका भेदमध्ये सुमुखी अर्थात् उच्छिष्ट-चाण्डालिनी विद्या समाम्नायमा पर्दछिन् । अरूचाहिं मन्त्रभेदले कुनै दक्षिणाम्नायमा र कुनै पश्चिमाम्नायमा पर्दछन् । यहाँ दिइएको भेद दक्षिणाम्नामात्मक हो ।

(१५) भुवनेश्वरी :—'म' काररूपी तेजस्तत्त्वात्मक वर्णको चौथो अष्टमांशमा

---

१. यस ध्यानमा यिनको श्यामवर्ण जपापुष्प जस्तो लालवर्ण, तमालपत्र जस्तो नीलवर्ण र पहेंलो वर्ण बताइएकोमा अलमलिने सम्भव छ, तर त्यसमा नैष्काम्य कर्मको लागि श्यामवर्ण, सौभाग्य वृद्धिको लागि जपापुष्प झैं लालवर्ण, अद्वैत भावप्रतिको लागि अर्थात् ब्रह्मज्ञानको लागि तमाल पत्र झैं नील वर्ण र भुक्तिको लागि पहेंलो वर्णको ध्यान गर्नुपर्छ ।

आकाशात्मक 'हँ' बीजको आभास पर्न जाँदा मायाबीज (ह्रीं) को उत्पत्ति हुन्छ। यस बीजमा विद्याको आभास पर्दा पूर्वाम्नायात्मक उन्मनी पूर्णेश्वरी र भुवनेश्वरीको सबै भेदका मन्त्रहरू अंकुराउँछन् । तिनमध्ये भुवनसुन्दरीरूप भुवनेश्वरीको पञ्चाक्षरी मन्त्र मुख्य हो । तिनको ध्यान यस प्रकार हुन्छ—

भजे भुवनसुन्दरीमरुणनीलशुभ्रानन-
त्रयां त्रिनयनांबुजां धृतवरत्रिशूलांकुशाम् ।
सुपाशडमरूकरामभयदां सरोजस्थिताम्
स्मितां शशिधरां परामरुणमाल्यभूषोज्ज्वलाम् ॥

यस ध्यानबाट अरुण (रातो), नील (नीलो) र श्वेत (सेतो) तीन मुख भएकी, हरेक मुखमा तीन आँखा भएकी, हातमा वर त्रिशूल, अंकुश पाश, डमरु र अभय धारण गरेकी, कमलमाथि बसेकी, मुसुमुसु हाँसिरहेकी, चन्द्रमा पहिरेकी, रातो माला र भूषणहरू पहिरेकी भुवनसुन्दरी अर्थात् भुवनेश्वरीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : रातो मुख भएबाट रजोगुणात्मिका नीलो मुख भएबाट तमोगुणात्मिका र सेतो मुख भएबाट सत्त्वगुणात्मिका जनाउने भएकोले यसबाट रजोगुण, तमोगुण र सत्त्वगुण स्वरूप त्रिगुणात्मिका भन्ने जनाउँछ। तीन आँखा भएबाट बिन्दुत्रयात्मिका, हातमा धारण गरेको वरबाट अभीष्ट सिद्धि त्रिशूलबाट त्रिविधोत्पादक नाशिनी, अंकुशबाट स्तम्भन शक्ति, पाशबाट वशीकरण शक्ति, डमरुबाट नादात्मिका र अभयबाट डरनाशक शक्ति, कमलमाथि वसेबाट मनस्तत्त्वात्मिका, मुसुमुसु हाँसिरहेकीबाट परमानन्दरूपिणी, चन्द्रमा पहिरेबाट परमामृतरूपिणी रातो माला र भूषणहरू पहिरेकी भएबाट सृष्टि कलात्मिकारूपिणी भुवनेश्वरीको रूप भन्ने बुझिन्छ ।

यी भुवनेश्वरी पूर्वाम्नायकी नायिका हुन् र यी महाविद्याको सोही आम्नाय बाट उपासना गरिन्छ ।

(१६) प्रत्यंगिरा :—बिन्दुरूप वायुतत्त्वको पहिलो अष्टमांशमा पृथ्व्यात्मक "लँ" बीजको आभास पर्न जाँदा अंकुश बीज (क्रों) को उत्पत्ति हुन्छ । यस बीजमा विद्याको आभास पर्दा प्रत्यंगिराको सबै प्रकारका मन्त्रहरू अंकुराउँछन् । तिनमध्ये प्रत्यंगिराको मालामन्त्र मुख्य हो । तिनको ध्यान यस प्रकारको हुन्छ—

सिंहारूढातिकृष्णांगीं ज्वालावक्त्रां भयंकराम् ।
शूलखड्गकरां वस्त्रे दधतीं नूतने भजे ॥

यस ध्यानबाट सिंहमाथि चढेकी, अति कालो वर्ण भएकी, ज्वालामुखी भयंकर रूप भएकी, शूल (भाला) र खड्ग हातमा लिएकी, नयाँ लुगा लाएकी प्रत्यंगिराको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : सिंहमाथि चढेबाट ज्ञानरूपिणी, अतिकालो वर्ण भएबाट परकृत्यानाशिनी शक्ति, ज्वालामुखी भयंकर रूप भएबाट ब्रह्मतेजोरूपिणी, हातमा धारण गरेकी भालाबाट वायुको वेग र खड्गबाट विजयरूपिणी, नयाँ लुगा लाएकी भन्नाले प्रपञ्चात्मक प्रकृतिरूपिणी प्रत्यंगिराको रूप भन्ने बुझिन्छ । यी प्रत्यंगिरा उत्तराम्नाय अन्तर्गत सिद्धविद्या हुन् । यिनको सोही आम्नायबाट उपासना हुन्छ ।

(१७) सिद्धिलक्ष्मी :—विन्दुरूपी वायुतत्त्वको दोस्रो अष्टमांशमा जलतत्त्वात्मक (वँ) वीजको आभास पर्दा शोषिणी बीज (ह्राँ) को प्रादुर्भाव हुन्छ । यस वीजमा विद्याको आभास पर्दा सिद्धिलक्ष्मीको सबै प्रकारका मन्त्रहरू अंकुराउँछन् तीमध्ये यिनको नवाक्षरी मन्त्र मुख्य हो । तिनको ध्यान यस प्रकार हुन्छ—

खट्वाङ्गांकुशपाशशूलवरकृद्भीत्राणपात्रं शिरः
कुम्भासिज्वलितोद्धटैर्भुजवरैराभासमानां शिवाम् ।
रुद्रस्कन्धगतां शरच्छशिनिभां पञ्चाननां सुन्दरीं
पञ्चत्र्यक्षविराजितां भगवतीं श्रीसिद्धिलक्ष्मीं भजे ॥

यस ध्यानबाट शरद्कालको चन्द्रमा जस्तो सेतो वर्ण भएकी, पाँच मुख र पन्ध्र आँखा भएकी, रुद्रको काँधमा चढेकी, वहुतै राम्री, दश हातमा खट्वाङ्ग, अंकुश, पाश, शूल, वर अभय, कपालपात्र, मुण्ड (टाउको), कुम्भ, असि (तरवार) धारण गरेकी सिद्धिलक्ष्मीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : शरद्कालको चन्द्रमा जस्तो सेतो वर्ण भएकीबाट स्वच्छ निष्प्रपञ्चरूपिणी, पाँच मुख भएकीबाट पञ्चतत्त्वात्मिका, पन्ध्र आँखा भएबाट पन्ध्र तिथिरूपिणी, तेजस्तत्त्वात्मक रुद्रको काँधमा बसेबाट प्रकाशरूपिणी, वहुतै राम्री भएबाट जगन्मोहिनी, दश हात भएबाट दश दिक्स्वरूपिणी, हातमा धारण गरेको खट्वाङ्गबाट तापत्रय विनाशकरण शक्ति, शूलबाट वायुको वेग शक्ति, वरबाट अभीष्ट सिद्धि, अभयबाट डरनाशक शक्ति, कपालपात्रबाट ज्ञानरूपिणी, मुण्डबाट बुद्धि विवेकरूपिणी, कुम्भबाट सकलैश्वर्य (सबै प्रकारको ऐश्वर्य), असिबाट विजयस्वरूपिणी सिद्धिलक्ष्मीको रूप बुझिन्छ ।

यी सिद्धिलक्ष्मी उत्तराम्नायात्मिका सिद्धिविद्या हुन्, यिनको सोही आम्नायबाट उपासना हुन्छ ।

(१८) भद्रकाली:—विन्दुरूपी वायुतत्त्वको तेस्रो अष्टमांशमा तेजस्तत्त्वात्मक (रँ) बीजको आभास पर्दा शिवप्रासाद बीज (ह्रौं) को प्रादुर्भाव हुन्छ । यस बीजमा विद्याको आभास पर्दा भद्रकालीको सबै प्रकारका मन्त्रहरू अंकुराउँछन् ।

यीमध्ये चतुर्दशाक्षरी विपरीत प्रत्यंगिरा भद्रकालीको मन्त्र मुख्य हो । तिनको ध्यान यस प्रकार हुन्छ ।

ध्यातव्येयं सदा देवी भद्रकाली भयावहा ।
क्षुत्क्षामा कोटराक्षी च नाऽहं तृप्तेति वादिनी ॥
मसीमुखी मुक्तकेशी जगत्ग्रसनलालसा ।
जम्बूफलाभदशना लोलजिह्वा भयङ्करी ॥
शूलं कपालं च सृणिं ज्वलत्पाशं च बिभ्रती ।
अशेषं कालिकातन्त्रे यत् प्रोक्तं तदिहाऽपि च ॥

यस ध्यानबाट आँखा भित्र पसेकी, मलिन मुख भएकी, जामुना जस्तो कालो दाँत भएकी, अति डरलाग्दी, जिब्रो चलाइरहेकी, म अघाएको छैन भन्दै भोकले आकुल-व्याकुल भएर जगत्लाई नै एकै गाँस पार्न खोज्ने, झाँक्रो फिजेकी, हातमा शूल (भाला) खप्पर (कपाल पात्र), सृणी (अंकुश) र जाज्वल्य (आगो जस्तो बल्दो) पाश धारण गरेकी भद्रकालीको स्वरूप झल्लन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : आँखा भित्र पसेबाट अन्तर्दृष्टि तत्त्वात्मिका, मलिन मुख भएबाट तमोगुणात्मिका, जामुना जस्तो कालो दाँत भएबाट कालस्वरूपिणी, अति डरलाग्दी भएबाट ब्रह्मस्वरूपिणी, जिब्रो चलाइरहेबाट संसारचक्रप्रवर्तिनी, म अघाएको छैन भन्दै भोकले आकुल-व्याकुल भएकी भन्नाले तृष्णास्वरूपिणी र जगत्लाई नै एकै गाँस पार्न खोज्नाले कालग्रासिनी भन्ने बुझिन्छ । झाँक्रो फिजेकी भन्नाले निर्विकार, हातमा धारण गरेको शूलबाट वायु वेगरूपिणी, खप्परबाट ज्ञानरूपिणी, अंकुशबाट स्तम्भन र जाज्वल्य पाशबाट जगद्वशीकरण-शक्तिस्वरूपिणी भद्रकालीको रूप भन्ने बुझिन्छ ।

यी भद्रकाली उत्तराम्नाय-अन्तर्गत सिद्धविद्या हुन् । यिनको सोही आम्नायबाट उपासना हुन्छ ।

(१९) **सिद्धिकराली :**—बिन्दुरूपी वाय्वात्मक तत्त्वको अर्धांशमा वायुतत्त्वात्मक (यँ) बीजको आभास पर्दा राव बीज (फें) को प्रादुर्भाव हुन्छ । यस बीजमा विद्याको आभास पर्दा सिद्धिकराली (गुह्यकाली) को विविध प्रकारका मन्त्रहरू अंकुराउँछन् । तीमध्ये भरतोपासिता गुह्यकालीको षोडशाक्षरी मन्त्र मुख्य हो । तिनको ध्यान यस प्रकारको हुन्छ—

ध्यायेद्रक्ताब्धिमध्यस्थं द्वीपं परमशोभनम् ।
पूरितं रक्तमांसैश्च चामुण्डाभैरवैर्युतम् ॥
मण्डलं भैरवीभिश्च प्राकारं तत्र चिन्तयेत् ।
श्मशानं प्रोच्छलद्वह्नि - ज्वालाव्याप्तर्क्षमण्डलम् ॥

योगिनीकोटिविहितकरतालिकचेष्टितम् ।
नरान्त्रबद्धमुंडस्रक् - कृततोरणमालिकाम् ॥
तदन्तःस्थायिनीं कालीं ध्यायेन्निश्चलमानसः ।
चतुष्कोणे युगं वेदमुपवेदं तथोपरि ॥
रत्नसिंहासनं दिव्यं महत्तस्योपरिस्थितम् ।
स्वस्वास्त्र - वाहनोपेतैर्दिगष्टपतिभिर्वृतम् ॥
सिंहासनं तृतीयं च पंचप्रेतैर्धृतं ततः ।
ऊर्ध्वपीठं ततो ध्यायेद्भैरवाख्यं भयानकम् ॥
तदूर्ध्वं षोडशदलं पद्मं यन्त्रोपकल्पितम् ।
तस्योपरि ततो ध्यायेच्छिवासनमनुत्तमम् ॥
बिन्दुनादयुतं नीलं शशांककृतलाञ्छनम् ।
अष्टपत्राम्बुजं तस्योपरिष्टान्नवमासनम् ॥
एवमष्टदलांभोजोपविष्टां गुह्यकालिकाम् ।
नीलोत्पलदलश्यामां दशाननसरोरुहाम् ॥
द्विद्विनेत्रयुतां वक्त्रे वामदक्षिणसंमुखे ।
सप्तस्वन्येषु वक्त्रेषु त्रित्रिलोचनसंयुतम् ॥
ऊर्ध्ववक्त्रं दीपकाख्यं चण्डयोगेश्वरीति च ।
तस्याधःकेशरिमुखं श्वेतवर्णं विभीषणम् ॥
तस्याधः फेरुवक्त्रां च कृष्णं त्रैलोक्यडामरम् ।
वानराऽऽस्यं ततो वामे रक्तवर्णं महोज्ज्वलम् ॥
नराऽऽस्यं तदधो ज्ञेयं किर्मिराभं महोत्कटम् ।
ऋक्षवक्त्रं भवेद्दक्षे धूम्रवर्णं भयानकम् ॥
गरुडास्यं ततो वामे पिंगवर्णं सुचंचुकम् ।
दक्षिणे मकरास्यं च हरिताभं प्रकीर्तितम् ॥
गजास्यं वामतः प्रोक्तं गौरवक्त्रं स्रवन्मदम् ।
हयास्यं दक्षिणे काल्याः श्यामवर्णं विचिन्तयेत् ॥
पिंगलोर्ध्वजटाजूटां चन्द्रार्धकृतशेखराम् ।
नानारत्नविनिर्माण- समुण्डस्वर्ण - भूषणाम् ॥
चतुष्पंचाशतादोष्णां भूषितां जगदंबिकाम् ।
रत्नमालां कपालं च चर्मपाशं तथैव च ॥
शक्तिं खट्वांगमुंडं च भुशुंडीं धनुरेव च ।
चक्रं घण्टां ततो वालप्रेतं शैलमतः परम् ॥
नरकंकालनकुलौ सर्पमुन्मादवंशिकाम् ।

मुद्‌गरं बह्निकुण्डं च डमरुं डिंडिभं तथा ॥
भिन्दीपालं च मुसलं पाशं पट्टिशमेव च ।
शतघ्नीं च शिवापोतं वामहस्ते सुबिभ्रतीम् ॥
दक्षे भुजे रत्नमालां तथा कर्त्रीमसिं ततः ।
तर्जनीमंकुशं दण्डं रत्नकुम्भं त्रिशूलकम् ॥
पञ्चपाशुपतान् बाणान् शोषकोन्मादमूर्च्छकान् ।
संहारकान् मृत्युकरानेवं नाम प्रधारिणः ॥
कुन्तं च पारिजातं च छुरिकां तोमरं तथा ।
पुष्पमालां डिंडिमं च गृध्रं चैव कमण्डलुम् ॥
मांसखण्डं स्रुवं बीजपूरं चैव स्रुचं तथा ।
परशुं च गदां यष्टिं मुष्टिं कुणपलालनम् ॥
धारयन्तीं महारौद्रीं नृत्यमानां सदोदिताम् ।
वैयाघ्रचर्मवसनां द्वीपिचर्मोत्तरीयकाम् ॥
पद्मासनसुखासीनां सर्वदेवाधिदेवताम् ।
एवं ध्यायेद् गुह्यकालीं प्रोद्भिन्ननवयौवनाम् ॥

यस ध्यानबाट रगतको वा रातो समुद्रमा रगत मासुहरूले परिपूर्ण, चामुण्डा र भैरवहरूले निवास गरेको अत्यन्त रमणीय द्वीपमा भैरवीहरूको मण्डलाकार प्राकार (परखाल) भित्र (चिताको) दनदन दन्केको आगोको मुस्लोले ग्रह नक्षत्र सहितको आकाश मण्डलैलाई व्याप्त गरेको, करोडौं योगिनीहरूले थपडी बजाएर नाचे-खेलेको, मानिसका आन्द्राहरूमा बाँधेर झुण्ड्याइएका मुण्डमालाहरूको तोरण-पंक्तिले युक्त-श्मशान र त्यसभित्र (विराजमान काली जो) चार कुनामा चार वेद र माथि उपवेद रहेर बनेको मञ्चमा आफ्ना-आफ्ना आयुध र वाहनसहितका अष्टदिक्पालहरूले वरिपरि घेरिएको दिव्य रत्न सिंहासन, त्यसमाथि पञ्चप्रेतले धारण गरेको, तेस्रो सिंहासन, त्यसमाथि भयंकर भैरवस्वरूप ऊर्ध्व पीठ, अनि तिनमाथि यज्ञहरूबाट प्रकल्पित षोडशदल पद्म, त्यसमाथि बिन्दुनादयुक्त नीलवर्ण, चन्द्रशेखर शिवरूप आसन, अनि तिनमाथि अष्टदल कमलको नवौं आसन कल्पित भईकन त्यस कमलासनमा विराजमान भएकी नीलकमलजस्तो श्यामवर्णकी, दश मुख र दायाँ बायाँ तथा सामुन्नेको मुखमा दुई दुई नेत्र, अरू सात मुखमा तीन तीन नेत्र भएकी र सबभन्दा माथिको ऊर्ध्व मुखचाहिं 'दीपक' भनिने चण्डयोगेश्वरी नामको केवल ज्योतिःस्वरूप मुख, त्यसको तलतिर सेतो वर्णको डरलाग्दो सिंहमुख, त्यसको तल कालो रंगको भयंकर श्यालमुख अनि त्यसको बायाँतिर रातो रंगको अत्यन्त उज्ज्वल वानरमुख, त्यसको तलतिर छिरबिरे रंगको अति उत्कट मनुष्यमुख, दाहिनेपट्टि ध्वाँसे रंगको भयंकर भालुमुख, त्यसको बायाँपट्टि कैलो वर्णको चुच्चो समेत भएको गरुडमुख अनि

दाहिनेपट्टि हरियो रंगको ग्राहमुख, बायाँपट्टि गोरो रंगको, मद चुहिरहेको हात्ती-मुख, दायाँपट्टि श्याम वर्णको घोडामुख, कैलो ठाडो जटाको जूरो त्यसमा अर्धचन्द्रको चाँद धारण गरेकी नानाप्रकारका रत्नजडित मुण्डमाला र सुवर्णका आभूषण धारण गरेकी, चउन्न हात (बाहुली) भएकी, बायाँ हातमा रत्नको माला, खपरु, ढाल, पाश, शक्ति, खट्वांग, मुण्ड, भुशुण्डी, धनु चक्र, घण्टा, बालशव, पर्वत, नरकंकाल, न्याउरी, सर्प, उन्मादकारी बाँसुरी, मुंग्रो, अग्निकुंड (अग्निपात्र) डमरु, डिडिम (डिब्रडिबे), भिन्दिपाल, मुसल, पाश, पट्टिश, शतघ्नी (तोप) र शृगाल-शिशु तथा दाहिने हातमा रत्नमाला, कर्त्री, खड्ग, तर्जनी (चोर औंला ठाडो पारेको) अंकुशी, दण्ड, रत्नको घडा, त्रिशूल, शोषक उन्मादक मूर्छक संहारक मृत्युकर नामक पाशुपत पंचवाण, कुन्त, कल्पवृक्ष, छुरी, तोमर, पुष्पमाला, डिडिबे, गृध्र (गिद्ध), कमण्डलु मांसखण्ड, स्रुव, बिमिरो, स्रक्, वन्चरो, गदा, लट्ठी, मुठी र बालशव धारण गरेकी, अत्यन्त रौद्र स्वरूप-की नृत्यावस्थाकी, बाघको छाला लगाएकी, चितुवाको छाला ओढेकी, कमलको आसनमा आरामसित बसेकी, भरखरको उमेरकी, सारा देवताहरूकी अधिदेवता जगज्जननी (जगदम्बिका) (सिद्धिकरालीरूपा) श्री गुह्यकालीको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : रगतको वा रातो समुद्रमा रगत मासुहरूले परिपूर्ण भन्नाले महाप्रलयावस्था, चामुण्डा भन्नाले भैरव र भैरव भन्नाले जड भएको, मनोहर द्वीप भन्नाले मनोरूप, दनदन बलिरहेको भन्नाले पूर्वोक्त सबैलाई (ग्रह नक्षत्रसहितको आकाशलाई) विलीन गरेर रहेको प्रकाशरूप ब्रह्माण्ड भन्ने बुझिन्छ। करोडौं योगिनीहरूले थपडी बजाएर नाचेर खेलेको भन्नाले अन्तर्लीन अवस्थाबाट अनुग्रहावस्थामा परिणत हुन लागेको भन्ने बुझिन्छ। मानिसको आन्द्रामा बाँधेर झुण्ड्याएको मुण्डमालाको तोरण पंक्तिले युक्त श्मशान भन्नाले भोगप्रद; बुद्धि विवेक ज्ञानले युक्त भएको केवल प्रकाशात्मा र त्यस श्मशानमा रहेकी काली भन्नाले काललाई संकलन र ग्रास गर्नें सत्ता भन्ने बुझिन्छ। चार कुनामा चार वेदमाथि उपवेदमा बनेको मञ्च भन्नाले चार युग स्वरूप चार वेद र माथि चार सन्ध्या स्वरूप उपवेद र मञ्च भन्नाले सबैको अवस्थास्वरूप बुझिन्छ। आफ्ना-आफ्ना आयुध र वाहन सहितका अष्ट दिक्पाल भन्नाले आठ दिशा भन्ने बुझिन्छ। दिव्य रत्नको सिंहासन भन्नाले विश्वसिंहासन भन्ने बुझिन्छ। पंचप्रेतले धारण गरेको सिंहासन भन्नाले पंचमहाभूतात्मक विश्वसिंहासन, भयंकर भैरव स्वरूप ऊर्ध्वपीठ भन्नाले भीषण राव (आवाज) भएको र तिनी ऊर्ध्व पीठमा रहेबाट विश्वनाद स्वरूपका भन्ने बुझिन्छ। यज्ञहरूबाट प्रकल्पित षोडश दल पद्म भन्नाले सर्वाज्ञापरि-पूरक तत्त्व र त्यसमाथि भएको बिन्दुनाद युक्त भन्नाले प्रकाशविमर्शात्मक तत्त्व भन्ने बुझिन्छ। नीलवर्ण चन्द्रशेखर शिवरूप आसन भन्नाले सर्वव्यापी अमृतरूपका कल्याण-रूप भन्ने बुझिन्छ। त्यसमाथि अष्टदल कमल भन्नाले अष्टसिद्धि, नवौं आसन कल्पित

भईकन कमलासनमा विराजमान भएकी भन्नाले नवनिधि रूप कमलमाथि रहेकी भन्ने बुझिन्छ। नील कमल जस्तो श्यामवर्णकी भन्नाले निर्वाणस्वरूपिणी, दशमुख भएबाट दश प्राण भन्ने बुझिन्छ। दायाँ-बायाँ तथा सामुन्नेको मुखमा दुई-दुई आँखा र अरु सात मुखमा तीन तीन आँखा जम्मा सत्ताईस आँखा भएबाट सत्ताईस तत्त्वात्मिका भन्ने बुझिन्छ। सबभन्दा माथि रहेको ऊर्ध्व मुखचाहिँ 'दीपक' भन्ने चण्डयोगेश्वरी नामको ज्योतिःस्वरूपको मुख भन्नाले योग शक्ति, त्यसको तल रहेको सेतो वर्णको डरलाग्दो सिंहमुख भएबाट ज्ञानशक्ति, त्यसको तलको कालो रंगको भयंकर स्यालको मुख भएबाट घी शक्ति, बायाँपट्टि रहेको रातो रंगको बानरको मुख भएबाट कुण्डलिनी शक्ति, त्यसको तलतिर रहेको छिरबिरे रंगको अति उत्कट मनुष्यमुख भएबाट विवेक शक्ति, दाहिनेपट्टि रहेको ध्वाँसे रंगको भयंकर भालुको मुख भएबाट भूचरशक्ति, त्यसको बायाँपट्टि रहेको कैलो वर्णको चुच्चोसमेत भएको गरुडमुख भएबाट खेचर शक्ति, दाहिनेपट्टि रहेको हरियो रंगको ग्राहमुख भएबाट जलचर शक्ति, बायाँपट्टि रहेको गोरो रंगको र मद चुहिरहेको हात्तीमुख भएबाट आधारशक्ति, दायाँपट्टि श्याम वर्णको घोडाको मुख भएबाट वेगशक्ति, कैलो ठाडो जटाको जुरो र त्यसमा अर्धचन्द्रको चाँद धारण गरेकी भन्नाले परमामृतरूपिणी, नानाप्रकारका रत्नजडित मुण्डमाला र सुवर्णका आभूषण धारण गरेकी भन्नाले मुण्डमालाबाट विवेकात्मक ज्ञानरूप र सुवर्णका आभूषण पहिरेबाट सर्वशक्ति स्वरूपिणी भन्ने बुझिन्छ। चउन्न हात भएबाट हात आत्मा सूचक र अहं आत्मा सूचक हुनाले 'अ' र 'ह' ले सबै मातृकाक्षर अन्तर्गभित गरेबाट ५० मातृकाक्षर र मन वुद्धि चित्त र अहंकार समेत भन्ने बुझिन्छ। बायाँ हातमा धारण गरेको रत्नको मालाबाट मन्त्ररूपिणी, खपरबाट सत्त्वगुण, ढालबाट रक्षा, पाशबाट वशीकरण, शक्तिबाट बरकत, खट्वाङ्गबाट तापत्रयनाशिनी शक्ति, मुण्डबाट बुद्धिरूपिणी, भुशुण्डीबाट विकर्षणशक्ति, धनुबाट ज्ञानरूपिणी, चक्रबाट विश्वचक्र, घण्टाबाट नादब्रह्म, बालशवबाट अनुग्रहकलात्मिका, पर्वतबाट प्रचुरता, नरकङ्कालबाट तृष्णा, न्याउरीबाट मृत्युञ्जयात्मिका, सर्पबाट विषनाशक शक्ति, उन्मादकारी बाँसुरीबाट उन्मादिनी शक्ति, मुंग्रोबाट वैराग्य, अग्निकुण्डबाट प्रकाशात्मिका, डमरु बाट प्रतिध्वनि, डिंडिमबाट नादरूपिणी, भिन्दिपालबाट विद्वेषणशक्ति, मुसलबाट प्रपञ्च, पाशबाट वशीकरण शक्ति, पट्टिशबाट लज्जारूपिणी, शतघ्नी (तोप) बाट महानाद, शृगाल शिशु (स्यालको बच्चा) बाट बच्याइँ भन्ने बुझिन्छ। दाहिने हातमा धारण गरेको रत्नमालाबाट मन्त्ररूपिणी, कर्त्रीबाट नोडर शक्ति, खड्गबाट विजय, तर्जनी बाट सावधानी, अंकुशबाट स्तम्भन, दण्डबाट शासनसत्ता, रत्नको घडाबाट राजसात्मक सकलैश्वर्यरूपिणी, त्रिशूलबाट त्रिविधोत्पात नाशक शक्ति, शोषक, उन्मादक, मूर्धक, संहारक मृत्युकर नाम भएका पञ्चवाण (पाँचवटा वाणको मूठा) भन्नाले माथि बताएझैं पाँच शक्ति, कुन्तबाट वायुको वेग शक्ति, कल्पवृक्षबाट कामना पूरक शक्ति

छुरीबाट दुःख निवारिणी शक्ति, तोमरबाट प्रपञ्चरूपिणी, पुष्पवाणबाट जृम्भण शक्ति, डिडिभबाट नादरूपिणी, गिद्धबाट दिव्यदृष्टि, कमण्डलुबाट पवित्रता, मांसखण्डबाट कल्याणदायकत्व शक्ति, स्रुवबाट तृप्ति, बिमिरोबाट भोगदायिनी, स्रुक्‌बाट यज्ञरूपिणी, बन्चरोबाट अष्टाङ्गयोगरूपिणी, गदाबाट वीरत्व शक्ति, लठ्ठीबाट आधार शक्ति, बालशवबाट अनुग्रहकलात्मिका भन्ने वुझिन्छ। रौद्ररूपकी (डरलाग्दी) बाट परब्रह्म-स्वरूपकी, नृत्यावस्था (नाचिरहेकी) भन्नाले जो पनि आनन्दमा रमाएर नाच्ने हुनाले यस्तो अवस्थाबाट परमामृतरूपिणी भन्ने वुझिन्छ। बाघको छाला लाएबाट अष्टाङ्गयोग स्वरूपकी, चितुवाको छाला ओढेबाट योग शक्ति, कमलको आसनमा रहेबाट हृदयकमलमा रहेकी, भरखरको उमेरकी भन्नाले अनुग्रहकलात्मिका स्वरूपकी भन्ने वुझिन्छ।

यी सिद्धिकराली उत्तराम्नायात्मिका सिद्धिविद्या हुन् र उत्तराम्नायनायिक-गुह्यकाली यिनै हुन्। यी गुह्यकालीका एकवक्त्रादेखि सहस्रवक्त्रासंमका अनेक भेद छन्, तीमध्ये धेरैजस्ता उत्तराम्नायअन्तर्गत हुन्छन्, कुनैको अरू-अरू आम्नायबाट पनि उपासना हुन्छ। उत्तराम्नायबाट उपासना हुनेमा मुख्य अठार भेद छन्।

(२०)कामकला काली :–बिन्दुरूपी वायुतत्त्वको चौथो अष्टमांशमा आकाशात्मक (हँ) वीजको आभास पर्दा कामवीज (क्लीं) को प्रादुर्भाव हुन्छ। यस बीजमा विद्याको आभास पर्दा कामकलाकालीको विविध प्रकारका मन्त्रहरू अंकुराउँछन्। तीमध्ये अष्टादशाक्षरी काम-कलाको मन्त्र मुख्य हो। तिनको ध्यान यस प्रकारको हुन्छ—

ध्यायेत् कामकलाकालीं पङ्कजम्बूफलप्रभाम्।
सुदीर्घप्रपदालंबिविस्रस्तघनमूर्धजाम्॥
दीर्घदंष्ट्रायुगोदञ्चद्विकरालमुखाम्बुजाम्।
वितस्तिमात्रनिष्क्रान्तललज्जिह्वाभयानकाम्॥
त्रिनेत्रां षोडशभुजां नृमुण्डकृतकुण्डलाम्।
स्रवदस्रौघयाशश्वन्मानव्यामुण्डमालया॥
आकण्ठगुल्फलंबिन्याऽलंकृतां केशबद्धया।
श्वेतास्थिगुलिकाहारग्रैवेयकमहोज्ज्वलाम्॥
शवानां धमनीं पुञ्जैर्वेष्टितैः कृतकंकणाम्।
ग्रथितैः शवकेशैः स्रग्दामभिः कटिसूत्रिणीम्॥
शवपोतकरश्रेणीग्रथनैः कृतमेखलाम्।
असिं त्रिशूलं चक्रं च शरमङ्कुशमेव च॥
ललामं च तथा कर्त्रीमक्षमालां च दक्षिणे।

पाशं च परशुं नागं चापं मुद्गरमेव च ॥
शिवापोतं खर्परं च वसासृङ्मेदसाऽन्वितम् ।
लम्बत्कचं नृमुण्डं च धारयन्तीं स्ववामतः ॥
श्मशानप्रोज्ज्वलद्घोरचिताग्निज्वालमध्यगाम् ।
अधोमुखमहादीर्घप्रसुप्तशवपृष्ठगाम् ॥
प्रोत्थायैव हि तिष्ठन्तीं प्रत्यालीढपदक्रमात् ।
वामदक्षिणसंस्थाभ्यां वमन्तीभ्यां महानलम् ॥
विद्युदंगारवर्णाभ्यां वेष्टितां परमेश्वरीम् ।
कपालसंस्थं मस्तिष्कं ददतीं च तयोर्द्वयोः ॥
दिगम्बरां मुक्तकेशीं अट्टहासभयानकाम् ।
सप्तधावद्धनारान्त्रयोगपट्टविभूषिताम् ॥
संहारभैरवेणैव सार्धं संभोगमिच्छतीम् ।
अतिकामातुरां खर्वां महाभैरवरूपिणीम् ॥
महाभीमां दुर्निरीक्षां सेन्द्रैरपि सुरासुरैः ।
शत्रुपक्षक्षयकरीं दैत्यदानवसूदिनीम् ॥

यस ध्यानबाट पाकेका जामुनुको फलको जस्तो वर्ण भएकी, कुर्कुच्चासम आइपुग्ने गरी लामो केशको घना झाँक्रो फिजाएकी, दुईतिर लामा-लामा दाह्रा निस्केर विकराल मुख भएकी, एक बित्ता बाहिरसम डरलाग्दो गरी चंचल जिब्रो निकालेकी, तीन नेत्र सोह्र हात भएकी, नरमुण्डको कुण्डल (कर्ण-भूषण) लाएकी, तपतप रगत चुहिरहेका नरमुण्डहरूलाई तिनैको जगल्टामा जोल्ट्याएर जोडेको गोलीगाँठासंम आइपुग्ने मुण्डमाला लाएकी, सेता-सेता अस्थिगुलिका (हाडका गोलीहरूको) हार घाँटीमा लाएकी, शव (मुर्दा) का नसाहरूको गुजुल्टो बेह्रेर त्यसैको चूरावालाहरू लाएकी, शवैका केशहरू जोल्ट्याएर बाटेका मालाहरूको कन्धनी अर्थात् कटिसूत्र गराएर त्यसमा बालशवका हात-हातका लहर गाँसेर मेखला लाएकी, दाहिने हातमा तरवार, त्रिशूल, चक्र, बाण, अंकुश, ललाम (ध्वजा), कर्त्री, अक्षमाला र वयाँ हातमा पाश, परशु, नाग, धनु, मुंग्रो, श्यालको बच्चा, रगत र बोसोले भरिएको खपरु र जगल्टै सहितको नरमुण्ड धारण गरेकी, श्मशानवर्ती घोर चिताको आगोको ज्वालाको बीचमा घोप्टो परेर सुतेकी मुर्दाको पिठिउँमा प्रत्यालीढ क्रमले उठेर रहेकी, मुखबाट आगोको राँको निकालिरहेकी, विजुलीको जस्तो र अँगार जस्तो वर्णका, दुई (स्यालहरू) ले दायाँ-वायाँ घेरिएकी, खपरुबाट मथिङ्गल झिक्तै तिनीहरूलाई दिँदै

गरिरहेकी, झाँक्रो फिजाएकी, नाङ्गी, अट्टहास गरेर डरलाग्दी स्वरूप भएकी, मानिसको आन्द्रालाई सात फन्को बेह्रेर पट्टा लाएकी, संहार भैरवसित बसेर संभोग गर्न खोजेर अत्यन्त कामातुर भएकी, पुड्की कदकी, महाभैरव स्वरूपकी, अत्यन्त डरलाग्दी, इन्द्रादि देवता र दैत्यहरूले समेत हेर्नै नसकिने स्वरूपकी, शत्रुवर्गलाई नाश गर्ने, दैत्यदानवहरूको विनाश गर्ने कामकला परमेश्वरीको रूप झल्कन्छ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : पाकेको जामुनाको फल जस्तो वर्ण भएकी भन्नाले मोक्षरूपिणी, कुर्कुच्चासम्म पुग्ने गरी लामो कपालको घना झाँक्रो फिजाएकी भन्नाले निर्विकारा, दुईतिर दाह्रा निस्केर विकराल भएकी भन्नाले सत्त्वगुणात्मक ब्रह्म निर्देशिनी, एक बित्ता बाहिरसम्म डरलाग्दो गरी जिब्रो निकालेकी भन्नाले रजोगुणलाई बहिष्कार गरिरहेकी, तीन नेत्र भएबाट बिन्दुत्रयात्मिका, सोह्र हात भएबाट षोडशाधाररूपिणी, नरमुण्डको कुण्डल लगाएबाट दिव्यश्रुतिरूपिणी, तप-तप रगत चुहिएको नरमुण्डलाई तिनको जगल्टामा जोल्ट्याएर जोडेको गोली-गाँठासम्म आइपुग्ने मुण्डमाला लाएकी भन्नाले रजोगुणात्मक रगत बहिष्कार गरेर प्रपञ्चात्मक कपालमा जोल्ट्याएको ज्ञान-विवेकरूप मुण्डमाला पहिरेबाट प्रपञ्चरहित, शुद्ध विवेक-ज्ञानस्वरूपिणी, सेता-सेता अस्थिगुलिका (हाडका गोलीहरू)को हार घाँटीमा लाएकी भन्नाले शुद्ध सत्त्वगुणात्मिका, शवका नसाहरूको गुजुल्टो बेह्रेर त्यसको चूरा र बाला लाएकी भन्नाले सकल नाडीस्वरूपिणी, शवका केशहरू जोल्ट्याएर बाटेको मालाहरूको कन्धनी अर्थात् कटिसूत्र गराएर त्यसमा बालशवको हातका लहर गाँसेको मेखला लगाएकी भन्नाले अनुग्रहात्मिका विश्वयोनि भन्ने बुझिन्छ। दाहिने हातमा धारण गरेकी तरवारबाट विजय, त्रिशूलबाट त्रिविधोत्पातनाशक शक्ति, चक्रबाट रक्षा, बाणबाट पापमोचन शक्ति, अंकुशबाट स्तम्भन, ललाम (ध्वजा) बाट राजसी ठाटकी, कर्त्रीबाट भयनाशक शक्ति, अक्षमालाबाट प्राणरूपिणी तथा बायाँ हातमा धारण गरेको पाशबाट वशीकरण शक्ति, परशुबाट अष्टाङ्गयोग, नागबाट विषनाशक शक्ति, धनुबाट ज्ञानरूपिणी, मुङ्ग्रोबाट वैराग्य, श्यालको बच्चाबाट बध्याइँ, रगत र बोसोले भरिएको खपरुबाट त्रिगुणात्मक तत्त्वात्मिका, जगल्टा सहितको नरमुण्डबाट विवेकरूपिणी भन्ने बुझिन्छ। श्मशानवर्ती घोर चिताको आगोको ज्वालाको बीचमा घोप्टो परेर सुतेको मुर्दाको पिठिउँमा प्रत्यालीढ क्रमले उठेर बसेकी भन्नाले शून्याकाशमा जड पदार्थको अन्तस्करणरूप भैरहेकी, मुखबाट आगोको राँको निकालिरहेकी भन्नाले केवल प्रकाशात्मक कुलकुण्डलिनी शक्ति, बिजुलीको जस्तो वर्णको स्यालले घेरिएकीबाट विद्या र अंगार झैं कालो वर्ण भएको स्यालले घेरिएबाट अविद्या स्वरूपिणी भन्ने बुझिन्छ। खप्परुबाट मथिङ्गल झिकेर तिनीहरूलाई दिइरहेकी भन्नाले तिनीहरू (विद्या र अविद्यालाई) कर्मशील गराइरहेकी भन्ने बुझिन्छ। झाँक्रो फिजाएकी भन्नाले निर्विकार, नाङ्गी भएबाट मायातीत, अट्टहास गरेर डरलाग्दो

स्वरूप भएबाट परमानन्दरूपिणी, मानिसको आन्द्रा सात फन्को बेह्रेर पट्टा लाएकी भन्नाले मूलाधारदेखि सहस्रारसम्मको सात चक्रमा पहुँच पुगेकी भन्ने बुझिन्छ। संहारभैरवसँग बसेर संभोग गर्न खोजेर अत्यन्त कामातुर भएकी भन्नाले संहार भैरवबाट सहस्रारस्थित परस्वरूप बुझिनाले मूलाधारस्थित कुण्डलिनी सहस्रारमा मिलेर एकीभूत भएको सहजावस्थास्वरूपिणी भन्ने बुझिन्छ। पुड्को कदकी भन्नाले कुण्डलिनी शक्ति भन्ने बुझिन्छ। महाभैरव स्वरूपकी भन्नाले महारावरूपिणी र अत्यन्त डरलाग्दी भन्नाले ब्रह्मस्वरूपिणी भन्ने सूचित हुन्छ। इन्द्रादि देवता र दैत्यले समेत हेर्न नसकिने स्वरूपकी भन्नाले यी देवताहरूको र राक्षसको पनि पहुँच पुग्न नसक्ने परब्रह्मरूपिणी भन्ने बुझिन्छ। शत्रुलाई नाश गर्ने भन्नाले कामक्रोधादि षड्रिपु हटाउने शक्ति र दैत्यलाई विनाश गर्ने भन्नाले दुष्कीर्ति हटाइदिने स्वरूपकी भन्ने बुझिन्छ।

यी कामकलाकाली उत्तराम्नायात्मिका सिद्धविद्या हुन् र उत्तराम्नायको क्रमका अन्तिम विद्या पनि यिनै हुन्।

(२१) चामुण्डाः—नादरूपी आकाशतत्त्वको पहिलो अष्टमांशमा पृथ्वी-तत्त्वात्मक (लँ) बीजको आभास पर्दा विच्चे वीज (विच्चे) को प्रादुर्भाव हुन्छ। यस बीजमा विद्याको आभास पर्दा नौ कोटी चामुण्डाका मन्त्रहरू अंकुराउँछन्। ती मध्ये त्रिशक्तिचामुण्डाको नवार्ण मन्त्र मुख्य हो। तिनको ध्यान यस प्रकारको हुन्छ––

ध्यायेद्देवीं श्रीचामुण्डां निर्मांसां घोरदंष्ट्रिकाम्।
कपालाभरणां सध्रीं शवस्थां चोर्ध्वकेशिनीम्॥
कर्त्रिकां नरमुण्डं च धृत्वा तदन्त्रभोजिनीम्।
चषके रुधिरं धृत्वा पिबन्तीं ज्वलनप्रभाम्।
श्मशाननिलयां भीमां शिवारावितमध्यगाम्॥

यस ध्यानबाट हाड छाला मात्र भएकी, मुण्डमाला लाएकी, ठाडो-ठाडो कपाल भएकी, मुर्दामाथि बसेकी, कर्त्री र नरमुण्ड (मानिसको टाउको) हातमा लिएकी, आफू बसेको मुर्दाको आन्द्रा दुई हातले लुछेर चपाइरहेकी, कचौरामा रगत हालेर दुई हातले पिइरहेकी, छः हात भएकी, अग्नि जस्तो वर्ण भएकी, डरलाग्दी, श्मशानमा स्यालहरूको बीचमा रहेकी, चामुण्डाको रूप झल्कन्छ।

यसको सांकेतिकार्थ यस प्रकार को हुन्छ : हाड छाला मात्र भएकी, दुब्ली भए-बाट तृष्णारूपिणी, डरलाग्दो दाँत भएबाट [1]सत्त्वगुणात्मिका, मुण्डमाला लाएबाट पञ्चाशत् लिपि स्वरूपिणी, ठाडो ठाडो कपाल भएबाट कुलकुण्डलिनी रूपिणी, मुर्दा-माथि बसेबाट विश्वचैतन्यरूपिणी, दुई हातमा धारण गरेकी कर्त्रीबाट भय नाशक

---

१. टी० ३१वाँ पृष्ठमा छ।

शक्तिरूपिणी, मानिसको टाउकोबाट ज्ञान, विवेक र बुद्धिरूपिणी, दुई हातले आफू बसेको मुर्दाको आन्द्रा लुछेर चपाइरहेकीबाट सर्वमन्त्रप्रदीपिनी, दुई हातले कचौरामा रहेको रगत पिइरहेबाट सर्वग्रासिनी अर्थात् तमोगुणात्मिका[१], छः हात भएबाट षडैश्वर्यप्रदायिनी, अग्नि जस्तो वर्ण भएबाट [१]रजोगुणात्मिका; डरलाग्दी भएबाट परमब्रह्मस्वरूपिणी श्मशानमा स्यालहरूको बीचमा रहेबाट ब्रह्मशक्तिस्वरूपिणी चामुण्डाको रूप भन्ने बुझिन्छ ।

यी चामुण्डा पश्चिमाम्नायात्मिका सिद्धिविद्या हुन् र उपाम्नायकी नायिका पनि हुन् । यिनको जप पूजाहरूको क्रममा हस्तक्रियामा कुब्जिकाको भन्दा फरक हुन्छ ।

(२२) महाकाली :—नादरूपी जलतत्त्वको दोस्रो अष्टमांशमा जलतत्त्वात्मक 'वँ' बीजको आभास पर्दा वाग्वीज र कामवीज (ऐँ, क्ली) को प्रादुर्भाव हुन्छ । यी वीजमा विद्याको आभास पर्दा दक्षिणाम्नाय, उत्तराम्नाय र ईशानाम्नायका अनेक प्रकारका महाकालीहरूका मन्त्रहरू अंकुराउँछन् । तीमध्ये ईशानाम्नायात्मक दशमुखी महाकालीको नवार्णमन्त्र मुख्य हो । तिनको ध्यान यस प्रकारको हुन्छ—

खड्गं चक्रगदेषुचापपरिघाञ्छूलं भुशुण्डीं शिरः
शंखं संदधतीं करैस्त्रिनयनां सर्वाङ्गभूषावृताम् ।
नीलाश्मद्युतिमास्यपाददशकां सेवे महाकालिकाम्
यामस्तौत्स्वपिते हरौ कमलजो हन्तुं मधुं कैटभम् ॥

यस ध्यानवाट नीलमणि जस्तो शरीरको कान्ति भएकी, तीन नेत्र भएकी; दश मुख, दश हांत र दश पाउले युक्त भएकी, दिव्य गहना पहिरेकी, हातमा खड्ग चक्र गदा वाण धनु बञ्चरो, शूल, भुशुण्डी (घुँएत्रो), दैत्यको टाउको, शंख धारण गरेकी महाकालीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : नीलमणि जस्तो शरीरको कान्ति भएबाट तमोगुणात्मिका, तीन नेत्र भएबाट विन्दुत्रयात्मिका, दश मुख भएबाट दश प्राणस्वरूपिणी, दश हातबाट दश इन्द्रियस्वरूप, दश पाउबाट दश दिक्स्वरूपिणी, दिव्य गहना पहिरेबाट विश्वराज्ञी, हातमा धारण गरेको खड्गबाट विजय, चक्रबाट रक्षा, गदावाट वैराग्य, बाणबाट पापमोचन, धनुवाट ज्ञान, बञ्चरोबाट अष्टाङ्गयोग, शूलबाट वायुको वेग, घुँएत्रोबाट विकर्षण शक्ति, दैत्यको टाउकोबाट घोर विचार, शंखबाट प्रतिध्वनिस्वरूपकी महाकालीको रूप भन्ने बुझिन्छ ।

यी महाकाली सिद्धविद्या हुन् र ईशान आम्नायकी नायिका हुन् । यिनको उपासना पनि ईशानाम्नायबाटै हुन्छ ।

---

१. दाँतवाट सत्त्वगुणात्मिका, रगत पिएबाट तमोगुणात्मिका र अग्नि झैं वर्ण भएबाट रजोगुणात्मिका भन्ने बुझिनाले यिनी (चामुण्डा) त्रिगुणात्मिका हुन गइन् ।

(२३) **महालक्ष्मी** :—नादरूपी आकाशतत्त्वको तेस्रो अष्टमांशमा तेजस्तत्त्वा- त्मक (रँ) बीजको आभास पर्दा लज्जा बीज र लक्ष्मी बीज (ह्रीं, श्रीं) को प्रादुर्भा हुन्छ । यी बीजमा विद्याको आभास पर्दा पश्चिमाम्नायका अमृतलक्ष्मी आदिको आग्नेयआम्नायकी महालक्ष्मीका मन्त्रहरू अंकुराउँछन् । तिनीहरूमध्ये आग्नेयाम्नायात्म महालक्ष्मीको नवार्ण मन्त्र मुख्य हो । तिनको ध्यान यस प्रकार हुन्छ—

अक्षस्रक्परशून् गदेषुकुलिशं पद्मं धनुः कुण्डिकाम्
दण्डं शक्तिमसिं च चर्म जलजं घण्टां सुराभाजनम् ।
शूलं पाशसुदर्शने च दधतीं हस्तैः प्रवालप्रभाम्
सेवे सैरिभमर्दिनीमिह महालक्ष्मीं सरोजस्थिताम् ॥

यस ध्यानबाट मुगा जस्तो रातो शरीरको कान्ति भएकी, कमलमा बसेकी अठार हात भएकी, हातमा अक्षमाला, बञ्चरो, गदा, बाण, वज्र, कमल, धनु, कुण्डिक (एक प्रकारको पात्र), दण्ड, शक्ति, तरवार, ढाल, शंख, घंटा, मद्यको भाँडा, शूल पाश र चक्र धारण गरेकी महिषासुरमर्दिनीरूप महालक्ष्मी भन्ने झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : मुगाको जस्तो रातो शरीर भएबा सौभाग्यरूपिणी, कमलमा बसेबाट वैभव स्वरूपिणी, अठार हात भएबाट दाहिने न हातबाट आत्माको प्रकाश रूप र बायाँ नौ हातबाट नौ आत्माको विमर्षरूप भएको नवात्मा ब्रह्मशक्ति स्वरूपी भन्ने बुझिन्छ । हातमा रहेको अक्षमालाबाट प्राणस्व रूपिणी, बञ्चरोबाट अष्टाङ्गयोगरूपिणी, गदाबाट वीरत्वरूपिणी, बाणबाट पा मोचन शक्ति, बज्रबाट विद्युत्प्रभा, कमलबाट श्री-रूपिणी, धनुबाट ज्ञानरूपिणी कुण्डिकाबाट पोषणरूपिणी, दण्डबाट रजोगुणात्मिका, शक्तिबाट वर्कतरूपिणी तरवारबाट विजयरूपिणी, घण्टाबाट नादब्रह्मस्वरूपिणी, मद्यको भाँडाबा परमामृतरूपिणी, शूलबाट हावाको वेगरूपिणी, पाशबाट वशीकरण शक्तिरूपिणी चक्रबाट संसारचक्ररूपिणी, महिषासुरमर्दिनी भन्नाले महिषरूप तमोगुणलाई ना गर्ने महालक्ष्मीको स्वरूप भन्ने बुझिन्छ ।

यी महालक्ष्मी आग्नेयाम्नायात्मिका सिद्धविद्या हुन् र आग्नेय आम्नायक नायिका पनि हुन् । यिनको सोही आम्नायबाट उपासना हुन्छ ।

(२४) **महासरस्वती** :—नादरूपी आकाशतत्त्वको चौथो अष्टमांश वायुतत्त्वात्मक "यँ" बीजको आभास पर्दा कामबीज र वाग्बीज (क्लीं, ऐं) क प्रादुर्भाव हुन्छ । यस बीजमा विद्याको आभास पर्दा वायव्याम्नायात्मक महासरस्वतीक मन्त्रहरू अंकुराउँछन् । तिनमध्ये महासरस्वतीको नवाक्षरी मन्त्र मुख्य हो । तिनक ध्यान यस प्रकार हुन्छ—

घण्टाशूलहलानि शंखमुसले चक्रं धनुः सायकम्
हस्ताब्जैर्दधतीं घनान्तविलसच्छीतांशुतुल्यप्रभाम् ।

गौरीदेहसमुद्भवां त्रिजगतामाधारभूतां महा-
पूर्वामत्र सरस्वतीमनुभजे शुम्भादिदैत्यार्दिनीम् ॥

यस ध्यानबाट शरद्कालको चन्द्रमा झैं सेतो वर्ण भएकी, आठ हात भएकी, हातमा घण्टा, शूल, हलो, शंख, मुसल, चक्र, धनु र वाण धारण गरेकी, शुम्भादि दैत्यलाई नाश गर्ने, तीनै लोकको आधार भएकी, महासरस्वतीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : शरद्कालको चन्द्रमा झैं सेतो वर्ण भएबाट शुद्ध सत्त्वगुणात्मिका, आठ हात भएबाट अष्टसिद्धिस्वरूपिणी, हातमा धारण गरेको घण्टाबाट नादब्रह्म, शूलबाट वायुको वेग, हलोबाट संयोजक शक्ति, शंखबाट अनाहद नाद, मुसलबाट प्रपञ्चरूपिणी, चक्रबाट संसार चक्र, धनुबाट ज्ञानरूपिणी, वाणबाट पापमोचन शक्ति, शुम्भादि दैत्यलाई नाश गर्ने भन्नाले काम क्रोधादि दुर्गुणलाई नाश गर्ने, तीन लोकको आधार भन्नाले विश्वकी आधारस्वरूपिणी महासरस्वतीको रूप भन्ने बुझिन्छ ।

यी महासरस्वती वायव्याम्नायात्मिका सिद्धविद्या हुन् र वायव्य आम्नायकी नायिका पनि हुन् । यिनको वायव्य आम्नायबाटै उपासना हुन्छ ।

(२५) कुब्जिका :—नादरूपी आकाशतत्त्वको अर्धांशमा आकाशतत्त्वात्मक "हँ" बीजको आभास पर्दा खेचरी बीज (ह्स्फ्रें) को प्रादुर्भाव हुन्छ । यस बीजमा विद्याको आभास पर्दा पश्चिमाम्नायात्मक कुब्जिकाको सबैं प्रकारका मन्त्रहरू अंकुराउँछन् । तिनमध्ये बत्तीस भेदका बत्तीस अक्षरका मन्त्रहरू मुख्य हुन् । ती सबैका समष्टिरूप ध्यान यस प्रकार हुन्छ—

वृषभे संस्थितं देवं स्ववर्णरूपशोभितम् ।
एकवक्त्रं त्रिनेत्रं च भुजाष्टादशधारिणम् ॥
परशुं डमरुं बाणं खड्गमङ्कुशवज्रकम् ।
शंखं च वेणुवाद्यं च वरदं दक्षिणे करे ॥
वामे खट्वाङ्गशूलं च धनुः फलकपाशकम् ।
घण्टां कपालं वेणुं च अभयं भयनाशनम् ॥
पट्टेन बन्धितं जानु वामोरुस्था च कुब्जिका ।
एकवक्त्रा त्रिनेत्रा च अरुणवरवर्णिता ॥
द्विभुजा वरदा देवी सिंहस्थाऽभयसव्यसु ।
बर्बरा केशपाशेन चारुपीनघनस्तनी ।
एवं ध्येया कुजा माता पश्चिमाम्नायनायिका ॥

यस ध्यानबाट साँढेमाथि चढेका, आकाशको झैं वर्ण भएका, एक मुख, तीन आँखा, अठार हात भएका, दाहिने हातमा बञ्चरो, डमरु, वाण, खड्ग, अंकुश, वज्र,

शंख, वेणु, वाद्य (गीतार बजाइरहेका) वरदमुद्रा अनि बायाँ हातमा खट्वाङ्ग भाला, धनु, ढाल पाश, घण्टा कपालपात्र, वेणु (गीतार), अभयमुद्रा धारण गरेका धोतीपाटा कसेका देव (कुब्जिकेश्वर) को बायाँ काखमा बसेकी, एक मुख तीन आँखा भएकी, लाल वर्णकी, दुई हात भएकी, हातमा वर र अभय धारण गरेकी, सिंह माथि बसेकी, नानाप्रकारका गहना पहिरेकी, माथमा बाल चन्द्र पहिरेकी, छरिएको कपाल भएकी, राम्री, ठूलो र साह्रो स्तन भएकी, कुप्री, माता (सबैकी आमा) कुब्जिकाको रूप भन्ने झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : साँढेमाथि बसेबाट धर्मरूप, आकाशजस्तै वर्ण भएबाट शुद्धसत्त्वगुणात्मक रूप, एक मुख तीन आँखाबाट प्रकाशात्मक बिन्दुत्रयरूप, अठार हात भएबाट दाहिने नौ हातबाट नौ आत्माको प्रकाशरूप र बायाँ नौ हातबाट नौ आत्माको विमर्श रूप भएकोले 'नवात्मा ब्रह्मतत्त्व' भन्ने बुझिन्छ। दाहिने हातमा धारण गरेको बञ्चरोबाट आग्नेयताप, डमरुबाट प्रतिध्वनि, बाणबाट पापमोचन, खड्गबाट ज्ञान, अंकुशबाट स्तम्भन, वज्रबाट विद्युत्तत्त्व, वेणुबाट (गीतार बजाइरहेको) बाट अनाहत नाद, वरद मुद्राबाट अभीष्ट सिद्धि, बायाँ हातमा रहेको खट्वाङ्गबाट तापत्रयनाशक तत्त्व, भालाबाट हावाको वेग, धनुबाट मोहन, ढालबाट रक्षा, पाशबाट वशीकरणतत्त्व, घण्टाबाट नादब्रह्म, कपालबाट सात्विक बुद्धि, वेणु (गीतार) बाट निनाद, अभयमुद्राबाट नीडर रूप, धोतीपाटा कसेबाट मायावरण साथमा लिएका, देव (कुब्जिकेश्वर) को बायाँ काखमा बसेकी देवी भन्नाले मायातीतास्वरूपिणी भन्ने बुझिन्छ। एक मुख तीन आँखा भएबाट स्त्रीलिङ्ग प्रयोग भएकोले काम-कलात्मक विमर्शरूपिणी भन्ने बुझिन्छ। लाल वर्णबाट सौभाग्यरूपिणी, हातमा धारण गरेको वरदमुद्राबाट अभीष्ट सिद्धिरूपिणी, अभयमुद्राबाट डरनाशक शक्तिस्वरूपिणी, सिंहमा बसेकी भन्नाले ज्ञानातीता, केवल चिन्मात्रा रूपिणी, नानाप्रकारका गहना पहिरेबाट विश्वराज्ञी, माथमा बालचन्द्र पहिरेबाट परमामृतरूपिणी, छरिएको कपाल भएकी भन्नाले विश्वव्यापिनी, ठूलो र साह्रो स्तन भएकी भन्नाले विश्वंभरा, कुप्री भन्नाले कुलकुण्डलिनी शक्ति, माता भन्नाले विश्वयोनिरूपिणी कुब्जिका भन्ने बुझिन्छ ।

यी कुब्जिका पश्चिमाम्नायात्मिका सिद्धविद्या हुन् र पश्चिमाम्नायकी नायिका पनि हुन्। यिनका सबै भेदको पश्चिमाम्नायबाटै उपासना हुन्छ।

इति श्रीधनशमशेरवर्मविरचिते मन्त्रविद्यारहस्ये गौर्यादि कुब्जिकान्तपञ्चविंशतिमूलविद्योत्पत्तिवर्णनं नाम प्रथमः पटलः ।

द्वितीय पटल

हाम्रो स्थूल शरीरमा मेरुदण्डभित्रको ब्रह्मनाडीमा श्वास वा वायुको छः ठाउँमा स्पन्दी वा नाडीपुन्ज पर्दछ। ती कहाँ कहाँ पर्दछन् भने मेरुदण्डको सबैभन्दा तलको ठाउँमा लिङ्ग र गुदद्वारको बीचमा परेको वायुको स्पन्दीमा चार गुच्छा भएर नाडी निस्कन्छन्। सोही चार गुच्छालाई चार पत्रको कमल कल्पना भई मूलाधार चक्र भन्ने नामकरण हुन्छ। अनि त्यसभन्दा माथि लिङ्ग मूलको ठीक पछिल्तिर वायुको अर्को स्पन्दी पर्दछ र त्यसबाट छः गुच्छा निस्कन्छ। सोही छः गुच्छालाई छः पत्रको कमल कल्पना भई स्वाधिष्ठान चक्र भन्ने नामकरण हुन्छ। उस्तै गरी नाभि-स्थानको ठीक पछाडि दश गुच्छावाला स्पन्दी पर्दा दशपत्रवाला कमलको कल्पना भई मणिपूरक चक्र भन्ने नामकरण हुन्छ। अनि हृदयप्रदेश (फोक्सो र मुटुको बीच) अगाडि बाह्र गुच्छावाला स्पन्दी पर्दा बाह्र पत्रवाला कमलको कल्पना भई अनाहत चक्र भन्ने नामकरण हुन्छ। अनि घाँटीमा सोह्र गुच्छावाला स्पन्दी पर्दा सोह्र पत्रवाला कमलको कल्पना भई विशुद्धचक्र भन्ने नामकरण हुन्छ। अनि भ्रूमध्य (आँखीभौंको जोड्नी) को पछाडि भने केवल दुई गुच्छा मात्र पर्न जाँदा दुइपत्रे कमलको कल्पना भई आज्ञाचक्र भन्ने नामकरण हुन्छ। अनि टाउकोको गिदी (मस्तिष्क) मा अनेक प्रकारको गुजुमुजु परेको हुनाले हजार पातको सहस्रदल कमलको कल्पना भई सहस्रार चक्र भन्ने नामकरण हुन्छ।

जुन अक्षर उच्चारण हुँदा नाडीको जुनचाहिँ गुच्छा वा कल्पित दलमा वायु वा श्वासको विशेष धक्का पर्दछ सोही गुच्छा वा कल्पित दलमा सोही अक्षरको भावना हुन्छ। ती के-के हुन् भने मूलाधारका चार पत्रमा "वँ शँ षँ सँ"; स्वाधिष्ठानको छः पत्रमा "बँ भँ मँ यँ रँ लँ', मणिपुरको दश पत्रमा "डँ ढँ णँ तँ थँ दँ धँ नँ पँ फँ" अनाहत चक्रको बाह्र पत्रमा कँ, खँ, गँ, घँ ङँ, चँ, छँ, जँ, झँ, ञँ, टँ ठँ', विशुद्ध चक्रको सोह्र पत्रमा "अँ आँ, इँ ईँ, उँ, ऊँ, ऋँ, ॠँ ऌँ ॡँ, एँ ऐँ ओँ औँ अं, अः", आज्ञाचक्रका दुई पत्रमा हँ, चँ अनि सहस्रार चक्रका हजार पत्रमा वर्णमातृकाका पचास अक्षरहरूमा हरेक अक्षरको बीस-बीस पत्रमा कल्पना भएर हजार अक्षर सिद्ध हुन्छ।

यी चक्रहरूमध्ये मूलाधारदेखि विशुद्धि चक्रसम्मका पाँच चक्रहरू पाँच तत्त्वात्मक हुन्। तसर्थ यिनको कर्णिकामा आफ्नो आफ्नो तत्त्वका बीजहरू बन्दछन् (बीज नै स्वयं रूप हो।)

आज्ञाचक्रचाहिं मानसात्मक हुनाले त्यसको कर्णिकामा प्रणव वन्ने हुन्छ। (यो बहिर्गत मन हो र अन्तस्करणरूपी मन होइन ।)

सहस्रार चक्रको कर्णिकामा गुरुपादुका र प्रासाद बीजद्वय बन्दछ ।

अब अर्को कुरातिर विचार गरौं। हाम्रो शरीरमा त्वक् (छाला), रक्त (रगत), मांस (मासु), मेद (बोसो), अस्थि (हाड), मज्जा (मासी) र शुक्र (वीर्य) इत्यादि सात धातु प्रमुख हुन्छन् । हामीले श्वास फेर्दा प्रत्येक चक्रको प्रत्येक पत्रमा रहेका बीजहरूबाट तत्-तत् नामका शक्तिहरू अंकुराएर कर्णिकामा यी सात धातुहरूको दूषित दोष हटाई शुद्ध गराउने सत्ता रूप कूटबीज वनी ती कूटबीजहरूको रूप बन्दछ । अब विभिन्न चक्रमा विभिन्न धातुको के के कूट कसरी बन्दछ भन्ने कुरा यथाज्ञान दर्शाउने चेष्टा गर्दछु। सर्वप्रथम विशुद्ध चक्रको सोह्र दल कमलका सोह्र अक्षरमध्ये अँ बाट अमृता, आँ बाट आकर्षिणी; इँ बाट इन्द्राणी, ईँ बाट ईशानी, उँ बाट उमा, ऊँ बाट ऊर्ध्वकेशिनी, ऋँ बाट ऋद्धिदा, ॠँबाट ॠद्धीशा, ऌँबाट ऌत्ता, ॡँबाट ॡका, एँ बाट एकपादा, ऐँ बाट ऐश्वर्या, ओँ बाट ओँकारात्मिका, औँ बाट औषधा, अँबाट अम्बिका र अः बाट अक्षरात्मिका शक्तिहरू अंकुराउँछन् । यी सबै शक्तिहरू रक्तवर्णका, नाङ्गा, वर र अभय हातमा धारण गरेका र झाँक्रो फिंजेका हुन्छन् ।

यी कूट मन्त्रको उद्धार गर्नुभन्दा अघि तत्त्वात्मक बीजहरूको विषयमा एउटा कुरा भन्नु छ । त्यो के भने 'लँ' बीज पृथ्व्यात्मक हो । यो बीजबाट चाहिं पंचीकृत पृथ्वीतत्त्व भन्ने बुझिन्छ। हलन्त 'ल्' पनि पृथ्व्यात्मक हो, तर यसबाट अपञ्चीकृत पृथ्वीतत्त्व भन्ने बुझिन्छ। अरू बीजहरू पनि यस्तै प्रकारका हुन्छन् । हलन्त 'म्' बाट तत्त्वात्मक बीजलाई जोडेर सार्थक गराउँछ । फेरि 'ई' र 'ऊ' यी दुइ अचर बीज कूट बीजको अन्तमा पर्दा व्यापकत्व अर्थात् आकाश तत्त्वात्मक हुन्छन् । यी दुईमा भेद के छ भने 'ऊ' बाट व्यापकत्व बुझाउँछ र "इ" बाट भने व्यापक सत्ता बुझाउँछ । यसै प्रकारले जब पत्रका शक्तिहरूको समष्टिमूर्ति हुन जान्छ त्यस अवस्थामा जुन देवीको मन्त्र बन्दछ तिनको नामको आदि अक्षर, अनि अर्थ पूरक मकार, त्यसपछि पृथ्व्यादि चार तत्त्वका अपञ्चीकृत रूप र आकाशात्मक तत्त्वको "ऊ" कार रूपबाट कूटाक्षरको मन्त्र बन्न जान्छ। सबै डाकिनी आदि शक्तिहरूका बीजको उत्पत्ति यस्तै प्रकारको हुन्छ। पूर्वोक्त विशुद्ध चक्रमा पूर्वोक्त अमृतादि शक्तिहरूको तेजबाट माथि बताएझैं डादिकूट-बीज बनी डाकिनी शक्ति—'त्वक्' धातु अर्थात् छालाकी शक्ति—अंकुराउँछिन् । यिन-को ध्यान यस प्रकारको हुन्छ—

ग्रीवाकूपे विशुद्धौ नृपदलकमले रक्तवर्णां त्रिनेत्रां
श्रीखट्वाङ्गं कपालं त्रिशिखमपि महाचर्म संधारयन्तीम् ।

वक्त्रेणैकेन युक्तां पशुजनभयदां पायसान्नप्रसक्तां
त्वक्स्थां वन्देऽमृताद्यैः परिवृतवपुषं डाकिनीं विश्ववन्द्याम् ॥

यस ध्यानबाट घाँटीमा रहेको सोह्र दलको कमलरूप विशुद्ध चक्रमा रातो वर्ण तीन आँखा एक मुख भएकी, हातमा खट्वाङ्ग कपालपात्र, त्रिशिखा, ढाल धारण गरेको, पशुहरूलाई तर्साउँदी छँदो, पायसान्न (खीर) रुचाउने, त्वक् धातुमा रहेकी, अमृतादि शक्तिहरूबाट घेरिएकी विश्ववन्द्य डाकिनीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : रातो वर्ण भएबाट सौभाग्यरूप, तीन आँखा भएबाट त्रिविन्दुरूपिणी, हातमा धारण गरेको खट्वाङ्गबाट तापत्रयनाशक शक्ति, कपालपात्रबाट सत्त्वगुणात्मिका, त्रिशिखाबाट त्रितत्वात्मिका, ढालबाट रक्षारूपिणी, खीर मन पराउने भन्नाले वर्धक तत्त्वस्वरूपी त्वक् धातुमा रहेबाट त्वक् (छाला) शुद्धीकरण गर्ने, अमृतादि शक्तिबाट घेरिएकी भन्नाले अमृतादिको समष्टिमूर्तिस्वरूपकी डाकिनीको रूप भन्ने बुझिन्छ । यिनको मन्त्र माथि बताएझैं डादि कूटको हुन्छ ।

छातीको अनाहत चक्रमा रहेको बाह्र दल कमलको बाह्र अक्षरमध्ये कँ बाट कालरात्रि, खँ बाट खातीता, गँ बाट गायत्री, घँ बाट घंटाधारिणी, ङँ बाट ङार्णात्मिका, चँ बाट चंडा, छँ बाट छात्मिका, जँ बाट जया, झँ बाट झङ्कारिणी, ञँ बाट ज्ञानरूपा, टँ बाट टंकहस्ता, ठँ बाट ठंकारिणी शक्तिहरू अंकुराउँछन् । यी सबै शक्तिहरू श्यामवर्णका, नाङ्गा, हातमा वर र अभय धारण गरेका झाँक्रो फिजेको स्वरूपका हुन्छन् । पूर्ववत् यिनीहरूको समष्टिरूपबाट माथि बताएझैं रादि कूटबीज बनी राकिनी शक्ति 'रक्त' धातु अर्थात् रगतको शक्ति अंकुराउँछिन् । यिनको ध्यान यस प्रकार हुन्छ—

हृत्पद्मे भानुपत्रे द्विवदनविलसद्दंष्ट्रिणीं श्यामवर्णा-
मक्षं शूलं कपालं डमरुमपि भुजैर्धारयन्तीं त्रिनेत्राम् ।
रक्तस्थां कालरात्रिप्रभृतिपरिवृतां शुद्धभक्तप्रसक्ताम्
श्रीमद्वीरेन्द्रवन्द्यामभिमतफलदां भावयेद्राकिनीं ताम् ॥

यस ध्यानबाट छातीमा रहेको बाह्रपाते कमल (अनाहत चक्र) मा श्यामवर्ण भएकी, दुई मुख भएकी, चार हातमा अक्षमाला, शूल, कपालपात्र र डमरु धारण गरेकी, तीन आँखा भएकी, रक्त धातुमा रहेकी, कालरात्र्यादि शक्तिहरूबाट घेरिएकी शुद्ध भात रूपी अन्न रुचाउने, चिताएको फल दिने वीरेन्द्र अर्थात् 'सोऽहं' भावबाट उपासना गर्ने उपासकहरूबाट आराध्यदेवतास्वरूप राकिनीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : श्यामवर्णकी भन्नाले आकाश झैं स्थूल शरीरमा जतातत्तै व्याप्त भएकी भन्ने बुझिन्छ । दुई मुख भएबाट उच्छ्वास-

निःश्वासात्मक हंसरूपिणी भन्ने बुझिन्छ। चार हातगा धारण गरेको अक्षमालावाट प्राणरूपिणी, शूलबाट वायव्यताप, कपालपात्रबाट ज्ञानरूपिणी (यहाँ लौकिक ज्ञानरूप), डमरुवाट सर्वनादरूपिणी, तीन आँखा भएकी भन्नाले तीन विन्द्वात्मिका, रक्त धातुमा रहेकी भन्नाले रगतको शुद्धीकरण गर्ने, कालरात्र्यादि शक्तिबाट घेरिएकी भन्नाले कालरात्र्यादिको समष्टिरूप भन्ने बुझिन्छ। शुद्ध भातरूपी अन्न रुचाउने भन्नाले पोषक तत्त्वरूपिणी""""राकिनीको रूप भन्ने बुझिन्छ । यिनको मन्त्र माथि वताएझैं रकारादि कूटको हुन्छ।

नाभिको मणिपूर चक्रमा रहेको दश दल कमलका दश अक्षरमध्ये डँ वाट डामरी, ढँवाट ढकारिणी, णँवाट णकारिनी, तँवाट तकारिणी, थँवाट स्थानी, दँवाट दाक्षायिणी, धँवाट धात्री, नँबाट नादा, पँवाट पार्वती, फँवाट फेत्कारिणी, शक्तिहरू अंकुराउँछन् । यिनको रूप कृष्ण वर्णको, नाङ्गी झाँक्रो फिंजेको वर र अभय हातमा धारण गरेको हुन्छ। पूर्ववत् यिनीहरूको समष्टिवाट माथि वताएझैं लकारादि कूट वीज वनी लकारादि शक्ति मांस धातु अर्थात् मासुको शक्ति अंकुराउँछ। यिनको ध्यान यस प्रकारको हुन्छ—

नाभौ दिक्पत्रपद्मे त्रिवदनविलसत्त्रीक्षणं कृष्णवर्णाम्
शक्तिं दम्भोलिदण्डावभयमपिकरैर्धारयन्तीं महोग्राम्।
डामर्याद्यैः परीतां पशुजनभयदां मांसधात्वैकनाथाम्
गौडान्ने सक्तचित्तां सकलसुखकरीं संस्मरेल्लाकीनीं ताम् ।।

यस ध्यानबाट नाभिमा रहेको दशपाते कमल (मणिपूर चक्र) मा, कालो वर्ण, तीन आँखा, तीन मुख भएकी, हातमा शक्ति, वज्र, दण्ड, अभय धारण गरेकी, मांस धातुमा रहेकी, डामरादि शक्तिहरूबाट घेरिएकी, गुड भात रुचाउने, पशुजनहरू-लाई तर्साउने, सबैलाई सुख दिने, लाकिनीको रूप झल्कन्छ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : कालो वर्ण भएबाट अन्तर्लीन (सबैलाई आफूमा मिलाउने) स्वरूपिणी भन्ने वुझिन्छ। तीन आँखाबाट तीन विन्द्वात्मिका, तीन मुखबाट त्रिधातु (कफ-पित्त-वायु) स्वरूपिणी, हातमा धारण गरेको शक्तिबाट वर्कत स्वरूपिणी, वज्रबाट विद्युत् प्रभा, दण्डबाट पालनस्वरूपिणी, अभयबाट डर-नाशक शक्ति, मांस धातुमा रहेकी भन्नाले मासुलाई शुद्धीकरण गर्ने, डामरादि शक्तिबाट घेरिएकी भन्नाले डामरादि शक्तिको समष्टिरूपिणी, गुडभात रुचाउने भन्नाले रक्षातत्त्व रूपिणी लाकिनीको स्वरूप बुझिन्छ। यिनको मन्त्र माथि वताएझैं लकारादि कूटको हुन्छ।

लिङ्ग मूलको स्वाधिष्ठान चक्रमा रहेको छःदले कमलको षडक्षरमध्ये वँ बाट वन्दिनी, भँ बाट भद्रकाली, मँ बाट माया, यँ बाट यशश्विनी, रँ बाट रक्ता, लँ बाट

लंबोष्ठी शक्तिहरू अंकुराउँछन् । यिनको रूप पहेंलो वर्णको, नाङ्गो, झाँक्रो फिंजेको वर अभय हातमा धारण गरेको हुन्छ । पूर्ववत् यिनीहरूको समष्टिबाट ककारादि कूट मन्त्र बनी मेद। धातु (बोसो) को अधिष्ठात्री काकिनी शक्ति अंकुराउँछिन् । यिनको ध्यान यस प्रकारको हुन्छ ।

स्वाधिष्ठानाख्यपद्मे रसदललसिते वेदववत्रां त्रिनेत्राम्
पीताभां धारयन्तीं त्रिशिखगुणकपालाभयान्यात्तगर्भाम् ।
मेदोधातुप्रविष्टामलिमदमुदितां बन्धिनीपूर्वसन्नाम्
पीनां दध्यन्नसक्तामभिमतफलदां काकिनीं भावयेत्ताम् ॥

यस ध्यानबाट लिङ्गमूलमा रहेको छःपाते कमल (स्वाधिष्ठान चक्र) मा पहेंलो वर्ण भएको, चार मुख, तीन आँखा भएकी, हातमा त्रिशिखा, जनै, कपालपात्र र अभय धारण गरेकी, बोसो धातुमा रहेकी, मदिरा पान गरेर चूर भएकी, बन्धिनी आदि शक्तिबाट घेरिएकी, दही भात रुचाउने, चिताएको फल दिने काकिनीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : पहेंलो वर्ण भएबाट भोगरूपिणी, चार मुख भएबाट चार अवस्था (जाग्रत, स्वप्न, सुषुप्ति र तुरीय) रूपिणी, तीन आँखा भएबाट तीन विन्द्वात्मक रूपकी, हातमा धारण गरेको त्रिशिखाबाट त्रिगुणात्मिका, जनैबाट पवित्रता, कपालपात्रबाट ज्ञानरूपिणी, अभयबाट डरनाशक शक्ति, बोसोमा रहेकी भन्नाले बोसोलाई शुद्धीकरण गर्ने, बन्धिनीहरूबाट घेरिएकी भन्नाले बन्धिनी आदिको समष्टि रूपिणी, दही-भात मन पराउने भन्नाले स्थूल तत्त्वरूपिणी काकिनीको स्वरूप झल्कन्छ । यिनको मन्त्र माथि बताएझैं ककारादि कूटको हुन्छ ।

मूलाधारको चक्रमा रहेको चारपाते कमलको चार अक्षरमध्ये वँ बाट वरदा, शँ बाट श्री, षँ बाट षंढा, सँ बाट सरस्वती शक्तिहरू अंकुराउँछन् । यिनको रूप स्वर्ण वर्णको, नाङ्गो, झाँक्रो फिजाएको, वर र अभय हातमा धारण गरेको हुन्छ । पूर्ववत् यिनीहरूको समष्टिबाट माथि बताएझैं शकारादि मन्त्र बनी अस्थि (हाड) धातुकी अधिष्ठात्री शाकिनी शक्ति अंकुराउँछिन् । यिनको ध्यान यस प्रकारको हुन्छ—

मूलाधारस्थपद्मे श्रुतिदललसिते पञ्चवक्त्रां त्रिनेत्राम्
स्वर्णाभामस्थिसंस्थां सृणिमपि कमलं पुस्तकं ज्ञानमुद्राम् ।
बिभ्राणां बाहुदण्डैः सुललितवरदाद्याभिवृत्तां मनोज्ञाम्
मुद्गान्ने सक्तचित्तां मधुमदमुदितां शाकिनीं भावयेत्ताम् ॥

यस ध्यानबाट मूलाधारमा रहेको चारपाते कमल (मूलाधार चक्र) मा स्वर्ण वर्ण, तीन आँखा, पाँचमुख भएकी, हातमा अंकुश, कमल, पुस्तक, ज्ञानमुद्रा

धारण गरेकी, अस्थि धातुमा रहेकी, वरदादि शक्तिहरूबाट घेरिएकी, मूगीको खिचडी मन पराउने, मधुपान गरेर मस्त भएकी, शाकिनीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : स्वर्णवर्णबाट आरोग्य स्वरूपिणी, तीन आँखाबाट तीन बिन्द्वात्मिका, पाँच मुखबाट पाँच प्राणरूपिणी, हातमा धारण गरेको अंकुशबाट स्तम्भनशक्ति, कमलबाट आधाररूपिणी, पुस्तकबाट विद्यारूपिणी र ज्ञान-मुद्राबाट ज्ञानरूपिणी, अस्थि धातुमा रहेकी भन्नाले हाडलाई शुद्धीकरण गर्ने स्वरूपकी, वरदादि शक्तिबाट घेरिएबाट वरदादि शक्तिको समष्टिरूपिणी, मूगीको खिचडी रुचाउने भन्नाले बल तत्त्वरूपिणी शाकिनीको स्वरूप झल्कन्छ । यिनको मन्त्र माथि बताएझैं शकारादि कूटको हुन्छ ।

भ्रूमध्यको आज्ञाचक्रमा रहेको दुईदले कमलको दुई अक्षरमध्ये हँ बाट हंसवती, र क्षँ बाट क्षमावती शक्तिहरू अंकुराउँछन् । यिनको रूप सेतो वर्णको, नाङ्गो, झाँक्रो फिंजेको, वर र अभय हातमा धारण गरेको हुन्छ । पूर्ववत् यिनीहरूको समष्टिबाट माथि बताएझैं हकारादि कूट मन्त्र बनी मज्जा धातुको अधिष्ठात्री हाकिनी शक्ति अंकुराउँछिन् । यिनको ध्यान यस प्रकार हुन्छ—

भ्रूमध्ये बिन्दुपद्मे द्विदलविलसिते शुक्लवर्णं कराब्जै-
र्बिभ्राणां ज्ञानमुद्रां डमरुककमलं चाक्षमालां कपालम् ।
षड्वक्त्रां मज्जसंस्थां त्रिनयनलसितां हंसवत्यादियुक्ताम्
हारिद्रान्ने प्रसक्तां सकलसुरनुतां हाकिनीं भावयेत्ताम् ॥

यस ध्यानबाट भ्रूमध्यमा रहेको दुईपाते कमल (आज्ञाचक्र) मा सेतो वर्णकी छः मुख, तीन आँखा भएकी, हातमा ज्ञानमुद्रा, डमरु, मुण्ड, कमल, अक्षमाला, कपालपात्र धारण गरेकी, मज्जा धातुमा रहेकी, हंसवतीहरूबाट घेरिएकी, पहेंलो भात (जाउलो) रुचाउने, सबै देवताहरूबाट नमस्कार गरिएकी हाकिनीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : सेतो वर्णबाट सत्त्वगुणात्मिका, छः मुख भएबाट षड्रसात्मिका, तीन आँखा भएबाट तीन बिन्द्वात्मिका, हातमा धारण गरेको ज्ञानमुद्राबाट ज्ञानस्वरूपिणी, डमरुबाट सर्वनाद स्वरूपिणी, मुण्डबाट बुद्धिस्वरूपिणी, कमलबाट मनःस्वरूपिणी, अक्षमालाबाट प्राणस्वरूपिणी, कपालपात्रबाट विवेक-रूपिणी, मज्जाधातुमा रहेकी भन्नाले मज्जालाई शुद्धीकरण गर्ने शक्तिस्वरूपिणी, हंसवतीहरूले घेरिएकी भन्नाले हंसवतीहरूको समष्टिरूपिणी, पहेंलो भात (केसर भुजा वा जाउलो) मन पराउने भन्नाले ओजस्तत्त्वात्मिका हाकिनीको रूप भन्ने बुझिन्छ । यिनको मन्त्र माथि बताएझैं हकारादि कूटको हुन्छ ।

टाउकोको सहस्रार चक्रमा रहेको हजारपाते कमलमा पचासै अक्षरको बीस-बीसवटा अक्षर अंकित भएका यक्षिणी आदि हजार शक्तिहरू अंकुराउँछन् । यिनीहरूको रूप अनेक वर्णको (अर्थात् मिश्रवर्णको), नाङ्गो, झाँक्रो फिंजेको, वर र अभय हातमा धारण गरेको हुन्छ । पूर्ववत् यिनीहरूको समष्टिबाट माथि बताएझैं यकारादि कूटमन्त्र बनी शुक्र धातुका अधिष्ठात्री याकिनी शक्ति अंकुराउँछिन् । यिनको ध्यान यस प्रकार हुन्छ—

मुण्डव्योमस्थपद्मे सकलदलयुते याकिनीं भैरवीं ताम्
यक्षिण्याद्यां समस्तायुधलसितकरां सर्ववर्णां समष्टिम् ।
डादीनां सर्ववक्त्रां सकलसुखकरीं सर्वधातुस्वरूपाम्
सर्वान्ने सक्तचित्तां परशिवरसिकां भावये सर्वरूपाम् ॥

यस ध्यानबाट शिरोवर्ती सहस्रदल कमलमा सबै प्रकारको वर्णले युक्त, सबै मुख अर्थात् एक्काइसै मुख भएकी, सबै धातुस्वरूपकी, डाकिनी आदिको समष्टि-स्वरूप, सबै (प्रकारको) अन्न मन पराउने परशिवमा आसक्त सर्वरूपिणी भैरवीस्वरूप याकिनीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : सबै प्रकारको वर्णले युक्त भएबाट समस्त विश्वरूपिणी, सबै मुख अर्थात् एक्काइस मुख भएबाट पूर्वोक्त सबै शिरले बताएका वस्तुहरूको समष्टिरूपिणी, सबै धातु स्वरूपिणी भनेबाट पूर्वोक्त सबै धातुहरूको समष्टि सारस्वरूप, शुक्रधातुलाई शुद्धीकरण गर्ने स्वरूपकी, डाकिनी आदिले घेरिएबाट डाकिनी आदिको समष्टिरूपिणी, सबै प्रकारको अन्न मन पराउने भन्नाले, सर्वतत्त्वात्मक रूपिणी, परशिवमा आसक्त भन्नाले सहस्रारमा रहेको परशिवमा आसक्त रहने कुलकुण्डलिनीको रूपान्तर स्वरूपिणी भैरवी (भीषणो रवो यस्या सा) भन्नाले ठूलो स्वर भएकी अर्थात् भ्रमरनादोत्पादिनी शक्तिस्वरूपिणी याकिनीको रूप भन्ने बुझिन्छ ।

मणि स्थूल देहमा रहेको षट्चक्रको र त्यसमा अंकित अक्षरहरूको र त्यसबाट निस्लेको सप्त धातुको बयान भयो । अब हाम्रो यस स्थूल देह पृथ्व्यादि पाँच तत्त्वबाट बनेको हो भन्ने सर्वविदितै छ । त्यसमा कुन-कुन चक्र कुन-कुन तत्त्वमय हुन् भन्ने विषयमा वर्णन गर्नु छ । सो वर्णन गर्नलाई पंचतत्त्वको सांकेतिका आकाको वर्णन गर्दछु ।

चतुरस्रं चार्द्धचन्द्रं त्रिकोणं वर्तुलं स्मृतम् ।
बिन्दुभिस्तु नभो ज्ञेयमाकारैस्तत्त्वलक्षणम् ॥

अर्थात् चतुरस्र, अर्द्धचन्द्र त्रिकोण, वृत्त अनि बिन्दुरूप आकारहरू तत्त्व अर्थात् पंचमहाभूतका लक्षण हुन् ।

यन्त्रको बारेमा बताइएका संकेत शिवस्वरोदयबाट झिकिएका उक्ति हुन् र शिवस्वरोदय तन्त्रशास्त्रको एक शाखा हो।

यी आकारहरूको महाभूततत्त्वसूचक प्रमाण यस्तो हुन्छ—

आगो बलिरहेको वेला शिखा चुच्चो भएर माथितिर जाँदा माथितिर मसिनो (तीखो) र तलतिर मोटो भएर त्रिकोणाकार बनेको हुन्छ र अग्निको ऊर्ध्वगति हुनाले त्रिकोणको शीर्षकोणमाथि फर्किदा तेजस्तत्त्वसूचक हुन्छ।

जलको अधोगति हुनाले सरल अर्थात् सोझो र लूलो पदार्थमा पानी हाल्दा पानीको तोडले अर्द्धचन्द्रकार बन्दछ। त्यस्तै पातलो कपडामा पानी हाल्दा माथि मोटो र तल मसिनो (तीखो) भएर कोण तलतिर फर्किएको त्रिकोणाकार बन्दछ र तलतिरबाट पानी चुहिने हुनाले यस्तो त्रिकोणले योनिको संकेत पनि गर्दछ। तसर्थ अर्द्धचन्द्राकार अथवा योन्याकार (तलतिर मुख फर्केको त्रिकोणाकार) ले जलतत्त्वको सूचना हुन्छ।

उदयचक्राकार गतिबाट वृत्ताकार (चक्र) को कलपना हुन्छ। एउटा बिन्दुले बिजुलीको पंखा घुमेझैं अर्को बिन्दुलाई परिक्रमा गर्दा चक्राकार गति बन्दछ, सोही चक्राकार गतिबाट वृत्त बन्दछ। यो चक्राकार गति प्राकृतिक जगत्मा हावाको घूर्णन क्रियामा देखापर्छ। चक्रवायुमा आगोको संयोग हुँदा आगोको राँको र पानीको संयोग भएमा पानीका छिटाहरू घुम्न थाल्दछन्। यही घुमाइ चक्राकार गति भएर वृत्ताकार बन्न जान्छ। अतः वृत्ताकार (चक्र) वायुतत्त्वको सूचक हुन्छ।

गतिमा योग दिने र हरेक आकारमा हरेक तत्त्वभित्र अनुप्रवेश गर्ने (घुस्ने) नैसर्गिक गतिशीलता बिन्दुमा रहन्छ अर्थात् बिन्दु गतिशील हुन्छ। अनुप्रवेश भाव आकाशतत्त्वको हुनाले वैन्दवाकार (चक्र) भन्नाले त्यो आकाशतत्त्वको सूचक हुन्छ। अतः बिन्दुको गति सरल हुन्छ र अनि रुद्ध गतिले समानरूप उन्नतिको लक्ष्य गराउँछ।

विस्तारको भाव पनि महत्त्वपूर्ण हुन्छ। यो झण्डै-झण्डै बहुमुखताको भावसित मिल्छ। बहु भुजाकार मध्यमा चतुरस्र सबैभन्दा थोरै भुज भएको हुन्छ। अतः चतुरस्र विस्तार भावको सूचक हुँदा र विस्तार पृथ्वीको गुण हुँदा 'चतुरस्र' (चक्र) पृथ्वीतत्त्वको सूचक हुन्छ।

अब पूर्वोक्त मूलाधारादि चक्रतिर विचार गरौं। मूलाधार चक्र पृथ्व्यात्मक चक्र हो। यसउसले यसको चारपाते कमलको पूर्वोक्त चार अक्षर (व, श, ष, स) को कर्णिकामा पृथ्व्यात्मक बीज (लँ) को पहेंलो चतुरस्रको बीचमा कल्पना हुन्छ र त्यसमाथि ब्रह्माजीको रूप बन्दछ। सो रूप यस प्रकारको हुन्छ—

पीतवर्णं चतुर्वक्त्रं चतुर्हस्तं किरीटिनम् ।
दण्डाक्षपुस्तकं कुण्डीं धारयन्तं पितामहम् ।।

यस ध्यानबाट चार मुख, चार हात भएका, पहेंलो वर्ण भएका, हातमा दण्ड, अक्षमाला, पुस्तक र कुण्डी (कमण्डलु) धारण गरेका पितामह अर्थात् ब्रह्माको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : चार मुखबाट चार वेद, चार हातबाट चार आत्मा, पहेंलो वर्णबाट पार्थिव तत्त्वात्मकता, हातमा धारण गरेका दण्डबाट सृष्टिकलात्मक रूप, अक्षमालाबाट मन्त्ररूप, पुस्तकबाट विद्यारूप, अक्षमालाबाट मन्त्र रूप, पुस्तकबाट विद्यारूप र कमण्डलुबाट पवित्रतास्वरूपका ब्रह्माको रूप भन्ने बुझिन्छ । यिनको मन्त्र एकाक्षरी पितामह बीज हो ।

स्वाधिष्ठान जलात्मक तत्त्व हो । यसको छःपाते कमलका छः पातमा पूर्वोक्त छः अक्षर (ब, भ, म, य, र, ल) र त्यसको कर्णिकामा जलात्मक बीज (वँ) सेतो अर्धचन्द्राकारको बीचमा कल्पना हुन्छ । त्यसमाथि विष्णुको रूप बन्दछ । सो रूप यस प्रकारको हुन्छ—

मेघाऽऽभं सुन्दरं शान्तं पीताम्बरधरं हरिम् ।
शंखं चक्रं गदां पद्मं दधतं विश्वमोहनम् ।
नानालंकारसंयुक्तं ध्यायेन्निश्चलमानसः ।।

यस ध्यानबाट मेघ जस्तो वर्ण भएका, राम्रा र शान्त पीताम्बर पहिरेका, हातमा शंख चक्र गदा पद्म धारण गरेका, अनेक गहनागुरुवा पहिरेका, जगत्लाई नै मोहित पार्ने विष्णुको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : मेघ जस्तो वर्ण भएबाट जलतत्त्वात्मक भन्ने बुझिन्छ । राम्रो भएबाट रोचक रूप, शान्तबाट सत्त्वगुणात्मकता, पीताम्बर धारण गरेबाट वैभवरूप, हातमा धारण गरेको शंखबाट नाद, चक्रबाट विश्वचक्र, गदाबाट ज्ञानरूप, पद्मबाट ऐश्वर्यरूपको, अनेक गहनागुरुवा पहिरेबाट जगन्नायकत्वरूपको, सबैलाई मोह गर्ने विष्णुको रूप भन्ने बुझिन्छ । यिनको मन्त्र एकाक्षरी नारायणबीज हो ।

मणिपूरक चक्र तैजसात्मक चक्र हो । तसर्थ यसको दशपाते कमलको दश पातमा (डँ, ढँ, णँ, तँ, थँ, दँ, धँ, नँ, पँ, फँ) र त्यसको कर्णिकामा, तैजसात्मक बीज (रँ) रातो रंगको माथितिर टुप्पा फर्केको त्रिकोणको कल्पना हुन्छ । त्यसमाथि रुद्रको रूप बन्दछ । सो रूप यस प्रकारको हुन्छ—

सिन्दूराऽऽभं चन्द्रभूषं जटाजूटं त्रिलोचनम् ।
शक्तिं च परशुं चैव त्रिशूलं डिण्डिमं तथा ।
धारयन्तं चतुर्दोर्भी रुद्रं ध्यायेद्भयानकम् ॥

यस ध्यानबाट सिन्दूर झैं लाल वर्ण भएका, चन्द्रमा पहिरेका, जटाको जुरो बाँधेका, चार हातमा शक्ति, बञ्चरो, त्रिशूल र डमरु धारण गरेका, डरलाग्दो मुख भएका रुद्रको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : सिन्दूर झैं लाल वर्ण भएबाट तेजस्तत्त्वात्मकता, चन्द्रमा पहिरेबाट परमामृतरूप, जटाको जुरो बाँधेबाट प्रपञ्चात्मकस्वरूप, चार हातबाट चार आत्मारूप, हातमा धारण गरेको शक्तिबाट सत्तारूप, बञ्चरोबाट तातो राप, त्रिशूलबाट त्रिविघोत्पातनाशकतत्त्व, डमरुबाट नादरूपका, डरलाग्दो मुख भएबाट ब्रह्मसूचक रुद्रको रूप भन्ने बुझिन्छ । यिनको मन्त्र एकाक्षरी संवर्तक बीज हो ।

अनाहत चक्र वाय्वात्मक चक्र हो। यसको बाह्रपाते कमलको बाह्र पात (कँ, खँ, गँ, घँ, ङँ, चँ, छँ, जँ, झँ, ञँ, टँ, ठँ) र त्यसको कर्णिकामा ध्वाँसे रंगको वृत्ताकारमा रहेको यँ बीजको कल्पना हुन्छ। त्यसको माथि ईश्वर (महेश्वर) को रूप बन्दछ, सो यस प्रकारको हुन्छ—

चन्द्रचूडं जटाजूटं त्र्यक्षं धूम्रशरीरिणम् ।
व्याघ्राम्बरधरं शान्तं मुण्डमालिनमीश्वरम् ।
कुन्तं त्रिशूलं डमरुं चाभयं दधतं भजेत् ॥

यस ध्यानबाट कपालमा चन्द्रमा पहिरेका, जटाको जुरो बाँधेका, तीन आँखा भएका ध्वाँसे वर्णको शरीर भएका, बाघको छाला पहिरेका, मुण्डमाला लाएका, हातमा कुन्त, त्रिशूल, डमरु र अभय धारण गरेका ईश्वरको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : कपालमा पहिरेको चन्द्रमाबाट परमामृत, जटाको जुरो बाँधेबाट प्रपञ्चरूप, तीन आँखा भएबाट तीन बिन्द्वात्मक रूप, ध्वाँसे वर्णको शरीर भएबाट वायुतत्त्व, बाघको छाला पहिरेबाट अष्टाङ्ग योगात्मक, मुण्डमालाबाट अक्षररूप, हातमा धारण गरेको कुन्तबाट वायव्यताप, त्रिशूलबाट त्रिविघोत्पात नाशकता, डमरुबाट नाद र अभयबाट नीडर स्वरूपका ईश्वरको रूप भन्ने बुझिन्छ । यिनको मन्त्र एकाक्षरी ईश्वरबीज हो ।

विशुद्धि आकाश तत्त्वात्मक हो। तसर्थ यसको सोह्रपाते कमलका सोह्र पातमा सोह्रै अक्षर (अ, आ, इ, ई, उ, ऊ, ऋ, ॠ, ऌ, ॡ, ए, ऐ, ओ, औ, अं अः) र

त्यसको कर्णिकामा आकाशात्मक बीज (हँ) छिरबिरे कल्पित बिन्दुमाथि रहन्छ । त्यसमाथि सदाशिवको रूप बन्दछ । सो रूप यस प्रकारको हुन्छ—

मुक्तापीतपयोदमौक्तिकजपावर्णैर्मुखैः पञ्चभि-
स्त्र्यक्षैरञ्चितमीशमिन्दुमुकुटं पूर्णेन्दुकोटिप्रभम् ।
शूलं टङ्ककृपाणवज्रदहनान् नागेन्द्रघण्टाङ्कुशान्
पाशं भीतिहरं दधानममिताकल्पोज्ज्वलं चिन्तयेत् ॥

यस ध्यानबाट मोती जस्तो सेतो, पहेंलो, मेघ जस्तो नीलो (कालो), मोती जस्तै सेतो र जपाकुसुम जस्तो रातो रङ्गका पाँच मुख, तीन आँखा, दस हात र हातमा शूल, बञ्चरो, कृपाण (तरवार) वज्र, अग्निज्वाला, नागराज (वासुकि), घण्टा, अंकुश, पाश र अभयमुद्रा धारण गरेका, चन्द्रमाको चाँद लाएका, कोटि पूर्ण चन्द्रको जस्तो कान्ति भएका, अत्यन्त उज्ज्वल सदाशिवको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : मोती जस्तो सेतो मुखबाट जलतत्त्वात्मक, पहेंलो मुखबाट पृथ्वीतत्त्वात्मक, मेघ जस्तो नीलो मुखबाट आकाश तत्त्वात्मक, अर्को मोती जस्तो सेतो मुखबाट वायुतत्त्वात्मक र जपाकुसुम जस्तो रातो मुखबाट तेजस्तत्त्वात्मक यी पाँच मुख भन्नाले पञ्च तत्त्वात्मक भन्ने बुझिन्छ । तीन आँखाबाट तीन बिन्द्वात्मक, दश हात भएबाट दश दिशास्वरूप, हातमा धारण गरेको शूलबाट वायव्यताप, बञ्चरोबाट अष्टाङ्गयोग, तरवारबाट विजय, वज्रबाट विद्युत्प्रभा, अग्निज्वालाबाट प्रकाश, नागराज (वासुकि) बाट विषनाशकता, घण्टाबाट अनाहत नाद, अंकुशबाट स्तम्भन, पाशबाट वशीकरण, अभयबाट नीडर, चन्द्रमाको चाँद लाएबाट अमृतस्वरूप (सदाशिवको रूप), पूर्ण चन्द्रको जस्तो कान्ति भएबाट अति शीतल रूपका, अत्यन्त उज्ज्वल भएबाट परब्रह्म स्वरूपका सदाशिवको रूप भन्ने बुझिन्छ । यिनको मन्त्र एकाक्षरी शिवप्रसाद बीज हो ।

आज्ञाचक्रमा दुईपाते कमलको दुई पातमा दुई अक्षर (हँ क्षँ) र त्यसको कर्णिकामा सर्वतत्त्वात्मक प्रणव बीजको कल्पना हुन्छ । त्यसमाथि चिन्तामणिकूटात्मक अर्धनारीश्वरको रूप बन्दछ । सो यस प्रकारको हुन्छ—

नीलप्रभातरुचिरं विलसत्त्रिनेत्रम्
पाशारुणोत्पलकपालत्रिशूलहस्तम् ।
अर्धाम्बिकेशमनिशं प्रविभक्तभूषम्
बालेन्दुबद्धमुकुटं प्रणमामि रूपम् ॥

यस ध्यानबाट दायाँ र बायाँमा एकातिर नीलो र अर्कोतिर अरुण (रातो) वर्णले गर्दा सुन्दर, चम्किला तीन नेत्र र चार हात भएका र हातमा क्रमशः पाश,

रातो कमल, खप्परु र त्रिशूल धारण गरेको आफ–आफ्नो यथोचित वेषभूषा र माथमा वालचन्द्रको मुकुट अर्थात् चाँद पहिरेको यस्तो अर्धनारीश्वरको रूप झल्कन्छ ।

यसको सांकेतिक अर्थ यस प्रकारको हुन्छ : दाँयातिर नीलो वर्ण भएबाट पुरुष-रूप र बायाँतिर रातो वर्ण भएवाट प्रकृति अर्थात् आइमाईको रूप भन्नाले शिवश-क्त्यात्मक रूप भन्ने बुझिन्छ। 'शिवशक्त्यात्मकं जगत्' भन्ने उक्ति हुनाले सकल जगत्स्वरूप भन्ने बुझिन्छ। चम्किला तीन आँखा भएबाट तीन बिन्द्वात्मक रूप, चार हातबाट चार आत्मा रूप, हातमा धारण गरेको पाशबाट वशीकरण शक्ति, रातो कमलवाट ऐश्वर्यात्मक शक्ति, खप्परुबाट ज्ञानतत्त्व, त्रिशूलबाट त्रिविधोत्पात नाशक तत्त्व भन्ने बुझिन्छ। आफ्नो आफ्नो यथोचित वेषभूषा लाएको भन्नाले दायाँतिरको आधा अंगमा पुरुषको पहिरन र बायाँतिरको आधा अंगमा आइमाईको पहिरन भन्ने बुझिन्छ। माथमा धारण गरेका वालचन्द्रवाट परमामृत स्वरूपका अर्धनारीश्वरको रूप भन्ने बुझिन्छ। यिनको मन्त्र चिन्तामणिकूटवीज हो ।

ललाटमा अर्धचन्द्राकारको नादचक्रमा "अ+उ+म" यी तीन अक्षर पृथक् पृथक् रूपमा अंकित भएको हुन्छ । त्यसमा समरसाकार आनन्दभैरव र आनन्द भैरवी-को मूर्ति वन्दछ । सो यस प्रकारको हुन्छ—

सूर्यकोटिप्रतीकाशं चन्द्रकोटिंसुशीतलम् ।
अष्टादशभुजं देवं पंचवक्त्रं त्रिलोचनम् ॥
अमृतार्णवमध्यस्थं ब्रह्मपद्मोपरिस्थितम् ।
वृषारूढं नीलकण्ठं सर्वाभरणभूषितम् ॥
कपालखट्वांगधरं घण्टाडमरुवादिनम् ।
पाशांकुशधरं देवं गदामुसलधारिणम् ॥
खड्गखेटकचक्रर्ष्टिपर्शुमुद्गरशूलिनम् ।
भुशुण्डीधारिणं देवं वरदाभयधारिणम् ॥
धवलं देवदेवेशं भावयेद्भैरवीयुतम् ।
ततो ध्यायेत्सुधादेवीं चन्द्रकोट्‌यत्युतप्रभाम् ॥
हिमकुन्देन्दुधवलां सर्वानन्दकरोद्यताम् ।
प्रहसन्तीं विशालाक्षीं देवदेवस्य सन्मुखीम् ॥
सर्वरत्नविचित्राङ्गीं त्र्यम्बकां भूतविग्रहाम् ।
अष्टादशभुजाकीर्णां नीरजायतलोचनाम् ॥
आयुधानेकसंयुक्तैर्भुजैरष्टादशैर्वृताम् ।
ज्ञानमुद्रापराभद्रे अभया च द्वितीयका ॥

दक्षिणे मांसखंडानि वामे पाशं तु भीषणम् ।
मुद्गरं दक्षिणे हस्ते वामे शूलं सुवर्चसम् ॥
दक्षिणे निर्घृणां शुभ्रं वामे खेटं सुवर्तुलम् ।
दक्षिणे च शिलावृत्तं वामे घण्टां च सुस्वनाम् ॥
दक्षिणे वाममुष्टिं च वामे चापं सुवंशजम् ।
दक्षिणे डमरुं श्रेष्ठं वामे शृङ्ग रवाकुलम् ॥
दक्षिणे नृकपालं च वामे दण्डं महाबलम् ।
दक्षिणे वज्रदीप्यन्तं वामे कट्टारिका शुभा ॥
निर्घृणां चैव निर्लज्जां त्यागां सूरां च मानिनीम् ।
त्रासयन्त्यसुरान्सर्वान्देवानामभयंकरीम् ॥

यस ध्यानबाट कोटी सूर्य झैं उज्ज्यालो तर कोटी चन्द्रमाको जस्तो शीतल, अठार हात भएका, पाँच मुख, तीन आँखा भएका, अमृतको समुद्रको माझमा ब्रह्म पद्ममाथि बसेका, साँढेमाथि चढेका, नीलो घाँटी भएका, सबै प्रकारका गहना लाएका, हातमा खप्परु, खट्वाङ्ग, घंटा, डमरु, पाश, अंकुश, गदा, मुसल, खड्ग, खेटक, चक्र, यष्टि (दुइधारे खड्ग), बञ्चरो, मुङ्ग्रो, शूल, धुँएत्रो, वर र अभय धारण गरेका, सेतो वर्ण भएका, आनन्द भैरवको रूप अनि दश हजार कोटी चन्द्रमा झैं प्रभाव भएकी, दूध हिउँ कुन्दपुष्प र चन्द्रमा झैं सेतो वर्ण भएकी, सबैलाई आनन्द गराउन तत्पर भएकी, हाँसिरहेकी, ठूलो आँखा भएकी देवताको देवता (आनन्द भैरव) को सन्मुखमा रहेकी, सबै प्रकारका रत्न पहिरिनाले विचित्र अंग भएकी, तीन आँखा भएकी, अठार हात भएकी, कमल झैं विशाल आँखा भएकी, हातमा अनेक आयुध (हतियार) लिएकी, दायाँ बाहुमा ज्ञानमुद्रा, मासुको टुक्रा, मुङ्ग्रो, खड्ग र ढुंगाको चक्का, हातको मुट्ठी, डमरु, खप्परु, वज्र अनि बायाँ हातमा अभयमुद्रा, पाश, शूल, खेटक, घंटा, चाप (धनु), सिंग, दण्ड, कटारी धारण गरेकी घृणा र लाज नभएकी, सुरा मन पराउने, असुरहरूलाई तर्साउने, देवताहरूलाई अभय दिने सुधा देवी (आनन्दभैरवी) को स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : कोटी सूर्य झैं उज्यालो तर कोटी चन्द्र झैं शीतल भन्नाले सूर्य झैं उज्यालो भएबाट उष्णता र चन्द्र झैं शीतल भन्नाले शीतलता बुझिने हुनाले शीतोष्ण तत्त्वात्मक भन्ने बुझिन्छ अर्थात् ज्यादा तातो भए जल्ने र ज्यादा चिसो भए जम्ने हुनाले यहाँ यस पदबाट शीतोष्णताको समरस भन्ने बुझिन्छ । अठार हात भएबाट "अ" को नौ भाग र "ह" को नौ भाग भएबाट नव आत्माको अठार आत्मा भन्ने हुन गयो । पाँच मुख भएबाट पञ्चतत्त्वात्मक, तीन आँखा भएबाट त्रिबिन्द्वात्मक, अमृतको समुद्रको माझमा ब्रह्मपद्ममाथि बसेबाट ब्रह्म-

रन्ध्रबाट चुहिएर नादचक्रमा अडेको अमृततत्त्व भन्ने बुझिन्छ। साँढेमाथि चढेबाट धर्म-रूप, नीलो घाँटो भएबाट हलाहल विष घाँटीमा धारण गरेर जगद्रक्षकरूप भन्ने बुझिन्छ। सबै प्रकारको गहना पहिरेबाट जगन्नायक भन्ने बुझिन्छ। हातमा धारण गरेको खप्परु-बाट बुद्धिरूप, खट्वाङ्गबाट तापत्रयनाशकता, घंटाबाट नाद, डमरुबाट प्रतिध्वनि, पाशबाट वशीकरण, अंकुशबाट स्तम्भन, गदाबाट वैराग्य, मुसलबाट प्रपञ्चरूप, खड्गबाट विजयरूप, खेटकबाट र चक्रबाट संसार चक्र, मुट्ठीबाट विश्वकोषरूप, बञ्चरोबाट अष्टाङ्गयोग, मुङ्ग्रोबाट ज्ञान, शूलबाट वायव्यताप, घुँएत्रोबाट विकर्षण, वरबाट अभीष्ट सिद्धि र अभयबाट नीडर भन्ने बुझिन्छ। सेतो वर्ण भएकाबाट सत्त्वगुणात्मक रूपका आनन्द भैरवको स्वरूप भन्ने बुझिन्छ। दश हजार कोटी चन्द्रमा झैं प्रभाव भएकी भन्नाले शीतोष्ण तत्त्वात्मिका; दूध, कुन्दपुष्प र चन्द्रमा झैं सेतो वर्ण भएबाट सत्त्वगुणात्मिका, हाँसिरहेकीबाट परमानन्दरूपिणी, ठूलो आँखा भएकीबाट दिव्य दृष्टिस्वरूपिणी, आनन्द भैरवको सन्मुखमा रहेबाट आनन्द भैरवको शक्ति भन्ने बुझिन्छ। सबै प्रकारको रत्न पहिरिनाले विचित्र भएकीबाट जगन्नायिका, तीन आँखा भएबाट त्रिविन्द्वात्मिका, अठार हात भएबाट 'अ' को नौ र 'ह' को नौ भाग भएबाट नव आत्माको अठार आत्मास्वरूपी भन्ने बुझिन्छ। हातमा धारण गरेको ज्ञान-मुद्राबाट ज्ञानशक्ति, अभयमुद्राबाट डरनाशक शक्ति, मासुको टुक्राबाट कल्याणदायिनी, पाशबाट वशीकरण शक्ति, मुङ्ग्रोबाट वैराग्य, शूलबाट वायव्यताप, खड्गबाट ज्ञान, खेटकबाट विद्वेषण शक्ति, ढुंगाको चक्काबाट कठोरता, घंटाबाट अनाहतनाद, मुठीबाट विश्वकोषरूपिणी, धनुबाट पुण्यरूपिणी, डमरुबाट प्रतिध्वनि, सिंगबाट दिव्यश्रुति, खप्परु-बाट बुद्धिरूपिणी, दण्डबाट शासन, वज्रबाट विद्युत्प्रभा, कटारीबाट रक्षारूपिणी भन्ने बुझिन्छ। घृणा र लाज नभएकी भन्नाले विकाररहिता, सुरा मन पराउने भन्नाले सुधात्मिका स्वरूपकी, देवतालाई अभय दिने सुधादेवी (आनन्दभैरवी) को स्वरूप भन्ने बुझिन्छ। यिनको मन्त्र आनन्दकूट वीज हो।

सो नादचक्रभन्दा माथि विन्दुचक्रमा प्रणव अंकित भएर त्यसमाथि सर्वमन्त्रेश्वरी परा देवताको मूर्ति बन्दछ। सो यस प्रकारको हुन्छ—

अमृतार्णवमध्योत्थमणिद्वीपे सुशोभिते।
कल्पवृक्षवनान्तःस्थे मणिमाणिक्यमण्डपे॥
नवरत्नमय - श्रीमत्सिंहासनगतेऽम्बुजे।
त्रिकोणान्तःसमासीनं चन्द्रसूर्यायुतप्रभम्॥
अर्द्धाम्बिकासमायुक्तं प्रविभक्तविभूषणम्।
कोटिकन्दर्पलावण्यं सदाषोडशवार्षिकम्॥

मन्दस्मितमुखाम्भोजं त्रिनेत्रं चन्द्रशेखरम् ।
दिव्याम्बरस्रगालेपं दिव्याभरणभूषितम् ॥
पानपात्रं च चिन्मुद्रां त्रिशूलं पुस्तकं करैः ।
विद्यासंसिद्धिविभ्राणं सदानन्दमुखेक्षणम् ॥
एवं ध्यायेत् परां देवीं सर्वमन्त्रस्वरूपिणीम् ।
पुरुषं वा स्मरेत् देवीं स्त्रीरूपं वा विशेषतः ।
अथवा निष्कलं ध्यायेत् सच्चिदानन्दलक्षणम् ॥

यस ध्यानबाट अमृतको समुद्रको वीचमा खूब राम्रो मणिद्वीपमा, कल्पवृक्षको बनभित्र माणिक्यमणिको मण्डपमाथि नवरत्न निर्मित सिंहासनमाथि त्रिकोणमा वसेका अयुतचन्द्र सूर्य जस्तो कान्ति भएका, आधा आँग शक्तिरूप भएका, अनेक भूषणहरू पहिरेका, करोड कन्दर्प झैं राम्रा, सधैं षोडश वर्षका पठ्ठा भएका, मुसुमुसु हाँसिरहेका, तीन आँखा भएका, चन्द्रमा पहिरेका, दिव्यवस्त्र र आभरण पहिरेका, हातमा पानपात्र, ज्ञानमुद्रा, त्रिशूल र पुस्तक लिएका, सधैं आनन्द अनुहार भएका यस्तो सर्वमन्त्रस्वरूपिणी परादेवीको पुरुषरूप वा स्त्रीरूप (विशेष गरेर स्त्रीरूपकै) ध्यान गर्नू अथवा सच्चिदानन्दको निष्कल ध्यान गर्नू ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : अमृतको समुद्रको वीचमा मणिद्वीपमा कल्पवृक्षको वनमा रहेबाट ब्रह्मरन्ध्रबाट चुहिएर विन्दुचक्रमा अडेको अमृततत्त्व भन्ने वुझिन्छ । माणिक मणिको मंडप भन्नाले प्रकाशरूप भन्ने वुझिन्छ । नवरत्नको सिंहासन भन्नाले नवनिधि स्वरूप र त्रिकोणमा वसेबाट सर्वसिद्धिरूप भन्ने वुझिन्छ । अयुत चन्द्र र सूर्य झैं कान्ति भएबाट शीतोष्ण समरूप र आधा अंग शक्तिको भएबाट "शिव शक्त्यात्मकम् जगत्" भन्ने उक्ति हुनाले सर्वजगन्मयरूप भन्ने वुझिन्छ । अनेक भूषणहरू पहिरेबाट जगन्नायक, करोड कन्दर्प झैं राम्रा भन्नाले जगन्मोहन तत्त्व, षोडशा पट्ठा भएबाट अनुग्रह कलात्मक भन्ने वुझिन्छ । मुसुमुसु हाँसिरहेबाट परमानन्द रूप, तीन आँखा भएबाट त्रिबिन्द्वात्मक, चन्द्रमा पहिरेबाट परमामृतरूप, दिव्य वस्त्र र आभरण पहिरेबाट प्रपंचीकरण शक्ति रूप भन्ने बुझिन्छ । हातमा धारण गरेको-पानपात्रबाट पोषक तत्त्व, ज्ञान मुद्राबाट ज्ञानरूप, त्रिशूलबाट त्रिविधोत्पातक नाशक तत्त्व, पुस्तकबाट विद्यारूप भन्ने वुझिन्छ । सधैं आनन्द अनुहार भएबाट परमानन्द रूपका सर्वमन्त्रमयी अर्धनारीश्वरको स्वरूप भन्ने बुझिन्छ । यिनकै मन्त्र श्रीप्रसाद-बीज हो ।

अब सहस्रारको बीचमा पराम्बासहित परशिवको रूप बन्दछ । सो यस प्रकारको हुन्छ—

नादबिन्दुकलातीतं नित्यमानन्दलक्षणम् ।
ज्योतिर्मयमनाद्यन्तं सर्वव्यापिनमीश्वरम् ॥
जगच्चैतन्यरूपेण पराम्बासहितं विभुम् ।
एवं परशिवं ध्यायेन्नित्यमुक्तं निरंजनम् ॥

यस ध्यानबाट नाद बिन्दुको कलाभन्दा पनि माथि गएको, सधैं आनन्दको लक्षण भएको ज्योतिर्मय, आदि अन्त्य नभएको, सर्वव्यापी ईश्वर, सब जगत्‌कै चैतन्य रूप भएको पराम्बा साथमा लिएका, साह्रै ठूलो महिमा भएका परशिवको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थमा सचैतन्य ब्रह्म भन्ने बुझिन्छ । यिनको मन्त्र पराप्रासाद बीज हो ।

स्थूल शरीरको चक्रहरूमा भएका तत्त्वहरूको माथि वर्णन भयो । अब स्थूल शरीरमा "हँ" आवाजमा श्वास फ्याँकिन्छ (निकालिन्छ) र "सः" बाट श्वास तानिन्छ । यस-उसले यो शरीर 'हंसः' व्यापी छ । सो "हंसः" कुन कुन चक्रमा कुन-कुन रूपको हुन्छ भन्ने विषयमा वर्णन गरिन्छ ।

मूलाधारमा गणेशको रूपको भावना हुन्छ । सो यस प्रकारको हुन्छ—

वशषसदलयुक्ते सम्यगाधारपद्मे
तरुणमरुणगात्रं वारणास्यं त्रिनेत्रम् ।
अभयवरदहस्तं चारुपाशाङ्कुशोद्यत्—
कररुचिरमनन्यं चिन्तयेदादिमूर्तिम् ॥

यस ध्यानबाट मूलाधारको "व, श, ष, स" अंकित चारपाते कमलमा रहेका भर्खर उदाएको सूर्य झैं रातो वर्ण भएका, हात्तीको मुख, तीन आँखा भएका, हातमा अभय वर, पाश र अंकुश धारण गरेका पहिलो मूर्तिस्वरूप गणेशको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : लाल वर्ण भन्नाले सौभाग्यरूप, हात्तीको मुख भन्नाले जगदाधाररूप, तीन आँखा भन्नाले तीन विद्यात्मकरूप, हातमा धारण गरेको अभयबाट नीडर, वरबाट अभीष्ट सिद्धि, पाशबाट वशीकरण, अंकुशबाट स्तम्भनस्वरूप गणेशको रूप भन्ने बुझिन्छ । यिनको मन्त्र आफ्नो आफ्नो इष्टदेवताको आम्नायबमोजिम [१]एकाक्षरीको हुन्छ ।

---

१. एकबीजात्मकं वक्ष्ये विघ्नमन्त्रं सुसिद्धिदम् ।
तत्रादौ वैदिकानां तु गकारः केवलो मतः ॥
दक्षिणानां बिन्दुयुक्तो द्विबिन्दुः पूर्वनागिणम् ।
एतद्वययुतः पश्चादूर्ध्वाऽऽम्नाये च गौमिति ।
ग्लौमुत्तरे गोमिति च पातालाऽऽम्नाय ईरितम् ॥

स्वाधिष्ठानमा ब्रह्माको रूपको भावना हुन्छ । सो यस प्रकारको हुन्छ—

बभमयरलसंज्ञैरक्षरैः क्लृप्तपत्रे
सुरुचिरमुपविष्टं पङ्कजे सन्निधानम् ।
अभयवरदहस्तं कुण्डिकां चाक्षमालाम्
दधतममलमूर्तिं चिन्तयेद्विश्वयोनिम् ॥

यस ध्यानबाट स्वाधिष्ठानको 'व, भ, म, य, र, ल' अंकित छःपाते कमलमा रहेका, चार मुख भएका, हातमा अभय, वर, कमण्डलु र अक्षमाला लिएका ब्रह्माजीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : चार मुखबाट चार वेद स्वरूप, हातमा लिएका अभयबाट नीडर, वरबाट अभीष्ट सिद्धि, कमण्डलुबाट पवित्रता र अक्षमालाबाट मन्त्ररूपका ब्रह्माको स्वरूप भन्ने बुझिन्छ । यिनको मन्त्र एकाक्षरी बीज हुन्छ ।

मणिपुरमा विष्णुको रूपको भावना हुन्छ । सो यस प्रकारको हुन्छ—

डाद्यैः फान्तगतैः प्रकल्पितदले पद्मे निविष्टं हरिम्
मार्त्तण्डद्युतिमादिपूरुषमजं नारायणं चिन्मयम् ।
हस्तन्यस्तगदारिशङ्खकमलं पीताम्बरं कौस्तुभम्
श्रीवत्साङ्कितमिन्द्रनीलसदृशं ध्यायेज्जगन्मोहनम् ॥

यस ध्यानबाट "ड ढ ण त थ द ध न प फ" अंकित दशपाते कमलमा रहेका, सूर्य जस्तो तेजिला, इन्द्रनील मणि झैं श्याम वर्ण भएका, पीताम्बर र कौस्तुभ पहिरेका, हातमा शंख चक्र गदा पद्म धारण गरेका, छातीमा श्रीवत्सको चिह्न भएका नारायण (विष्णु) को रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : सूर्य जस्ता तेजिला भएबाट प्रकाश रूप, इन्द्रनीलमणि झैं श्यामवर्ण भएबाट मोक्षस्वरूप, पीताम्बर पहिरेबाट परमैश्वर्यरूप र कौस्तुभ मणि पहिरेबाट विश्वनायक भन्ने बुझिन्छ । हातमा धारण गरेको शंखबाट अनाहत नाद, चक्रबाट रक्षा, गदाबाट ज्ञान र पद्मबाट जगन्मनोरूप (सबै जगत्को मन) रूप, श्रीवत्सचिह्नबाट श्रीस्वरूपका नारायण (विष्णु) को रूप भन्ने बुझिन्छ । यिनको मन्त्र आफ्नो-आफ्नो परंपरानुसार आठ अक्षर वा बाह्र अक्षरको हुन्छ ।

अनाहत चक्रमा शिवको रूपको भावना हुन्छ । सो यस प्रकारको हुन्छ—

काद्यैष्ठान्तगतैः प्रकल्पितदले पङ्केरुहे पार्वती—
कान्तं पूर्णशशाङ्ककोटिसदृशप्रख्यं कपर्दोज्ज्वलम् ।

शान्तं टङ्कमृगाभयेष्टदकरं नागादिभूषोज्ज्वलम्
ग्रैवेयाङ्गदहारकुण्डलधरं चर्माम्बरं चिन्तयेत् ॥

यस ध्यानवाट 'क ख ग घ ङ च छ ज झ ञ ट ठ'' अंकित बाह्रपाते कमलमा रहेका, कोटी चन्द्रमा जस्तो कान्ति भएका, जटाको जुरो बाँधेका, उज्याला, शान्त स्वरूपका, हातमा टंक (बंचरो), मृग, अभय र वर धारण गरेका, नागहरू पहिरेका, कण्ठा बाजू, हार र कुण्डलहरू पहिरेका, बाघको छाला पहिरेका पार्वतीकान्त अर्थात् शिवको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : कोटी चन्द्रमा जस्तो कान्ति भएवाट पूर्ण सत्वगुणात्मक, जटाको जुरो बाँधेबाट प्रपञ्चात्मक रूप, उज्याला भएबाट प्रकाशरूप, शान्तस्वरूपका भन्नाले शान्त, हातमा धारण गरेको टंकबाट आग्नेयताप रूप, मृगवाट मनरूप, अभयवाट नीडररूप र वरबाट अभीष्ट सिद्धिरूपका भन्ने बुझिन्छ। नागहरू पहिरेवाट विषहरणरूप, कण्ठहार र कुण्डलहरू पहिरेवाट जगत्पति, बाघको छाला पहिरेवाट अष्टाङ्गयोग स्वरूपका पार्वतीकान्त अर्थात् शिवको रूप भन्ने बुझिन्छ ।

यिनको मूल मन्त्र पञ्चाक्षरी हो । तर (लुप्तबीजाक्षरो मन्त्रः कलौ नैव फलप्रदः) भन्ने उक्ति हुनाले यो पंचाक्षरीको अगाडि आफ्नो-आफ्नो परंपरानुसार प्रणव वा देवीप्रणव प्रयोग गरी षड़क्षरी बनाई प्रयोग गर्दछन् ।

विशुद्ध चक्रमा जीवात्माको रूपको भावना हुन्छ । सो यस प्रकारको हुन्छ—

मूर्त्त्यङ्गेषु निविष्टमङ्गरहितं शान्तं रुचा भासुरम्
व्याप्ताशेषचराचरं गुणमयं भावेन सच्चिन्मयम् ।
मूर्तामूर्त्तममूर्त्तमेकममलं ज्योतिःप्रदीपोपमम्
साक्षात्षोडशपत्रवर्णकमले जीवं परं चिन्तयेत् ॥

यस ध्यानवाट 'अ आ इ ई उ ऊ ऋ ॠ ऌ ॡ ए ऐ ओ औ अं अः' अंकित सोह्रपाते कमलमा रहेका, शरीररहित भएका, शान्त, तेजोरूप, सबै चराचरलाई व्याप्त गर्ने गुण भएका, केवल भाववाट मात्र चित्तमय रूप बुझिने मूर्ति र अमूर्ति भन्ने केही भेद नभएका, बलिरहेको वत्ती जस्ता जीवात्माको रूप झलकन्छ ।

यिनको स्वयं नै सांकेतिक रूप भएको हुनाले यसमा सांकेतिकार्थको जरूरत भएन । यिनको मन्त्र सप्ताक्षरी हुन्छ ।

आज्ञाचक्रमा स्मार्त र पौराणिकहरूको मतमा गुरुको रूपको भावना हुन्छ । सो यस प्रकारको हुन्छ—

हत्ताणद्वयचारुपत्रकमले दिव्ये जगत्कारणे
विश्वोत्तीर्णमनेकदेहनिलयं स्वच्छन्दमात्मेच्छया।
तत्तद्योग्यतया स्वदेशिकतनुं भावैकसच्चिन्मयम्
प्रत्यक्षाक्षरविग्रहं गुरुवरं ध्यायेत् परं दैवतम्॥

यस ध्यानवाट 'ह क्ष' अंकित दुईपाते जगत्कारणरूप दिव्य कमलमा रहेका, विश्वका प्रत्येक देहका आधार भएका, आफ्नै इच्छाले स्वतन्त्र भएका, आफ्नो-आफ्नो योग्यता अनुसारका शरीर भएका, भावैवाट चिन्मय भएका, प्रयक्ष अक्षर भएका गुरुको रूप झल्कन्छ।

यिनको स्वयं नै सांकेतिक रूप भएको हुनाले सांकेतिकार्थको जरूरत भएन। यिनको मन्त्र एकाक्षरी वाग्बीज हुन्छ। यही आज्ञा चक्रमा वैदिक र तान्त्रिकहरूको मतमा परमात्माको रूपको भावना हुन्छ। यिनको ध्यान यस प्रकारको हुन्छ—

हत्तार्णद्वयपत्रयुक्तकमले संस्थं जगद्व्यापिनम्
दीप्ताख्यं जगदादितत्त्वनिलयं भावैकगम्यं परम्।
निर्लेपं शिवरूपमक्षरमयं सत्त्वैकभावान्वितम्
दिव्यं श्रीपरमात्मरूपममलं सच्चिन्मयं चिन्तयेत्॥

यस ध्यानवाट "ह" र "क्ष" अंकित दुईपाते कमलमा रहेका, जगत्व्यापी, वत्ती जस्तो प्रदीप्त, विश्वको आदि तत्त्वको आश्रय भएका, भाववाट मात्रै जानिने, आकार नभएको कल्याणरूप, अक्षरस्वरूप भएका, सत्यको भावरूप, निर्मल 'सच्चिदानन्दस्वरूप' परमात्माको रूप झल्कन्छ।

यिनको पनि स्वयं सांकेतिक रूप हुनाले यसमा सांकेतिकार्थको जरूरत भएन। यिनको मन्त्र अष्टाक्षरी हुन्छ।

सहस्रार चक्रमा स्मार्त र पौराणिकको मतमा परमात्माको रूपको भावना हुन्छ। सो यस प्रकारको हुन्छ—

विश्वव्यापिनमादिदेवममलं नित्यं परं निष्कलम्
नित्योद्बुद्धसहस्रपत्रकमले लिप्यक्षरैर्मण्डिते।
नित्यानन्दमनन्तपूर्णपरचित्सत्तास्फुरत्तात्मकम्
स्मृत्वाऽऽत्मानमनुप्रविश्य कुहरे स्वच्छन्दतः सर्वतः॥

यस ध्यानवाट अक्षरहरूले अंकित भएका, हजार पातको कमलमा रहेका, सधैँ आनन्द रूपका, अन्त्य नै नभएका, चित्सत्ताको मात्र स्फुरणरूप स्वच्छन्द रूपका विश्वव्यापी आदिदेव स्वरूप परमात्माको रूप झल्कन्छ।

यिनको पनि यही नै सांकेतिक रूप हुनाले अर्को सांकेतिकार्थको जरूरत पर्दैन।

वैदिक र तान्त्रिकको मतमा सहस्रदलमा गुरुको रूपको भावना हुन्छ। यिनको ध्यान यस प्रकारको हुन्छ—

सहस्रदलपंकजे सकलशीतरश्मिप्रभम्
वराभयकरांबुजं विमलगन्धपुष्पाम्बरम्।
प्रसन्नवदनेक्षणं सकलदेवतारूपिणम्
स्मरेच्छिरशि हंसगं तदभिधानपूर्वं गुरुम्॥

यस ध्यानबाट पूर्णचन्द्रको जस्तो कान्ति भएका, सहस्रदल कमलमा बसेका, वर र अभय हातमा धारण गरेका, बास्ना आउने सुगन्धि फुलहरू र पोशाक पहिरेका, सधैं प्रसन्न मुख भएका, सबै देवताको स्वरूप भएका, उच्छ्वास निःश्वासरूप भएका गुरुको रूप झल्कन्छ।

यिनी आफैं सांकेतिक रूपका हुनाले यहाँ पनि सांकेतिकार्थको जरूरत पर्दैन।

इति श्रीधनशमशेरवर्मविरचिते मन्त्रविद्यारहस्ये
स्थूलशरीरचक्रविवेचनं नाम
द्वितीयः पटलः

तृतीय पटल

अब यस पटलमा सूक्ष्म देहको विषयमा वर्णन हुन्छ। सूक्ष्म शरीरको स्थूल शरीर-सित एकाकार सम्बन्ध रहेको हुन्छ। अतः स्थूल देहको कुन-कुन ठाउँमा सूक्ष्म शरीर (मन बुद्धि चित्त अहंकार) मिलेको हुन्छ भन्ने कुरा दर्शाउनुभन्दा अघि स्थूल शरीर-कै चक्रहरूको आम्नायात्मक रूपको कल्पना गरी सूक्ष्म देहको व्याख्या गर्नुपर्दछ। तसर्थ स्थूल शरीरका षट्चक्र कुन-कुन आम्नायका हुन् भन्ने विषयमा वर्णन गर्दछु।

सर्वप्रथम मूलाधार चक्रलाई अधराम्नायात्मक चक्रको भावना गरी त्यसको कर्णिकामा वज्रयोगिनीको रूपको कल्पना हुन्छ। सो यस प्रकारको हुन्छ—

त्रिवक्त्रा रक्तवर्णा च नृत्यपादशवासना।
त्रिनेत्रा मण्डलम्बीतहाराभरणभूषिता॥
मुण्डमालाविभूषाङ्गी व्यालयज्ञोपवीतिनी।
व्याघ्रचर्माम्बरा देवी सिंहचर्म्मोत्तरीयका॥
योगिनी श्रीवज्रपूर्वा वज्रघण्टा वरप्रिया।
चतुर्भुजा प्रेतसंस्था वर्वरोर्ध्वशिरोरुहा॥
कर्त्रीकपालखट्वाङ्गडमरून् बिभ्रती करैः।
इहैव फलदा नित्या नापवर्गफलप्रदा॥

यस ध्यानबाट तीन मुख, तीन आँखा भएकी, लाल वर्ण भएकी, मुर्दामाथि नाचिरहेकी, हार र गहनाहरू लाएकी, मुण्डमाला पहिरेकी, नागको जनै लाएकी, बाघको छालाको पोशाक लाएकी, सिंहको छाला ओढेकी, वज्रघण्टा, वर दिन रुचाउने, चार हात भएकी, प्रेतमाथि बसेकी, छरिएर ठाडा-ठाडा भएको केश भएकी, कर्त्री, खप्पर, खट्वाङ्ग, डमरु हातमा धारण गरेकी यहीं नै फल दिने र अपवर्ग फल नदिने नित्यरूप वज्रयोगिनीको मूर्ति झल्कन्छ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : तीन मुख भएबाट त्रितत्त्वात्मिका, तीन आँखाबाट तीन बिन्द्वात्मिका, लाल वर्णबाट रजोगुणात्मिका, मुर्दामाथि नाचिरहेकी-बाट परब्रह्मको आह्लादरूपिणी, हार र गहनाहरू लाएबाट साम्राज्यरूपिणी, मुण्डमाला पहिरेकोबाट अक्षररूपिणी, नागको जनै लाएबाट विषनाशिनी, बाघको छालाको पोशाक लाएबाट अष्टाङ्ग योगरूपिणी, सिंहको छाला ओढेबाट परमज्ञानरूपिणी, वज्र-

घण्टाबाट वर दिन रुचाउने भन्नाले बौद्ध मार्ग रुचाउने, चार हात भएबाट चार आत्मारूपिणी, प्रेतमाथि बसेबाट परमात्मारूपिणी, छरिएर ठाडा-ठाडा भएको केशबाट कुलकुण्डलिनी रूपिणी, हातमा धारण गरेको कर्त्रीबाट विद्वेषणरूपिणी, खप्परबाट बुद्धि रूपिणी, खट्वाङ्गबाट तापत्रयनाशकरूपिणी, डमरुबाट सर्वनादस्वरूपिणी वज्रयोगिनी-को मूर्ति भन्ने बुझिन्छ ।

स्वाधिष्ठान चक्रलाई पूर्वाम्नायात्मक चक्रको भावना गरी त्यस चक्रको कर्णिकामा पूर्णेश्वरीको रूपको कल्पना गरिन्छ । सो यस प्रकारको हुन्छ ।

इन्द्रनीलसमप्रख्या दशदोर्दण्डधारिणी ।
वराभयकरं रम्यं तीक्ष्णशूलकपालकम् ।।
डमरुं चाक्षमालां च शक्तिं चैव करांबुजैः ।
इक्षुचापं शरं चैव खड्गहस्तासुशोभिनी ।।
महाप्रेतोपरिगतसूर्यचन्द्रासनस्थिता ।
वासुकीशंखपालौ द्वौ कर्णभूषणतांगतौ ।।
अनन्तहारमालां च हारालंकारभूषिता ।
विशालत्रयनेत्रा च चन्द्रार्धकृतशेखरा ।
एषा पूर्णेश्वरी ध्येया हाहाराववरप्रिया ।।

यस ध्यानबाट इन्द्रनील जस्तो वर्ण भएकी, दश बाहु भएकी, हातमा वर अभय, तीखो शूल, कपालपात्र, डमरु, अक्षमाला, शक्ति, ऊखुको धनु र बाण (पुष्पवाण) र खड्ग धारण गरेकी, महाप्रेतमाथि सूर्य र चन्द्रको आसन गरेर उभिएकी अर्थात् दाहिने खुट्टाले चन्द्रमा र बायाँ खुट्टाले सूर्यलाई टेकेर उभिएकी, वासुकि र शंखपाल दुई नागरूप दुई कानमा कुण्डल लगाएकी, अनन्त नागको हार र माला लगाएकी, ठूला-ठूला तीन आँखा भएकी, माथमा चन्द्रमा पहिरेकी पूर्णेश्वरीको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : इन्द्रनील जस्तो वर्ण भएबाट मोक्ष-स्वरूपिणी, दश हात भएबाट दश इन्द्रियस्वरूपिणी, हातमा धारण गरेको वरबाट अभीष्ट सिद्धिस्वरूपिणी, अभयबाट नीडररूपिणी, तीखो शूलबाट वायुको तीखो वेग स्वरूपिणी, कपालपात्रबाट विवेकस्वरूपिणी, डमरुबाट सर्वनादस्वरूपिणी, अक्षमालाबाट विश्वचक्रस्वरूपिणी, शक्तिबाट वर्कतस्वरूपिणी, ऊखुको धनुबाट मोहन तत्त्वात्मिका, बाण (पुष्पवाण) बाट जृंभणतत्त्वात्मिका, खड्गबाट विजयरूपिणी, महाप्रेतमाथि बसेबाट पंचतत्त्वात्मिका र सूर्य र चन्द्रको आसन गरेबाट दिनरात्रि विभाजिनी, वासुकि र शंखपाल जस्ता नागको कुण्डल हार इत्यादि गहना लगाएबाट निर्विषीकरणतत्त्वात्मिका, ठूला ठूला तीन आँखा भएबाट तीन बिन्द्वात्मिका, माथमा चन्द्रमा पहिरेबाट परमामृतस्वरूपिणी पूर्णेश्वरीको स्वरूप भन्ने बुझिन्छ ।

मणिपूर चक्रलाई दक्षिणाम्नायात्मक चक्रको भावना गरी त्यस चक्रको कर्णिकामा सिद्धिकालीको रूपको कल्पना हुन्छ । सो यस प्रकार हुन्छ—

खड्गोद्भिन्नेन्दुबिम्बस्रवदमृतरसाप्लाविताङ्गी त्रिनेत्रा
सव्ये पाणौ कपालोद्गलदमृतरसं मुक्तकेशी पिबन्ती ।
दिग्वस्त्रा बद्धकाञ्ची मणिमयमुकुटाद्यैर्युता दीप्तजिह्वा
पायान्नीलोत्पलाभारविशशिविलसत्कुण्डलालीढपादा ॥

यस ध्यानबाट देब्रे हातको खड्गले चन्द्रबिम्ब छेडेर त्यसबाट चुहिएको अमृतले शरीर लफ्लफ् भिजेकी, तीन नेत्र भएकी, दाहिने हातको खप्परुबाट छचल्केको अमृतरस पान गरिरहेकी, झाँक्रो फिजेकी, मेखला बाँधेकी, मणिजडित, मुकुटहरूले शोभायमान भएकी, जाज्वलाकार जिब्रो भएकी, नीलकमलको जस्तो कान्ति भएकी, सूर्य चन्द्ररूप कुण्डल पहिरेकी, अलीढ (पाद) मुद्रामा रहेकी, यस्ती निर्वाङ्ग नाङ्गो भगवती अर्थात् सिद्धिकालीले रक्षा गरून् ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : देब्रे हातबाट चन्द्रबिंब छेडेर त्यसबाट चुहिएको अमृतले शरीर लफलफ भिजेबाट ज्ञानामृतरूपिणी, तीन नेत्र भएबाट तीन बिन्द्वात्मिका, दाहिने हातको खप्परुबाट अमृत रस पान गरिरहेकीबाट सत्वगुणात्मिका जगद्धात्री भन्ने बुझिन्छ। झाँक्रो फिजेकी भएबाट निर्विकारा, मेखला बाँधेबाट स्थित्यात्मिका, मणिजडित मुकुट लाएबाट विश्वराज्ञी, जाज्वलाकार जिब्रो भएबाट प्रकाशस्वरूपिणी, नीलकमल जस्तो कान्ति भएबाट जगद्व्यापिनी, सूर्यचन्द्र-रूप, कुण्डल पहिरेबाट दिन र रात विभाजन गर्ने शक्ति, आलीढ मुद्रामा रहेकी-बाट……………'निर्वाङ्ग नांगी भएबाट मायातीता स्वरूपकी सिद्धिकालीको रूप भन्ने बुझिन्छ ।

अनाहत चक्रलाई पश्चिमाम्नायात्मक चक्रको भावना गरी त्यस चक्रको कर्णिकामा त्रिवक्त्रा कुब्जिकाको रूपको कल्पना हुन्छ सो यस प्रकारको हुन्छ ।

त्रिवक्त्रा षड्भुजा देवी नवनेत्रा महाबला ।
श्यामा रक्ता च शुक्ला च सर्वरत्नोपमण्डिता ॥
केयूरहारकटककुण्डलैः सुमनोहरा ।
कर्णपूरौ तु चन्द्रार्कौ बालेन्दुकृतशेखरा ॥
मस्तकाभरणं शुक्तिमणिमालासुशोभिता ।
वर्वराकेशभारा च तन्वङ्गी चारुशोभना ॥
नागयुक्तशिखाकोशा नग्नवासा दिगम्बरा ।
दुर्बला बलपूर्णा च नेत्रावर्तसुशोभना ॥

त्रिकोणाननसंदीप्ता विद्युत्कोटिसमप्रभा ।
स्तनौ कलशसंपूर्णौ रम्भास्तम्भोपमौ स्फिचौ ॥
चरणौ नूपुरयुतौ योगिनी-सिद्धवन्दितौ ।
मञ्जरी रत्नखचिता वामहस्ते प्रतिष्ठिता ॥
दक्षिणे शूलहस्ता च वामहस्ते कपालकम् ।
दक्षिणे खड्गविख्यातमपरे मतपुस्तिकम् ॥
स्फटिकस्याक्षमाला च दक्षहस्ते सदा स्थिता ।
वासुकिहारनिलया सर्पाभरणभूषिता ॥
रक्तानना च ह्रस्वा च गर्जन्ती मेघसंघवत् ।
क्रोधर्दष्टर्महासिंहसिंहरूपा भयानका ॥
मुक्ताट्टहासवचनं नृत्यन्ती मेरुमण्डले ।
सर्वावयवसंपूर्णा मालाविद्याह (द्य) लंकृता ।
कुटिलाङ्गी तथा स्तब्धा चक्रकेशा भयंकरा ॥
मातङ्गी मदिरा (मोदा) मेदोन्त्रैश्च विभूषिता ।
अमोघ ओघवर्षन्ती सुधारूपा विचिन्तयेत् ॥
महाव्योमासने लीना ब्रह्मचक्रप्रवाहिनी ।
आप्यायन्ती च भूतानां परबीजा परा ध्रुवा ॥
कम्बुग्रीवा स्फिचौ गात्रौ किञ्चित्कुञ्चितलोचना ।
शक्त्यन्ते बन्धयेल्लक्ष्यं महाव्योमं निरीक्षयेत् ॥
ततः पश्यति तां देवीं परिपूर्णशशिप्रभाम् ।
देव्यैः (वैः) परिवृता देवी महाव्योमोपरिस्थिता ॥
पश्यते साधको धीरः सर्वकामफलप्रदाः (म्) ।
कौलिनी कथिता तुभ्यमतिगुह्या सुरोत्तमम् ॥

यस ध्यानबाट श्यामवर्ण, रक्तवर्ण र शुक्लवर्णका तीन मुख तथा छः हात र नौ नेत्र भएकी, रत्नहरूले सिंगारिएकी, बाजु बाला हार र कुण्डल, कानमा चन्द्रसूर्यको कर्णपूर अनि माथमा मुकुट र बालचन्द्रको चाँद पहिरेकी सीपी र मणिहरूको मालाले सुशोभित भएकी झाँक्रो फिजेकी, पातलो शरीरकी, खूब राम्री अति बलिई नागले जुरो बाँधेकी, निर्वाङ्ग नाङ्गी, नेत्र घुमेकी, वा घुमाउरो नेत्र भएकी, त्रिकोणाकार मुखले देदीप्यमान भएकी, करोडौं बिजुलीको जस्तो तेज भएकी, कलश जस्तो परिपुष्ट स्तन भएकी वा कलशाकारको आभूषण छातीमा पहिरेकी, केराको थाम जस्तो जाँघ (तिघ्रा) भएकी, पाउमा नूपुर (पाउजेब वा पैरा) पहिरेकी, देब्रेपट्टि हातमा रत्नखचित मंजरी, खप्पर पुस्तक र दाहिनेपट्टि हातमा शूल खड्ग र फट्टिकको वा फट्टिकयुक्त रुद्राक्षको जपमाला धारण गरेकी, वासुकि नागको कण्ठा र अरू सर्प (नाग) हरूको

गहना लाएकी, सेतो मुख र पुड्को कदकी, मेघ जस्तो गर्जना गरिरहेकी, क्रोधपूर्ण दृष्टि भएकी, सिंह जस्ती भयानकरूपिणी, अट्टहास युक्त आवाज गर्दै मेरुदण्डमा नृत्य गरिरहेकी, सारा अंगप्रत्यङ्ग परिपूर्ण भएकी, मालारूप विद्याले अर्थात् वर्णमातृकाहरूले सिंगारिएकी, टेढो अंगकी, स्तब्ध (अरट्ठो) किसिमकी, घुँगुरिएको केश भएकी, डरलाग्दी, मदिराले मदमत्त भएकी, मातङ्गी (मतङ्गकन्या वा नागिनी स्वरुपकी) बोसो र आन्द्राहरू लाएकी, निरन्तर (अमृत) वर्षाइरहेकी, सुधास्वरूपिणी महाकाशमा लीन भएर ब्रह्मचक्र चलाउने, सबै प्राणीहरूलाई आप्यायान गर्ने, सबैको परबीज स्वरूपिणी, अलिअलि आँखा खुम्चेकी, चन्द्रमाको जस्तो कान्ति भएकी, महाकाशमाथि बसेकी, सब प्रकारको कामना पूर्ण गरिदिने अत्यन्त गुप्तकौलिनी (कौलिनी वा कुलकुण्डलिनी) रूप कुब्जिका देवीको चित्र झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : श्यामवर्णको मुखबाट तमोगुणात्मिका, रक्तवर्णको मुख भएबाट रजोगुणात्मिका, सेतो वर्णको मुखबाट सत्त्वगुणात्मिका अर्थात् त्रिगुणात्मिका, छः हात भएबाट षड्रस रूपिणी, नौ नेत्र भएबाट नौ आत्मा स्वरूपकी, बाजू, बाला, हार र कुण्डल आदि रत्नहरूले सिंगारिएबाट विश्वराज्ञी, कानमा चन्द्र सूर्यको कर्णपूर लाएबाट शीतोष्णस्वरूपिणी, माथमा मुकुट र बाल चन्द्रको चाँद पहिरेबाट परमामृत रूप, झाँक्रो फिंजेबाट निर्विकारा, पातलो शरीरकी भएबाट तृष्णा रूपिणी, खूब राम्री भएबाट जगन्मोहिनी, अति बलिई भएबाट बलस्वरूपिणी, नागको जुरो बाँधेकी भएबाट कुलकुण्डलिनी स्वरूपिणी, निर्वाङ्ग नाङ्गी भएबाट मायातीता, नेत्र घुमेकीबाट दिव्य दृष्टिस्वरूपिणी, त्रिकोणाकार मुखले देदीप्यमानकीबाट कुलकुण्डलिनी शक्ति, करोडौं बिजुली जस्तो तेज भएबाट प्रकाशरूपिणी, कलश जस्तो परिपुष्ट स्तनकी वा कलशाकारको आभूषण छातीमा राखेकी भएबाट विश्वंभरा, केराको थाम जस्तो जाँघ (तिघ्रा) भएबाट सौभाग्यरूपिणी, पाउमा नूपुर लाएकी भन्नाले सर्वत्रचारिणी, देब्रेपट्टिको हातमा रत्नखचित मंजरीबाट वैभवस्वरूपिणी, खप्परबाट विवेक, पुस्तकबाट ज्ञान र दाहिने हातमा रहेको शूलबाट हावाको वेग, खड्गबाट विजय र फट्टिकको जयमालाबाट मन्त्ररूपिणी, नाग र सर्पको गहनाहरू लाएबाट निर्विषी तत्त्वरूपिणी, रातो मुख र पुड्को कद भएबाट पनि कुलकुण्डलिनी, मेघको जस्तो गर्जन गरिरहेबाट अन्तर्नादस्वरूपिणी, क्रोधपूर्ण दृष्टि भएबाट कूर्चबीज स्वरूपिणी, सिंह जस्तो भयानकबाट ज्ञानगम्य परब्रह्मस्वरूपिणी, अट्टहास युक्त आवाज गर्दै मेरुमंडलमा नृत्य गरिरहेकीबाट लययोगद्वारा ब्रह्मरन्ध्रमा आरोह अवरोह गरिरहेकी, सारा अंग-प्रत्यंग परिपूर्ण भएकी भन्नाले पूर्णब्रह्मस्वरूपिणी, मालारूप विद्याले अर्थात् वर्णमातृकाहरूले सिंगारिएबाट शब्दब्रह्मस्वरूपिणी, टेढो अङ्गकी र अरट्ठो किसिमकी भएबाट सार्धत्रिवलयाकारा (साढे तीन फन्को बेह्रिएकी) बाट कुलकुण्डलिनीरूप भन्ने बुझाउँछ । घुँघुरिएको केश भएबाट जगद्व्यापिनी, मदिराले

मदमत्त भएकी भन्नाले ब्रह्मरन्ध्रबाट चुहिएको अमृत पान गरिरहेकी कुलकुण्डलिनी, वोसो र आन्द्राहरू लाएकी मातङ्गी भन्नाले अनेक नाडीहरू साथमा लिएकी सर्पाकारकी कुलकुण्डलिनी, महाकाशमा लीन भएर ब्रह्मचक्र चलाउने भन्नाले समाधि अवस्था गराउने तत्त्वस्वरूपिणी, कुलकुण्डलिनीलाई जाग्रत गराउनाको लागि हृदयमा रही मुटु चलाउने अवस्थामा पुगेकी कुण्डलिनी स्वरूपिणी कुब्जिकाको रूप भन्ने बुझिन्छ ।

विशुद्धि चक्रलाई उत्तराम्नायात्मक चक्रको भावना गरी त्यस चक्रको कर्णिकामा गुह्यकालीको रूपको कल्पना हुन्छ । सो यस प्रकारको हुन्छ—

त्रिमुखी मनुजद्वीपफेरुवक्त्रैः सुशोभिता ।
चतुर्भुजा खड्गशूलौ दक्षिणे बिभ्रती शिवा ।
वामे करे पाशमुष्टी दधाना कालविग्रहा ॥

यस ध्यानबाट मानिस चितुवा र स्यालरूप तीन मुख भएकी, चार हात भएकी, दाहिने हातमा खड्ग र शूल तथा वायाँ हातमा पाश र मुष्टि (मुठी बाँधेकी) धारण गरेकी कालस्वरूपिणी गुह्यकालीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : मानिसको मुखबाट विवेकरूपिणी, चितुवाको मुखबाट योगरूपिणी, स्यालको मुखबाट बुद्धिरूपिणी, दाहिने हातमा रहेको खड्गबाट विजय, शूलबाट वायुको वेग तथा देब्रे हातमा रहेको पाशबाट वशीकरण र मुष्टिबाट कोष (भण्डार) रूपिणी; काल अर्थात् वेलारूपिणी गुह्यकालीको स्वरूप भन्ने बुझिन्छ ।

आज्ञाचक्रलाई ऊर्ध्वाम्नायात्मक भावना गरी त्यस चक्रको कर्णिकामा नवार्णात्मिका श्री विद्याको रूपको कल्पना हुन्छ, सो यस प्रकारको हुन्छ—

मातुलुङ्ग-पयोजन्महस्तां कनकसन्निभाम् ।
पद्मासनगतां बालां ध्यायेद् सर्वार्थसिद्धये ॥

यस ध्यानबाट सुन जस्तो वर्ण भएकी, बिमिरो र शंख हातमा लिएकी, बाला रूप श्रीविद्याको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : सुन जस्तो वर्ण भएबाट सौभाग्यस्वरूपिणी; हातमा लिएको बिमिरोबाट ऐश्वर्यस्वरूपिणी, शंखबाट नाद स्वरूपिणी, बाला स्वरूप भन्नाले आदि शक्ति स्वरूपकी भन्ने बुझिन्छ ।

ब्रह्मरन्ध्रमा उनैको रूपान्तरको भावना हुन्छ । सो यस प्रकारको हुन्छ—

वरपीयूषकलशपुस्तकाभीतिचारिणीं ।
सुधां स्रवन्तीं ज्ञानाप्तौ ब्रह्मरन्ध्रे विचिन्तयेत् ॥

यस ध्यानबाट चार बाहुमा वरदमुद्रा, अमृतको कलश, पुस्तक र अभय धारण गरेकी, सहस्रारबाट परमामृत वृष्टि गरिरहेकी, परदेवताको मूर्ति झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ: वरदमुद्राबाट अभीष्ट सिद्धि, अमृतको कलशबाट अखण्ड ज्ञानस्वरूपिणी, पुस्तकबाट विद्यास्वरूपकी, परमामृत वृष्टि गरिरहेकी सच्चिदानन्दस्वरूपिणी परदेवता भन्ने बुझिन्छ ।

अब सूक्ष्मदेहको विषयमा केही कुरा दर्शाउने चेष्टा गर्दछु । मन, बुद्धि, चित्त र अहंकारको समष्टिरूपबाट सूक्ष्म देह बन्दछ । सूक्ष्म देहका मूलाधारादि षट्चक्रहरू नै शाम्भवका षट्चक्र हुन् । इष्ट देवताको सूक्ष्मरूप र आफ्नो सूक्ष्मदेह तथा इष्ट देवताको कारणदेह र आफ्नो कारणदेहको ऐक्यचिन्तन योग अभ्यासद्वारा पराकाष्ठामा पुगेपछि एकाकारवृत्ति हुन्छ । अतः शाम्भवको षट्चक्रलाई देवताको षट्चक्र मान्दछन् । स्थूल देहमा मेरुदण्डभित्रको ब्रह्मनाडीमा छः ओटा श्वासको स्पन्दी वा नाडीपुञ्जमा षट्चक्रको कल्पना हुन्छ भन्ने कुराको पहिले नै चर्चा भइसकेको छ । हाम्रो मस्तिष्कको उपल्लो भागमा ज्ञानरूपी तथा तल्लो भागमा विवेकरूपी बुद्धि, छातीभित्र मुटुको ठीकमाथि 'मन', ह्याकुलाको पछिल्तिर र मेरुदण्डको अघिल्तिरको ठीक बीचमा 'चित्त' अनि नाभिस्थानको वरिपरि अहंकार लेसिएका हुन्छन् । यिनैलाई आफ्आफ्नो कर्ममा प्रवृत्त गराउने तत्त्वका स्फुरणलाई चक्ररूपमा कल्पना गर्दछन् र यिनै चारलाई ''चतुरन्वय शाम्भव'' भन्दछन् । फेरि सहस्रारमा रहेकी चेतना शक्ति (चैतन्य) र मूलाधारमा रहेकी कुण्डलिनी शक्तिको परस्पर खिचावटबाट सूक्ष्मदेह (मन, बुद्धि, चित्त र अहंकार) लाई पूर्वोक्त ठाउँहरूमा संलग्न गराएर स्थूल देहमा मिलाएको छ । यी दुई चैतन्य र कुण्डलिनीको आफ्नो-आफ्नो कर्ममा प्रवृत्त गराउने तत्त्वस्फुरणलाई समेत चक्र मानेर जम्मा छः चक्रको कल्पना गर्दा नै षडन्वयशाम्भव बन्दछ । 'मन' संकल्प विकल्पद्वारा रच्ने हुनाले यसको स्फुरण तत्त्वलाई पूर्वाम्नायात्मक मान्दछन् । किनभने पूर्वाम्नाय सृष्ट्यात्मक हो र सृष्टि नै रचना हो । अनि बुद्धि विवेक र ज्ञानद्वारा मनले रचेको पदार्थको चाल पाई निर्णय गर्ने अर्थात् बोध पार्ने हुनाले र अधराम्नायात्मिका महानीलसरस्वती (महानील तारा) स्वयं नै बोधरूपा हुँदा त्यस बुद्धिको स्फुरण तत्त्वलाई अधराम्नायात्मक मान्दछन् ।

'चित्त' मनले रचेर बुद्धिले बोध गराएको पदार्थ आफूमा घुसाई जोगाउने हुनाले र जोगाउनु नै पालन गर्नु वा स्थिति गर्नु हुँदा त्यस चित्तको स्फुरण तत्त्वलाई

स्थितिरूप दक्षिणाम्नाय मान्दछन् । अहंकार कामकलारूप हुँदा र कामकलाकाली स्वयं उत्तराम्नायात्मिका गुह्यकाली हुनाले त्यस अहंकारको स्फुरण तत्त्वलाई उत्तराम्नाय मान्दछन् । अनि कुलकुण्डलिनी स्वयं कुब्जिकारूप हुनाले र कुब्जिका पश्चिमाम्नायजननी हुँदा त्यस कुण्डलिनीको स्फुरण तत्त्वलाई पश्चिमाम्नायात्मक मान्दछन् । फेरि सर्वोपरि रहने चेतना वा चैतन्य शक्ति स्वयं ऊर्ध्वाम्नायात्मिका महात्रिपुरसुन्दरी निम्नलिखित वचनानुसारकी हुन्छिन्—

प्रकाशश्च विमर्शश्च स्पन्दः सत्ता चितिः क्रिया ।
स्फुरत्तेति समाख्याता सा वै त्रिपुरसुन्दरी ॥

अतः त्यस चैतन्यका स्फुरण तत्त्वलाई ऊर्ध्वाम्नाय मान्दछन् । सूक्ष्मदेहका षडाम्नाय यस प्रकारका हुन्छन् ।

स्थूल देहको षड्चक्रचिन्तनको कादि (कुण्डली) क्रम हुनाले मूलाधारदेखि चढ्दै माथि सहस्रारमा पुग्नुपर्छ । फेरि सूक्ष्म देहको हादि (हंस) क्रम हुनाले माथि वुद्धिको स्फुरण तत्त्वबाट झर्दै तल कुण्डलीको स्फुरण तत्त्वसम्म पुग्नुपर्छ । त्यस-उसले तलवाटको स्थूल देहको क्रममा माथिवाटको सूक्ष्म देहको क्रमको संपर्क गराएर शाम्भव षट्चक्रको कल्पना हुन्छ । त्यो कस्तो हुन्छ भने अधराम्नायात्मक वुद्धिको स्फुरण तत्त्वमा मूलाधार चक्रको पृथ्वी तत्त्व मिल्दा नवात्मकूटको तत्त्व वनी पार्थिव नवात्मक चक्र शाम्भव मूलाधार चक्ररूप, उस्तै गरी पूर्वाम्नायात्मक मनको स्फुरण तत्त्वमा स्वाधिष्ठानको तेजस्तत्त्व मिल्दा संवर्त कूटको तत्त्व वनी तैजस संवर्त चक्र शाम्भव स्वाधिष्ठान चक्ररूप दक्षिणाम्नायात्मक चित्तको स्फुरण तत्त्वमा मणिपूरको जलतत्त्व मिल्दा द्वीप कूटको तत्त्व वनी आप्य द्वीपचक्र शाम्भव मणिपूर चक्ररूप, उत्तराम्नानात्मक अहंकारको स्फुरण तत्त्वमा अनाहतको वायुतत्त्व मिल्दा हंसकूटको तत्त्व वनी वायव्य हंसचक्र शाम्भव अनाहत चक्र रूप, पश्चिमाम्नायात्मक कुण्डलिनीको स्फुरण तत्त्वमा विशुद्धिको आकाश तत्त्व मिल्दा विच्चे कूटको तत्त्व वनी नाभस विच्चे चक्र शाम्भव विशुद्धि चक्ररूप अनि ऊर्ध्वाम्नायात्मक चैतन्यको स्फुरणमा आज्ञा तत्त्वको मनको सारभूत विद्युत्तत्त्व मिल्दा परकूटको तत्त्व वनी मानस परचक्र शाम्भव आज्ञा चक्ररूप वन्न जान्छ ।

स्थूल देहको चक्रचिन्तनको मतमा पंचतत्त्वको क्रम अर्थात् पृथ्वी, जल, तेज, वायु अनि आकाश तथा सूक्ष्म देहको चक्रचिन्तनको मतमा सूक्ष्म देहको स्थानको क्रम अर्थात् वुद्धि, मन, चित्त, अहंकार अनि कुलकुण्डलिनी हुनाले यी दुई क्रमको चक्रमा आम्नाय र तत्त्वको स्थानमा केही यस्तो भेद हुन्छ ।

चक्र	सूक्ष्मदेह वा शाम्भवमा	स्थूल देहमा
आज्ञा	चिति ऊर्ध्वाम्नाय मानस	चैतन्यात्मक ऊर्ध्वाम्नाय
विशुद्धि	कुण्डली पश्चिमाम्नाय वायवीय	आकाशात्मक उत्तराम्नाय
अनाहत	अहंकार उत्तराम्नाय नाभस	पश्चिमाम्नाय वाय्वात्मक
मणिपूर	चित्त दक्षिणाम्नाय आप्य	तेजस्तत्त्वात्मक पूर्वाम्नाय
स्वाधिष्ठान	मनपूर्वाम्नाय तैजस	जलात्मक दक्षिणाम्नाय
मूलाधार	बुद्धि अधराम्नाय पार्थिव	पृथ्वीतत्त्वात्मक अधराम्नाय

चैतन्य तत्त्वातीत र सर्वसाक्षी हुँदा र विद्युत्कोश नै आज्ञाचक्र हुनाले दुवै मतले यस चक्रलाई तत्त्वातीत र ऊर्ध्वाम्नायात्मक मानेको छ ।

यस शाम्भव मतको सहस्रारचक्रमा षडन्वयेश्वर शाम्भवको मूर्तिको कल्पना हुन्छ । सो यस प्रकारको हुन्छ—

सहस्रादित्यसंकाशो महादीप्तिधरो गुरुः ।
षडन्वयेश्वरः श्रीमान् परशंभुरजोऽव्ययः ॥
षडाननः स्फुरन्नेत्रः प्रतिवक्त्रं त्रिलोचनः ।
द्वीपिचर्म्मकटिस्फारमुण्डमालाविभूषणः ॥
अस्थिरत्नपारिजातपुष्पमालासमावृतः ।
ब्रह्मनाभिकराङ्गुष्ठदंष्ट्राविस्तृतलोलितः ॥
विचित्राभरणैर्युक्तः सर्वतः पशुपाशहृत् ।
शूलासीषुशक्तिसृणिवरधारी महातनुः ॥
कपालफलचापाद्यपाशाभयकरोद्यतः ।
देवावृते पितृवने क्रीडाकृन्मानसोत्तरे ॥
एवं परेश्वरीं ध्यायेत्स्तनयोनिसमावृताम् ।
मानसं शाम्भवं ध्यायेज्जपेद्विद्यामनन्यधीः ॥

यस ध्यानबाट हजार सूर्य जस्तो प्रकाश भएका, छ : मुख (टाउको) भएका, हरेक मुखमा ठूला-ठूला तीन तीनवटा आँखा भएका, छः हात भएका, कम्मरमा

चितुवाको छाला बेरेका, मुण्डमाला पहिरेका, हाडको, रत्नको, पारिजात फूलको माला पहिरेका, विचित्रको आचरण पहिरेका, हातमा शूल, तरवार, बाण, शक्ति, अंकुश र वरमुद्रा तथा कपाल पात्र, फल, चाप (धनु), माला, पाश अभय मुद्रा धारण गरेका, देवताहरूले घेरिएर श्मशानमा खेलिरहेका षडन्वयेश्वरस्वरूप अज अव्यय परशंभुको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : हजार सूर्य जस्तो प्रकाश भएबाट प्रकाशरूप ब्रह्म, छः मुख (टाउको) भएबाट षड्रसात्मक रूप, हरेक मुखमा तीन-तीन आँखा भएबाट बिन्दुत्रयात्मक, छः हात भएबाट षडध्वात्मक[1] रूप, कम्मरमा बाँधेको चितुवाको छालाबाट योगरूप, मुण्डमालाबाट चउन्न अक्षरात्मक रूप, हाड रत्न र पारिजातको फूलको माला लाएबाट त्रिगुणात्मक रूप, विचित्रको आवरण पहिरेबाट विचित्रात्मक रूप, हातमा धारण गरेको शूलबाट वायुको जस्तो वेग, तरवारबाट विजय, बाणबाट पापमोचकता, शक्तिबाट वर्कत, अंकुशबाट स्तम्भन, वरमुद्राबाट अभीष्ट सिद्धि दिने तथा कपालपात्रबाट बुद्धि विवेकात्मक रूप भनी फलबाट अभीष्ट-फलदायक रूप, धनुबाट ज्ञानरूप, अक्षमालाबाट प्राणरूप, पाशबाट वशीकरणतत्त्व तथा अभयबाट नीडर रूपका देवताद्वारा घेरिएर श्मशानमा खेलिरहेका षडन्वयेश्वरको रूस भन्ने बुझिन्छ ।

आज्ञाचक्र मानस चक्र हो। यसमा माथि बताएको षडन्वयेश्वर शाम्भवकै रूपको अर्थात् छः मुख भएका, सुनौला वर्ण भएका, मानिसरूप मुर्दामा बसेका, परेश्वर शाम्भवको भावना गरी तिनको नाभिकमलको कर्णिकामा परेश्वर कूटको भावना गर्नू अनि मूलाधारको सहस्रारमा परमेश्वरी कूटको भावना गरी सोही कूटलाई छः मुख, सुनौला वर्ण भएकी, मानिसरूप मूर्दामाथि बसेकी परेश्वरको जस्तै रूप भएकी परेश्वरीको भावना गरी परेश्वर र परेश्वरीको युगल मूर्तिलाई सहस्रारमा पुऱ्याई उनलाई षट्कोणले वेष्टित भएको भावना गरी नाङ्गा, झाँक्रो फिंजेका, वर र अभय हातमा धारण गरेका निम्नलिखित रश्मिमिथुनका रूपको भावना गर्नू ।

पहिले सो षड्कोण चक्रको ईशानमा रातो वर्णका निम्नलिखित चार मिथुनको भावना हुन्छ—

१. परापरानन्दनाथ परापराम्वा देवी
२. परानन्दनाथ पराम्वा देवी
३. चिदानन्दनाथ चितपराम्बा देवी

---

१. वर्णः कला पदं तत्त्वं मन्त्रो भुवनमेव च । इत्यध्वषट्कं देवेशि भाति त्वयि चिदात्मनि ।
अर्थात् (१) वर्णाध्वा (२) कलाध्वा (३) पदाध्वा (४) तत्त्वाध्वा (५) मन्त्राध्वा (६) भुवनाध्वा यी छ : प्रकारका हुन्छन् ।

४. महामायानन्दनाथ महामाया पराम्वा देवी

पूर्वमा सेतो वर्णका निम्नलिखित पाँच मिथुनको भावना हुन्छ—

१. इच्छानन्दनाथ इच्छापराम्वा देवी

२. सृष्ट्यानन्दनाथ सृष्टिपराम्वा देवी

३. स्थित्यानन्दनाथ स्थितिपराम्वा देवी

४. तिरोधानानन्दनाथ तिरोधानपराम्वा देवी

५. भुक्त्यानन्दनाथ भुक्तिपराम्वा देवी

आग्नेमया ध्वांसे वर्णका निम्नलिखित चार मिथुनको भावना हुन्छ—

१. ज्ञानानन्दनाथ ज्ञानापराम्वा देवो

२. सत्यानन्दनाथ सतीपराम्वा देवी

३. असत्यानन्दनाथ असती पराम्वा देवी

४. सदसत्यानन्दनाथ सदसतीपराम्वा देवी

नैर्ऋत्यमा कालो वर्णका सात मिथुनको भावना गर्नू—

१. क्रियानन्दनाथ क्रियापराम्वा देवी

२. गोचरानन्दनाथ गोचरापराम्वा देवी ।

३. लोकमुखानन्दनाथ लोकमुखा पराम्वा देवी ।

४. लोकजानन्द नाथ लोकजापराम्वा देवी ।

५. वेदानन्दनाथ वेदापराम्वा देवी ।

६. सच्चिदानन्दनाथ सच्चित्पराम्वा देवी ।

७. वेदजानन्दनाथ वेदजापराम्वा देवी ।

पश्चिममा रातो वर्णका निम्नलिखित चार मिथुनको भावना हुन्छ—

१. कुण्डल्यानन्दनाथ कुण्डलीपराम्वा देवी ।

२. शुष्मणानन्दनाथ शुष्मणापराम्वा देवी ।

३. प्राणसूत्रानन्दनाथ पाण सूत्रापराम्वा देवी ।

४. स्पन्दानन्दनाथ स्पन्दापराम्वा देवी ।

वायव्यमा पहेंलो वर्णका निम्नलिखित आठ मिथुनको भावना हुन्छ—

१. मातृकानन्द नाथ मातृकापराम्वा देवी ।

२. गर्भानन्दनाथ गर्भापराम्वा देवी ।

३. वर्णानन्दनाथ वर्णापराम्वा देवी ।

४. स्वरोद्भवानन्दनाथ स्वरोद्भवापराम्वा देवी ।

५. वर्णजानन्दनाथ वर्णजापराम्वा देवी ।

६. वर्गजानन्दनाथ वर्गजापराम्वा देवी ।

७. संयोगानन्दनाथ संयोगापराम्बा देवी ।

८. मंत्र विग्रहानन्दनाथ मंत्र विग्रहापराम्बा देवी ।

विशुद्धिचक्र नाभस चक्र हो । यसको कर्णिकामा श्वेत रंगको विच्चेश्वर कूटको भावना भई सोही कूटबाट निम्न लेखिएबमोजिम विच्चेश्वर शाम्भवको रूप बन्दछ । सो यस प्रकारको हुन्छ—

शुद्धस्फटिकसंकाशं षड्वक्त्रं द्वादशांघ्रिकम् ।
शूलं चक्रांकुशौ बाणान् पाशं वरञ्च दक्षिणे ॥
वामके तर्जनी शंखं ध्वजञ्च नृशिरस्तथा ।
चापाभये च बिभ्राणं तद्वर्ती च कुलेश्वरीम् ।
सदाशिवाख्यप्रेतस्थौ ध्यायेद्विच्चेश्वरावुभौ ॥

यस ध्यानबाट शुद्ध स्फष्टिक जस्तो सफेद वर्ण भएका, छः मुख भएका, बाह्र ओटा बाहुली भएका, दाहिने हातमा शूल, चक्र, अंकुश, बाण, पाश र वर अनि बायाँ हातमा तर्जनी (चोर औंला ठड्याएको), शंख, ध्वजा, नरमुण्ड (मान्छेको टाउको), धनु र अभय लिएका सदाशिवरूप प्रेतमा बसेका, विच्चेश्वर शाम्भवको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : शुद्ध स्फटिक जस्तो सफेद वर्णबाट सत्त्वगुणात्मक रूप, छः मुख भएबाट षड्रसात्मक रूप, बाह्र हात भएबाट बाह्र[१] स्वरात्मक रूप, दाहिने हातमा धारण गरेको शूलबाट वायव्यताप, चक्रबाट विश्वचक्र, अंकुशबाट स्तम्भन, बाणबाट पापमोचन, पाशबाट वशीकरण, वरबाट अभीष्ट सिद्धिरूप तथा दाहिने हातमा धारण गरेका तर्जनीबाट सावधानी, शंखबाट नादस्वरूप, ध्वजाबाट विश्वराट्रूप, नरमुण्डबाट विवेकरूप, धनुबाट ज्ञान, अभयबाट नीडर रूपका सदाशिव रूप प्रेतमा बसेका विच्चेश्वर शाम्भवको रूप झल्कन्छ ।

मूलाधारको सहस्रारमा विच्चेश्वरी कूटको भावना गरी सोही कूटलाई विच्चेश्वरकै स्वरूपकी विच्चेश्वरी परांबाको मूर्ति भावना गरी सो विच्चेश्वर र विच्चेश्वरीको युगल मूर्तिलाई सहस्रारमा पुऱ्याई तिनलाई षट्कोणले वेष्टित भएको भावना गरी नाङ्गा, झांक्रो फिजेका वर र अभय हातमा धारण गरेका निम्नलिखित रश्मिमिथुनको भावना गर्नू—सो षट्कोणको पूर्वमा सेतो वर्णका निम्नलिखित छः मिथुनको भावना हुन्छ ।

१. हृदयानन्दनाथ कौलिनी पराम्बा देवी ।

---

१. तीव्र स्वर सात र कोमल स्वर पाँच जम्मा बाह्र स्वर हुन्छन् ।

२. धरानन्दनाथ धातृपराम्बा देवी ।

३. भावानन्दनाथ विद्येश्वरी पराम्बा देवी ।

४. भवानन्दनाथ योगिनीपराम्बा देवी ।

५. महानन्दनाथ ब्रह्मसारा पराम्बा देवी ।

६. सर्वानन्द नाथ शाम्भवी पराम्बा देवी ।

आग्नेयमा रातो वर्णका निम्नलिखित छः मिथुनको भावना हुन्छ—

१. आनन्दानन्द नाथ कालिकापराम्बा देवी ।

२. रसानन्द नाथ दुष्ट चाण्डालिनी पराम्बा देवी ।

३. मोहानन्द नाथ घोरेशी पराम्बा देवी ।

४. मनोभवानन्द नाथ लोलापराम्बा देवी ।

५. सेकानन्द नाथ महारक्तापराम्बा देवी ।

६. जातानन्द नाथ कुब्जिका पराम्बा देवी ।

नैर्ऋत्यमा श्याम वर्णका निम्नलिखित छः मिथुनको भावना हुन्छ—

१. खेटानन्दनाथ डाकिनी पराम्बा देवी ।

२. ज्वालानन्दनाथ राकिनी पराम्बा देवी ।

३. महांकुशानन्दनाथ लाकिनी पराम्बा देवी ।

४. श्रियोचरानन्दनाथ काकिनीपराम्बा देवी ।

५. तेजसानन्दनाथ साकिनी पराम्बा देवी ।

६. मूर्द्धानन्दनाथ हाकिनीपराम्बा देवी ।

पश्चिममा ध्वाँसे वर्णका निम्नलिखित छः मिथुनको भावना हुन्छ—

१. वायव्यानन्द नाथ पद्मापराम्बा देवी

२. कुलानन्द नाथ सिंहापराम्बा देवी

३. संहारानन्द नाथ कुलेश्वरीपराम्बा देवी

४. विश्वम्भरानन्द नाथ नादापराम्बा देवी

५. कुटिलानन्द नाथ कर्ममातापराम्बा देवी

६. गालवानन्दनाथ कलिनीपराम्बा देवी

वायव्यमा अरुण वर्णका निम्न प्रकारका छः मिथुनको भावना हुन्छ—

१. व्योमानन्दनाथ व्योमापराम्बा देवी

२. श्वसनानन्दनाथ नादापराम्बा देवी

३. खेचरानन्दनाथ महिमापराम्बा देवी

४. वाकुलानन्दनाथ महामायापराम्बा देवी

५. ज्ञानानन्दनाथ करालीपराम्बा देवी

६. विधानानन्दनाथ कुलेश्वरीपराम्बा देवी

ईशानमा स्फटिक वर्णका निम्नलिखित छः मिथुनको भावना हुन्छ—

१. ज्ञानजानन्दनाथ करालिनीपराम्बा देवी

२. मदनानन्दनाथ द्वीपिकापराम्बा देवी

३. यशानन्दनाथ चेटिकापराम्बा देवी

४. शंखानन्दनाथ मोचिकापराम्वा देवी

५. पादानन्दनाथ पादापराम्वा देवी

६. वारानन्दनाथ चितिपराम्बा देवी

अनाहत चक्र वायवीय चक्र हो। यसको कर्णिकामा ध्वाँसे वर्णको हंसेश्वर कूटको भावना भई सोही कूटबाट निम्न—लेखिएबमोजिम हंसेश्वरको रूप वन्दछ। सो यस प्रकारको हुन्छ—

हंसेशं द्वादशभुजं धूम्रवर्णं षडाननम्।
शूलं चक्रांकुशौ पाशं बाणाँश्च वरदं तथा॥
त्रिशूलञ्च ध्वजं सर्पं शिरश्चापाभयानि च।
दक्षवामक्रमेणैव बिभ्राणं चन्द्रशेखरम्॥
ध्यायेदीश्वरप्रेतस्थं तथा द्वादशपादकम्।
(एवं हंसेश्वरी देवी स्तनयोनिसमन्विता)॥

यस ध्यानबाट ध्वाँसे वर्णका, छः मुख बाह्र हात भएका, दायाँ र बायाँ हातमा क्रमैसित शूल, चक्र, अंकुश, पाश, बाण, वर, त्रिशूल, ध्वजा, सर्प, मुण्ड (टाउको), धनु र अभय लिएका; माथमा चन्द्रमा पहिरेका, बाह्र पाउ भएका मश्वहेर प्रेतमाथि वसेका हंसेश्वरको रूप झल्कन्छ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ: ध्वाँसे वर्ण भन्नाले वायवीय रूप, छः मुख भएबाट षड्रसात्मक रूप, बाह्र हात भएबाट बाह्र स्वरात्मक रूप, दायाँ र बायाँमा क्रमैसित रहेको शूलबाट वायव्यताप, चक्रबाट विश्वचक्र, अंकुशबाट स्तम्भन, पाशबाट वशीकरण, वाणबाट पापमोचन, वरबाट अभीष्ट सिद्धि, त्रिशूलबाट त्रिविधोत्पातक नाशक, ध्वजाबाट विश्वराट् रूप, सर्पबाट विषनाशक रूप, मुण्डबाट बुद्धिविवेक रूप, धनुबाट वैराग्य रूप, अभयबाट नीडर रूप, माथमा चन्द्रमा पहिरेबाट परमामृत रूप, बाह्र पाउ भएबाट तपिन्यादि बाह्र कला स्वरूपका महेश्वर प्रेतमाथि बसेका हंसेश्वरको रूप भन्ने बुझिन्छ।

मूलाधारको सहस्रारमा हंसेश्वरी कूटको भावना गरी सोही कूटलाई हंसेश्वरकै स्वरूपकी स्तन ८ योनिले युक्त भएकी हंसेश्वरी परांबाको मूर्ति भावना गरी सो

हंसेश्वर र हंसेश्वरीको युगल मूर्तिलाई सहस्रारमा पुऱ्याई उनलाई षट्कोणले वेष्टित भएको भावना गरी नाङ्गा, झाँक्रो फिजेका, वर र अभय हातमा धारण गरेका निम्नलिखित रश्मिमिथुनको भावना गर्नू ।

सो षट्कोणको पूर्वमा ध्वाँसे वर्णका निम्नलिखित चार मिथुनको भावना हुन्छ ।

१. खगेश्वरानन्दनाथ भद्रापराम्बा देवी
२. कूर्मानन्दनाथ मल्लिकापराम्बा देवी
३. मेषानन्दनाथ कौशीपराम्बा देवी
४. मीनानन्दनाथ मल्लिकापराम्बा देवी

आग्नेयमा सेतो वर्ण भएका निम्नलिखित पाँच मिथुनको भावना हुन्छ—

१. ज्ञानानन्दनाथ कमलापराम्बा देवी
२. महानन्दनाथ शवरीपराम्बा देवी
३. तीव्रानन्दनाथ तीव्रापराम्बा देवी
४. प्रियानन्दनाथ कुमुदापराम्बा देवी
५. कालिकानन्दनाथ मेनकापराम्बा देवी

नैर्ऋत्यमा रातो वर्ण भएका निम्नलिखित छः मिथुनको भावना हुन्छ—

१. डामरानन्दनाथ डाकिनीपरांबा देवी
२. रामरानन्दनाथ राकिनीपरांबा देवी
३. लामरानन्दनाथ लाकिनीपराम्बा देवी
४. कामरानन्दनाथ काकिनीपरांबा देवी
५. सामरानन्दनाथ साकिनीपरांबा देवी
६. हामरानन्दनाथ हाकिनीपरांबा देवी

पश्चिममा ध्वाँसे वर्णका निम्नलिखित चार मिथुनको भावना हुन्छ—

१. आधारेशानन्दनाथ रक्तापराम्बा देवी
२. मन्दधीशानन्दनाथ कुब्जिकापराम्बा देवी
३. रुद्रेशानन्दनाथ प्रकृतिपराम्बा देवी
४. परापरानन्दनाथ परापरापराम्बा देवी

वायव्यमा शुक्ल वर्णका निम्नलिखित पाँच मिथुनको भावना हुन्छ—

१. हृदीशानन्दनाथ कमलापराम्बा देवी ।
२. शिरसानन्दनाथ कुलदीपिकापराम्बा देवी ।
३. शिखेशानन्द नाथ वर्वरापराम्बा देवी ।

४. वर्मानन्दनाथ बहुरूपा पराम्बा देवी ।
५. अस्त्रानन्दनाथ महत्तरापराम्बा देवी ।

स्वाधिष्ठान चक्र तैजसात्मक चक्र हो । यसको कर्णिकामा बालार्क वर्णको सम्वर्तेश्वर कूटको भावना भई सोही कूटबाट निम्न लेखिएबमोजिम सम्वर्तेश्वर शाम्भवको रूप बन्दछ । सो यस प्रकारको हुन्छ—

पञ्चवक्त्राम्बुजैर्युक्तं प्रतिवक्त्रम् त्रिलोचनम् ।
दशपादं दशभुजं बालार्कमण्डलप्रभम् ।।
दंष्ट्राकरालवदनं मुण्डमालाविभूषितम् ।
स्थूलांगं रत्नसर्पास्थिभूषणामान्त्रमेखलम् ।।
शूलचक्रध्वजवरकपालानि च दक्षिणैः ।
पारिजातं जपवटीं विद्यां चाभयमेव च ।।
टंकं दधानं वामैश्च पाणिपद्मैः क्रमेण च ।
रुद्रप्रेतासने ध्यायेदेकपादेन संस्थितम् ।।

यस ध्यानबाट पाँच मुख भएका, हरेक मुखमा तीन-तीन आँखा भएका, दश पाउ, दश हात भएका, भरखर उदाएको सूर्य झैं रातो वर्ण भएका, दाह्रा निस्केर डरलाग्दो अनुहार भएका, ठूलो शरीर भएका, रत्न, सर्प र हाडहरूको गहना पहिरेका, आन्द्राको कन्धनी लाएका, दाहिने हातमा शूल चक्र ध्वजा वर कपालपात्र र बायाँ हातमा परिजात जपमाला पुस्तक अभय र बञ्चरो धारण गरेका, रुद्र प्रेतासनमाथि एउटा पाउले टेकेको सम्वर्तेश्वर शाम्भवको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : पाँच मुख भएबाट पञ्चतत्त्वात्मक रूप, हरेक मुखमा भएको तीन तीन आँखा भन्नाले पन्ध्र आँखा हुने हुनाले गुणात्मक तत्त्व, दश पाउ भएबाट दश दिशास्वरूप, दश हात भएबाट दश इन्द्रिय स्वरूप, भरखर उदाएको सूर्य झैं रातो वर्ण भएकोबाट सौभाग्य रूप, दाह्रा निस्केर, डरलाग्दो अनुहार भएको भन्नाले सत्त्वगुणात्मक ब्रह्मतत्त्व, ठूलो शरीर भएबाट सर्वव्यापक रूप, रत्न सर्प र हाडहरूको गहना पहिरेको भन्नाले रत्नको गहनाबाट नायकत्व स्वरूप, सर्पको गहनाबाट विषनाशक तत्त्वरूप र हाडको गहना पहिरेबाट साम्य रूप, आन्द्राको कन्धनी लाएबाट भोगप्रद भन्ने बुझिन्छ । दाहिने हातमा रहेको शूलबाट वायव्यताप चक्रबाट रक्षा, ध्वजाबाट विजय, वरबाट अभीष्ट सिद्धि, कपाल पात्रबाट विवेक रूप, बायाँ हातमा रहेको पारिजातबाट शीतोष्ण दुःख-सुखसमता, जपमालाबाट प्राणरूप, पुस्तकबाट विद्यास्वरूप, अभयबाट नीडर रूप र बञ्चरोबाट आग्नेयताप स्वरूपका

रुद्रप्रेतासनमाथि एउटा पाउले टेकेर बसेका सम्वर्तेश्वर शाम्भवको स्वरूप भन्ने बुझिन्छ ।

मूलाधारको सहस्रारमा सम्वर्तेश्वरी कूटको भावना गरो सोही कूटलाई सम्वर्तेश्वरको सम्वर्तेश्वरी परांबाको मूर्तिको भावना हुन्छ । सो यस प्रकार हुन्छ—

षड्वक्त्रां तप्तस्वर्णाभां द्वाविंशतिकराम्बुजाम् ।
स्फुरदादित्यसंकाशलोचनाष्टादशान्विताम् ॥
शूलं कपालं वाणं च चापं खट्वांगमकुशम् ।
पाशं शंखं च चक्रं च गदारत्नासितोमरान् ॥
डमरुं चैव वज्रं च घण्टां त्रिदण्डिकां तथा ।
शक्तिं शवं च कुन्तं च सर्पं जपवटीं करैः ॥
दक्षादक्षक्रमेणैव बिभ्रतीमट्टहासिनीम् ।
संवर्ते 'शीं' ततो ध्यायेदुद्रप्रेतासने स्थिताम् ॥

यस ध्यानवाट तताएको सुन जस्तो वर्ण भएका, छः मुख भएका, वाईस हात भएका, सूर्य जस्तो चम्किलो अठार आँखा भएका, दाहिने हातवाट वायाँसम्म क्रमैसित शूल, कपाल, वाण, चाप, खट्वाङ्ग, अंकुश, पाश, शंख, चक्र, गदा, रत्न, तरवार, तोमर, डमरु, वज्र, घंटा, दण्ड, शक्ति, शव, कुन्त, सर्प र जपमाला लिएकी, खित्का छोडेर हाँसिरहेकी रुद्र प्रेतासनमा रहेकी संवर्तेश्वरीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : तताएको सुन जस्तो वर्ण भएवाट वैभवरूपिणी, छः मुख भएवाट षड्रसात्मिका, बाईस हात भएवाट दश प्रकारको प्राणवायुमा मूल प्रकृति समेत जोडिँदा एघार हुन्छ, अहं आत्माको 'अ' भाग र 'ह' भागमा एघार-एघार हुँदा बाईस हुन गयो । तसर्थ बाईस हात भन्नाले प्राणरूप आत्मा ठहरिन गयो । सूर्य जस्तो चम्किलो अठार आँखा भएवाट विन्दुत्रयको छः आम्नायात्मक अवस्थाको सूचक हुनाले बिन्दुत्रयको विविध स्वरूप भन्ने बुझिन्छ । हातमा धारण गरेको शूलबाट वायव्य ताप स्वरूपिणी, कपालपात्रवाट विवेकरूपिणी, चापबाट ज्ञानरूपिणी, खट्वाङ्गवाट तापत्रयनाशक, अंकुशवाट स्तम्भन, पाशवाट वशीकरण, शंखवाट अनाहत नादस्वरूपिणी, चक्रवाट रक्षारूपिणी, गदावाट वैराग्य, रत्नवाट जगन्नायकत्वरूपिणी, तरवारवाट विजयरूपिणी, तोमरवाट प्रपञ्चरूपिणी, डमरुवाट प्रतिध्वनि, वज्रवाट विद्युत् प्रभा, घंटावाट आहतनादरूपिणी, त्रिदण्डवाट त्रिविधतापनाशक, शक्तिवाट बर्कतरूपिणी, शववाट अचररूपिणी, कुन्तवाट शीतलतारूपिणी, सर्पवाट विषनाशक तत्त्वात्मिका, जपमालावाट मन्त्ररूपिणी, खित्का छोडेर हाँसेवाट परमामृतरूपिणी, रुद्रप्रेतमा बसेकी संवर्तेश्वरीको रूप भन्ने बुझिन्छ ।

सो संवर्तेश्वर र संवर्तेश्वरी परांबाको युगल मूर्तिलाई षट्कोणले वेष्टित भएको भावना गरी नाङ्गा, झाँक्रो फिजेका, वर र अभय हातमा धारण गरेका निम्न-लिखित रश्मिमिथुनको भावना गर्नू ।

सो षट्कोणको नैर्ऋत्यमा पहेंलो वर्णका निम्नलिखित पांच मिथुनको भावना हुन्छ ।

१. परानन्दनाथ खेचरीपराम्वा देवी
२. परानन्दनाथ ऊष्मापराम्वा देवी
३. परानन्दनाथ गुह्यकापराम्वा देवी
४. अपरानन्दनाथ संवर्तापरम्वा देवी
५. चिदानन्दनाथ कुब्जिकापराम्वा देवी

पश्चिममा कालो वर्णका निम्नलिखित पाँच मिथुनको भावना हुन्छ––

१. अघोरानन्दनाथ गन्धापराम्वा देवी
२. डामराघोरानन्दनाथ रसापराम्वा देवी
३. ललितानन्दनाथ रूपापराम्वा देवी
४. स्वेच्छानन्दनाथ स्पर्शापराम्वा देवी
५. भूतेश्वरानन्दनाथ रूपापराम्वा देवी

वायव्यमा कालो वर्णका निम्नलिखित पाँच मिथुनको भावना हुन्छ––

१. आनन्दानन्दनाथ कृष्णाडाकिनीपराम्वा देवी
२. अरण्यानन्दनाथ रक्तडाकिनीपराम्वा देवी
३. प्रच्छानन्दनाथ चक्र डाकिनीपराम्वा देवी
४. योग नन्दनाथ पद्म डाकिनीपराम्वा देवी
५. अतीतानन्दनाथ कुब्जडाकिनीपराम्वा देवी

ईशानमा रातो वर्णका निम्नलिखित चार मिथुनको भावना हुन्छ––

१. योगेश्वरानन्दनाथ चण्डापराम्वा देवी
२. पीठेश्वरानन्दनाथ कौलिनीपराम्वा देवी
३. कुलकौलेश्वरानन्दनाथ पाणिनीपराम्वा देवी
४. अजकुब्जेश्वरानन्दनाथ महासमयापराम्वा देवी

पूर्वमा सेतो वर्णका पाँच मिथुनको भावना हुन्छ––

१. कण्ठानन्दनाथ कामापराम्वा देवी
२. अनन्तानन्दनाथ चर्चिकापराम्वा देवी
३. शंकरानन्दनाथ ज्वालापराम्वा देवी

४. पिंगलानन्दनाथ करालीपराम्बा देवी
५. सदानन्दनाथ कुब्जिकापराम्बा देवी

आग्नेयमा स्फटिक वर्णका निम्नलिखित छः मिथुनको भावना हुन्छ—

१. कालगुर्वानन्दनाथ शान्तिपराम्बा देवी
२. सिद्धगुर्वानन्दनाथ शान्त्यतीतापराम्बा देवी
३. रत्नगुर्वानन्दनाथ शान्तिपराम्बा देवी
४. शिवागुर्वानन्दनाथ विद्यापराम्बा देवी
५. मैराकगुर्वानन्दनाथ प्रतिष्ठापराम्बा देवी
६. समयगुर्वानन्दनाथ निवृत्तिपराम्बा देवी

मणिपूर चक्र जलात्मक चक्र हो। यसको कर्णिकामा सेतो वर्णको द्वीपेश्वर कूटको भावना भई सोही कूटबाट निम्न-लेखिएबमोजिम द्वीपेश्वर शाम्भवको रूप बन्दछ। सो यस प्रकारको हुन्छ—

द्वीपेश्वरं महाभीमं हारकुण्डलभूषितम्।
प्रतिवक्त्रं त्रिनयनं ध्यायेच्छ्यामं षडाननम्॥
बाणं चापं च शूलं च रथांगं खड्गमङ्कुशम्।
वरं खट्वाङ्गपरशू गदापाशाभयानि च।
बिभ्राणं द्वादशभुजैर्विष्णुप्रेतासने स्थितम्॥

यस ध्यानबाट श्याम वर्णका, साह्रै डरलाग्दो, हार र कुण्डलहरू लाएका, छः मुख भएका, हरेक मुखमा तीन तीन आँखा भएका, बाह्र हात भएका, हातमा बाण धनु, शूल, चक्र, खड्ग, अंकुश, वर, खट्वाङ्ग, बञ्चरो, गदा पाश र अभय धारण गरेका, विष्णुप्रेतमा रहेका द्वीपेश्वरको रूप झल्कन्छ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : श्याम वर्ण भएबाट सर्वव्यापी, साह्रै डरलाग्दो भएबाट ब्रह्मरूप, हार र कुण्डलहरू लाएबाट जगन्नायकत्व, छः मुख भएबाट षड्सात्मक रूप, हरेक मुखमा तीन तीन आँखा भएबाट बिन्दुत्रयात्मक रूप, बाह्र हात भएबाट बाह्र स्वरात्मक, हातमा धारण गरेको बाणबाट पापमोचन, धनुबाट ज्ञान, शूलबाट वायव्यताप, चक्रबाट रक्षा, खड्गबाट विजय, अंकुशबाट स्तम्भन, वरबाट अभीष्ट सिद्धि, खट्वाङ्गबाट तापत्रयनाशकता, बञ्चरोबाट अष्टाङ्गयोग, गदाबाट वैराग्य, पाशबाट वशीकरण, अभयबाट नीडररूप झल्कन्छ।

मूलाधारको सहस्रारमा द्वीपेश्वरी कूटको भावना गरी सोही कूटलाई द्वीपेश्वरी परांबाको मूर्तिको भावना हुन्छ। सो यस प्रकारको हुन्छ—

षडाननां श्यामलाङ्गीं प्रतिवक्त्रं त्रिलोचनाम् ।
शङ्खचक्रगदापद्मशूलपाशवराभयान् ।
दधानां विष्णुप्रेतस्थां ध्यायेद्वीपेश्वरीं पराम् ॥

यस ध्यानबाट छः मुख भएकी, श्याम वर्णकी, हरेक मुखमा तीन तीन आँखा भएकी, हातमा शंख चक्र गदा पद्म शूल पाश वर र अभय धारण गरेकी विष्णुप्रेतमा रहेकी द्वीपेश्वरीको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : छः मुख भएबाट षड्रसात्मिका, श्याम-वर्ण भएबाट जगद्व्यापिनी, हरेक मुखमा तीन तीन आँखा भएबाट बिन्दुत्रयात्मिका, हातमा धारण गरेकी शंखबाट नाद, चक्रबाट रक्षा, गदाबाट ज्ञान, पद्मबाट ऐश्वर्य, शूलबाट वायव्य ताप, पाशबाट वशीकरण शक्ति, वरबाट अभीष्ट सिद्धि र अभयबाट नीडर स्वरूपकी विष्णुप्रेतमा रहेकी द्वीपेश्वरको रूप भन्ने बुझिन्छ ।

सो द्वीपेश्वर र द्वीपेश्वरी परांबाको युगल मूर्तिलाई सहस्रारमा पुऱ्याई सो युगल मूर्तिलाई षट्कोणले वेष्टित भएको भावना गरी नांगो, झाँक्रो फिंजेकी वर र अभय हातमा धारण गरेको निम्नलिखित रश्मिमिथुनको भावना गर्नू ।

सो षट्कोणको ईशानमा पहेंलो वर्णको निम्नलिखित चार मिथुनको **भावना** हुन्छ—

१. सद्यानन्दनाथ निवृत्तिपराम्बा देवी
२. वामानन्दनाथ श्रीपराम्बा देवी
३. अघोरानन्दनाथ पद्मापराम्बा देवी
४. पुरुषानन्दनाथ अम्बापराम्बा देवी

पूर्वमा कालो वर्णका निम्नलिखित चार मिथुनको **भावना हुन्छ**—

१. अनन्तानन्दनाथ निवृत्तिपराम्बा देवी
२. अनाथानन्दनाथ प्रतिष्ठापराम्बा देवी
३. अनाश्चितानन्दनाथ विद्यापराम्बा देवी
४. अचिन्त्यानन्दनाथ शान्तिपराम्बा देवी

आग्नेयमा रातो वर्णका निम्नलिखित छः मिथुनको **भावना हुन्छ**—

१. खेचरानन्दनाथ उमापराम्बा देवी
२. तीव्रानन्दनाथ गंगापराम्बा देवी
३. मानवानन्दनाथ सरस्वतीपरांबा देवी
४. ज्वालेश्वरानन्दनाथ यमुनापरांबा देवी

५. अमुवाहनानन्दनाथ कमलापराम्बा देवी

६. तेजसानन्दनाथ पार्वतीपराम्बा देवी

नैर्ऋत्यमा कालो वर्णका निम्नलिखित चार मिथुनको भावना हुन्छ—

१. विद्यावागीश्वरानन्दनाथ चित्रापराम्बा देवी

२. चतुर्विघ्नेश्वरानन्दनाथ कमलापराम्बा देवी

३. उमागंगेश्वरानन्दनाथ मन्मथवेगापराम्बा देवी

४. हृष्टेश्वरानन्दनाथ रसापराम्बा देवी

पश्चिममा सेतो वर्णका निम्नलिखित पाँच मिथुन को भावना हुन्छ—

१. श्रीकण्ठानन्दनाथ लयापराम्बा देवी

२. अनन्तानन्दनाथ वसन्तापरांवा देवी

३. शंकरानन्दनाथ रत्नमेखलापराम्बा देवी

४. पिंगलानन्दनाथ यशोवतीपराम्बा देवी

५. सदाख्यानन्दनाथ हंसापराम्बा देवी

वायव्यमा रातो वर्णका निम्नलिखित तीन मिथुनको भावना हुन्छ—

१. परदिव्यौघानन्दनाथ वामापराम्बा देवी

२. पारदिव्यौघानन्दनाथ ज्येष्ठापराम्बा देवी

३. पीठौघानन्दनाथ रौद्रीयपराम्बा देवी

मूलाधार पार्थिव चक्र हो । त्यसको कर्णिकामा रातो वर्णको नावात्मेश्वर कूटको भावना भई सोही कूटबाट निम्नलिखित नवात्मेश्वर शाम्भवको रूप बन्दछ । सो यस प्रकारको हुन्छ—

भिन्नाञ्जनप्रभं पञ्चवक्त्रं पञ्चदशाक्षिणम् ।
दशपादं दशभुजः शूलं वज्रं ध्वजन्तथा ॥
कपालं वरदञ्चैव पारिजाताक्षपुस्तकान् ।
तत्त्वमुद्रां चाभयं च दधानं दक्षवामकैः ॥
ऊर्ध्वकेशं नवात्मेशं सर्पास्थिरत्नभूषितम् ।
दंष्ट्राकरालिनं ध्यायेद्ब्रह्मप्रेतासने स्थितम् ॥

यस ध्यानबाट गाजल जस्तो कालो वर्ण भएका, पाँच मुख भएका, पन्द्र आँखा भएका, दश पाउ र दश हात भएका, हातमा शूल, वज्र, ध्वजा, कपाल, वर, पारिजात, अक्षमाला, पुस्तक, तत्त्वमुद्रा, अभय धारण गरेका, ठाडो कपाल भएका, सर्प हाड र रत्नादि गहना पहिरेका, डरलाग्दो दाह्रा भएका ब्रह्माजीरूप प्रेतमाथि रहेका नवात्मेश्वर शाम्भवको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : गाजल जस्तो कालो वर्ण भएबाट लयात्मतत्त्व, पाँच मुख भएबाट पञ्चतत्त्वात्मक रूप, पन्ध्र आँखा भन्नाले गुणात्मक तत्त्व, दश पाउबाट दश दिशारूप, दश बाहुबाट दश इन्द्रिय स्वरूप, हातमा धारण गरेका शूलबाट वायव्यताप, वज्रबाट विद्युत्प्रभा, ध्वजाबाट रजोगुणात्मक तत्त्व, कपालबाट विवेकरूप, वरबाट अभीष्ट सिद्धि, पारिजातबाट समता, अक्षमालाबाट मन्त्र तत्त्वात्मक, पुस्तकबाट विद्यारूप, तत्त्वमुद्राबाट ज्ञानरूप, अभयबाट नीडर रूप, ठाडो कपालबाट खेचर तत्त्व, सर्पको गहनाबाट निर्विषीकरण तत्त्व, हाडको गहनाबाट सत्त्वगुणात्मक तत्त्व, रत्नादि गहनाबाट साम्य तत्त्वका, डरलाग्दो दाह्रा भएबाट सत्त्वगुणात्मक रूपका ब्रह्माजीरूप प्रेतमाथि रहेका नवात्मेश्वर शाम्भवको रूप भन्ने बुझिन्छ ।

फेरि मूलाधारको सहस्रारमा नवात्मेश्वरी कूटको भावना गरी सोही कूट-लाई नवात्मेश्वरीको नवात्मेश्वरी परांबाको मूर्ति भावना हुन्छ । सो यस प्रकारको हुन्छ—

नीलवर्णां नवात्मेशीं ध्यायेद्द्वादशपाणिकाम् ।
दक्षवामकरैः शूलाँस्तथा चक्राँश्च बिभ्रतीम् ॥
षड्वक्त्रां पश्चिमे पीतमुत्तरे शुक्लवर्णकम् ।
दक्षिणे कृष्णवक्त्रं च पूर्वे रक्ताननं तथा ॥
ईशाने शुभ्रवर्णाभमूर्ध्वेशोणितवर्णकम् ।
दंष्ट्राकरालवदनां मुण्डमालाविभूषिताम् ॥
सर्पास्थिरत्नभूषाढ्यां वर्गरोर्ध्वशिरोरुहाम् ।
अष्टाविंशतिवर्षीयामहाट्टहसनोत्सुकाम् ॥
व्याघ्रचर्मपरीधानां सिंहचर्मोत्तरीयकाम् ।
दिव्याभरणभूषांगीं ब्रह्मप्रेतासने स्थिताम् ॥

यस ध्यानबाट नीलो वर्ण भएकी, बाह्र हात भएकी, दाहिने छः हातमा छः वटा शूल र बायाँ हातमा छः वटा चक्र धारण गरेकी, छः मुखमध्ये पश्चिममा अर्थात् पछाडि पहेंलो मुख, उत्तर अर्थात् बायाँतिर सेतो मुख, दक्षिणमा अर्थात् दाहिनेतिर कालो मुख, पूर्वमा अर्थात् अगाडि रातो मुख, ईशानतिर सेतो मुख, माथितिर रातो मुख भएकी, डरलाग्दी, दाह्रा निस्केकी, मुण्डमाला पहिरेकी, सर्प हाड र रत्नको गहना पहिरेकी अठ्ठाइस वर्ष उमेर भएकी जस्तो, खित्का छोडेर हाँसिरहेकी, बाघको छाला पहिरेकी, सिंहको छाला ओढेकी, दिव्यगहनाहरू पहिरेकी, ब्रह्माजीरूप प्रेतमा बसेकी नवात्मेश्वरी परांबाको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : बाह्र हात भएबाट बाह्र स्वर-रूपिणी, दाहिने छः हातमा लिएको शूलबाट छः प्रकारको वायव्यताप, दायाँमा लिएको छः वटा चक्रबाट छः प्रकारको रक्षा, छः मुखमध्ये पश्चिममा रहेको पहेंलो मुखबाट ऐश्वर्यरूपिणी, उत्तरमा रहेको सेतो मुखबाट सुलभरूपिणी, दक्षिणमा रहेको कालो मुखबाट कालरूपिणी, पूर्वमा रहेको रातो मुखबाट विजयरूपिणी, ईशानमा रहेको सेतो मुखबाट शान्तिरूपिणी, माथितिर रहेको रातो मुखबाट हर्षरूपिणी भन्ने बुझिन्छ। मुण्डमाला पहिरेबाट अक्षररूपिणी, डरलाग्दी भन्नाले परब्रह्म स्वरूपिणी, दाह्रा निस्केकी भन्नाले सत्त्वगुणात्मिका, सर्पको गहना भन्नाले निर्विषीकरण शक्ति, हाडको गहनाबाट सत्त्वगुणात्मिका, रत्नादि गहना लाएबाट सौम्यरूपकी भन्ने बुझिन्छ। अठ्ठाईस वर्षको उमेर जस्ती भन्नाले अधवैंसे ठहरिएको हुनाले अन्तर्लीन कला भन्ने बुझिन्छ। खित्का छोडेर हाँसेबाट परमानन्दरूपिणी, बाघको छाला पहिरेबाट अष्टाङ्ग योगरूपिणी, सिंहको छाला ओढेबाट ज्ञानरूपिणी, दिव्य गहनाहरू पहिरेबाट दिव्य-स्वरूपकी, ब्रह्माजीरूपी प्रेतमा बसेकी नवात्मेश्वरीको रूप भन्ने बुझिन्छ।

सो नवात्मेश्वर र नवात्मेश्वरी परांबाको युगल मूर्तिलाई सहस्रारमा पुऱ्याई सो युगल मूर्तिलाई षट्कोणले वेष्टित भएको भावना गरी नांगो, झाँक्रो फिंजेको, वर र अभय हातमा धारण गरेको निम्नलिखित रश्मि-मिथुनको भावना गर्नू।

सो षड्कोणको पश्चिममा पहेंलो वर्णको निम्नलिखित चार मिथुनको भावना हुन्छ—

१. उड्डीयानन्दनाथ उड्डेश्वरीपरांबा देवी
२. जालेश्वरानन्दनाथ जालेश्वरीपरांबा देवी
३. पूर्णानन्दनाथ पूर्णेश्वरीपराम्बा देवी
४. कामेश्वरानन्दनाथ कामेश्वरीपराम्बा देवी

वायव्यमा श्यामवर्णका निम्नलिखित पांच मिथुनको भावना हुन्छ—

१. कण्ठानन्दनाथ गगनापराम्बा देवी
२. अनन्तानन्दनाथ स्वर्गापराम्बादेवी
३. शंकरानन्दनाथ मर्त्यापराम्बा देवी
४. पातालानन्दनाथ पिंगलापराम्बा देवी
५. सद्योजातानन्दनाथ नागापराम्बा देवी

ईशानमा कालो वर्णका निम्नलिखित छः मिथुनको भावना हुन्छ—

१. आनन्दानन्दनाथ डाकिनीपराम्बा देवी
२. अबलानन्दनाथ राकिनीपराम्बा देवी
३. प्रज्ञानन्दनाथ लाकिनीपराम्बा देवी

४. योगानन्दनाथ काकिनीपराम्बा देवी
५. अतीतानन्दनाथ साकिनीपराम्बा देवी
६. पादानन्दनाथ हाकिनीपराम्बा देवी

पूर्वमा रातो वर्णका निम्नलिखित चार मिथुनको भावना हुन्छ—

१. आधारिशानन्दनाथ रक्तापराम्बा देवी
२. वक्रीशानन्दनाथ चण्डापराम्बा देवी
३. कुलंगीशानन्दनाथ करालापराम्बा देवी
४. मन्धीशानन्दनाथ महोच्छुष्मापराम्बा देवी

आग्नेयमा कृष्ण वर्णका निम्निलिखित पाँच मिथुनको भावना हुन्छ—

१. विमलानन्दनाथ मातंगीपराम्बा देवी
२. सर्वज्ञविमलानन्दनाथ पुलिन्दीपराम्बा देवी
३. योगविमलानन्दनाथ शवरीपराम्बा देवी
४. सिद्धिविमलानन्दनाथ पुलिन्दीपराम्बा देवी
५. समयाविमलानन्दनाथ कुलालिकापराम्बा देवी

नैर्ऋत्यमा सेतो वर्णका निम्नलिखित चार मिथुनको भावना हुन्छ—

१. मित्रानन्दनाथ कुब्जिकापराम्बा देवी
२. उड्डीशानन्दनाथ लघ्वीपराम्बा देवी
३. षष्ठीशानन्दनाथ कुलेश्वरीपराम्बा देवी
४. चर्यानन्दनाथ कुब्जेश्वरीपराम्बा देवी

इति श्रीधनशमशेरवर्मविरचिते मन्त्रविद्यारहस्ये
राजाधिराजयोगधारणार्हदेश्रतोत्पत्तिनाम
तृतीयः पटलः

चतुर्थ पटल

यस पटलमा सर्वप्रथम 'तार' मन्त्रको वर्णन गर्दछु । जुन तार मन्त्र तान्त्रिक अन्तर्याग र बहिर्यागमा अत्यन्त आवश्यक पर्ने हुन्छ ।

संसार सागरबाट तारिदिने मन्त्रलाई तारः (तृ धातु + घञ्) भन्दछन् । तसर्थ प्रणव 'ॐ' लाई 'तार' पनि भन्दछन् । यस मन्त्रबाट निस्किएको तत्त्वको योग्य तरीकाले प्रयोग भयो भने यसले जुनसुकै जीवात्मालाई पनि परमात्मामा परिणत गराइदिन्छ । यसबारेमा भगवान् श्रीकृष्णको पनि 'श्रीमद्भगवद्गीता'मा यस्तो वचन छ—

> ॐ इत्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।
> यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ॥
>
> ॐ यो एकाक्षरी ब्रह्म जप्दै सम्झेर मैकन ।
> जो देह छोड्छ सो पुग्छ कैवल्य गतिमा हुन ॥

—कोमलगीता

प्रणवबाट जुन तत्त्व निस्कन्छ, उही तत्त्व मायाबीजबाट पनि निस्कन्छ, तर यसमा प्रकाश र विमर्शको समभाग नभई विमर्शको भाग बढी हुनाले यसलाई 'देवी प्रणव' भन्दछन् । अतः यो तार भयो । वाग्बीजमा र श्री बीजमा पनि देवी प्रणवकै जस्तो तत्त्व हुन्छ, तर अर्थ हुँदा यी दुईको मतलब व्यवहारतिर ढल्कने हुनाले अरू प्रणव वा तारसित मिल्दा मात्रै यी तार हुन्छन् । फेरि प्रासाद बीज र खेचरी बीजमा प्रणवकै जस्तो तत्त्व भए पनि यिनमा 'सोऽहं' भावको साटो 'नाहं' भाव झल्कने हुन्छन् । अतः वाग्बीज, मायाबीज अनि श्री बीजको समूहलाई 'त्रितार' वा 'प्रणवत्रय' तथा वाग्बीज मायाबीज, श्रीबीज, खेचरी बीज अनि प्रासाद बीजको समूहलाई 'पञ्चतार' वा पञ्चप्रणव भन्दछन् । यही क्रममा प्रयोग हुनुपर्छ, नत्रभने उलटपलट गरी प्रयोग गर्दा भने 'तार' हुँदैन । तर कुनैलाई भने सुल्टो र उल्टो क्रमले प्रयोग हुन्छ । यसको यथार्थ रहस्य गुरुमुखबाट जान्नुपर्छ । लेखद्वारा यसभन्दा बढी स्पष्टीकरण हुन सक्तैन ।

यस पटलमा लिंग देहात्मक कारण देहद्वारा हुने महाराजाधिराज योग

विषयको कुरा वर्णन गर्नुपर्ने भएको हुनाले 'श्री विद्या षोडशी'को आदि रूप र 'कुब्जिका विद्या' को आदि रूपको वर्णन गर्दछु ।

[१]श्रीविद्या षोडशीको आदि रूप यस प्रकारको हुन्छ—

श्रीविद्या सुन्दरी साक्षाद्बिन्दोरन्तर्गतां शिवाम् ।
एकाननां त्रिनयनां भुजैः षोडशभिर्युताम् ॥
कोटिकन्दर्पलावण्यां स्मितास्यां शशिशेखराम् ।
दिग्वस्त्रां मुक्तचिकुरां चन्द्रार्ककुण्डलाननाम् ॥
उद्यदादित्यसंकाशां कृशमध्यां च षोडशीम् ।
युवतिं कोटिब्रह्माण्डपिण्डैश्च कृतमेखलाम् ॥
अंकुशं पञ्चबाणाँश्च जपमालां सुदर्शनम् ।
गदां कपालपात्रं च त्रिशूलं वरदन्तथा ॥
कराब्जैर्दक्षिणे रम्यैर्बिभ्रतीमूर्ध्वतः क्रमात् ।
पाशमैक्षवचापं च पुस्तकं शङ्खमब्जकम् ॥
तत्त्वमुद्रां डिण्डिमाभमभयं वामपाणिभिः ।
ऊर्ध्वतो धारयन्तीं च नादब्रह्मस्वरूपिणीम् ॥
दद्युर्ब्रह्माच्युतेशाना भक्तिभावपरायणाः ।
ततः साऽपि महादेवी ब्रह्मचैतन्यरूपिणी ॥
पुस्तकाक्षैक्षकशरान् दत्त्वा तु परमेष्ठिने ।
शङ्ख-चक्र-गदा-पद्मान् वैकुण्ठायततः पुनः ॥
मुद्राकपालशूलाख्यडमरून् शङ्कराय च ।
स्वयं पाशाङ्कुशवराभीतियुक्ताऽभवच्छिवा ॥
चतुर्भुजा सुयुवती नानाऽलंकारशोभिता ।
ततो महासरस्वत्यै दत्त्वा मालां प्रजापतिः ॥
ससर्ज मारं तस्मै च पञ्चबाणैक्षवान् ददौ ।
गदा पद्मे महालक्ष्म्यै दत्तवान् पुरुषोत्तमः ॥
गदां सापि कुबेराय ददुदे कमलालया ।
मुद्रां कपालपात्रं च भवान्यै दत्तवान् हरः ॥
विनष्टे रुद्रकोपेन कन्दर्पे परमेश्वरी ।
विन्यस्यांघ्रितले मुद्राद्वयं च वरदाभयम् ॥

---

१. यो उक्ति बृहद्बडवानल तन्त्रको श्री विद्या खण्डको प्रथमोल्लासको हो भनेर मेरा पूज्य गुरुदेवले लेखाइदिनुभएर यसको वैज्ञान रहस्य समेत बताइदिनुभएको थियो । सो रहस्य अति गहन र प्राशादी तत्त्वले भरिएको हुनाले गुरुमुख गम्य छ ।

पञ्चबाणेक्षुकोदण्डान् जग्राह ललिताम्बिका।
स्वस्तिकासनसंपन्ना चारुदेहा चतुर्भुजा
पाशांकुशशरांश्चापं धारयन्त्यभवत् ततः॥

यस ध्यानबाट बिन्दुभित्र रहेकी, एक मुख तीन नेत्र र सोह्र बाहु भएकी, दायाँ र बायाँ बाहुमा क्रमैसित अंकुश, पाश, पञ्चवाण, इक्षु, धनु, जपमाला, पुस्तक, चक्र, शंख, गदा, कमल, पात्र, तत्त्वमुद्रा, त्रिशूल, डमरु, वर र अभय धारण गरेकी, कोटि कन्दर्पभन्दा राम्री, मस्केर हाँसेकी, माथमा चन्द्रमा पहिरिएकी, नाङ्गी, कपाल, फिंजारेकी, चन्द्र र सूर्यरूप कुण्डल पहिरेकी, उदाउने वेलाको सूर्य झैं लाल वर्ण भएकी षोडशी युवति कोटी ब्रह्माण्डपिण्डको मेखला पहिरेकी, नाद ब्रह्मस्वरूपिणीरूप श्री विद्या सुन्दरीलाई ब्रह्मा विष्णु र महादेवले देखे।

यस ध्यानको रहस्यार्थ यस प्रकार छ—ब्रह्म चैतन्यरूपिणी, महादेवीले ब्रह्मालाई पुस्तक, जपमाला इक्षुधनु र पञ्चवाण, विष्णुलाई शङ्ख चक्र गदा, पद्म अनि शिवलाई तत्त्वमुद्रा, कपालपात्र, त्रिशूल र डमरु दिएर आफू पाश अंकुश वरद मुद्रा र अभय मुद्राले युक्त चतुर्भुजा भएकी र अनेक गहनागुरुवा पहिरिएकी, सुयुवति बनिन्। अनि ब्रह्माले महासरस्वतीलाई (आफूले श्रीबाट पाएको) अक्षमाला दिई कन्दर्पको सृष्टि गरी उनलाई इक्षुधनु र पञ्चवाण दिए) फेरि विष्णुले (आफूले पाएको) कमल र गदा महालक्ष्मीलाई दिए। महालक्ष्मीले सो गदा कुबेरलाई दिइन्। अनि शिवले तत्त्वमुद्रा र कपालपात्र भवानीलाई दिए (केही दिनपछि रुद्रकोपबाट कन्दर्प भस्म भएपछि उनै लीलामयी श्रीले आफ्नो तल्लो बाहुको वरद र अभय मुद्रा पाउमा घुसाएर सो दुई बाहुले कामदेवको हातको इक्षुचाप र पञ्चवाण धारण गरेर पाश अंकुश धनु र पंचवाण धारण गरेकी चतुर्भुजा स्वस्तिकासन बाँधेर बसेकी सुन्दरी बनिन्।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : बिन्दुभित्र रहेबाट ब्रह्मचैतन्यरूपिणी, तीन नेत्र भएबाट त्रिबिन्द्वात्मिका, सोह्र बाहु भएबाट सोह्र कलापूर्ण, दायाँ र बायाँ हातमा रहेका अंकुशबाट स्तम्भन, पाशबाट वशीकरण, पञ्चवाणबाट जृम्भण शक्ति, ईक्षुधनुबाट मोहिनीरूपिणी, जपमालाबाट ज्ञानरूपिणी, पुस्तकबाट विद्या, चक्रबाट विश्व चक्र, शंखबाट प्रतिध्वनि, गदाबाट ज्ञान, कमलबाट श्रीरूपिणी, पात्रबाट विवेक, तत्त्वमुद्राबाट तत्त्वात्मिका, त्रिशूलबाट त्रिविधोत्पातनाशक, डमरुबाट सर्वनाद रूपिणी, वरबाट अभीष्ट सिद्धि र अभयबाट डरनाशक शक्ति भन्ने बुझिन्छ। कोटी कन्दर्पभन्दा राम्री भएबाट जगतप्रकाशरूपिणी, मस्केर हाँसेबाट परमानन्दरूपिणी, माथमा चन्द्रमा पहिरिएकी भएबाट परमामृतरूपिणी, नाङ्गी भएबाट मायातीत, कपाल फिंजाएबाट निर्विकारा, चन्द्र र सूर्यरूप कुण्डल पहिरेबाट अग्निसोमात्मिका

अर्थात् तातो र चिसोको समतारूपिणी, उदाउने बेलाको सूर्य झैं लाल वर्ण भएकीबाट अनुग्रहात्मिका, षोडशी युवति भन्नाले सृष्टिकारिणीभूता, कोटि ब्रह्माण्ड पिण्डको मेखला पहिरेबाट कोटि ब्रह्माण्डव्यापिनी, नाद ब्रह्मस्वरूपिणी रूप श्रीविद्या सुन्दरी-को स्वरूप भन्ने बुझिन्छ ।

कुब्जिका विद्याको आदि रूप यस प्रकारको हुन्छ—

तरुणरविनिभास्यां सिंहपृष्ठोपविष्टाम्
कुचभरनमितांगीं सर्वभूषाभिरामाम् ।
अभय-वरद-हस्तामेकवक्त्रां त्रिनेत्राम्
मदमुदितमुखाब्जाम् कुब्जिकां चिन्तयामि ॥

यस ध्यानबाट भरखर उदाएको सूर्यको जस्तो वर्ण भएकी, सिंहमाथि बसेकी, ठूलो स्तन भएकोले केही निहुरेकी, सबै प्रकारका गहनागुरुवा पहिरिएकी, तीन आँखा भएकी, मदको नशाले चूर मुहार भएकी कुब्जिकाको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : भरखर उदाएको सूर्यको जस्तो वर्ण भएबाट उष्णतास्वरूपकी, सिंहमाथि बसेबाट ज्ञानरूपिणी, ठूलो स्तन भएकोले केही निहुरेकी भन्नाले सार्धत्रिवलाकारा अर्थात् साढे तीन फन्का उम्रिएकी कुलकुण्ड-लिनीरूपिणी भन्ने बुझिन्छ । सबै प्रकारका गहनागुरुवा पहिरेकी भन्नाले रजोगुणा-त्मिका, हातमा धारण गरेकी अभयबाट नीडर र वरबाट अभीष्ट सिद्धिस्वरूपिणी, तीन आँखा भएकी भन्नाले त्रिबिन्द्वात्मस्वरूपिणी, मदको नशाले चूर मुहार भएकी भन्नाले सहस्रारबाट चुहिएको अमृतपान गरेकी अर्थात् मूलाधारबाट उठेर सहस्रारमा पुगेकी कुण्डलीस्वरूपकी कुब्जिकाको रूप भन्ने बुझिन्छ ।

हाम्रो स्थूल सूक्ष्म तथा कारण यति तीन देह छन् तीमध्ये स्थूल देह (छाला, रगत, मासु, हाड, बोसो, मज्जा, नशा र शुक्रको समूह), सूक्ष्म देह (मन, बुद्धि, चित्त तथा अहंकारको समूह) अनि कारण देह केवल आत्मा हुन् ।

कुन-कुन देहमा कुन-कुन प्रकारले कस्ता-कस्ता चक्रहरूको कल्पना हुन्छ भन्ने बारेमा स्थूल देहको मूलाधारादि चक्र र त्यसद्वारा हुने राजयोगको वर्णन प्रथम पटल-मा भैसकेको छ, साथै सूक्ष्म देहको शाम्भव मूलाधारादि चक्रको बारेमा र त्यसबाट हुने राजाधिराज योगको तृतीय पटलमै वर्णन भैसकेको छ ।

अब कारण देहबाट हुने महाराजाधिराज योगको वर्णन गर्नुभन्दा अगाडि 'समया' को बारेमा वर्णन गर्दछु । 'काल' र 'समया' पर्यायवाचक शब्द हुन् । तर तन्त्रशास्त्रले यी दुईलाई धेरै नै फरक मानेको छ । 'काल' भनेको बेला र त्यसको अवस्था नै 'समय' हो । यो अति सूक्ष्म विचारले अनुभवगम्य गराई बुझ्नुपर्ने कुरा

हो । सोही काल बनाउने महाकाल र तिनको अवस्था महासमय हो । कालकी शक्ति कालिका वा काली भएझैं समयकी शक्ति समया हुन्छ । काल र समय लोक लोकान्तरमा सीमितरूपमा हुन्छन् । काल प्रत्येक लोकमा पृथक् पृथक् हुन्छ भने समय जताततै एकसाथ लागू हुन्छ । जस्तो–जुन समयमा नेपालमा प्रातःकाल हुन्छ, सो समयमा अमेरिकामा सायंकाल हुन्छ । अतः स्थानानुसारको काल भए पनि समय त एकै हुन्छ । तर महाकाल र महासमय भने सर्वत्र एकैनास हुन्छ । सृष्टि, स्थिति र संहार भएसम्म लोक-लोकान्तरमा काल रहन्छ । त्यसपछि अनाख्यासम्म अर्थात् सबै विश्व सोमहरूसमेत ननासिएसम्म अनि फेरि सृष्टिको तरखर नभएसम्म अर्थात् ब्रह्ममा ''एकोऽहं नाना स्याम्'' भन्ने भाव आएर अनुग्रह नभएसम्म शून्यावस्थामा महासमयमा मात्र बाँकी रहन्छ । तिनै महासमयको शक्ति महासमया हुन् ।

उनै महासमयको सगुण रूप महानिर्वाण भैरवको स्वरूप हो र त्यो यस प्रकारको छ—

श्वेतरक्तदलाकारं तदूर्ध्वेनन्तपत्रकम् ।
कर्णिकेदलमध्ये तु ब्रह्मादिपञ्चदेवताः ॥
ब्रह्मा विष्णुश्चेश्वरश्च रुद्रो मध्ये सदाशिवः ।
सदाशिवोर्ध्वपत्राष्टं पत्रमध्येष्टभैरवम् ॥

असिताङ्गो रुरुश्चण्डः क्रोध उन्मत्तभैरवः ।
कपाली भीषणश्चैव संहारभैरवस्तथा ॥

सशक्तिकाँश्च तान् ध्यात्वा कर्णिके चिन्तयेत्ततः ।
शक्त्यायुतं पिङ्गकेशं श्रीमहाभैरवेश्वरम् ॥

तस्य नाभ्युद्धवं पद्मं षड्दलाम्नायसंस्थितम् ।
मध्ये निर्वाणरुद्रञ्च हंसासनव्यवस्थितम् ॥

रक्तवर्णं महारौद्रात्मानं परमभैरवम् ।
पञ्चवक्त्रं बिंशबाहुं नेत्रद्वादशकं प्रिय ॥
अट्टाट्टहासनिरतं तीक्ष्णदंष्ट्रं भयानकम् ।
शुभाङ्गं कुटिलं भीमं प्रदीप्तानललोचनम् ॥
सटाधृतोर्ध्वं रक्ताभं चन्द्रार्धकृतशेखरम् ।
सिंहास्यं मध्यवक्त्रं तु दक्षिणे कोलकृष्णकम् ॥
वामे वृषभवक्त्रन्तु श्वेतवर्णं सुदीपितम् ।
महिषास्यमूर्ध्ववक्त्रं कृष्णाभं कृष्णवर्चसम् ॥
तदूर्ध्वं ज्योतिवक्त्रं तु शिखाकारं विचिन्तयेत् ।

ज्योतिवक्त्रान्तरे सिद्धिकरालीं च विचिन्तयेत् ॥
वक्षे श्रीचक्रचिह्नन्तु कुंकुमं ज्योतिभं ततः।
अर्धचक्रं सिताभं स्यादर्द्धाधः कुंकुमं स्मृतम् ॥
नानारत्नविभूषाढ्यम् लक्षब्रह्माण्डमालकम्।
ब्रह्मविष्ण्वीशमुण्डस्त्रगापादान्तविभूषणम् ॥
शिवचर्मशिरोदेशे विष्णुचर्मोत्तरीयकम्।
ब्रह्मचर्म्म कटीदेशे मेखलात्रयसंयुतम् ॥
ज्योतिर्ज्वालामयं सर्वं नृत्यमानं विचिन्तयेत्।
दक्षे दशभुजे पद्मं वामे दशभुजे तथा ॥
दक्षिणाकालिकाद्याश्च दश विद्याः करे स्थिताः।
इत्येवं ध्यानमात्रेण साक्षात् परशिवो भवेत् ॥

अर्थात् सेता र राता पात भएको अनन्तदल कमलको कर्णिकामा पंचदेवता अर्थात् चारतिर ब्रह्मा विष्णु रुद्र र ईश्वर तिनमाथि बीचमा लम्पसार सदाशिव अनि सदाशिवको नाभिबाट निस्केको अष्टदल कमलको आठ पातमा वरिपरि आफ्ना-आफ्ना शक्तिसहितका असिताङ्ग, रुरु, चण्ड, क्रोध, उन्मत्तकपाली, भीषण र संहार नामका अष्टभैरव अनि तिनको मध्यवर्ती कर्णिकामा शक्तिसहितका, कैला जटा भएका महाभैरवेश्वर लम्पसार भएर विराजमान अनि ती महाभैरवेश्वरका नाभिबाट निस्केको षडाम्नायात्मक षड्दल कमल अनि त्यही कमलको मध्यवर्ती कर्णिकामा हंसासनमा विराजमान, रातो वर्णका, पाँचमुख वीस हात र बाह्र नेत्र भएका, बेसरी अट्टहास गरिरहेका, तीखा दाह्रा र भयानक मुख भएका, राम्रो अंग, कुटिल स्वरूपका भयलाग्दो, आगो जस्तो धपधप बल्दो नेत्र भएका, माथितिर फर्केका ठाडा-ठाडा केश भएका, माथमा अर्धचन्द्र पहिरेका (पाँच मुखमध्ये) बीचमा रातो वर्णको सिंहमुख त्यसको दाहिनेपट्टि कालो वर्णको बँदेलमुख, देब्रेपट्टि सेतो वर्णको उज्ज्वल साँढे मुख, सिंहमुखभन्दा माथि कालै वर्णको तेजिलो राँगो मुख अनि त्यसमाथि दीपशिखाकार ज्योतिर्मुख र त्यो ज्योतिर्मय मुखको भित्रपट्टि सिद्धिकराली र वक्षःस्थल अर्थात् हृदयमा आधा ज्योति जस्तो सेतो र आधा कुंकुम जस्तो रातो वर्ण भएको उज्ज्वल श्रीचक्रको चिह्न धारण गरेका नानारत्नजटित आभूषण धारण गरेका, लाखौं ब्रह्माण्डको माला लाएका, तल पाउसम्म आउने गरी ब्रह्मा विष्णु र महादेवहरूका मुण्डको माला लाएका, शिरमा शिवजीका छालाको फेटा वा पगरी, आँगमा विष्णुका छालाको उपर्ना र कटिमा ब्रह्माजीका छालाको धोती बेह्रेका, तीन मेखलाले युक्त धपधप बलेको ज्योतिको ज्वालाले सर्वत्र व्याप्त भएर नाचिरहेका, दाहिनेपट्टिको दश बाहुमा दशोटा मकलका फूल र देब्रेपट्टिको दश बाहुमा दक्षिणा काली आदि दश महाविद्या लिएका

यस्ता महारौद्र र परम भैरव स्वरूप महानिर्वाणको ध्यान मात्र गर्नाले पनि मानिस परशिव स्वरूप बन्न जान्छ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : सेतो र रातो पात भएको अनन्त दल कमलको कर्णिकामा रहेको भन्नाले शीतोष्ण सन्तुलित अनन्त ब्रह्माण्ड भन्ने ब्रह्मादि पंच देवता भन्नाले पृथ्व्यादि पंचतत्त्वात्मक सत्ता भन्ने बुझिन्छ। सदाशिवको नाभिबाट निस्केको अष्टदल कमल आठ पातमा शक्तिसहित असिताङ्गादि अष्टभैरव रहेको भन्नाले इन्द्रनीलादि सात र एक श्वेत रश्मिपुञ्ज भन्ने बुझिनाले केवल प्रकाशरूप भन्ने बुझिन्छ। तिनमाथि विराजमान शक्ति सहितको महाभैरवेश्वर भन्नाले तिनी आनन्दभैरव हुन्, ती आनन्द भैरवबाट परमानन्दरूप भन्ने बुझिन्छ। तिनको नाभिबाट निस्केको षडाम्नायात्मक षड्दल कमल भन्नाले छः प्रकारका निर्वाणको सत्ता भन्ने बुझिन्छ। यी निर्वाण विधाहरूको पछि विस्तार हुनेछ। कमलको मध्यवर्ती कर्णिकामा हंसमाथि बसेबाट सबै जीवलाई कवलित गरी रहेका (काबूमा राखेका) ईश्वर भन्ने बुझिन्छ। रातो वर्ण भएबाट सौभाग्यरूप, पाँच मुखमध्ये माझको रातो सिंहको मुख र बँदेलको मुखबाट जगदाधार रूप, देब्रेपट्टि सेतो वर्णका साँढ़ेको मुख भएबाट शुद्ध धर्मस्वरूप, सिंहको मुखभन्दा माथिको कालो वर्णको तेजिलो राँगोको मुख भन्नाले कालरूप भन्ने बुझिन्छ। वत्तीको आकार जस्तो ज्योतिर्मुख भन्नाले स्वयं प्रकाशरूप ब्रह्म भन्ने बुझिन्छ। ज्योतिर्मुखभित्र रहेकी सिद्धिकरालीबाट ब्रह्मको अन्तस्करणमा रहेको चेतना भन्ने बुझिन्छ। छातीमा रहेको माथितिर आधा सेतो र तलतिर आधा रातो वर्ण भएको उज्ज्वल श्री यन्त्र (श्रीचक्र)बाट ब्रह्मको अन्तस्करणमा रहेको अहंभाव भन्ने बुझिन्छ। यो श्री यन्त्रको विषयमा पछि वर्णन हुनेछ। नाना रत्न धारण गरेबाट जगत्पति भन्ने बुझिन्छ। ब्रह्मा विष्णु महेश्वरको टाउकोको माला पहिरेबाट सर्वतत्त्वात्मक भन्ने बुझिन्छ। शिवजीको छालाको फेटा लाएबाट समय रूप, आँगमा विष्णुको छालाको उपर्ना लाएबाट भर्तृत्त्व तत्त्वरूप, ब्रह्माजीको छालाको छाती कटीमा लाएबाट जननात्मक तत्त्वरूप भन्ने बुझिन्छ। दाहिनेपट्टिको दश हातमा दश कमल लिएबाट दश दिशालाई अन्तर्गर्भित गरेका, बायाँ दश हातमा दश महाविद्या धारण गरेबाट दश गुणात्मक तत्त्व, तीन मेखलाले युक्त भएबाट तीनवटै गुणलाई अन्तर्लीन गराएका, धपधप बलेको ज्योतिको ज्वालाले सर्वत्र व्याप्त भएर नाचिरहेका भन्नाले अनेक प्रकारका ब्रह्माण्डको चाल चलाइरहेका सर्वसाक्षी ब्रह्म भन्ने बुझिन्छ।

अब निर्वाण भैरवको हृदयमा रहेको श्रीचक्र कस्तो हो भने "अहं आत्मा" भन्ने श्रुतिवचनानुसार प्रकाररूप आत्माको प्रकाश माथि बताएको श्री-विषय सुन्दरीको आदि रूप र ह-कार रूप आत्माको विमर्श कुब्जिका विद्याको आदि रूप हो। माथिको पटलमा बयान भएअनुसार नौ प्रकारको आत्मा हुनाले यहाँ श्री विद्याको आदि रूपकै नव रत्न विद्या प्रकाशात्मक 'अ' र कुब्जिका विद्याको आदि रूप विमर्शा-

त्मक कुब्जिका नवरत्न विद्या 'ह' मिली इच्छा, ज्ञान, क्रिया र शान्त यी चार माथितिर मुख फर्काएका त्रिकोण र वामाजेष्ठा रौद्री अंबिका र परा यी पाँच तलतिर मुख फर्काएका त्रिकोणस्वरूप वनी यी नै नौ त्रिकोण मिलेर शून्यरूप बिन्दुलाई अन्तरित गरी श्रीचक्र रूप यन्त्र बन्न जान्छ। सो श्री-चक्रको बिन्दुचाहिँ यसरी शून्य रूप भएर अन्तरमा परं तत्त्वलाई लिएर बसेको हुन्छ। त्यसउसले यसमा आधा सेतो र आधा रातो हुन गई साधारण श्री-चक्रबाट पृथक् दिव्य रूप हुन गएको हो। यी सबै कुरा लेखबाट मात्र जानिँदैन। लघु साम्राज्य मेधा दीक्षा पाएपछि गुरुमुखबाट रहस्य बुझी स्वयं आफ्नै योगाभ्यासद्वारा मात्र बुझ्न सकिन्छ।

अब निर्वाणविद्या भन्नाले दीक्षा लिनुभन्दा अघि महापूर्णाभिषेकोत्तर षडन्वयशाम्भवविद्या लिएपछि सर्वाधिकारनिर्वाणविद्या छः वटै आम्नायबाट लिइन्छ। जस्तो कि दक्षिणाम्नायमा निर्वाणदक्षिणकाली, अधराम्नायमा निर्वाणोग्रतारा, पूर्वाम्नायमा निर्वाणभुवनेश्वरी, उत्तराम्नायमा निर्वाणगुह्यकाली, पश्चिमाम्नायमा निर्वाणकुब्जिका र ऊर्ध्वाम्नायमा महातुरीया निर्वाणेश्वरी महात्रिपुरसुन्दरीहरू हुन्। यिनीहरूको रूप यस प्रकारको हुन्छ—

(१) दक्षिणाम्नायकी महानिर्वाणदक्षिणकालीको ध्यान यस प्रकारको हुन्छ—

श्मशाने च महाकालीं देवीं ध्यायेद्दिगम्बराम्
दंष्ट्राकरालवदनां मुण्डमालाविभूषिताम्।
दक्षिणोर्ध्वे धनुर्हस्तां वामे चैव तथा शरान्
अधःपाशं च खड्गं च तत् क्रमात्परिकीर्तितम्॥

यस ध्यानवाट श्मशानमा वसेकी डरलाग्दी, नांगी, डरलाग्दा दाह्रा भएकी, मुंडमाला पहिरेकी, माथिको दाहिने हातमा धनु, वायाँ हातमा वाण अनि तलको दाहिने हातमा पाश र वायाँ हातमा खड्ग धारण गरेकी महाकालीको रूप भन्ने बुझिन्छ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : श्मशानमा वसेवाट शून्याकाशमा रहेकी, डरलाग्दी भएवाट ब्रह्मरूपिणी, नांगी भएवाट मायातीता, डरलाग्दो दाह्रा भएवाट सत्त्वगुणात्मिका, मुण्डमाला पहिरेवाट मातृकाक्षररूपिणी, हातमा धारण गरेको धनुवाट वैराग्य, वाणवाट पापमोचन शक्ति, पाशवाट वशीकरण शक्ति र खड्गबाट ज्ञानरूपिणी महाकालीको रूप भन्ने बुझिन्छ।

(२) अधराम्नायकी निर्वाणोग्रताराको रूप यस प्रकारको हुन्छ—

प्रकटविकटदंष्ट्राघोररूपाट्टहासा
नरशिरकृतमालामेघवर्णातिखर्वा ।
त्रिभुवनजयदात्री हस्तविन्यस्तकर्त्री
करकलितकपाला पातु मामुग्रतारा ॥

यस ध्यानबाट बांगा र टेढा दाँत भएकी, डरलाग्दी, खित्का छोडेर हाँसिरहेकी, मुंडमाला पहिरेकी, मेघ जस्तो वर्ण भएकी, हातमा कर्त्री र कपालपात्र लिएकी, निर्वाणोग्रताराको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : बाङ्गा टेढा दाँत भएबाट सत्त्वगुणात्मिका, डरलाग्दी भएबाट ब्रह्मरूपिणी, खित्का छोडेर हाँसेबाट परमानन्दरूपिणी, मुण्डमाला पहिरेबाट मातृकाक्षररूपिणी, मेघ जस्तो वर्ण भएबाट व्याप्तरूपिणी, हातमा धारण गरेकी कर्त्रीबाट अभय शक्ति र कपालपात्रबाट ज्ञानरूपिणी निर्वाणोग्रताराको रूप भन्ने बुझिन्छ ।

(३) पूर्वाम्नायकी निर्वाणभुवनेश्वरीको ध्यान यस प्रकारको हुन्छ—

शूलासिशक्तिवरदाभयपौंड्रचाप—
पुष्पेषुपात्रडमरूँश्च तथाक्षसूत्रम् ।
बिभ्रत्कराम्बुजतलैश्च शवाधिरूढां
श्यामां भजे भगवतीं भवभीतिहन्त्रीम् ॥

यस ध्यानबाट हातमा क्रमशः शूल, खड्ग, शक्ति, वरद मुद्रा, अभय मुद्रा, इक्षु धनु, पुष्पवाण, कपालपात्र, डमरु र अक्षमाला धारण गरेकी, मुर्दाको लाशमाथि चढेकी, भवभय हरण गर्ने श्याम वर्णकी भगवती भुवनेश्वरी भन्ने बुझिन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : हातमा धारण गरेको शूलबाट वायव्यताप, खड्गबाट विजय, शक्तिबाट बर्कत, वरद मुद्राबाट अभीष्ट सिद्धि, अभयबाट नीडर, इक्षुधनु (ऊखुको धनु) बाट मोहन, पुष्पबाणबाट जृम्भण, कपालपात्रबाट ज्ञान, डमरुबाट नाद, अक्षमालाबाट प्राण भन्ने बुझिन्छ । मुर्दाको लाशमा बसेबाट जीवस्वरूपिणी, भवभय हरण गर्ने भन्नाले सांसारिक डर हटाउने, श्यामवर्ण भएबाट सर्वव्यापी भुवनेश्वरीको रूप झल्कन्छ ।

उत्तराम्नायकी निर्वाण गुह्यकालीको ध्यान यस प्रकारको हुन्छ—

जपाकुसुमसंकाशां सिञ्जन्नूपुरपादुकाम् ।
अर्द्धपद्मासनस्थां तां नानालंकारभूषिताम् ॥

नानारत्नसमाकीर्णां मुकुटेन विराजिताम् ।
माणिक्यकुंडलोपेतामुत्तुंगस्तनमंडिताम् ॥
महाभैरवसंश्लिष्टां वराभयसमन्विताम् ।
त्रिशूलं च सुधापूर्णं कपालं बिभ्रतीं शिवाम् ॥
यथाशस्त्रा यथादेवी तथा भैरवसंयुताम् ।
पीताम्बरधरां नित्यां महायज्ञेश्वरीं पराम् ॥
ब्रह्मे न्द्रविष्णुरुद्रादिसंस्तुतां परदेवताम् ।
सृष्ट्यादिशक्तिभिर्नित्यं पंचभिः परिवारिताम् ।
गुह्येश्वरीमहं वन्दे गुह्यकालीं कुमारिकाम् ॥

अर्थात् यस ध्यानबाट जपापुष्पको जस्तो रातो वर्ण भएकी, पाउमा छमछम पाउजेब लगाएकी, अर्धपद्मासनमा बसेकी, नानाप्रकारका गहनाहरू पहिरेकी, नानाथरीका रत्नहरूले खचाखच भएकी, माथमा मुकुट र कानमा माणिकजडित कुण्डल धारण गरेकी, ठाडा-ठाडा स्तन भएकी, हातमा वर, अभय, त्रिशूल र सुधापूर्ण कपालपात्र लिएकी, उही वर्णका र उस्तै आयुधहरू धारण गरेका महाभैरवसँग अंकमाल गरेर बसेकी, पीताम्बर धारण गरेकी, ब्रह्मा, विष्णु महेश्वर र इन्द्रहरूले स्तुति गरिएकी, सधैँ सृष्टि आदि पांच शक्तिहरूले घेरिएकी यस्ती महायज्ञेश्वरीस्वरूप परदेवता परमेश्वरी कुमारी अवस्थाकी गुह्येश्वरी गुह्यकालीको रूप बुझिन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : जपापुष्पको जस्तो रातो वर्ण भएबाट सौभाग्यस्वरूपिणी, पाउमा छमछम गर्ने पाउजेब पहिरेबाट आधारशक्तिरूपिणी, नानाप्रकारका गहना पहिरेबाट विश्वनायिका, नानाप्रकारका रत्नहरू पहिरेबाट स्वप्रकाशरूपिणी, माथमा मुकुट लाएबाट विश्वराज्ञी, कानमा माणिकजडित्त कुण्डल धारण गरेबाट सत्त्वगुणमिश्रित रजोगुणात्मिका, ठाडा-ठाडा स्तन भएबाट विश्वंभरा, हातमा धारण गरेकी वरबाट अभीष्ट सिद्धि, अभयबाट डरनाशक शक्ति, त्रिशूलबाट त्रिविधोत्पातकनाश, सुधापूर्ण कपालपात्र लिएबाट परमामृतरूपिणी, उही वर्णका र उस्तै प्रकारका आयुधहरू धारण गरेका महाभैरवसँग अंकमाल गरेर बसेबाट प्रकृतिपुरुषात्मिका, पीताम्बर धारण गरेबाट परमैश्वर्यस्वरूपिणी, निर्वाण गुह्यकालीको स्वरूप भन्ने बुझिन्छ ।

पश्चिमाम्नायकी निर्वाणकुब्जिकाको ध्यान यस प्रकारको हुन्छ—

श्वेतपद्मस्थितेशानमेकवक्त्रं त्रिलोचनम् ।
हिमकुन्देन्दुसंकाशं शुद्धस्फटिकनिर्मलम् ॥
द्विभुजं चाभयं दानं वामोरुस्था च कुब्जिका ।

सितवर्णा महादीप्ता किञ्चच्छ्यामांगवर्णिका।
वराभयकरा देवी दिव्यरूपा महोज्ज्वला॥

अर्थात् यस ध्यानबाट सेतो कमलमाथि विराजमान, एक मुख तीन नेत्र भएका, हिउँ, कुन्दपुष्प र चन्द्रमा जस्तो सेतो र शुद्ध फट्टिक जस्तो निर्मल वर्ण भएका, दुई हातमा एकातिर अभय मुद्रा र अर्कोतिर वरदमुद्रा धारण गरेका, ईशान अर्थात् कुब्जिकेश्वरको देब्रे काखमा राज गरेकी, सेतो वर्ण भईकन केही साँवलो भावको अंग भएकी, धपधप वलेकी जस्ती, अत्यन्त उज्ज्वल दीप्ति भएकी, हातमा वर र अभय धारण गरेकी दिव्यरूपिणी निर्वाणकुब्जिकाको स्वरूप झल्कन्छ।

यस ध्यानबाट सेतो कमलमाथि विराजमान भएवाट सहस्रारमा रहेका, तीन नेत्रबाट त्रिविन्द्वात्मक रूप, हिउ जस्तो सेतो भन्नाले शीतलरूप, कुन्दपुष्प जस्तो भन्नाले सत्त्वगुणात्मक, चन्द्रमा जस्तो सेतो भन्नाले परमामृत प्रकाशरूप, शुद्ध फटिक जस्तो निर्मल भन्नाले विकाररहित भन्ने बुझिन्छ। दुई हातमा धारण गरेको अभयबाट नीडर, वरबाट अभीष्ट सिद्धिस्वरूप कुब्जिकेश्वरको वायाँ काखमा बसेकी भएबाट ....केही साँवलो मिसिएको श्वेतवर्ण भन्नाले विमर्शरूपिणी भन्ने वुझिन्छ। धपधप बलेकी जस्ती अत्यन्त उज्ज्वल दीप्ति भएकी भन्नाले प्रकाशरूप परशिवको प्रकाश बढाउने उष्णता स्वरूपिणी भन्ने बुझिन्छ। हातमा धारण गरेकी वरबाट अभीष्ट सिद्धि र अभयवाट डरनाशक शक्तिरूपिणी दिव्यस्वरूपिणी कुब्जिका समेत प्रकाशविमर्शात्मक युगल मूर्ति निर्वाण कुब्जिकाको स्वरूप भन्ने बुझिन्छ।

ऊर्ध्वाम्नायकी महातुरीया निर्वाणेश्वरी त्रिपुरसुन्दरीको ध्यान यस प्रकारको हुन्छ—

प्रकाशमध्यस्थितिच्चिच्छ्वरूपाम्
वराभये द्वे दधतीं त्रिनेत्राम्।
सिन्दूरवर्णामतिकोमलांगीम्
मायामयीं तत्त्वमयीं नमामि॥

यस ध्यानवाट प्रकाशको बीचमा रहेकी, सिन्दूर जस्तो रातो वर्ण भएकी, वर र अभय हातमा धारण गरेकी, तोन आँखा भएकी, अति कोमल शरीर भएकी, चित्स्वरूपा, स्थितिस्वरूपा मायामयी र तत्त्वमयी रूपकी, महातुरीया निर्वाणेश्वरी त्रिपुरसुन्दरीको रूप झलकन्छ।

यस ध्यानको अर्थ यस प्रकारको हुन्छ : प्रकाशको बीचमा रहेबाट स्वप्रकाश-स्वरूपिणी, सिन्दूर जस्तो रातो वर्ण भएबाट सौभाग्यस्वरूपिणी, हान्मा धिरण गरेको

वरबाट अभीष्ट सिद्धि र अभयबाट डरनाशक शक्ति भन्ने बुझिन्छ । तीन आँखा भएबाट त्रिबिन्द्वात्मक रूप, अतिकोमल अंग भएबाट दयारूपिणी, स्थितिस्वरूपा चित्स्वरूपा मायामयी र तत्त्वमयी महातुरीया निर्वाणेश्वरी त्रि ुरसुन्दरीको रूप भन्ने बुझिन्छ ।

'समय'को ध्यानको वर्णन माथि भयो । महासमयको शक्ति महासमया हुन् । यी महासमयाको पछि वर्णंन गर्छु । तर समय केवल समय र समयको शक्ति समया हुन् । ती समया समयको भेदले दुई प्रकारका हुन्छन् । ती कस्ता हुन्छन् भने एक समयावस्था, अर्को समयानित्या ।

समयावस्था अर्थात् यिनलाई समयाविद्या पनि भन्दछन् । यिनीहरू अवस्था-भेदले चार प्रकारका हुन्छन् । जाग्रदवस्थामा कामेश्वरी नित्या, स्वप्नावस्थामा बज्रे-श्वरी नित्या, सुषुप्तावस्थामा भगमालिनी नित्या र तुरीयावस्थामा महात्रिपुरसुन्दरी नित्या हुन् । समयानित्या अर्थात् कामेश्वर्यादि षोडशनित्याचाहिं तिथिनित्या हुन् । तिनीहरू यस प्रकारका हुन्छन्—

तिथिनित्या	शुक्लपक्षतिथि	कृष्णपक्षतिथि	वर्णतत्त्व
कामेश्वरी	प्रतिपदा	अमावास्या	अँ
भगमालिनो	द्वितीया	चतुर्दशी	आँ
नित्यक्लिन्ना	तृतीया	त्रयोदशी	इँ
भेरुण्डा	चतुर्थी	द्वादशी	ईँ
वह्निवासिनी	पंचमी	एकादशी	उँ
महाविश्वेश्वरी	षष्ठी	दशमी	ऊँ
शिवदूती	सप्तमी	नवमी	ऋँ
त्वरिता	अष्टमी	अष्टमी	ॠँ
कुलसुन्दरी	नवमी	सप्तमी	ऌँ
विमला	दशमी	षष्ठी	ॡँ
नीलपताका	एकादशी	पंचमी	एँ
विजया	द्वादशी	चतुर्थी	ऐँ
सर्वमंगला	त्रयोदशी	तृतीया	ओँ
ज्वालामालिनी	चतुर्दशी	द्वितीया	औँ
विचित्रा	पौर्णमासी	प्रतिपदा	अं
महात्रिपुरसुन्दरी		समष्टि	अः

महासमयको अवस्था नै महासमया हुन् । कारण देहको स्थूल देहसित त्यसमा रहेको मूलाधारमा स्वयम्भू लिंगरूप, हृदयमा वाणलिंगरूप अनि आज्ञा चक्रमा इतरलिंग

रूपले स्थूल देहको तीन स्थानमा सम्पर्क भएको हुन्छ । अतः यस कारणदेहलाई लिंग-देह भन्दछन् । यो लिंगदेहका पूर्वोक्त तीन लिंगहरू र कुलकुण्डलिनी तथा चैतन्य गरी पांच स्वरूप हुन गए । यिनै पाँचको सारभूत तत्त्वरूप सत्ता पञ्चसमया हुन् । तिनको ध्यान यस प्रकारको हुन्छ—

श्रीविद्या बगला चैव कालरात्रिस्तथैव च ।
जयदुर्गा छिन्नमस्ता समयाः परिकीर्तिताः ॥

अर्थात् श्री विद्या बगला कालरात्रि जयदुर्गा र छिन्नमस्ता यी पांच समयाहरू हुन् । यिनैलाई महासमया भन्दछन् ।

अब कुन-कुनको सारभूत तत्त्व के·के हुन् भन्ने बारेमा मूलाधार चक्र आधार-रूप स्तम्भन गर्ने हुनाले त्यस ठाउँमा रहेको स्वयम्भूलिंगको सत्ता बगला समया, हृदयले प्रत्येक नसामा रक्तसंचार गराउने हुनाले त्यस ठाउँमा रहने बाणलिंगको सत्ता कालरात्रिसमया, आज्ञाचक्रमा रहने इतरलिंग विद्युत्कोष हुनाले त्यसको सत्ता जय-दुर्गासमया, कुलकुण्डलिनीले नाडीत्रयद्वारा प्राणलाई कायम राख्ने हुनाले त्यसको सत्ता छिन्नमस्तासमया, अनि सर्वसाक्षी चैतन्यको सत्ता श्रीविद्या समया हुन गए । कारणदेह स्वयं आत्मा हो । यही आत्मामा अविद्याको टक पर्दा परमात्मा बन्दछ । त्यस-उसले यही एक आत्मा नौ थरीको बन्न जान्छ जसको माथि नै वर्णन भैसकेको छ ।

अब यी महासमयाको अर्थात् पंच समयको अर्थात् पंचसमया प्रत्येकको रूप दर्शाउने चेष्टा गर्दछु—

बगलासमया :—

यिनको मन्त्र सात बीजले पुटित दुई कूट भएको षोडशाक्षरी हुन्छ । तिनको ध्यान यस प्रकारको हुन्छ—

अष्टादशैर्भुजवरैः सृणिचापपाशान्
बाणान् गदासिडमरून् फणिखेटके च ।
खट्वांगपात्रनृशिरोगुणमुद्गराणि
पुस्ताद्ववैरिरसनाभयदानदात्रीम् ॥
त्र्यक्षां शशांकमुकुटां धृतमुण्डमालाम्
सिंहासनोपरिगतां मणिवेदिकायाम् ।
पीतांसुपीतवसनां नवयौवनाढ्याम्
संस्तम्भिवीं हि समयां बगलां स्मरामि ॥

अर्थात् यसबाट अट्ठार हात भएकी, हातमा क्रमशः अंकुश, धनु, पाश, वाण, गदा, खड्ग, डमरु, नाग, ढाल, खट्वाङ्ग, पात्र, नृमुंड, सूत्र, मुग्रो, पुस्तक, अक्षमाला लिएकी, दैत्यको जिब्रो समातेकी, अभयमुद्रा धारण गरेकी, तीन नेत्र भएकी, चन्द्रमाको चाँद युक्त मुकुट धारण गरेकी, मुण्डमाला लाएकी, मणिको वेदीमाथि सिंहासनमा वसेकी, पहेंलो वर्णकी (पहेंलै) पीताम्बर धारण गरेकी, भरखरकी युवति अवस्थाकी दुष्टहरूलाई स्तम्भित गराउने (जकड्याइराख्ने) बगला समयाको रूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : अठार हात भएवाट दाहिनेतिरको नौ हात भन्नाले नौ आत्माको प्रकाश रूप र बायाँतिरको नौ हात भन्नाले नौ आत्माको विमर्शरूप भन्ने वुझिन्छ। हातमा धारण गरेको अंकुशबाट आकर्षण, धनुबाट पुण्य, पाशबाट वशीकरण, वाणबाट पापमोचन, गदावाट वैराग्य, खड्गबाट विजय, डमरुबाट नाद, नागबाट निर्विषीकरण, ढालबाट रक्षा, खट्वाङ्गबाट तापत्रयनाशकता, पात्रबाट बुद्धि, नृमुण्डबाट विवेक, सूत्रवाट पवित्रता, मुङ्ग्रोबाट ज्ञान, पुस्तकबाट विद्या, अक्षमालाबाट शक्ति, दैत्यको जिब्रो समातेबाट स्तम्भन, अभयमुद्रावाट नीडर भन्ने वुझिन्छ। तीन नेत्रबाट त्रिबिन्द्वात्मिका, चन्द्रमाको चाँद युक्त मुकुट लाएबाट परमामृत रूपिणी, मुण्डमाला लाएवाट परमाक्षररूपिणी, मणिको वेदीमाथि सिंहासनमा वसेबाट विश्वनायिका, पहेंलो वर्ण र पहेंलै पीताम्बर धारण गरेवाट परमैश्वर्यरूपिणी, भरखरकी युवति अवस्थाकी भन्नाले अनुग्रहरूपिणी, दुष्टहरूलाई स्तम्भित गराउने बगला समयाको स्वरूप भन्ने वुझिन्छ ।

कालरात्रिसमया :—यिनको मन्त्र छः वीजले पुटित चार कूटात्मिका षोडशाक्षरी हुन्छ । तिनको ध्यान यस प्रकार हुन्छ—

एकवेणी जपाकर्णपूरा नग्ना खरास्थिता ।
लंबोष्ठी कर्णिकाकर्णी तैलाभ्यक्तशरीरिणी ॥
वामपादोल्लसल्लोहालताकंटकभूषणा ।
वर्धन्मूर्धध्वजा कृष्णा कालरात्रिर्भयंकरी ॥

यस ध्यानवाट एउटा चुल्ठो वाटेकी, (एकमाँठे कपाल बाटेकी), जपापुष्पको कर्णफूल लाएकी, नांगी, गधामाथि चढ़ेकी, लामो ओठ र ठूलो कान भएकी, जीउभरि तेल घसेकी, देब्रे पाउमा फलामको कल्ली लाएकी, लहरेकाँडा (काँडावाल लहरा)-हरूको आभूषण लाएकी, शिरमा वा चुल्ठोमा ठाडो ध्वजा घुसारेकी, कालो वर्णकी, डरलाग्दी कालरात्रिको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ। एक चुल्ठो वाटेबाट व्यावहारिक विकाररूपिणी, जपापुष्पको कर्णफूल लाएवाट पुष्टिप्रदा (स्थितिरूपिणी), नांगी भएवाट

मायातीता, गधामा चढेकी भन्नाले सहनशीलता, लामो ओंठ भएबाट वाचालस्वरूपिणी, ठूलो कान भएबाट दिव्यश्रुति, जीउभरि तेल घसेबाट बालवर्धक शक्ति, देब्रे पाउमा फलामको कल्ली लाएबाट कालरूपिणी, लहरे काँडाहरूको आभूषण लाएबाट सत्त्वगुणात्मिका, चुल्ठोमा ठाडो ध्वजा घुसारेकी भन्नाले विश्वनायिका, कालो वर्णकी भएबाट तमोगुणात्मिका, डरलाग्दी भएबाट परब्रह्मस्वरूपिणी कालरात्रिको स्वरूप भन्ने बुझिन्छ ।

यस रूपमा सत्त्व, रज, तम यी तीन गुण देखिएको हुनाले यिनी त्रिगुणात्मिका हुन् ।

जयदुर्गा समया :—यिनको मन्त्र पाँच बीजले पुटित छः कूटात्मिका षोडशाक्षरी हुन्छ । तिनको ध्यान यस प्रकारको हुन्छ—

कीलालाभां त्रिनयनां मुण्डमालाविभूषिताम् ।
सप्तवक्त्रामष्टभुजां प्रतिवक्त्रं त्रिलोचनाम् ॥
इन्द्रनीलप्रभामूर्ध्वे तदधोनीलवक्त्रकम् ।
वामे चाकाशवर्णाभं दक्षे च हरितप्रभम् ॥
तद्वामाधः पीतवक्त्रं दक्षे स्वर्णप्रभाननम् ।
मध्ये रक्ताननं दिव्यं यौवनोन्मत्तविग्रहाम् ॥
मुक्तकेशीं महारौद्रीं नानाऽलंकारसंयुताम् ।
कमण्डलुं त्रिशूलं च शक्तिं चक्रं तथैव च ॥
दधानां दक्षिणैर्हस्तैर्वामैः पाशं तु भीषणम् ।
वज्रकं नृकपालं च सरसीरुहमद्भुतम् ॥
सिंहस्कन्धगतां चेन्दीवरभाःपरिवेष्टिताम् ।
तेजोरूपां च समयां जयदुर्गां स्मरेद्बुधः ॥

यस ध्यानबाट रक्तवर्णकी, तीन नेत्र भएकी, मुण्डमाला लाएकी, सात मुख र आठ हात भएकी, मुखैपिच्छे तीन-तीन आँखा भएकी, सबभन्दा माथि इन्द्रनील मणि जस्तो गाढा नीलो रंगको मुख, त्यसमुनि साधारण नीलो वर्णको मुख, त्यसको बायाँतिर आसमानी रंगको मुख, दाहिनेतिर हरियो रंगको मुख, त्यसमुनि बायाँतिर पहेंलो वर्णको मुख, दायाँतिर सुनौला रंगको मुख अनि बीचमा रक्त वर्णको दिव्य मुख भएका जवानीको जोशले मस्त भएकी, केश छोडेकी, अत्यन्त रौद्र स्वरूपकी नाना प्रकारका आभूषण पहिरेकी दाहिने हातमा क्रमशः कमण्डलु, त्रिशूल, शक्ति र चक्र; देब्रेपट्टि हातमा डरलाग्दो पाश, वज्र, नरमुण्ड र अद्भुतको कमल धारण गरेकी, सिंहको काँधमा बसेकी इन्द्रेणी परेझैं इन्द्रनील आदि सात वर्णको प्रभामंडलले वरिपरि बेह्रिएकी तेजोरूपिणी जयदुर्गा समयाको स्वरूप बुझिन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ। रक्तवर्ण भएबाट सौभाग्यरूपिणी, तीन नेत्र भएबाट त्रिबिन्द्वात्मिका, मुण्डमाला लाएबाट परमाक्षररूपिणी, सात मुख भएबाट सप्तस्वरात्मिका, आठ हात भएबाट चार आत्माको प्रकाशांश र विमर्शरूपिणी, इन्द्रनील जस्तो मुख भएबाट अन्तर्लीनात्मक तत्त्व, साधारण नीलो मुख भएबाट शुद्ध सत्त्वगुणात्मक तत्त्व, आसमानी रंगको मुखबाट व्यापकता, हरियो मुखबाट निरुपद्रवता, पहेंलो मुख भएबाट स्तम्भन, सुनौला मुखबाट आरोग्य, रक्त वर्णको मुखबाट क्रियाशील, रजोगुणात्मक भन्ने बुझिन्छ। जवानीको जोशले मस्त भएबाट स्थितिकलात्मक तत्त्व, केश छोडेकीबाट निर्विकारा, अत्यन्त रौद्र स्वरूपकी भएबाट परब्रह्मात्मिका, नाना-प्रकारको आभूषण पहिरेकी भन्नाले विश्वनायिका, हातमा धारण गरेको कमण्डलुबाट पवित्रता, त्रिशूलबाट त्रिविधोत्पातकनाशक तत्त्व, शक्तिबाट वर्कत, चक्रबाट रक्षा, पाशबाट वशीकरण, वज्रबाट विद्युत्तत्त्व, नरमुण्डबाट विवेकात्मक बुद्धि र अद्भुतको कमलबाट दिव्यश्री, सिंहको काँधमा बसेबाट ज्ञानलाई आफ्नो अधीनमा राखेकी अर्थात् परमज्ञानरूपिणी, इन्द्रधनु जस्तो तेजले चारैतिर घेरिएकी भन्नाले सर्वतत्त्वात्मिका, तेजोरूपा जयदुर्गा समयाको रूप भन्ने बुझिन्छ।

छिन्नमस्ता समया :—यिनको मन्त्र चार बीजले पुटित आठकूटात्मिका षोडशाक्षरी हुन्छ। तिनको ध्यान यस प्रकारको हुन्छ—

स्वनाभौ नीरजं ध्यायेच्छुद्धं विकसितं सितम्।
तत्पद्मकोशमध्ये तु मण्डलं चण्डरोचिषः॥
जपाकुसुमसंकाशनवबन्धूकसन्निभम्।
रजःसत्त्वतमोरेखायोनिमण्डलमंडितम्॥

मध्ये तु तां महादेवीं सूर्यकोटिसमप्रभाम्।
छिन्नमस्तां करे वामे धारयन्तीं स्वमस्तकम्॥
प्रसारितमुखां भीमां लेलिहानोग्रजिह्विकाम्।
पिबन्तीं रौधिरीं धारां निजकण्ठसमुद्भवाम्॥

विकीर्णकेशपाशां च नानापुष्पसमन्विताम्।
दक्षिणे च करे कर्त्री मुण्डमालाविभूषिताम्॥
दिव्यांबरां महाघोरां प्रत्यालीढपदस्थिताम्।
अस्थिमालाधरां देवीं नागयज्ञोपवीतिनीम्॥

रतिकामोपविष्टां च सदा ध्यायन्ति मंत्रिणः।
सदाषोडशवर्षीयां पीनोन्नतपयोधराम्॥
विपरीतरतासक्तौ ध्यायेद्रतिमनोभवौ।

योनिमुद्रासमारूढां विचित्रासनसंस्थिताम् ।
वर्णिनीडाकिनीयुक्तां वामदक्षिणयोगतः ॥

यसबाट (साधकको) आफ्नो नाभिमा फुलेको एउटा सफा सेतो कमल अनि त्यसै कमलको बीचमा (कर्णिकामाथि) सत्त्व, रज र तम तीन गुणको योनि मंडलाकार रेखाले घेरिएकी, जपापुष्प र भरखर फुलेको बंधूक पुष्प (बाह्रमासे) जस्तो लाल सूर्य मंडल र त्यसको बीचमा करोडौं सूर्यको जस्तो तेज भएकी, टाउको काटिएकी, बायाँ हातमा त्यही काटिएको आफ्नो टाउको र दायाँ हातमा कर्त्री धारण गरेकी, मुख बाएर डरलाग्दो जिब्रो चलाउँदै आफ्नो घिच्रोबाट छुटेको रगतको धारा पान गरिरहेकी, केश छाडेकी, नाना-प्रकारका फूल र मुण्डमाला लाएकी, निर्वाङ्ग नाङ्गी, अत्यन्त डरलाग्दी, प्रत्यालीढ़ पदको मुद्रामा रहेकी, कंकाल हाडको माला लाएकी, नागको यज्ञोपवीत (जनै) लाएकी विपरीत रत गरिरहेका रति र कामदेवमाथि योनि मुद्राको विचित्र आसनमा बसेकी, दायाँ बायाँ डाकिनी र वर्णिनी दुई (सहचरी) साथ लिएकी, सदा सर्वदा एकनास सोह्र वर्षको उमेरकी, मोटो र उठेको स्तन-मंडल भएकी यस्ती छिन्नमस्ता समयाको स्वरूप झल्कन्छ ।

यसको सांकेतिकार्थ यस प्रकारको हुन्छ : आफ्नो नाभिमा फुलेको एउटा सफा सेतो कमल अनि त्यस कमलको बीचमा सत्त्व, रज र तम तीन गुणको योनिमंडलाकार रेखाले घेरिएकी जपापुष्प र भरखर फुलेको बन्धूक पुष्प जस्तो लाल सूर्यमंडल र त्यसको बीचमा करोडौं सूर्यको तेज भएकी भन्नाले धेरै मतमा कुलकुण्डलिनीको स्थान मूलाधारमा मानिएको र कुनै-कुनै मतमा नाभिस्थानमा लिइएकोले यो समया मतमा पनि कुण्डलीको स्थान नाभिमा मानिन्छ । त्यसउसले यसको मतलब नाभिस्थानमा रहेकी त्रिगुणात्मिका कुलकुण्डलिनी भन्ने बुझिन्छ । टाउको काटिएकीबाट कुलकुण्डलिनी, बायाँ हातमा टाउको लिएकीबाट सार्द्धत्रिवलयाकारा अर्थात् साढे तीन फन्को बेह्रिएकी भन्ने बुझिन्छ । दायाँ हातमा कर्त्री लिएबाट अभयस्वरूपिणी, मुख बाहिर डरलाग्दो जिब्रो चलाउँदै आफ्नो घिच्रोबाट आएको रगत पिइरहेकी भन्नाले सुषुम्णा नाडी, केश छाडेकी भन्नाले निर्विकारा, मुण्डमाला लाएबाट परमाचररूपिणी, निर्वाङ्ग नांगी भएबाट मायातीता, अत्यन्त डरलाग्दी भएबाट ब्रह्मरूपिणी, प्रत्यालीढ पदको मुद्रामा रहेबाट प्रकृति-पुरुषात्मिका, कंकाल हाडको माला लाएबाट सत्वगुणात्मिका, नागको जनै लाएबाट निर्विषीकरण शक्ति. विपरीत रत गरिरहेका रति र कामदेव माथि योनिमुद्राको विचित्र आसनमा बसेकीबाट सृष्टिरूपिणी, दायाँ बायाँ डाकिनी र वर्णिनी दुई सहचरी साथमा लिई दुई रगतको धारा पिलाएकीबाट ईडा र पिंगला नाडीहरू भन्ने बुझिन्छ । सदा सर्वदा एकनास सोह्र वर्षको उमेरकी भन्नाले अनुग्रह-

कला, मोटो र उठेको स्तन भएबाट विश्वंभरास्वरूपिणी छिन्नमस्ता समयाको स्वरूप भन्ने बुझिन्छ ।

महानिर्वाणेश्वरी महात्रिपुरसुन्दरी महासमया:—

यिनको मन्त्र तीन बीजले पुटित दश कूट भएको षोडशाक्षरी हुन्छ । तिनको ध्यान यस प्रकारको हुन्छ ।

जपाकुसुमसंकाशां कोटिमार्तण्डतेजसम् ।
वक्त्रैः षोडशभिर्युक्तां विशाललोचनप्रियाम् ॥
अष्टाधिकशतैर्हस्तैर्युक्तां त्रिपुरसुन्दरीम् ।
ऊर्ध्वं वक्त्रं रक्तवर्णं तदधः श्यामवक्त्रकम् ॥
तदधः श्वेतवक्त्रन्तु तदधो हरितप्रभम् ।
तद्दक्षे श्वेतवक्त्रं तु वामे च पीतवक्त्रकम् ॥
तदधोरक्तवदनं दक्षे हरितकुंकुमे ।
वामे लाक्षारसाभञ्च तद्वामे कापिलन्तथा ॥
तद्दक्षाधो दाडिमाभं तद्दक्षे नीलश्वेतकम् ।
वामे बन्धूकवर्णं च पीतं धूम्रकवर्णकम् ॥
मुक्तकेशीं चन्द्रमौलीं शशिमार्तण्डकुण्डलाम् ।
देवानां दुर्लभै रत्नैर्विराजितकिरीटिनीम् ॥
रक्तवस्त्रपरीधानां ब्रह्मचर्म्मोत्तरीयकाम् ।
विष्णुचर्म्मपरीधानां योगपट्टविभूषिताम् ॥
मनोहरे कटीदेशे किंकिणीजालमण्डिताम् ।
वैडूर्यमुक्ताहाराद्यैः स्तनमध्यविराजिताम् ॥
छिन्नभैरवशीर्षैश्च कृतमालातिशोभिताम् ।
रक्तपद्ममयीमालामापादान्तावलम्बिनीम् ॥
अङ्कुशं पाशवाणाँश्च पिनाकं शूलपट्टिशान् ।
सिद्धिलक्ष्मीं कुब्जिकां च भुवनेशीं च वारुणीम् ॥
वाराहीं ब्राह्मीं नारसिंहीं चामुंडां वैष्णवीं तथा ।
भैरवीं छिन्नमस्तां च अर्धनारीश्वरीं तथा ॥
खड्गं शूलं गदां चक्रं पद्मं नीलोत्पलं तथा ।
रक्तोत्पलं त्रिदंडं च मुसलं चाक्षमालिकाम् ॥
पुस्तकम् शरवीं शक्तिं तोमरम् हीरवज्रकम् ।
छत्रं ध्वजं भिन्दिपालं कृपाणं कलशं तथा ॥

पाताकां तर्जनीं मुण्डं कपालं यमदण्डकम् ।
गरुडं कुक्कुटं गृध्रं शिवां श्वानं षडस्रकम् ।।
दामिनीं सोमगंगां च वृत्तं डमरुजाम्बुकौ ।
वरदं धारयन्तीञ्च दक्षहस्तोर्ध्वतः क्रमात् ।।
त्रिपुरां दक्षिणाकालीमुग्रतारामुमान्तथा ।
ऐन्द्रीं माहेश्वरीं लक्ष्मीं कौमारीमुग्रचण्डिकाम् ।।
ब्रह्मविष्णुशिवानग्निं भैरवं शारदां तथा ।
शार्दूलं केशरीं व्याघ्रं सिंहमर्कटहस्तिकान् ।।
कुठारं चर्म्म खट्वाङ्गं पर्वतं शवमत्स्यकम् ।
श्मशानं तक्षकं काकं मकरञ्च शिलान्तथा ।।
शङ्खमुद्गरवीणाश्च खेटकं मांसखण्डकम् ।
चैत्यं सरस्वतीं सिन्धुं मार्जारं गृहकच्छपम् ।।
मातुलुंगं तुरंगञ्च सूर्यमष्टास्रघण्टिकाम् ।
स्रक्-स्रुवौ सुमुखीं देवीं मयूरं गाञ्च माहिषम् ।।
अभयं वामतो हस्तैर्धारयन्तीञ्च सुन्दरीम् ।
आनन्दभैरवं देवं श्मशानोर्ध्वेकृतासनम् ।।
श्मशानाधो रक्तपद्मं शून्यपद्मं विचिन्तयेत् ।
सदाशिवस्य नाभिस्थपद्मनालामृतोत्थितम ।
ततः सिंहासनं दिव्यमर्घ्यरत्नादिभिर्युतम् ।।
ब्रह्मा विष्णुश्च रुद्रश्च ईश्वरश्च सदाशिवः ।
एते प्रेतासनाद्बाह्ये दिक्पालादिभिरास्थिताम् ।।
खगान्तरे शून्यमध्ये ज्वालाव्याप्तदिगन्तरे ।
तदन्तरे स्थितां देवीं ध्यात्वा मोक्षमवाप्नुयात् ।।

यस ध्यानबाट जपाकुसुम झैं लाल वर्ण भएकी, करोड़ौं सूर्य झैं तेज भएकी, सोह्र मुख भएकी, ठूला-ठूला आँखा भएकी, एक सय आठ बाहुली भएकी, माथि रातो, श्याम वर्णको र सेतो वर्णको मुख, त्यसभन्दा मुनि बीचमा हरियो, दाहिनेतिर सेतो, बाँयातिर पहेंलो अनि त्यसमुनि बीचमा रातो, त्यसभन्दा दायाँ हरियो, त्यसभन्दा पनि दायाँ रोरी वर्णको, माझको मुखभन्दा बायाँपट्टि लाहाको रंगको, त्यसको बायाँ-पट्टि कैलो अनि फेरि तल्लो पंक्तिको दाहिनेतिर दारिमफूलको रंगको, त्यसको बायाँपट्टि केही नीलो प्रभा भएको सेतो रंगको, ती दुई मुखदेखि बायाँ अर्थात् माझमा बन्धूक पुष्प झैं रातो वर्णको, त्यसभन्दा बायाँ पहेंलो र त्यसभन्दा बायाँ ध्वाँसे रंगको मुखहरू भएकी, कपाल छाडेकी, माथमा चन्द्रमा पहिरेकी, चन्द्रमा र सूर्यको कुण्डल लाएकी, देवताहरूलाई पनि पाउन दुर्लभ हुने रत्नहरू जडिएको किरीट

पहिरेकी, रातो पोशाक पहिरेकी, ब्रह्माको छाला ओढ़ेकी, विष्णुको छाला कम्मरमा बेह्लेकी, योगपट्टरूप चप्रास पहिरेकी, खूब राम्रो कटीमा धुँधुराको झुम्का पहिरेकी, लहसुनी र मोतीको हार स्तनको बीचमा पहिरेकी भैरवहरूको मुण्डमाला पहिरेकी, रातो कमलको माला पाउसम्म आउने गरी पहिरेकी, निम्नलिखित देवता र आयुध (हतियार) हरू बाहुलीमा धारण गरेकी, श्मशानमाथि रहेका आनन्द भैरवमाथि उभिएकी, सो श्मशानमुनि रातो कमल, त्यसमुनि शून्यकमल, त्यसभन्दा मुनि सदाशिवको नाभिबाट निस्किएको कमलको डाँठ, त्यसमुनि लम्पसार भएर सुतेको सदाशिव रत्न जडिएको दिव्य सिंहासनमाथि सुतेका, सो सिंहासनको चार खुट्टारूप ब्रह्मा विष्णु रुद्र र महेश्वर, त्यस पंचप्रेतदेखि बाहिर दश दिशातिर दश दिक्पालहरू रहेका, सबै महाकाशमा शून्यको बीचमा जतातर्तै ज्वालाले व्याप्त भएकी महासमयारूपा महानिर्वाणत्रिपुर सुन्दरीको रूप झल्कन्छ ।

उनको बाहुलीको हतियार यस प्रकार छन् : दाहिने बाहुको सबै हतियार यस प्रकार छन्—

(१) अंकुश, (२) पाश, (३) बाण, (४) पिनाकधनु,(५) शूल, (६) पट्टीश, (७) सिद्धिलक्ष्मी, (८) कुब्जिका, (९)भुवनेश्वरी, (१०)वारुणी, (११) ब्राह्मी, (१२) वाराही (१३) नारसिंही, (१४) चामुण्डा, (१५) वैष्णवी, (१६) भैरवी, (१७) छिन्नमस्ता, (१८) अर्द्धनारीश्वरी, (१९) खड्ग, (२०) त्रिशूल, (२१) गदा, (२२) चक्र, (२३) नीलकमल, (२४) रातोकमल, (२५) त्रिदण्ड, (२६) मुसल, (२७) अक्षमाला, (२८) पुस्तक, (२९) सखी, (३०) शक्ति, (३१) तोमर, (३२) हीराको वज्र, (३३) छाता, (३४) ध्वजा, (३५) भिन्दिपाल, (३६) कृपाण, (३७) कलश, (३८) पताका, (३९) तर्जनी, (४०) मुण्ड, (४१) कपाल, (४२) यमदण्ड, (४३) गरुड, (४४) कुखुरा, (४५) गिद्ध, (४६) श्याल, (४७) कुकुर, (४८) षड़स्र, (४९) विजुली, (५०) सोमगंगा, (५१) रूख, (५२) डमरु, (५३) जामुनाको फल, (५४) वरदमुद्रा ।

बायाँ बाहुमा रहेको सबै हतियारहरू यस प्रकार छन्—

(१) त्रिपुरा, (२) दक्षिणकाली, (३) उग्रतारा, (४) उमा, (५) इन्द्राणी, (६) माहेश्वरी, (७) लक्ष्मी, (८) कौमारी, (९) उग्रतारा, (१०) ब्रह्मा, (११) विष्णु, (१२) शिव, (१३) अग्नि, (१४) भैरव, (१५) शारदा, (१६) चितुवा, (१७) केशरी, (१८) बाघ, (१९) सिंह, (२०) बाँदर, (२१) हात्ती, (२२) कुठार, (२३) ढाल, (२४) खट्वाङ्ग, (२५) पर्वत, (२६) शव, (२७) माछा, (२८) श्मशान, (२९) तक्षक नाग, (३०) काग, (३१) ग्राह, (३२) ढुंगा, (३३) शंख, (३४) मुद्गर, (३५) वीणा, (३६) खेटक, (३७) मासुको टुक्रा, (३८) चैत्य, (३९) सरस्वती नदी, (४०) सिन्धु (समुद्र), (४१) बिरालो, (४२) घर, (४३) कछुवा, (४४) बिमिरो, (४५) घोड़ा,

(४६) सूर्य, (४७) अष्टास्त्र, (४८) घण्टा, (४९) स्रुक् स्रुव, (५०) सुमुखी देवी, (५१) मुजुर (५२) गाई, (५३) राँगो, (५४) अभय।

यसको सांकेतिकार्थ यस प्रकार हुन्छ : जपाकुसुम झैं लाल वर्ण भएवाट सौभाग्य रूपिणी, करोड़ौं सूर्यझैं तेज भएवाट ब्रह्मज्योतिरूपिणी, सोह्र मुख भएवाट षोडशाधाररूपिणी, ठूला-ठूला आँखा भएवाट परमविन्दुरूपिणी, एक सय आठ बाहुली भएवाट एक सय आठ श्री स्वरूपिणी, माथिल्लो रातो मुख भएबाट अनुग्रहात्मिका, श्यामवर्णको मुखवाट अरूपा, सेतो मुख भएवाट विश्रान्तिस्वरूपिणी, हरियो मुख भएवाट निरुपद्रवता, दाहिनेतिरको सेतो मुख भएबाट सन्धिरूपिणी, वायाँतिरको मुखवाट रजोगुणात्मिका, मुन्तिरको रातो मुखबाट हर्षरूपिणी, दायाँतिरको हरियो मुखवाट अनिष्टनाशिनी, कुंकुम वर्णको मुखवाट मुक्तिदायिनी, माझको मुखभन्दा बायाँपट्टिको लाहाको रंग जस्तो मुख भएवाट पुष्टिप्रदा, कैलो मुख भएवाट तमोगुणात्मिका, दारिमको फूल जस्तो मुख भएवाट विजयप्रदा, केही नीलो प्रभा भएको सेतो मुख भएवाट सत्त्वगुणात्मिका, वन्धूक पुष्प झैं रातो वर्णको मुखवाट सौभाग्यरूपिणी, बायाँपट्टिको पहेंलो मुखवाट वैभवरूपिणो, ध्वाँसे मुखबाट अन्तर्लीनात्मिका, कपाल छोडेकीवाट निर्विकारा, माथमा चन्द्रमा पहिरेवाट परमामृतरूपिणो, चन्द्रमा र सूर्यको कुण्डल लाएवाट रात्रिन्दिवास्वरूपिणी, जुहारत जडिएको किरोट लाएवाट अनन्तकोटी ब्रह्माण्डनायिका, रातो पोशाक पहिरेवाट जगद्रञ्जिनी, ब्रह्माको छाला ओढेवाट घनतात्मिका, विष्णुको छाला कम्मरमा बेह्रेवाट द्रवात्मिका, योगपट्टरूप चप्रास पहिरेबाट योगस्वरूपिणी, कटीमा धुँधुराको जालो पहिरेबाट निनादस्वरूपिणी, लहसुनी र मोतीको हार स्तनको वीचमा पहिरेवाट सत्त्वगुणात्मक बहुरूपता, भैरवहरूको मुण्डमालाहरू पहिरेवाट नादब्रह्मस्वरूपिणी, रातो कमलको माला पहिरेबाट अनन्तकोटी ब्रह्माण्डस्वरूपिणी, श्मशानमाथि रहेकीवाट ब्रह्मचैतन्यरूपिणी, आनन्द भैरवमाथि उभिएकीवाट परमानन्दरूपिणी, श्मशानमुनिको रातो कमलवाट जगदाधाररूपिणी, त्यसमुनिको शून्यकमलवाट शून्यरूपिणी, सदाशिवको नाभिवाट निस्केको कमलको डाँठवाट मृणालतन्तुरूपिणी, लम्पसार भएर सुतेको सदाशिववाट आकाशतत्त्व स्वरूपिणी, रत्न जडिएको दिव्य सिंहासनमाथि सुतेकीवाट विश्वराज्ञी, सो सिंहासनको चार खुट्टारूप ब्रह्मावाट पार्थिव सत्त्वात्मिका, विष्णुवाट जलतत्त्वात्मिका, रुद्रबाट तेजस्तत्त्वात्मिका, महेश्वरवाट वायुतत्त्वात्मिका, वाहिरपट्टिको दश दिशाको दश दिक्पालवाट दश दिक्स्वरूपिणी, महाकाशमा शून्यको बीचमा ज्वालाले व्याप्त भएवाट निरञ्जन निराकार भन्ने बुझिन्छ।

यिनको दाहिने हातमा धारण गरेका हतियारको सांकेतिक अर्थ यस प्रकार हुन्छ :

अंकुशवाट स्तम्भन शक्ति, पाशबाट वशीकरण शक्ति, बाणवाट पापमोचन शक्ति, पिनाक धनुवाट पुण्य, शूलबाट वायव्यताप, पट्टिशबाट लज्जा, सिद्धिलक्ष्मीबाट ओज,

कुञ्जिकावाट कुण्डलिनी शक्ति, भुवनेश्वरीबाट प्रकृति, बारुणीबाट दृढ़ता, ब्राह्मीबाट सृजन शक्ति, वाराहीबाट आधार शक्ति, नारसिंहीबाट दम्भ विनाशक शक्ति, चामुण्डाबाट सर्वगतता, वैष्णवीबाट पालन शक्ति, भैरवीबाट स्मृति शक्ति, छिन्नमस्ताबाट कुण्डलिनी शक्ति, अर्द्धनारीश्वरीबाट निःश्वासोच्छ्वासरूपिणी, खड्गबाट विजय, त्रिशूलबाट त्रिविधोत्पातकनाशिनी, गदाबाट ब्रह्मज्ञान, चक्रबाट विश्वचक्र, नीलकमलबाट निर्वाणपददायिनी, मुसलबाट वैराग्य, अक्षमालाबाट मन्त्ररूपिणी, पुस्तकबाट विद्या, सखीबाट क्रोधनाशक शक्ति, शक्तिबाट वर्कत, तोमरबाट प्रपञ्चरूप, हीराको ब्रजबाट विद्युत् प्रभा, छाताबाट व्यापकता, ध्वजाबाट राष्ट्ररूपिणी, भिन्दिपालबाट विद्वेषण शक्ति, कृपाणबाट खण्डनशक्ति, कलशबाट श्री, पताकाबाट अलंकार शक्ति, तर्जनी बाट सावधानी, मुण्डबाट विवेक, कपालबाट ज्ञान, यमदण्डबाट मृत्युशक्ति, गरुड़बाट खेचर शक्ति; कुखुराबाट वशीकरण, गिद्धबाट दिव्य दृष्टि, स्यालबाट धीरशक्ति, कुकुरबाट ईमानदारी, षड्स्रबाट षड्रस, विजुलीबाट विद्युत्शक्ति, सोमगंगाबाट शुभप्रदता, रूखबाट रक्षा, डमरुबाट प्रतिध्वनि, जामुनाको फलबाट पाचन शक्ति, वरदमुद्राबाट अभीष्ट सिद्धि भन्ने बुझिन्छ।

देब्रे हातमा रहेका हतियारहरूको सांकेतिकार्थ यस प्रकार छन्—

त्रिपुराबाट हिस्सी, दक्षिणकालीबाट प्रेम, उग्रताराबाट दया, उमाबाट कीर्ति, इन्द्राणीबाट राजसत्ता, माहेश्वरीबाट विश्रान्ति, लक्ष्मीबाट वैभव, कौमारीबाट मायाजालरूपिणी, उग्रचण्डाबाट विजय, ब्रह्माबाट उत्पादनतत्त्वरूपिणी, विष्णुबाट पालन तत्त्वरूपिणी, शिवबाट कल्याणतत्त्वरूपिणी, अग्निबाट दाहकतत्त्वरूपिणी, भैरवबाट शब्दतत्त्वरूपिणी, शारदाबाट प्रेमविद्या स्वरूपिणी, चितुवाबाट योगरूपिणी, केशरीबाट ब्रह्मज्ञानरूपिणी, बाघबाट अष्टाङ्गयोगरूपिणी, सिंहबाट ज्ञानरूपिणी, बाँदरबाट साहस, हात्तीबाट आधार शक्ति, कुठारबाट आग्नेयताप अर्थात् तातो राप, ढालबाट रक्षा, खट्वाङ्गबाट तापत्रयनाशक शक्ति, पर्वतबाट प्रचुरता, शवबाट जडतत्त्वरूपिणी, माछाबाट सगुन, श्मशानबाट लयतत्त्वात्मिका, तक्षक नागबाट निर्विषीकरण, कागबाट चञ्चलता, ग्राहबाट जलचर शक्ति, ढुङ्गाबाट कठोरता, शंखबाट अनाहत नाद, मुद्गरबाट तीव्र वैराग्य, वीणाबाट आहतनाद, खेटकबाट विद्वेषण शक्ति, मासुको टुक्राबाट कल्याणरूपिणी, चैतन्यबाट चित्तरूपिणी, सरस्वती नदीबाट पवित्रता, सिन्धुबाट गम्भीरता, बिरालोबाट लोभ, घरबाट आश्रय, कछुवाबाट आधार शक्ति, बिमिरोबाट आरोग्य, घोडाबाट वेगशक्ति, सूर्यबाट आत्मा, अष्टास्रबाट अष्टसिद्धि, घण्टाबाट गर्जनशक्ति, स्रुक्स्रुवबाट यज्ञतत्त्वरूपिणी, सुमुखी देवीबाट ध्वनि, मुजुरबाट चैतन्यरूपिणी, गाईबाट लोकलोकान्तररूपिणी, राँगोबाट कालरूपिणी, अभयबाट डरनाशक शक्ति भन्ने बुझिन्छ।

यस स्वरूपमा छः तलामा सोह्र मुख भएबाट यिनी षडाम्नायस्वरूपिणी भइन् । सबभन्दा माथिको रातो मुख भएबाट ऊर्ध्वाम्नायात्मक, त्यसपछिको श्यामवर्णको मुख दक्षिणाम्नायात्मक, भुवनेश्वरीको मूल ध्यानमा तीन मुख भएको हुनाले चौथो तलाको तीन मुख पूर्वाम्नायात्मक, फेरि वज्रकुब्जिका पञ्चवक्त्रात्मिका हुनाले त्यस-पछिको पाँचौं तलाको पाँचौं मुख पश्चिमाम्नायात्मक हो । सिद्धिलक्ष्मीको पाँच मुख भएको हुनाले तल्लो तलाको पाँच मुख उत्तराम्नायात्मक हो । अनि श्वेतवर्णका मुख-चाहिँ अधराम्नायात्मक हुन्छ । त्यस्तै यिनको हातमा पनि यही क्रमले देवताहरू रहेको बुझिन्छ । बायाँ हातमा 'त्रिपुरां दक्षिणाकालीमुग्रताराम्.....' फेरि दाहिने हातमा 'सिद्धि-लक्ष्मीं कुब्जिकां च भुवनेशीं च....' भन्ने हुन्छ । यसभन्दा बढ्ता गुरुमुखबाट बुझ्नुपर्दछ ।

महाप्रलयमा 'समय' को पनि नाश हुन्छ । तसर्थ 'समया' पनि नरहने नै भयो । तर जो अविनाशी हो त्यो नित्य हो । त्यसको सत्ता (Potency) महा-नित्या हो । सो महानित्या अवस्था-भेदले आद्या, द्वितीया, तृतीया, तुरीया र तुरीया-तीता पाँच प्रकारका हुन्छन् ।

साम्राज्यमेधा दीक्षामा यिनैको क्रम हुन्छ । सो यस प्रकारको हुन्छ—

१. **आद्या महानित्या :**—यिनको मन्त्र दुई बीज पुटित बाह्र कूटात्मक षोडशाक्षरी हुन्छ । तिनको ध्यान यस प्रकारको हुन्छ—

"लक्षब्रह्माण्डलोमस्थां हस्तपादसहस्रकाम् ।
सहस्रशीर्षसंयुक्तां ध्यात्वा ब्रह्मपदं लभेत् ॥"

यस ध्यानबाट हजारौं मुख भएकी, हजारौं हात खुट्टा भएकी, रौंमा लाखौं ब्रह्माण्ड धारण गरेकी, परदेवताको स्वरूप झल्कन्छ ।

यहाँ हजारौं र लाखौं भन्नाले अनन्त भन्ने बुझिन्छ ।

२. **द्वितीया महानित्या :**—यिनको मन्त्र एउटा बीजले पुटित कूट भएको षोडशाक्षरी मन्त्र हो । तिनको मन्त्र यस्तो हुन्छ—

निर्लेपां निर्विकल्पां परगगनगतां निष्कलां ज्योतिपुञ्जाम्
अद्वैतां निष्कलाढ्यामतिपरमचिदानन्दनन्दामनिच्छाम् ।
सर्वान्तःसाक्षिभूतां त्रिगुणतरतमां मन्त्रवाक्यैकगम्याम्
धर्माधर्मादिशून्यां विधिहरिगिरिशैः सेवितां ब्रह्मज्योतिम् ॥

यस ध्यानबाट निर्लेप विकल्परहित पर आकाशमा रहेको निष्कल ज्योति-पुंजरूप अद्वैत इच्छाशून्य अतिपरम चिदानन्दले आनन्दित सारा प्राणीको अन्तस्करणमा साक्षिरूपले रहेको त्रिगुणको तारतम्यमय मन्त्रवाक्यबाट मात्र जानिने धर्माधर्म आदि रहित ब्रह्मा विष्णु महादेवहरूले उपासना गरिएको ब्रह्मज्योतिस्वरूप द्वितीया महा-नित्याको रूप झल्कन्छ ।

यस ध्यानको सांकेतिकार्थमा नै उही रूप हो, किनभने यो ध्यान स्वयं नै निर्गुण हो ।

३. तृतीया महानित्या :—यिनको मन्त्र षोडशकूटात्मिका विद्या हुन्छ । यिनको ध्यान यस प्रकारको हुन्छ—

शून्यमध्यस्थितां शून्यां नित्यां दिव्यां परात्पराम् ।
मनोवाग्गोचरागम्यां ज्ञात्वा तद्रूपतां व्रजेत् ॥

यस ध्यानबाट नित्य दिव्य परभन्दा पनि पर रहेकी, मन र वचनबाट जान्न नसकिने, शून्यको, बीचमा रहेकी शून्य विन्दु स्वरूपकी तृतीया महानित्या भन्ने बुझिन्छ ।

यस ध्यानको सांकेतिकार्थमा पनि उही रूप नै हो किनभने यो ध्यान स्वयं नै निर्गुण हो ।

त्यसपछि तुरीया नित्यालाई लघु साम्राज्य मेधा भन्दछन् । यिनको मन्त्र अलेखिनी विद्या हो । सो सातवटा दिव्य कूटात्मिका हुन्छ । यिनको ध्यान पनि गुरु-मुखबाट वुझेको अनुभवगम्य हुन्छ । गृहस्थाश्रममा पाइने पराकाष्ठा यतिसम्म हो ।

त्यसपछि तुरीयातीता महाविद्यालाई महासाम्राज्य मेधा भन्दछन् । सो पनि अलेखिनी नै हुन्छ । तर सो कस्तो हुन्छ र के हुन्छ भन्ने बारेमा मेरो अधिकारदेखि वाहिर पर्ने भएकोले मैले जानेको छैन ।

यी पाँच समयहरूमा निर्वाण भैरवको छातीमा रहेको श्री यन्त्रको भूपुरको द्वार-वाहिर पूर्वमा बगला समया, दक्षिणमा कालरात्रि समया, पश्चिममा जयदुर्गा समया र उत्तरमा छिन्नमस्ता समयाको भावना हुन्छ अर्थात् रहन्छन् । सो श्री यन्त्रको विन्दुको अन्तरगत महानिर्वाणेश्वरी त्रिपुरसुन्दरी समयाको भावना हुन्छ अर्थात् रहिरहन्छिन् ।

अव महानित्याको विषयमा निर्वाण भैरवको ज्योतिवक्त्रको मूलको दाहिने-पट्टि आधा महानित्या बायाँपट्टि श्यामा महानित्याको भावना हुन्छ या रहन्छन् । यी सबै समष्टि भएको शिवशक्त्यात्मक निर्वाण भैरव सूक्ष्मातिसूक्ष्म रूपमा परिणत भए-पछि तुरीया महानित्यारूप लघु साम्राज्य मेधा वन्न जान्छ ।

तन्त्रोक्त मुक्तिविद्याको पराकष्ठासम्मको मैले जानेको र लेखेर प्रकाश गर्न हुनेसम्म यस पटलमा दर्शाएँ । यसको अतिरिक्त गुरुवक्त्रबाट नै जान्नुपर्दछ । लेख-वाट हुन सक्तैन । किं वहुना ।

अव अर्को पटलमा क्रमदीक्षाको केही झलक दर्शाउनेछु, जुन वाटोवाट यो साम्राज्य मेधासम्म पुग्न सकिने मार्ग दर्शनेछ ।

इति श्रीधनशमशेरवर्मविरचिते मन्त्रविद्यारहस्ये महाराजाधिराज-योगधारणार्हदेवतोत्पत्तिर्नाम
चतुर्थः पटलः

पञ्चम पटल

श्रीगणेशमा 'सर्वोल्लास तन्त्र' को निम्नलिखित उक्तिको व्याख्या गरेर क्रमदीक्षाको रहस्य यथाज्ञान दर्शाउने चेष्टा गर्दछु—

भावं हि सृष्टिरूपं स्यादभावं सृष्टिवर्जितम् ।
भावाभावविनिर्मुक्तमभावं भावमेव च ॥
भावातीतमयं भावं भावं भावातीतं परम् ।
यथा दर्पणविम्वेषु प्रतिविम्वं च दृश्यते ॥
तथा द्वित्वादिकं सर्वं भवेष्वेकेषु दृश्यते ।
द्वित्वमेकत्वसंयुक्तमेकत्वं द्वितसंयुतम् ॥
संख्येयं च विना संख्या विज्ञातुं नैव शक्यते ।
द्वितभावं विनैकत्वं कथमुत्पद्यते शिवे" ॥

भावार्थ :— भाव सृष्टिरूप र अभाव सृष्टिवर्जित रूप हुन् (अर्थात् भाववाट नै सवै कुरो बन्दछ, भावै नभए कुनै कुरा पनि बन्दैनन् । त्यसउसले भाव धनात्मक र अभाव ऋणात्मक ठहरियो ।) भाव र अभाव दुवै नभएको भाव नै भाव हो । (अर्थात् न धनात्मक न ऋणात्मक नै भाव ठहरियो ।) भावातीत भावमय भाव (अर्थात् भावभन्दा पनि उपल्लो कक्षाको भाव) परम भावातीत भाव हो । एउटा वस्तुमा ऐनाको प्रतिविम्वले गर्दा दुइटा झैं भान परेजस्तो एउटै भाववाट द्वित्वादिभाव झल्कन्छ । द्वित्वमा एकत्व मिल्दछ फेरि एकत्वमा द्वित्व मिल्दछ । गनिने पदार्थ नभए गन्ती हुन सक्तैन । त्यसउसले द्वित्व भाव नभए एकत्व भाव कसरी होला ?

यस्तो संकेत शिवले गरेका छन् । यति चार श्लोकवाट अनेकन् रहस्य निस्कन्छन् । यी सवै गुरुमुखगम्य छन् । सवका सव रहस्य मैले पनि वुझ्न सकेको छैन तापनि मेरा पूज्य गुरुदेवको कृपाद्वारा मैले जाने-वुझेसम्मको यथाशक्ति कनीकुथी गरी दर्शाउने चेष्टा गर्दछु । तैंपनि यस विषयमा आफूले जाने-वुझेसम्मको पनि दुरुस्त अरूको समझमा घुसाउन वडो मुश्किल हुन्छ । यसको रहस्य वुझ्न धेरै कुरा संझनुपर्ने आवश्यकता पर्छ । अव सर्वप्रथम यस कुराको विचार गरौं कि कुनै एक पदार्थलाई दुई वरावरी जोडले तान्दा सोझो बाटो तानिएको भए **नक्शा नं १** जस्तो भई जहांको तहीं घुमिरहन्छ । कोणाकार गराएर तानिएको भए कोणको ठीक माझको

वाटो **नक्शा नं २** जस्तो गरिलिन्छ, फेरि एकातिर केही बढी जोड हुन गए जोडको तुलना अनुसार सो वाटो **नक्शा नं ३** जस्तो जोड भएतिरँ करापिएर वलियोतिरको कोण सांग्रो र अर्कोतिरको कोण फुकेको हुन्छ ।



नक्शा नं० १

यसमा अ पदार्थलाई क वाट र ख वाट आफू-आफूतिर समजोडले तानिरहेको छ र अ घुमिरहेको छ ।



नक्शा नं० २

यसमा अ पदार्थलाई क वाट र ख वाट आफू-आफूतिर समजोडले तानिरहेको छ र यसको वाटो अ ग हुन्छ । फेरि ∠क अ ग र ∠ग अ ख वरावर हुन्छ ।



नक्शा नं० ३

यसमा सबै **नक्शा नं २** जस्तो हो, तर क को जोड ख को भन्दा वढी भएको हुनाले ∠क अ ग चाहिं ∠ग अ ख भन्दा सानो हुन्छ । कोणको कुरा यस्तो हुन्छ ।

अव अर्को कुराको विचार गरौं । प्रकाशरूप ईश्वरको किरणपुञ्ज विमर्शरूप ऐनामा परेबाट हाम्रो चित्तमा अहंकारको स्फुरण भइरहेछ । सोही अहंकारमा अविद्याले अज्ञानतिर धकेलिरहेर पशुत्वको र विद्याले ज्ञानतिर तानेर शिवत्वको आभास पर्छ । यसवारेमा निगममा यो निम्नलिखित कण्डिकाले संकेत गर्छ ।

"अन्धन्तमः प्रविशन्ति येऽविद्यामुपासते ।
ततो भूयऽइव ते तमो यऽउ विद्यायाᳪरताः ॥

भावार्थ :—अविद्याको उपासक (यसको धेरै प्रकारको अर्थ भए पनि यहां क्रमदीक्षाको व्याख्या हुँदा) अदीक्षित व्यक्ति कुनै वस्तु पनि नदेख्ने अन्धकारमा पस्दछ अर्थात्

अविद्याले प्रकाशको टक पर्ने विमर्शरूप ऐनालाई आफूतिर तानेर व्यक्तिको चित्तमा अज्ञानको टक पार्दछ । अनि विद्या पनि ('य उ' भन्ने बीज संकेतको अर्थले) पूर्वोक्त ऐनालाई आफूतिर तान्न खोज्दा सो अविद्या र विद्या परस्पर एउटामाथि अर्को खडा भएर त्यो ऐनाको टक चित्तमा ज्ञानतिरको झल्का पनि दिने हुन्छ (भन्ने अभिप्रायको उक्तिले तिनीहरू अर्थात् अदीक्षितहरू विद्यामा रत भए भनेको हो ।)



नक्शा नं० ४

अब यो **नक्शा** नं ४ मा विचार गरौं । **क ख** विद्याको रेखा **ग घ** अविद्याको रेखा, **अ ह** विमर्शको बाटोको रेखा (किनभने यहाँ विद्याले **ख** बाट र अविद्याले **ग** बाट **अ** मा रहेको विमर्शादर्शलाई परस्पर आफूतिर समजोडले तानिरहेका छन् । फेरि **अ** लाई विद्या र अविद्याका रेखाहरू मिलेको ठाउँ सम्झौं । अब यस नक्शामा हेरौं ∠**क अ च**, ∠**च अ ख**, ∠**ख अ छ** तथा ∠**छ अ क** यति चार कोण बन्न गई निम्नलिखित ''शक्तिसङ्गम तन्त्र'' को वचनानुसार प्रत्येक कोणमा कादिविद्या, हादिविद्या र सादिविद्याको प्रत्येकमा भएका तीन-तीन आम्नायहरूद्वारा नौ तत्त्वहरू निक्लन गई चार कोणबाट छत्तीस तत्त्व निक्लन गए । ती छत्तीस तत्त्व यी हुन्—

आत्मा तत्त्व :—प्रकृति (सत्त्व, रज र तम), अन्तस्करण (मन, बुद्धि र अहंकार), ज्ञानेन्द्रिय (आँखा, कान, नाक, जिब्रो र छाला), कर्मेन्द्रिय (हात, खुट्टा, वायु, उपस्थ र वाक्), तन्मात्रा (शब्द, स्पर्श, रूप, रस र गन्ध), महाभूत (पृथ्वी, जल, तेज, वायु र आकाश)—२४ तत्त्व

विद्या तत्त्व :—पुरुष, नियति, काल, राग, अविद्या, कला र माया—७ **तत्त्व**

शिव तत्त्व :—शिव, शक्ति, सदाशिव र शुद्धविद्या—५ **तत्त्व**

यस बारेमा पूर्वोक्त तन्त्रको उक्ति यस प्रकार छ—

"आम्नायो नवधा प्रोक्तश्चोत्तमादिप्रभेदतः ।
त्रिभेदे बहुभेदत्वं त्रितयं त्रितयं त्रिषु" ॥

अर्थात् :—आम्नायहरू उत्तमादि प्रभेदले गर्दा नौ थरीका हुन्छन् । तीन भेदहरूमध्ये (कादि, हादि र सादि) प्रत्येकमा तीन-तीन भेदहरू हुँदा धेरै हुन्छन् ।

पूर्वोक्त सांकेतिक रहस्योक्तिको अभिप्राय यो हो । कादि क्रममा गुह्यकाली (उत्तराम्नाय), भुवनेश्वरी (पूर्वाम्नाय) अनि कुब्जिका (पश्चिमाम्नाय) फेरि हादिक्रममा दक्षिणकाली (दक्षिणाम्नाय) अनि महात्रिपुरसुन्दरी (ऊर्ध्वाम्नाय) हुन्छन् । यी दुवै शैव मतका क्रम हुन् । खास अधराम्नाय बौद्धमार्गीय हुनाले हादिक्रमको अधराम्नाय दच्चिणाम्नायमा मिलेको हो । सादि क्रमचाहिं बौद्धमार्गीय हुनाले यसमा शुद्ध अधराम्नायबाट आर्यताराको क्रम तथा देश-शावर काल-शावर र सिद्धिशावरको क्रम हुन्छ रे । अतः यो सादिक्रम हामी शैवमार्गीलाई निषिद्ध भएकोले हामी शुद्ध सादिक्रम नगरेर उपसादिक्रम गर्दछौं । सो उपसादिक्रममा महाकाली (ईशानाम्नाय), महालक्ष्मी (आग्नेयाम्नाय) अनि महासरस्वती (वायव्याम्नाय) हुन्छन् । यो पूर्वोक्तिमा शक्तिसंगम तन्त्रले कादि, हादि र सादि तीनै क्रमलाई संकेत गरेबाट ईशानादि तीन आम्नायहरू पनि जान्नुपर्छ, जुन पहिलेकै पटलमा वर्णन भैसकेको छ ।

वीज वा कूटबाट तत्त्व बन्दछ भन्ने माथिको पटलमा चर्चा भएबमोजिम कादिक्रमबाट उत्तराम्नायको अन्तर्लीन कलाको मूलभूत राववीजात्मक तत्त्व, पूर्वाम्नायको सृष्टिकलाको मूलभूत मायाबीजात्मक तत्त्व अनि पश्चिमाम्नायको संहारकलाको मूलभूत खेचरी बीजात्मक तत्त्व फेरि हादिक्रमबाट दच्चिणाम्नायको स्थितिकलाको मूलभूत कुन्तीवीजात्मक तत्त्व, दक्षिणाम्नायमिश्रित अधराम्नायको बोधकलाको मूलभूत स्त्रीवीजात्मक तत्त्व, अनि ऊर्ध्वाम्नायको अनुग्रहकलाको मूलभूत प्रासादी बीजात्मक तत्त्व अनि उपसादिक्रमबाट ईशानाम्नायको ऐशान्यकलाको मूलभूत कामबीजात्मक तत्त्व, वायव्याम्नायको वायव्यकलाको मूलभूत वाणीबीजात्मक तत्त्व, अनि आग्नेयाम्नायको आग्नेयकलाको मूलभूत त्रपाबीजात्मक तत्त्व बन्न गई ९ आम्नायबाट नौ बीजात्मक तत्त्वहरू बने ।

"त्रितयं त्रितयं त्रिपु" भनेको के हो भने फेरि प्रत्येक बीजात्मक तत्त्वबाट तीन-तीन विद्याहरू निस्किए । ती यस प्रकारका हुन्छन् : राव-बीजात्मक तत्त्वबाट सिद्धिलक्ष्मी, सिद्धिकराली र कामकलाकाली; मायाबीजात्मक तत्त्वबाट उन्मनी, पूर्णेश्वरी र भुवनेश्वरी; खेचरी बीजात्मक तत्त्वबाट अघोरकुब्जिका, बज्रकुब्जिका र समयाकुब्जिका, कुन्तीबीजात्मक तत्त्वबाट आद्याकाली, श्यामाकाली र दक्षिणकाली, स्त्रीबीजात्मक तत्त्वबाट एक जटा, नील सरस्वती र उग्रतारा, प्रासादी बीजात्मक तत्त्वबाट बालात्रिपुरा, श्रीविद्या, ललिता र श्रीविद्या षोडशी, कामबीजात्मक तत्त्वबाट महाकाली

विपरीत पत्यंगिरा र कालरात्रि, वाणीबीजात्मक तत्त्ववाट महासरस्वती, ज्ञानसरस्वती र चिन्तामणिसरस्वती अनि त्रपाबीजात्मक तत्त्ववाट महालक्ष्मी, सिद्धिलक्ष्मी र उग्रचण्डा दुर्गा यी २७ विद्याहरू; ऋग्वेदरूपिणी ब्रह्माणी, यजुर्वेदरूपिणी रुद्राणी, सामवेदरूपिणी वैष्णवी र अथर्ववेदरूपिणी तुरीया यी चार वेद विद्याहरू अनि बगला समया, कालरात्रि समया, जयदुर्गा समया, छिन्नमस्ता समया र श्रीविद्या समया यी पांच समया विद्याहरू समेत ३६ विद्याहरू भएर यसैबाट ३६ तत्त्वहरू वने। (यिनीहरूकै विभूतिबाट अनेकन् विद्याहरू निक्लिए।) "विराट् शून्य रूप हो" भन्ने पहिले नै बयान भैसकेको छ, सोही शून्यरूप विराट् सर्वव्यापी शक्ति भएर पूर्वोक्त ३६ विद्यामा आवेश हुँदा ३६० हुन्छ अनि अविद्या र विद्याको संयोग भएको स्थानमा जुन कोणहरू बन्दछन् तिनमा विराट्सहित पूर्वोक्त विद्याहरू अक्षांश वा कोणाक्षांश (Degree) रूप भई व्याप्त भएको हुन्छ। यसको मतलब बुझ्न नक्शा नं ४ मा विचार गरौं—

अ मा चारकोण ∠क अ च, ∠च अ ख, ∠ख अ छ र ∠छ अ क बनेकोमा आक्षांश जम्मा ३६०° हुन गई प्रत्येक कोणको नाप ९०° हुन आयो। अतः ∠च अ ह तथा ∠ह अ ख को नाप प्रत्येकको ४५° हुने भयो।

अब क्रमदीक्षाको रहस्य यथाज्ञान दर्शाउने चेष्टा गर्दछु। क्रमदीक्षाद्वारा कसरी ईश्वरत्व प्राप्त हुन्छ भन्ने बारेमा निगमको यस्तो संकेत छ—

"विद्याञ्चाविद्याञ्च यस्तद्वेदोभय ᳚ सह
अविद्यया मृत्युं तीर्त्वा विद्ययाऽमृतमश्नुते।"

भावार्थ :—विद्या र अविद्या दुवैको साथ त्यो अर्थात् जड-चैतन्य सहितको ब्रह्म चिन्ने व्यक्ति अविद्याको मृत्युलाई अर्थात् अज्ञानको जरियाबाट आइपर्ने जन्म-मरणको कष्टलाई तरेर अर्थात् त्यसबाट पार भएर विद्याको अमृत अर्थात् ज्ञानको जरियाबाट उत्पन्न हुने जन्ममरण नहुने आनन्द चाख्दछ अर्थात् पाउँदछ।

यस संकेतको रहस्यतिर विचार गर्न नक्शा नं० ४ लाई सम्झौं, त्यसमा अ बाट दोब्ब्याएर छ अविद्या रेखाको ख विद्या रेखाको मुखमा अनि च अविद्या रेखाको पींद क विद्या रेखाको पींदमा खप्टँदा विद्या र अविद्याको आधा-आधा परस्परमा खप्टन गई इतरेतराध्यास भई एउटै मात्रै ९०° को कोण बन्न गई पूर्वोक्त सबै विद्याहरू अ रूप विमर्शमालय भए। उता मुखतिरबाट विद्याले र पींधतिरबाट अविद्याले सो विमर्शलाई आफूआफूतिर तान्ने गर्दछन्।

अब अर्को कुराको विचार गरौं कि प्रकाशको किरणपुञ्ज विमर्शरूप ऐनामा पर्न जाँदा अहंरूपी टकको बिन्दु भित्तारूप चित्तमा निस्कियो भन्ने कुराको संज्ञना

गरी **नक्शा नं ५** तिर विचार गरौं। प्रकाशको किरण विमर्शरूप ऐनामा पर्दा कसरी टक रूप विन्दु उत्पन्न हुन्छ भने प्रकाशको उज्यालो एउटै माध्यमबाट जान खोज्दा



नक्शा नं ५

त्यसको केही अंश पछिल्तिर फर्कन्छ अर्थात् त्यो (प्रकाश) छिचलेर जान खोज्दा अर्को माध्यमले ∠अ क्ष व पूर्वोक्तवत् सबै विद्याहरू लय भएको ९०^0 नापको कल्पना हुन्छ फेरि त्यो प्रकाशको केही अंश चुस्दछ। प्रकाश-को अर्को माध्यमको उज्यालो टक चिल्लो धरातलमा पर्न गए त बहुतै ठूलो अंश पछिल्तिर फर्कन्छ अर्थात् त्यसको दिशा बदलिन जान्छ, यसैलाई परावर्तन भन्दछन्। कुनै चिल्लो धरातलको परावर्तन कुनै नियमा-नुसारको हुन्छ। कुनै आदर्श अर्थात् पारो घसेको ऐना पालिस चढ़ाएको कुनै वस्तु विशेष गरेर कुनै धातुको अगाडि कुनै पदार्थ राखिदिए त्यस आदर्शभित्र दुरुस्त सोही पदार्थ देखिन्छ। तर दायाँ-बायाँको भने ठाउँ सट्टा-पट्टा हुन्छ अर्थात् सकलीको दायाँ, नकलीको बायाँ र सकलीको बायाँ नकलीको दायाँ हुन्छ। यो अनुभव-सिद्ध कुरा हो। यसको कारण के हो भने आदर्शको धरातलको कुनै भागबाट त्यसमा परावर्तन भइरहेको हुन्छ। कुनै धरातलको कुनै बिन्दुबाट आदर्शमा जोडिने रेखाको लम्ब (Straight line) लाई सो बिन्दुको अभिलम्ब (Normal) भन्दछन्।

यस **नक्शा नं० ५** मा विद्या र अविद्या मिलेको ठाउँ र जहाँ अघि विमर्शादर्श थियो सो क्ष विन्दुको कल्पना हुन्छ। अ बिन्दु अविद्या तथा व बिन्दु विद्याले परस्पर सो विमर्शलाई समजोडले आफूतिर तानिरहेको, फेरि ह विन्दु विमर्शादर्शको हालको स्थान अनि स विन्दु प्रकाश तथा ज विन्दु प्रकाशको विमर्शादर्शद्वारा परावर्तित (Reflected) विन्दुरूप अहंकार र ज स लम्बचित्त कल्पना भएका छन्। लम्ब क्ष व विद्याले तानेको जोडको वाटो लम्ब क्ष अ अविद्याले तानेको जोडको वाटो लम्ब क्ष ह विमर्शादर्श तानिएको वाटो अनि लम्ब ह क विमर्शको माझबाट चित्तरूपी लम्बमा कल्पित अभिलम्ब दर्शाइएका छन्। फेरि लम्ब स ह प्रकाशबाट विमर्शादर्शमा परेको किरणको वाटो अनि लम्ब ह ज विमर्शादर्शबाट चित्तमा झरेको टकको वाटो हुन गयो। यी दुई बाटोका रूप लम्बहरूको नापो बराबर हुन आउँछ अतः ∠ स ह क र ∠ज ह क बराबर हुन आउँछ।

किनभने लम्ब स ह बिन्दु ह मा आपतित भएको हुनाले यसलाई आपतित किरण (Incidential rang) अनि लम्ब ह ज विन्दु ज मा (प्रकाशको) परावर्तन भएको हुनाले यसलाई परावर्तित किरण (Reflected rang) भन्दछन् । उस्तै ∠ स ह क लाई आपतित कोण (Angle of incidence) र ∠ ज ह क लाई परावर्तित कोण (Angle of reflection) भन्दछन् । अब यस नक्शामा विचार गरौं । △ स ह क र △ ज ह क मा हेरौं—

∠ स ह क = ∠ ज ह क (दुवैको नाप ९०^0 हुनाले) ∠ स ह क = ∠ ज ह क (बीचमा चिरेको हुनाले) लम्ब ह क (दुवैको साझा भुज हुनाले) △ स ह क= △ ज ह क

अब यस नक्शामा विन्दु व देखि विन्दु ह सम्मको अन्तराल (Distance) तिर विचार गरौं—

∠ व क्ष अ = ९०^0 तथा ∠ व क्ष ह = ४५^0 भन्ने बुझिएको छ । यसमा जति-जति विद्यारूप व को जोड बढ्दै जान्छ उति-उति विमर्श रूप विन्दु ह चाहिं बिन्दुतिर तानिदै जान्छ र ती दुई बिन्दुको अन्तराल साथै ∠ व क्ष ह को नाप पनि घट्दै जान्छ । अब यो कोण के हो र विद्यारूप बिन्दु व को जोड कसरी र किन बढ्ने हुन्छ भन्ने बारेमा 'शक्ति संगम तन्त्र'मा यस्तो संकेत छ—

"काद्यं कालीमतं देवि हाद्यं श्रीसुन्दरीमतम् ।
द्वयं मिलित्वा कहाख्यं कादि-हादिमतद्वयम् ॥"

अर्थात्—काद्य कालीको र हाद्य सुन्दरीको मत हुन् । कादि र हादि दुई मत मिलेर कहादिमत बन्यो । यहाँ कादिक्रम भनेको कुण्डलीक्रम हो र हादिक्रम हंसक्रम हो, कालीको कादि क्रममा उत्तराम्नायबाट आरम्भ हुन्छ, कुण्डली (Microcosmic) को तलबाट माथि जाने क्रम (Process) हुनाले उत्तराम्नायमा अन्त्यको विद्या कामकलाकाली र उहाँको मन्त्रको आदि बीज 'क' बाट उठेको कामबीज अनि सुन्दरीको हादि क्रममा हंसको क्रम माथिबाट तल जाने हुनाले दक्षिणाम्नायमा प्रथम विद्या आद्याकाली र उहाँको मन्त्रको आदिबीज 'ह' बाट उठेको देवी प्रणव हुनाले र कादिविद्या काली तथा हादिविद्या श्रीसुन्दरी भएकोले काद्यं (का एव आद्यं आदि वर्णं यस्य तत्) कालीमतं र उस्तै "हाद्यं श्रीसुन्दरीतम्" भनेको हो । यी दुई मिलेर कहाख्य भयो भनेबाट 'आख्य' को प्रयोगले कहादि मत र कहादिक्रम र कहादि विद्या संझनुपर्छ । यही कहाख्य नक्शा नं० ५ र ∠ अ क्ष व हो ।

फेरि सोही तन्त्रले अर्को ठाउँमा यस्तो संकेत गरेको छ ।

"कादिवराट् शून्यरूपः ककारः परिकीर्तितः ।
हादिर्हकारः श्रीविद्या चित्कला कामसुन्दरी ।।
महाकामकलाविद्या हकारे तु विराजत ।
विराट्स्वरूपं सुन्दर्या विद्या मात्रे प्रकीर्तितम् ।।"

सामान्यार्थ—विराट् (सर्वव्यापी) कादि (कालकी स्वामिनी) ककार शून्यरूप तथा श्रीविद्यासुन्दरी हादि (समयकी स्वामिनी) हकारचाहिं चित्कला अर्थात् चैतन्यरूप हुन्छ । महाकामकला विद्या हकारमा विद्यमान हुनाले केवल विद्या नै सुन्दरीको विराट् रूप हुन् ।

रहस्यार्थ—'कादि सर्वव्यापी ककार शून्य अर्थात् निराकार निर्लेप ब्रह्म जडरूप हो । हादिचाहिं श्रीविद्या सचैतन्य ब्रह्मचिद्रूप हो । अतः प्रकाशरूपको किरण विमर्शादर्श पारोमा पर्न जाँदा चित्तमा अहंकारको प्रतिफल हुन्छ र सोही अहंकार कामकला हो भन्ने कुरा त माथि नै वर्णन भैसकेको छ । यहाँ 'महाकामकला ब्रह्मको अहंकार अर्थात् ब्रह्ममा 'म' भन्ने भावना नै हकारमा निहित हुन्छ । फेरि 'परशिव' अर्थात् विकर्षण (+१) तथा परशक्तिकर्षण (−१) हुन् । यहाँ चित्कला 'कामसुन्दरी' भनेर उनै परशक्ति वा परालाई संकेत गरेको हो । 'सुन्दरीको विराट् रूप केवल विद्या नै हुन् भनेको मतलब सुन्दरीको विराट् रूप अर्थात् श्रीविद्या समयामा क्रमदीक्षाको क्रम पूर्ण भएपछि सबै पूर्वोक्त विद्याहरू समष्टि हुन्छन् । अतः आम्नायनायिका लगायत सबै विद्याहरू र मूर्तिरहित देवताका प्रतिनिधिरूप हतियारहरू श्रीविद्या समयारूप सुन्दरीको सगुण ध्यानको १०८ भुजामा धारण भएका छन् । त्यसउसले यो विद्या शिवशक्तिरूप स्वयं प्रकाश नै भएको हुनाले साधारण व्यक्तिको चित्तमा स्फुरण भएको अहंकार कसरी सो प्रकाशमा मिलेर 'सोऽहं' हुन्छ भने हादि विद्या—१, कादि विद्या ०, मिलाएर उपासना गर्दा एकेक क्रममा—१० को रूप बन्न जाने हुनाले विद्याको आकर्षण शक्ति बढ्न जाँदा नक्शा नं० ५ को ∠ व क्ष ह मा क्रमैपिच्छे १०° घट्न जान्छ । यस्तो हुँदा केही क्रम पूर्ण भएपछि सो विमर्शादर्श रूप विन्दु ह विद्यारूप विन्दु व तिर तानिएर हा विन्दु रूपमा परिणत हुन्छ । अनि ∠ व क्ष हा बन्दछ, फेरि अहंकाररूप विन्दु ज सरेर विन्दु जा तथा विन्दु क सरेर विन्दु का बन्न जान्छन् । अनि अघिको △ ज ह स भन्दा मिहीन अर्को △ जा हा स तथा त्यसको बीचको लम्ब हा का बन्दछन् । एवं प्रकारले क्रमदीक्षामा कादिक्रमको पूर्तिमा १०° हादि क्रमकोमा १०° सादिक्रम १०° अथवा उपसादि क्रमकोमा १०° निर्वाणादि क्रममा १०° यति पूर्ण हुँदा ४०° अनि साम्राज्यक्रम केवल चित्कलाको सृष्टि-स्थिति-संहार अनाख्या र भाषाको समयाहरूको प्रत्येक क्रममा शून्यरहित हुँदा एकेक अक्षांश मात्रै घट्ने हुँदा

जम्मा ५° मात्रै घट्छ। अतः पूर्वोक्त ४५° को कोण ∠ ह क्ष व घट्दै गएर ०° भएपछि लम्ब क्ष ह लम्ब क्ष व मा विलीन हुन्छ र △ ह स ज मिहीन हुँदै गएर केवल लम्ब व स रूप बन्न गई विमर्शादर्श रूप विन्दु ह विद्यारूप विन्दु व मा र अहंकाररूप विन्दु ज प्रकाशरूप विन्दु स मा लय भई 'सोऽहं' हुन्छ। अर्थात् शिवरूप बन्दछ। यो लघु साम्राज्य मेघादीचासम्मको कुरा हो। महासाम्राज्यमेघामा त 'ना हं' भाव हुन्छ रे। सो दीक्षामा म अनभिज्ञ भएकोले व्याख्या गर्न असमर्थ छु। क्रमदीक्षाको बारेमा 'वृहद्वडवानल तन्त्र' मा यस्तो वचन छ—

"सुन्दरी तारिणी काली क्रमदीक्षाभिगामिनी।
क्रमदीक्षायुतो देवि क्रमाच्छंभुर्भविष्यति॥
सुन्दरी हादिविद्या च सादिविद्या च तारिणी।
कादिविद्या कुब्जिकाली मतत्रयविभिन्नता॥

अर्थात्—"सुन्दरी, तारा तथा काली क्रमदीक्षाको अभिगामिनी (अभि + गम् माने "झम्टनु" भएपछि यहाँ 'निहित हुनु' भन्ने संझनुपर्छ) हुन्। क्रमदीक्षाको क्रम क्रमैसित पूर्ति गर्दै गए क्रमैसित शिव बनिन्छ। हादिविद्यारूप सुन्दरी, सादि विद्यारूप तारा तथा कादि विद्यारूप कुब्जिकाली हुन्।

'कादिक्रम' भनेको कुण्डलिनी हो, यसमा कादि अर्थात् काली (गुह्यकाली) बाट आरम्भ भई कुब्जिकामा समष्टि हुन्छ। अतः पूर्वोक्त श्लोकमा कुब्जिकाकाली भनेको हो। सोही तन्त्रमा यस्तो छ।—

कादिनवक्रमे सिद्धिलक्ष्मीः सिद्धिकरालिका।
कामकलागुह्यकाली चोन्मनी तदनन्तरम्॥
पूर्णेशी भुवनेशानी कुब्जिका बज्रकुब्जिका।
अघोरकुब्जिका रश्मिहीनं षट्शाम्भवं स्मृतम्॥
सर्वाधिकारं तत्रैव लघुपूर्णाभिषेचनम्।
एतत्क्रमं भुक्तिकरं सर्वाभीष्टफलप्रदम्॥

अर्थात्ः—कादि नव क्रममा (तीन आम्नाय र प्रत्येकमा तीन तीन विद्या हुन्छन्) सिद्धिलक्ष्मी, सिद्धिकराली अनि कामकलाकाली (यी तीनोटै गुह्यकाली विद्या उत्तराम्नायको क्रम) त्यसपछि उन्मनी, पूर्णेशी अनि भुवनेश्वरी (यी तीन विद्या पूर्वाम्नायक्रम), तदनन्तर कुब्जिका (समया, घोर तथा वीर यति तीन कुब्जिकालाई 'वत्तिशीत्रय' भन्दछन्), वज्र अनि अघोर (यी कुब्जिका विद्या पश्चिम्मानायको क्रम) हुन्। यति नौ क्रम पूर्ण भएपछि रश्मिरहित षडन्वयशाम्भवविद्या, (पूर्वोक्त तीनै

आम्नायको) सर्वाधिकार दीक्षा अर्थात् निर्वाणदीक्षा ग्रहण भएपछि लघुपूर्णाभिषेक हुने यो अभीष्ट फल दिने क्रम भुक्ति गराउने हो ।"

उपासनामा लाग्दा भक्तियोग सबैभन्दा सुगम हुनाले यसै योगबाट शुरू भएको हो । हुन त उत्तराम्नायमा ज्ञानयोगबाट उपासना हुने हो तर कलिमा ज्ञानको मूल त्याग र वैराग्यको अभावै जस्तो हुनाले तथा यस आम्नायकी आदिविद्या सिद्धिलक्ष्मीको उपासना अघि प्रह्लादले भक्तियोगबाट गरेर सिद्ध गरेकोले कलिमा उत्तराम्नाय भक्तियोगबाट उपासना हुन्छ । अनि पूर्वाम्नायमा आरूढ भएर मन्त्रयोगबाट उपासना गरी पश्चिमाम्नायमा घुसेर कर्मयोगबाट उपासना गर्ने गर्नुपर्छ । कादि क्रमको योग यही हो । फेरि हादि क्रमको बारेमा सोही तन्त्रमा यस्तो वचन छ—

हादिनवक्रमं वक्ष्ये चाद्या श्यामा च दक्षिणा ।
श्रीमदेकजटापश्चाच्छ्रीमन्नीलसरस्वती ॥
महोग्रतारिणी पश्चाद् बाला पञ्चदशी तथा ।
षोडशी शाम्भवं रश्मि हीनं षडन्वयं स्मृतम् ॥
सर्वाधिकारं तत्रैव लघुपूर्णाभिषेचनम् ।
इदं भुक्तिप्रदं दिव्यं क्रमं शङ्करसाधितम् ॥

अर्थात्:—हादि नवक्रममा आद्या, श्यामा अनि दक्षिणा (यी तीन काली विद्या दक्षिणाम्नाय क्रम) । त्यसपछि एकजटा नीलसरस्वती, अनि महोग्रतारा (यी तीन तारा विद्या अधराम्नायमिश्रित दक्षिणाम्नाय क्रम) त्यसपछि बाला पञ्चदशी अनि षोडशी (यी तीन श्रीविद्या ऊर्ध्वाम्नाय क्रम) हुन् । यति नौ क्रम पूर्ण भएपछि रश्मिहीन षडन्वय शाम्भव विद्या (पूर्वोक्त तीन आम्नायको) सर्वाधिकार दीक्षा ग्रहण भएपछि लघुपूर्णाभिषेक हुने यो शिवले साधना गरेको दिव्यक्रम भुक्ति दिने हो । यो हादिक्रम हंसक्रम हुनाले यसमा सबै विद्या हादि विद्या सुन्दरीमा समष्टि भएको हो । यसमा दक्षिणाम्नायमा रहेसम्म भक्तियोगबाट र उर्ध्वाम्नायमा पुगेपछि माथि बयान भए जस्तो राजयोग र राजाधिराजयोग उपासना हुन्छ । यो क्रमदीक्षा-विषयको सबै कुरा छोटो लेखमा दर्शाउन असम्भव हुने हुनाले यस विषयमा यहाँ दिग्दर्शन मात्र गरेको हुँ, 'क्रमदीक्षारहस्य'नामक अर्को एउटा ठूलो पुस्तक लेखी सबै कुरा दर्शाउने विचारमा छु । श्री जगदम्बाको जो इच्छा । अब यत्तिकैमा यो पटल समाप्त गर्दछु ।

इति श्रीधनशमशेरवर्मविरचिते मन्त्रविद्यारहस्ये
क्रमदीक्षासंकेतनाम–पञ्चमः पटलः

समाप्तः

र्ण णा
विधा अथरान्ना
(यी